practice ministries™

Dads and Kids Together in God's Word.™

practiceministries.org

# बाइबलका वीरहरु
Heros of the Bible

विश्वासको धरोहर निर्माणमा समर्पित (२ तिमोथी १:५)

"परमप्रभुको प्रशंषा गर। त्यो मानिस धन्यको हो जसले परमप्रभुको भय मान्दछ, र उहाका आज्ञाहरु प्रसन्न हुन्छ। त्यसको वंश पृथ्वीमा पराक्रमी हुनेछ। भद्र मानिसको सन्तानले आषिश पाउनेछ।" (भजनसंग्रह ११२:१-२)

प्रिय पाठकहरु,

प्राक्टिस मिनिष्टिका सर्म्पूण अभ्यास पुस्तिका र अगुवा निर्देशिका  पी.डि.एफ. फरम्याटमा बनाईएकोले वेभ साईटबाट सजिलै स्थानान्तरण गर्न सकिन्छ । यो तपाईले बिना कुनै दर्ता र सितैमा लिनसक्नुहुन्छ । यो ठेगानामा हेर्नुहोस ।

प्राक्टिस सेवकाई बाईबल अध्ययन–मालामा सबै बुवा अनि छोराछोरीहरुलाई स्वागत गर्दछौ. । हामीहरु गैर सामप्रदायिक संस्था हौ, र यसको लक्ष्य भनेकै परमेश्वरको सत्यतालाई तपाईको परिवारको दैनिक जीवनमा लगाउन सहायता पुऱ्याउनु हो । हामीहरु तपाईको ख्रीष्टियन विस्वासको धरोहरहरु आफ्ना छोराछोरीहरुमा पुऱ्याउन बुवाहरुलाई समय, स्थान र शैक्षिक अध्ययन सामाग्री दिई सहायता पुऱ्यायछौ । यो बाइवल अध्ययन गर्ने मौका छोराछोरी माझ छ ।

तपाई सहभागी हुनु भएकोमा हामी खुसी छौं । तपाई यदि बढि जानकारी प्राप्त गर्न चाहनुहुन्छ भने प्राक्टिस मिनिष्टिजले उपलब्ध गराउने सामाग्रीहरु खण्ड पनि हेर्न सक्नुहुन्छ । तपाईले यो पढिदिनु भएकोमा धन्यवाद र हामी फेरी भेटछौं ।

उहाँमा
बील जुसोकी
निर्देशक

# प्राक्टीस मिनिष्टिज बाइबल अध्ययन पाठयक्रम

दशआज्ञा भाग -१
र
बाइबलिय जवाफको खोजी

<u>बिषय-सुची</u>

भाग १ बाइबल पाठ सार-संछेप
अभ्यासले सक्षम बनाउछः कसरी सूरुचीपूर्ण बाइबल अध्ययन गर्ने
भाग २ बाइबलिय पाठहरु
भाग ३ बाइबलिय जवाफको खोजी

**Practice Minstries Bible Study Curriculum and Exploring the Bible**
**©1997, 2002 by Practice Ministrie**

**Scriptures taken from the Holy Bible, New International Version. Copyright 1973, 1978, 1984 by International Bible Society. Used by permission of Zondervan Publishing House. All rightes reserved.**

Practice Ministries
6125 LUTHER LANE, SUITE 183 DALLAS, TEXAS 75225
(214) 629-1835
e-mail address: practiceministries@gmail.com
web-site address: www.practiceministries.org

# बाइबल पाठ सार-संछेप

## पाठ - १: येशु ख्रीष्ट

"यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टी गर्नुभयो" (उत्पत्ति १: २७) । यस पाठमा हामीले कसरी परमेश्वरले आफैलाई आफ्नो पुत्र येशु ख्रीष्टकोचरित्र र गुणहरुद्धारा प्रकट गर्नु भयो भनी हेर्नेछौं ।

- प्रभावकारी बाइबल व्याख्यानले साना बाबु नानीहरुलाई यी गुणहरु मध्ये केही वर्णन गर्न र परमेश्वरले उनीहरु अझै उत्तम प्रकारको जीएको चाहानुहुन्छ भनी बुझ्न सहायता गर्छ ।

## पाठ - २ : नोआअ

"नोआको वृत्तान्त यही हो । आफ्नो पुस्तामा नोआ धर्मी र निर्दोष मानिस थिए । तिनी परमेश्वरको साथै हिड्ने गर्थे" (उत्पत्ति ६:९) । आज हामीले नोआको यस्ता चरित्र र साहसको बारेमा हेर्नेछौं जस कारणले नोआले परमेश्वरको नजरमा निगाह पाए ।

## पाठ - ३ : अब्राहम (भाग - १)

"परमप्रभुले अब्राहमलाई भन्नुभयो, "तेरो देश र तेरा कुटुम्ब तथा तेरा पिताका घरबाट निस्केर जुन देश
म तँलाई देखाउनेछु त्यहाँ जा । "म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु र तँलाई आशिष दिनेछु ।

## उत्पत्ति १२ : १, २

"आज हामीहरुले अब्राहमको विश्वास र आज्ञाकारिताबारे हेर्नेछौं ।" जसले गर्दा उनलाई परमेश्वरले उनलाई अधिकतम रुपमा आशिष दिनु भयो ।

- बाइबल व्याख्यानले नानीहरुलाई यस हप्ता "ठीक कुरा अभ्यास गर्न" उत्साह दिन्छ ।

## पाठ - ४: अब्राहम (भाग - २)

"परमेश्वरको प्रतिज्ञाबारे कुनै शङ्काले उनलाई डगमगाउन सकेन, तर आफ्नो विश्वासमा दह्रिलो भएर उनले परमेश्वरलाई महिमा दिए । प्रतिज्ञा गर्नु भएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ भन्ने अब्राहमलाई पूरा निश्चय थिया" (रोमी ४:२०,२१) ।

हामीले अब्राहमको विश्वास र साहसबारे हेर्नेछौं, जब परमेश्वरले उनको एकलौटे पुत्र इसहाकलाई बलि चढाउन लगाउनु भयो ।

- प्रभावकारी बाइबल व्याख्यानले साना बाबु-नानीहरुलाई कसरी साहशी बन्ने यस हप्ता भन्ने कुरा अभ्यास गर्न मद्दत गर्नेछ ।

**पाठ - ५ : योसेफ**

"तिमीहरुले मेरो विरुद्धमा हानी गर्ने विचार गरेका थियौ, तर परमेश्वरले त्यही कामद्धारा भलाई गर्ने विचार गर्नु भयो, ताकि जसरी आज भैरहेको छ, त्यसरी नै गर्ने धेरै जना मानिसहरु बाँचिरहुन् । (उत्पत्ति ५०:२०) ।

आज हामीले योसेफको सेवक पनाको स्वभावलाई हेर्नेछौं, जसले उनलाई मिश्रदेशको सारा कुराहरु माथिको दोश्रो अधिकारी हुन पुगे ।

- प्रभावकारी बाइबल व्याख्यानले नानी-बाबुहरुलाई सेवकपनको प्रवृत्ति हुनलाई अभ्यास गर्न उत्साह दिन्छ ।

**पाठ - ६ : मोशाा (भाग - १)**

"४ हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ । ५ तिमीहरुले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले र आफ्नो शारा शक्तिले गर । मैले आज तिमीहरुलाई सुनाएका आज्ञाहरु आफ्नो मनमा राख -व्यवस्था ६:४-६) । यस पाठमा हामीले मोशाका गुणहरुको बारेमा हेर्नेछौं जसले उनलाई इस्राएलका मानिसहरुको लागि दश आज्ञाहरु निद सक्षम तुल्यायो ।

- यस प्रकारको बाइबल व्याख्यानले बाबु-नानीहरुलाई दश आज्ञाहरु र अर्थ दोहोऱ्याउन सहयोग गर्दछ ।

**पाठ - ७ : मोशा (भाग - २)**

"मेरो डर मान्ने र सँधै मेरा सबै कुरा पालना गर्ने तिनीहरुका हृदय भए त हुने थियो, ताकि तिनीहरु र तिनीहरुका सन्तानका सन्तानको भलो सँधैभरी होस" (व्यवस्था ५:२९) । आजको पाठले मोशाको परमप्रभु प्रतिको भय (श्रद्धा) र कसरी परमप्रभुले उनको यस भयलाई एक सिङ्गो जातिलाई नै अगुवाई गर्नको प्रयोग गर्नुभयो भनि हेर्नेछौं ।

- खोजमुलक बाइबल व्याख्यानले बालबालिकालाई परमेश्वरको भइ तथा श्रद्धाको महत्वबारे सिक्न अनि उहाँको बचन सुन्ने अभ्यास गर्न मद्दत गर्दछ ।

**अभ्यस्त बाइबल अध्ययन सेवकाई:**

**पाठ - ८ : येहाशु:**

"तँलाई मेरो आज्ञा छ बलियो र खुबै साहसी हो, नडरा, निराश नहो, किनकी तँ जहाँ गए पनि परमप्रभु तेरा परमेश्वर तेरो साथमा हुनुहुने छ" (येहोशु १:९) । यहोशु मोशाका सहायक थिए जो मोशाको मृत्यु पछि इस्राएलको अगुवा हुनलाई परमप्रभुबाट छानिउका थिए ।

- खोजुमुलक बाइबल व्याख्यानले बालबालिकाहरुलाई परमेश्वरको बचनलाई आफ्नो जीवनमा जिवीत र सक्रिय राख्न अभ्यास गर्न मद्दत गर्दछ ।

## पाठ - ९ : गिदोन

“तव परमप्रभुका दूतले गिदोनकहाँ देखा परेर तिनलाई भने, “तँ वीर मानिस होस्, र परमप्रभु तँसँग हुनुहुन्छ” (न्यायकर्ता ६ : १२) गिदोन इस्राएलका न्यायकर्ताहरु मध्ये एक थिए, जसले येहोशुको मृत्यु र शमुएलको विचमा सेवा गर्दै इस्राएली जातिलाई अगुवाई गरे । हामीले यस पाठमा गिदोनको उपलब्धताको गुण र परमप्रभु माथिको तिनको गह्रिएको भरोशा जसलाई परमेश्वरलाई मिद्यानीहरुलाई हराउनको निम्ति चाउनलाई अनुमति दियो ।

- खोजमुलक बाइबल अध्ययनले नानी - बाबुहरुलाई परमेश्वरको सेवामा उपलब्ध हुनलाई चुनौपत दिन्छ ।

## पाठ - १० : शिमशोन

“किनभने तिमी गर्भवती हुनेछौ र एउटा छोरा जन्माउनेछौ । त्यसको कपालमा छुरा, किनभने त्यो बावल जन्मेको दिनदखी नै परमेश्वरको निम्ति अलग गरिएको एक नाजिरी हुनेछ । त्यसरी नै इस्राएललाई पालिश्तीहरुका हातबाट छुटाउन शुरु गर्नेछ” (न्यायकर्ता १३ : ५) । शिमशोन इस्राएलका न्यायकर्ताहरु मध्य एक थिए, जसले इस्राएल जातिलाई अगुवाई गरे, खास गरी येहोशुको मृत्यु देखी शमूएलको सेवकाईको विचको समयमा । हामीले परमेश्वरको शक्तिद्धारा उनमा भएको शक्तिबारेमा कुरा गर्नेछौं, जसद्धारा परमेश्वरले पालिश्तरुीहरुको पराजय गरी इस्राएलको शान्तिको पुनर्स्थापित गर्नु भयो ।

- खोजमुलक बाइबल अध्ययनले बालबालिकाहरुलाई येशु ख्रिष्टमा उनीहरुले पवित्रात्मामा पाइने शक्तिबारे जानकारी दिंदछ ।

## पाठ - ११ : रुथ

“रुथले जवाफ दिइन् ‘मलाई फर्केर जान र तपाईलाई छोड्न कर नगर्नुहोस् । तपाई जहाँ जानुहुन्छ म त्यही जानेछु । तपाई जहाँ बस्नु हुन्छ म पनि त्यही नै बस्नेछु । तपाईका मानिसहरु मेरा मानिसहरु हनेछन्, अनि तपाईका परमेश्वर मेरा परमेश्वर हुनेछन् ।’ (रुन्थ १ : १६) रुन्थ दाउद राजाका जिजहजुरआमा र येशु प्रभुका पनि पुर्खा थिइन् । हामीले रुन्थका त्यस्ता प्रेम र उपासनाका गुणहरुकाका बारेमा कुरा गर्नेछौं जसलाई परमेश्वरले उहाँको मुक्तिको योजना संसारमा ल्याउनको लागि चलाउनुभयो ।

- खोजमुलक बाइबल अध्ययनले बाल-बालिकाहरुलाई उनीहरुका परिवार र साथीहरुप्रति समर्पित हुन मद्दत गर्दछ ।

## पाठ - १२ : शमूएल

“अनि बालक शमूएल कदमा तथा दपरमप्रभु र मानिसहरुका निगाहमा बढ्दै गएँ (१ श्मूएल २ : २६) । शमूएल इस्राएलका अन्तिम अगमवक्ता र न्यायकर्ता थिए, जसलाई परमेश्वरले इस्राएलमा राजस्व स्थापना गर्न चलाउनु भयो । आज हामीले शमूएल जो एक भरखरको ठिटो भएर पनि उनको परमप्रभु प्रतिको सेवा र उपासना कस्तो थियो भन्ने बारे कुरा गर्नेछौं ।

- खोजमुलक बाइबल अध्ययन र व्याख्यानले बाबु-नानीहरुलाई तिनीहरुका इमान्दारितामा गरिएका काम सेवा र काम परमेश्वरको निम्ति के हो भनी विचार गर्न मद्दत गर्दछ।

## पाठ - १३ : शाउल

"तर मानिसहरुले शमूएलको कुरा सुन्न इन्कार गरे। तिनीहरुले भने, "होइन हामी माथि राजा हुनै पर्छ। २० तब हामीलाई शासन गर्ने र लडाई गर्न लैजाने राजा पाउँदा हामी अरु जातिहरु जस्तै हुनेछौं" (१ शमूएल ८ : १९-२०)। शमूएलले शाउललाई एस्राएलको पहिलो राजाको रुपमा अभिशेक गरे। हामी यो खण्डमा  कसरी परमेश्वरले व्यक्तिको हृदय बदलेर आफ्नो योजना पूरा गर्नुहुन्छ भनी हेर्नेछौं।

- खोजपूर्वक बाइबल अध्ययनले नानी - बाबुहरुलाई आफ्नो जविनमा परमेश्वरको शक्तिमाथि भरोशा गर्न सहयोग गर्छ।

## पाठ - १४ : शाउल (भाग - २)

"शमूएलले शाउललाई भने, 'तपाईले मुर्खकाम गनुभयो। परमप्रभु तपाईका परमेश्वरले तपाईलाई दिनुभएको आज्ञा तपाईले पालन गर्नु भएन। यदी तपाईले पालन गर्नु भएको भए त उहाँले तपाईको राज्य इस्राएल माथि सँधैको निम्ति स्थिर गराउनु हुने थियो। तर अब तपाईको राज्य निरन्तर रहने छैन। परमप्रभुले आफैले रुचाउनु भएको एउटा मानिस खोज्नुभएको छ, र तिनलाई नै आफ्नो प्रजाको अगुवा हुनलाई नियुक्त गर्नुभएको छ किनभने तपाईले परमप्भुको आज्ञा पालना गर्नुभएन' (१ श्मूएल १३ : १३, १४)।" यस खण्डको भाग - २ मा हामी शाउललाई परमेश्वरप्रतिको अनाज्ञाकारिता सम्बनधमा हेर्नेछौं, अनि उनको परमेश्वरलाई अनाज्ञाकारी गर्दा निस्केका नतिजाका निर्णयबारे हेर्नेछौं।

- यस प्रकारले गरिएको बाइबल खोजमुलक अध्ययन तथा अध्यापनले बालबालिकाहरुलाई परमेश्वरको आज्ञा मान्न र उहाँको सोर सुन्न प्रेरित गर्दछ।

## पाठ - १५ : दाउद भाग - १

"......... परमप्रभुले झै हेर्नुहुन्न। मानिसले रुप हेरेर विचार गर्छ, तर परमप्रभुले हृदय भित्र हेरेर विचार गर्नुहुन्छ" (१ शमूएल १६ : ७ ख)। आज हामीले पाठ मार्फत दाउद जो एक गोठाले केटा थिए, जसलाई परमप्रभुले इस्राएलको अर्को राजा हुनको निम्ति चुन्नु भयो।

- यस प्रकारको बाइबल अध्ययन खोज व्याख्यानले बाल बालबालिकाहरुलाई परमेश्वरले चाहनु भएको मानिस निम्ति प्रोत्साहन गर्दछ।

## पाठ - १६ : दाउद भाग - २

"दाउदले जवाफ दिए, "तँ त मसँग लड्न तरवार, भाला र बर्छा लिएर आएको छस्, तर म तँसँग लड्न तैँले विरोध गरेको इस्राएलका फौजहरुका परमेश्वर सर्वशक्तिमान परमप्रभुको नाउँमा आएको छु" (१ शमूएल १७ : ४५)। आजको पाठ पुरानो तर असल दाउद र गोलियतको बारेमा हो। हामीले दाउदको परमप्रभु माथिको भरोसा गर्न र गोलियतको जस्तो समस्यामा पनि उहाँमा भरोसा गर्न सिकाउँदछ वा उतसाह दिन्छ।

## पाठ - १७ : दाउद - भाग - ३

"हे परमेश्वर, ममा शुध हृदय सिर्जन होस्, र म एउटा स्थिर आत्मा पुनर्जिवित पार्नुहोस्" (भजनसंग्रह ५१ : १०) । यो भजन दाउदले लेखेका हुन् जव नातान अगमवक्ता उनीकहाँ आए जुन वेला दाउदले वतसेवासँग व्यभिचार गरे । हामीले यस बारेमा संषेपमा कुरा गर्नेछौं तर अझ बढी उनको पश्चाताप र उनको कामको नतिजा माथि केन्द्रित गर्नेछौं ।

- खोजमुलक बाइबल अध्ययन व्याख्यानले बाबु - नानीहरुलाई ठिक निर्णय गर्न उत्सासाहित पार्दछ ।

## पाठ - १८ : सोलोमन (भाग - १)

"तैँले मागेको म पूरा गर्नेछु । म तँलाई बुद्धिमान र निधो गर्न सक्ने मन दिनेछु, कि तेरो अघि तँजस्तो कहिल्यै कोही भएको छैन, न तेरो पछि कहिल्यै अरु कोही हुनेछ । यसबाहेक तैँले नमागेका ती कुराहरु अर्थात् धन-सम्पत्ति र मान पनि म तँलाई दिनेछु, यहाँसम्म कि तेरो जीवनकालमा राजाहरुमध्ये कुनै पनि तेरो बराबरी हुनेछैन । अनि तेरा पिता दाउदले गरेझैं यदी तँ मेरा मार्गमा हिडिस् र मेरा धर्म-विधिहरु र आज्ञाहरु पालन गरिस भने, म तँलाई दीर्घायु तुल्याउनेछु" (१ राजा ३ : १२ - १४) । सोलोमन दाउद राजाको छोरा र दाउदका उत्तराधिकार इस्राएलका राजाको हैसियतले इस्राएल आफ्ना प्रामाथि शासन गर्ने वृद्धी परमेश्वरसँग माग्छन् । आज हामीले वृद्धी र त्यसको महत्वबारे कुरा गर्नेछौं ।

- खोजमुलक बाइबल अध्ययनले नानी - बाबुहरुलाई बुद्धीलाई महत्व दिन प्रेरित गर्छ ।

## पाठ - १९ : सोलोमन भाग - २

"सोलोमन राजा धन - सम्पत्ति र वृद्धीमा पृथ्वीका अरु सबै राजाहरु भ्नदा श्रेष्ठ थिए" (१ राजा १० : २३) । यी सबै वृद्धीको बावजूद पनि सोलोमन राजाको हृदय परमेश्वर देखि तर्कर गयो । आज हामिले सोलोमनको प्राप्ति बारे कुरा गर्नुको साथै परमेश्वरप्रति उनको अनाज्ञाकारिताको बारेमा पनि कुरा गर्नेछौं ।

- बाइबल खोज अध्यानले बाल-बालिकाहरुलाई परमेश्वरमा विश्वासयोग्य रहन उत्साहित गर्दछ ।

## पाठ -२० : एलिया(भाग-१)

"ओम्रीका छोरा आहाबले आफ्ना अघिका सबै राजाहरु भन्दा परमप्रभुको दृष्टिमा अझ बढि दृष्ट्याँइ गर" (१राजा १६:३०)। यस पाठमा एलियमलाई भेट्न अगाडी हामीले इस्राएलका राजाहरु सोलोमनका बारेमा छोटो रुपमा दोहोऱ्याउनेछौं अनि यहूँदाका रानाहरुमा सोलोमनका मृत्यू पछि

इस्राएलमा आहाब राजा भए सम्म/अनि हामी एलियाको बारेमा संक्षेपमा दोहोऱ्याउनेछौँ अनि उनि किन इस्राएमा आहामकहाँ पठाएका थिए त भनि देर्नेछौँ।

- खोजमूलक बाइबल अध्ययनले नानिहरुलाई परमेश्वरको आज्ञाबारे सिक्न र पछ्याउनलाई उत्साहित पार्छ ।

## पाठ -२१ : एलिया : (भाग २)

"......एलियाले आहाबलाई भने , "परमप्रभु इस्राएलका परमेश्वर जसको सेवा म गर्दछु, उहाँको जीवित नाउँमा शपथ खाएर म भन्दछु ; कि मेरो बचनबिना आगामी केहि बर्षहरुभरि नत केहि शीत पर्नेछ न केहि पानि पर्नेछ"(१ राजा१७:१ )। ऋाजको पाठमा एलिया परमेश्वरको आज्ञा उल्ङ्घन गरेको बारेमा ।

यसप्रकार बाइबल खोजमूलक अध्यायनले  बाल -बालिकाहरुलाई परमेश्वरमा रहेको उनिहरुको बिस्वासमा दृध रहने प्रोत्साहित् गर्दछ ।

## पाठ - २२ : (एलिया भाग - ३)

" तब त्यस विधवाले एलियालाई भनी , "अब मलाएै यो थाहा भयो , कि तपाई परमेश्वरका जन हुनुहुँदोरहेछ, र तपाईको मुखबाट निस्केको परमप्रभुको बचन सत्य रहेछ"(१ राजा १७ : २४ )। जब एलियाले बालका अगमवक्ताहरुलाई चुनौती दिइरहेका थिए ,तब एलियाले कसरी जाने कि उनाको होमबलि भष्मपार्न परमेश्वरले माथिबाट आगो बर्साउनुहुन्छ भनेर ? फेरीपरमेश्वरले झरी पठाउनुहुन्छ भनेर उनि कसरी निश्चत थिए ? एलियाले परमेश्वरमाथिको भरोशा वा यस्तो बलियो बिश्वासको कसरी अभ्यास गरे वा विकास गरे ? आज हामिले एलियाको परमेश्वरमाथि किन यति यो ठूलो भरोसा थियो त ? भन्नेबारे हेर्नेछौं ।

- खोलमूलक बाइबल व्यख्यानले बाल -बालिकाहरुलाई परमेश्वरमा भरोसा गर्ने र उहाँको बचन सत्य छ भनि भरोसा गर्न उत्साह दिन्छ ।

## पाठ - २३ : अथ्यूव

"तव परमप्रभुले शैतानलाई भन्नुभयो, 'के तैँले दास अथ्यूवलाई याद गरिस् ? परमेश्वरसँग डर राख्ने र दृष्टाकामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिसपृथ्वीमा अरु कोही छैन । विनाकारण त्यसलाई नाश गर्नलाई तैँले मलाई उक्साइस् ......' (अथ्यूव २ : ३) । अथयूव साह्रै धनि मानिस धनि मानिस हुनुको साथै आफूले गर्ने सबै काममा सँधै ठिक काम गर्थे । आफ्ना सम्पूर्ण सम्पत्ति गुमाएर पनि आफ्नो इमान्दारिता कायमै राखे । हामी आज इमान्दारिताको बारेमा कुरा गर्नेछौं अनि यो किन आवश्यक छ भनी हेर्नेछौं ।

- बाइबल खोजमुलक गराईले बाल-बालिकाहरुलाई बायबल खोजन र अध्ययन गर्न प्रेरणा दिन्छ ।

## पाठ - २४ : नहेम्याह

"........ हे परमप्रभु, स्वर्गका परमेश्वर महान र भययोग्य परमेश्वर, तपाईलाई प्रेम गर्नेहरु र तपाईका आज्ञा पालना गर्नेहरुसँग तपाईले आफ्नो करार विश्वास सित राख्नुहुन्छ । इस्राएलका मानिसहरु तपाईका दासहरुका पक्षमा रातदिन तपाईलाई गरेको मेरो विनम्र प्रार्थना सुन्न तपाईले

आफ्नो कान थाप्नुहोस् र आँखा खोल्नुहोस् । तपाईको विरुद्धमा हामी सबै इस्राएलीहरुले गरेका पाप म स्वीकार गर्दछु । म र मेरा पिताका घराना पनि त्यसमा दोषी छौ" (नहेम्याह १ : ५, ६) । नहेम्याह ईशापूर्व ४४५ मा बेबिलोनको कैदबाट (निर्वासनबाट) फर्के । उनी यरुशलेम फर्के र मानिसहरुलाई यरुशेलम शहरकबो पर्खाल निर्माण गर्न अगुवाई गरे । आजको पाठका हामी नहेम्याहलाई भेट्नेछौं जो एक प्रार्थनाको मानिस थिए ।

- अनुसन्धानात्मक बाइबल अध्ययनले बाल-बालिकाहरुलाई प्रार्थनाको महत्व बुझ्न मद्दत गर्दछ ।

## पाठ - २५ : यशैया

"तव मैले परमप्रभुको यो आवाज सुने, 'म कसलाई पठाऊँ, र हाम्रा निम्ति को जाने ?' अनि मैले भने, 'म हाजिर छु । मलाई पठाउनुहोस् ।' हामीले यशैयाले कहेका केही भविष्यवाणीका अंशहरु हेर्नेछौं जुन मसिंहको बारेमा कहिएको थियो र जुन भविष्यवाणीहरु येश्र खीष्छको जीवनमा पुरा भयो । खोजमूलक बाइबल अध्ययनले बाल-बालिकाहरुलाई पुरा भएका भविष्यवाणीहरु बुझ्न र बाइबल सत्य हो भनि बुझ्न सहायता गर्दछ ।

## पाठ -२६ : यर्मिया

"तँचाहिँ तयार हो ! यठ् ,र जे जे कुराको म तँलाई आज्ञा दिन्छु ती तिनीहरुलाई भन् । तिनीहरुदेखि तँ नडरा ,नत्र म तँलाई नै तिनीहरुका सामुन्ने भयभीत पार्नेछु । आज यो सारा देश, यहुदाका राजाहरु, अधिकारीहरु, पूजारीहरु र देशका मानिसहरुका विरुद्धमा उभिनलाई मैले तँलाई एक किल्ला भएको शहर, फलामको खामो र काँसाको पर्खाल बनाएको छु" (यर्मिया १ : १७, १८) । यर्मिया अगमवक्ताले यी बचन त्यति बेला बोले जव यहुदाका मानिसहरु बेबिलोनको कैदमा थिए । उनले उनीहरुका जिम्मेवारी परमेश्वरप्रति के हो भन्ने कुराको बारेमा बोले । आज हामीले अप्ठ्यारो परिस्थितिमा परमेश्वरको लागि खडा रहनु (हुनु) भन्ने बारेमा हेर्नेछु ।

- बाइबलिय अनुसन्धानात्मक व्याख्यानले नानी बाबुहरुलाई परमेश्वरको निम्ति खडा रहन प्रोत्साहन दिन्छ ।

## पाठ - १७ : शद्रक, मेशक, अबेद्नगो

"हे महाराजा, यदि हामीहरु दन्किरहेको आगोको भट्टीमा फलियौं भने, हामीले सेवा गरेका परमेश्वरले हामीलाई यसबाट बचाउन सक्नुहुनेछ र हजुरको हातबाट छुटकारा दिनुहुनेछ, तर उहाँले हामीलाई यसो नगर्नु भएता पनि, हे महाराजा, हजुरका देवताहरुका सेवा गर्ने छैनौं । न त हजुरले स्थापना गर्नु भएको सुनको मुर्तिलाई दण्डवत् गर्ने छैनौं भनी हजुरलाई थाहा होस् भन्ने हामी चाहन्छौं" (दानिएल ३ : १७, १८) । आज हामी तीन जना जवान मानिसहरुको बारेमा हेर्नेछौं ।

- खोजपूर्ण बाइबल अध्ययनले बाल-बालिकाहरुलाई इमान्दार साथीहरु बनाउन उत्साहित पार्दछ ।

## पाठ - २८ : दानिएल

"जब दानिएलले यो आदेश प्रकाशित भएको थाहा पाए, तिनीहरु ऋाफ्नो घरको माथिल्लो तलाको कोठामा गए, जहाँ झ्यालहरु इरुशेलमतिर खुला थिए । पहिले जस्तै तिनी दिनमा तीन पल्ट

घुँडा टेकी परमेश्वरलाई धन्यवाद दिँदै प्रार्थना गर्थे" (दानिएल ६ : १०) । अर्को पुरानो तर असल कथा चाँही दानिएल र सिँहको खोर हो । यसमा हामीले परमेश्वरको सेवामा विश्वासिलो रहनु भन्ने बारेमा कुरा गर्नेछौं ।

- बाइबल खोज यात्राले साना नानी-बाबुहरुलाई परमेश्वरको सेवकाईमा समसर्पत रहन मद्दत गर्दछ ।

## पाठ - २९ : योना

"परमप्रभुको यो वचन अमित्तैका छोरा योनाकहाँ आयोः 'त्यस ठूलो शहर निनवेमा जा, र त्यसको विरुद्धमा प्रचार गर, किन भने त्यसको दुष्ट्याइँ मेरो सामु आएको छ ।' तर योना परमप्रभुबाट भागे .......... " (योना १ : १, ३) । यस वर्षको हाम्रो बाइबलका वीरहरुको अध्ययन मालामा, योना यस्तो व्यक्ति हुन सक्छन् जसलाई हामीले विशिष्ट व्यक्तिको रुपमा सम्बन्ध राख्दछौं । योना एक अइच्छुक नायक (वीर) हुन् । हामीले परमेश्वरको योनाद्धारा कसरी आफ्नो योजना पूरा गर्नुभयो ?

- बाइबल खोजयात्राले बाल-बालिकाहरुलाई परमेश्वरको इच्छामा आफैलाई सुम्पनको निम्ति प्रोत्साहित् गर्दछ ।

## विषेश धन्यबाददिने पाठ

"परमप्रभुमा धन्यबाद चढाओ, उहाको नाममा पुकारा गर । देशदेशका मानिसहरुलाई उहाका कार्यहरु प्रचार गर । उहाको निम्ती गाओ, उहाको स्तुती गाओ उहाको सबै आश्चर्यकाममा ध्याल देओ" -भजनसंग्रह १०५:१-२) । आज हामी हाम्रा आशिषहरुलाई गन्ती गर्नेछौ र अरुहरुसंग बाडनेछौ ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीलाई नया तरिकाले पनि दिन सिकाउदछ ।

## विषेश खीष्टमस पाठ

"अब हेर तिमी गर्भवती हुनेछौ, र एउटा छोरो जन्माउनेछौ र तिमीले उहाको नाम येशू राख्नु" ( लूका १: ३१) । आज हामी खीष्टमस कथाको बिषयमा कुरा गर्नेछौ । तर हामीले सुन्ने गरेको भन्दा अलि फरक तरिकाले यस्को शुरु र अन्त्य गर्नेछौ ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीलाई खीष्टमसको साचो अर्थ यादगर्न सहायता पु-याउनेछ ।

## विषेश इष्टरीय पाठ

"किनभने परमेश्वरले यस्तो प्रेम गर्नुभयो उहाले आफनो एकमात्र पुत्रलाई दिनुभयो उहामाथि विस्वास गर्ने प्रत्येक नाश नहोस तर त्यसले अनन्त जीवन पाओस" (यूहन्ना ३:१६) । यो परमेश्वरको एकमात्र पुत्र येशूको जीवनमा घटेको कुरा हो, जुनचाहि तपाई र मेरोलागि उहा पक्राउ मात्र पर्नुभएन तर हामीलाई मुक्ति दिनका क्रूसको मृत्यु पनि भोग्नुभयो ।

**बाइबलबाट खोजी गर्ने बानीले** हाम्रा छोराछोरीलाई खीष्टको मृत्युको महत्व बुझ्न सहायता पु-याउनेछ ।

## विषेश प्रार्थनाको पाठ

**"यदि मेरो नाउदिएको मेरो आफनै प्रजाले मप्रति अपर्ण गरेर प्रार्थना गर्छ र मलाई खोजेर आफना दुष्ट चालहरुबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरुको प्रार्थना सुन्नेछु र तिनहिरुका पाप क्षमा गर्नेछु र तिनीहरुको देशलाई म फेरी अघिको जस्तै स्वस्थ्य पार्नेछु"** (२ इतिहास ७:१४) । आज हामी पढनेमात्र छैनौ तर केही गर्नेपनि छौ । हामी हाम्रो अध्ययनको समय परमेश्वरसंग प्रार्थनामा बिताउने जसले हामीलाई बनाउनुभयो र हाम्रा मानिसहरुको निम्ति हामीलाई राख्नुभएकोछ ।

**बाइबलबाट खोजी गर्नेकुरासंगै** हाम्रा छोराछोरीलाई हाम्रो देशको मानिसको निम्ति प्रार्थनापत्र लेख्न निमन्त्रणा दिऔ ।

## कथाको समय

"मलाई एउटा कुरामात्र थाह छ, म अन्धा थिए तर अहिले देख्छु" (यहून्ना ९:२५) । कसरी मैले येशू खीष्टलाई आफनो जीवनमा पाए भनि बताउने कथाको बिषयमा विचार गर्दा अनि असहज महसुस हुन्छ होला । तपाईलाई मैले सक्दिन वा कसरी भन्ने होला? के भन्ने होला? भन्ने दिविधा हुन सक्छ । यदि येशू खीष्ट तपाईको जीवनमा हुनुहुन्छ भने त्यो कथा भन्नै पर्छ । अब यो कथा कसरी भन्ने बिषयमा त येशू खीष्टको शुभ-समाचार अरु मानिसलाई दिनु मात्रै हो ।

**यसरी बाइबलबाट खोजी गर्ने बानलि** तपाईलाई आफनो कथालाई आफनो विचार, सल्लाह र रुपरेखामा मिलाएर राख्न सहायता प-याउछ ।

## अभ्यासले नै मानिसलाई निपुण बनाउछ !

गएको नो बर्षदेखी हामीले सयौ यस्ता बाइबल अध्ययनहरुलाई व्यवस्थीत गर्न सहायता पु-याएकाछौ । हामी तपाईको बाइबल अध्ययनमा सहायता पुगोस भन्ने हेतुले एउटा सहयोगी रुपरेखा पनि दिन चाहन्छौ ।

तपाईको बाइबल अध्ययन व्यवस्थित हुनको लागि यहा केही सूझावसहितको रुपरेखा दिएकाछौ ।

- आफनो बाइबल अध्ययनमा येशूलाई निम्त्याउनुहोस । उहाको शक्तिको काम र उपस्थीतिद्वारा भेलाभएका सबैको जीवनमा र जीवनद्वारा नया कामहोस भनी प्रार्थना गर्नुहोस ।
- यदि यो बिहानीको समय हो भने हल्का नास्ता र चियासहित शुरु गर्नु राम्रो हुन्छ (नास्ता खान पनि भेटनुपर्नेहुन्छ) । यदि यो साझको समय हो भने हल्का खाजा खादै बावु छोरा अध्ययनमा बस्नु ठीक हुन्छ ।
- सरल प्रकारले शुरु गर्नुहोस् कतिसंग समयको अभावहुन्छ ।
- धेरै पटक हाम्रो लागि बावुछोरासंगसंगै सिक्दा राम्रो र प्रभावकारी भएको थाह गरेका छौ ।
- पहिले आफनो परिचय दिनुहोस, यदि नया बालबालिका छन भने तिनीहरुले आफै आ-आफनो परिचय दिउन ।
- बाइबल अध्ययनलाई प्रार्थनासहित शुरु गर्नुहोस । बावु वा कुनै एकजनाले प्रार्थना गर्ने हो की भनी मौका दिनुहोस् तर त्यति जोड नदिनुहोस् । त्यसो गर्दा कसैलाई असजिलो लाग्न सक्छ र कसैलाई पहिलो पटकनै होच्याएको भान पर्नसक्छ । एउटा तरिकाचाहि बावु छोरालाई नै भन्नुहोस् यसोगर्दा तयारी हुनेसमय पनि पाउछ ।
- जब समूह एकअर्कामा परिचित बन्दैजान्छ, हप्तै पिच्छेको भेटमा पालैपालो बावुछोरालाई सहभागी बनाउदै प्रार्थना गर्ने काम दिनुहोस् ।
- प्रत्येक पाठ शुरु गर्नुअघि आजको पाठको विषयमा केही बताउनुहोस् ।
- प्रत्येक पटक केही छलफलसहितको प्रश्नबाट थाल्नुहोस् । बावुहरुलाई विषेश छलफलमा सक्रियहुन उत्साह दिनुहोस् । धेरैपटक यो केटाकेटीको अध्ययन हो भनी बावुहरु मौन बस्छन । तर उनीहरुको सहभागिता महत्वपूर्ण हुन्छ ।
- हतार नगरी सबैको लागिहुने गरी अध्ययन थाल्नुपर्छ । यदि तपाईले पूरा गर्न भ्याउनु भएन भनेपनि ठीकैछ ।
- भनिएको समयमा नै अध्ययनलाई सिध्याउनुहोस् । अध्ययनको लागि २० मिनेट पर्याप्त हुन्छ । कुनै कुनै बेला २० मिनेट भन्दा पनि कमसमय पनि ठीकैहुन्छ ।
- प्रत्येक हप्ता बाइबलबाट खोजी गर्ने कार्यतालिकाको खण्डबाट बावुछोरालाई हेर्न उत्साह दिनुहोस् । र प्रत्येक केटाकेटीलाई उत्तर भन्ने मौका दिनुहोस् ।
- हप्ताभरी अध्ययन गरिएको पाठमा भएको असल चरित्र र गुणहरुलाई आफनो व्यक्तिगत जीवनमा अभ्यास गर्न उत्साह दिनुहोस् । तिनीहरुले सिकेका कुराहरुलाई व्यवहारिक जीवनमा लगाउने मौका पाएको भए आफनो समूहमा बताउन हौसला दिनुहोस् ।
- प्रत्येक पाठलाई राम्ररी अन्त्य गर्ने एउटा उत्तम तरिका यो हो : आफना छोराछोरी लिई आउने बावुहरुलाई आफनो छोराछोरीको लागि प्रार्थना गर्न भन्नुहोस् । हामीले यसरी एउटाले अर्कोको लागि र आफना छोराछोरीको लागि प्रार्थना गर्न राम्रो भएको पत्ता लगायौ । तपाईले प्रार्थनाको बिषयबारे सोध्नलाई सल्लाह दिनुहोस् ।

पहिलो केही समयको लागि यो अध्यास गर्नुहोस् साथै समूहको खाचो अनुसार चरिका पनि परिवर्तन गर्दै लैजानुहोस् ।

## बाइबल अध्ययनको बिषयको नमूना

| | |
|---|---|
| ७ : १० - ७ : २० | खाजा र सर्वत खाने समय र संगती |
| ७ : २० - ७ : ४० | बाइबल पाठ अध्ययन |
| ७ : ४० - ७ : ५० | बाइबलबाट खोजी गर्ने खण्डको समीक्षा |
| ७ : ५० - ७ : ५५ | बावु र छोरा विचको प्रार्थनाको समय |
| ७ : ५५ | तपाईले सिकेको कुरा अभ्यास गर्ने समय |

# बाइबल पाठहरु

# बाइबलका वीरहरु


| पाठ | पाठ्य पदहरु | पृष्ठ |
|---|---|---|
| १) येशु ख्रिष्ट | एफिसी ५ : १ | १२ |
| २) नोआ | उत्पत्ति ६ : ९ | १५ |
| ३) अब्राहम (भाग - १) | हिब्रु ११ : ६ | १८ |
| ४) अब्राहम (भाग - २) | रोमी ४ : २० - २१ | २१ |
| ५) योसेफ | उत्पत्ति ५० : २० | २४ |
| ६) मोशहा (भाग - १) | मत्ती २२ : ३७ - ३९ | २८ |
| ७) मोशा (भाग - २) | व्यवस्था ५ : ३३ | ३१ |
| ८) यहेशू | हिब्रु ४ : १२ | ३४ |
| ९) गिदोन | न्यायकर्ता ६ : १२ | ३५ |
| १०) शिमशोन | कलस्सी ३ : १६ | ४१ |
| ११) रुथ | रोमी १२ : १० | ४५ |
| १२) शमूएल | १ शमूएल २ : २६ | ५५ |
| १३) शाउल (भाग - १) | हितोपदेश ३ : ५ - ६ | ५२ |
| १४) शाउल (भाग - २) | १ शमूएल १२ : २४ | ५५ |
| १५) दाउद (भाग - १) | १ शमूएल १६ : ७ | ५९ |
| १६) दाउद जो (भाग - २) | एफिसी ६ : १० | ६३ |
| १७) दाउद (भाग - ३) | भजनसंग्रह ११९ : ९ | ६७ |
| १८) सोलोम (भाग - १) | हितोपदेश २ : ६ | ७१ |
| १९) सोलोमन (भाग - २) | मत्ती १६ : २६ | ७४ |
| २०) एलिया (भाग - १) | व्यवस्था ६ : ५ - ७ | ७८ |
| २१) एलिया (भाग - २) | हिब्रु ११ : १ | ८० |
| २२) एलिया (भाग - ३) | १ युहन्ना ५ : १४ | ८५ |
| २३) अथ्यूब | कलस्की ३ : १६ | ८९ |
| २४) नुहेम्याह | हितोपदेश १५ : ८ | ९३ |
| २५) यशैया | यशैया ५३ : ५ | ९७ |
| २६) यर्मिया | यर्मिया १ : १७ | १०२ |
| २७) शद्रक, मेशक र अबेद्नगो | यूहन्ना १५ : १३ | १०५ |
| २८) दानिएल | दानिएल ६ : ४ ख | १०९ |
| २९) योना | भजनसंग्रह ११९ : १०५ | ११३ |

## पाठ - १
## येशू ख्रिष्ट

### आजको पाठको पद

" ................ परमेश्वरको देखासिकी गर्नेहरु होओ" (एफिसी ५ : १) ।

### प्रश्नहरु

तपाईलाई मन पर्नेहरु मध्य एउटा को हो ? कि उनी तपाईको/तपाईकी हिरो हिरोनी हुन् त ?

### परिचय:

तलका भनाईहरु राष्ट्रपति जर्ज डब्लू बुशले २००१ को सेप्टेम्बर ११ मा पेन्टागन र विश्व व्यापार केन्द्रमा हमला गरिएको करिब दुई महिना पछि दिइएको प्रवचनबाट लिइउका अंशहरु हुन् ।

"अमेरिकीहरुले गरेका वास्ता र साहशद्धारा एक साहनदार जवाफ दिएका छन् । हामीले यो कुरा हाम्रा बाल-बच्चामा देखेका छौं जसले अफगानिस्तानी वा (अफ्गानी) बाल-बालिकाहरुलाई सहयोग स्वरुप दश लाख अमेरिकी डलर बराबरको रकम पठाएका छन् । हामीले यो हाम्रा यहुँदी र अमेरिकी इशाइहरुले देखाएका वास्ता र कृपा (दया) का कुरामा देख्न सक्छौं जो आफ्ना मुस्लिम छिमेकीहरुकहाँ पुगेका छन् । हामीले यो देखेका छौं जसै अमेरिकीहरुले सहायता गर्ने कुरालाई प्राथमिकतामा राख्छ न : जस्तो कि अभिभावकहरुले आफ्ना छोराछोरीहरुसँग बढी समय बिताउँदै र धेरै जनाले प्रार्थना र आराधनामा विशेष समय दिन्छ ।

हामीले नयाँ वीरहरु पाएका छौं जोहरु अरुलाई बचाउनको निम्ति जलिरहेको भवनतर्फ दौडे जसमा हाम्रा प्हरी र अग्नी नियन्त्रकहरु छन् । केही अमेरिकी शिक्षकहरु जेहरु आफ्नै केटा-केटीहरुलाई सुरक्षित र शान्त राख्न (आफै पनि त्रस्त भएर पनि बचाउ कार्यमा भाग लिए) (Edited) । हाम्रा कैयौ स-शस्त्रका जवान जवानीहरु जसले हाम्रो स्वतन्त्रताको खातिर आफ्नो शरीरको आहूती दिए जुन उनीहरुले स्वइच्छाले गरे । आज हार्मा सम्पूर्ण सर्व-साधारण जनताका समूहहरुलाई धन्यवाद दिन्छौं जो लडाइँको लागि तयार पारेका सेनाका विवरण मध्ये एक नपरेर पनि लडाइँका अग्रपंतिमा रहेर मद्दत गरे । हामीले सुरक्षाको पंतिमा लामो समय देखि धैर्य साथ पर्खीरहेको छौं । ती व्यक्तिहरु जसले अमेरिकी हुलाक मेइलमा भूमिका निभाउँदछन् । हाम्रा ती स्वास्थ्यकर्मी जसले द्रुत स्वास्थ्य सेवा उपलब्ध गराए जसको सेवाले निसन्देह हजारौको जीवन बचायो ती कर्मीहरुलाई पनि हामी धन्यवाद दिन चाहन्छौं ।

आक्रमण पछि हजारौं अमेरिकीहरुले रक्तदान गरे । कैयौं न्यूयोर्क निवासीहरुले आफ्ना घर विहिन छिमेकीहरुका निम्ति घर खाली गरे । हामीहरुले लामो सुरक्षा (लाइन) पंक्तिलाई धैर्यका साथ पर्खिरहेका छौं । कैयौं अमेरिकी बाल-बालिकाहरुले अफगानी केटा-केटीहरुलाई निम्बू शर्वत र पकाएका परिकारहरु पठाउने व्यवस्था गरे र हामी अझ बढी पनि गर्न सक्छौं । उडानमा रहेमा ९३ जना यात्रुहरुलाई आशा र साहसले जमिनमा रहेका मानिसका जीवनलाई बचाउनलाई हत्याराहरुलाई खेद्नलाई बाध्य पार्‍यो जहाँ एक जवान मानिसले अगुवाई गरे, जसको अन्तिम परिचित शब्द भनेको प्रभुको प्रार्थना र "ल हामी उडौं" भन्ने थियो ।

सेप्टेबर ११ मा अमेरिका लगायत विश्वका थुप्रै मुलुकहरुलाई लुकेर रहेका त्यस्ता वीरहरुको परिचय गरायो जसले कसैको बचाउको लागि आफैलाई बलिदान गरे जस्तै प्रहरीहरु, अग्नी नियन्त्रकहरु र सुरक्षा अधिकारहिरु । थुप्रै शसस्त्र सेनाका नर-नारीहरुले संसार भरी नै हाम्रो देशलाई सुरक्षा प्रदान गरिरहेका छन् । हुलाकका सञ्चारकर्मीहरुले डरलाई पर राखेर आफ्नो सेवा प्रदान गरीरहेका छन् ।

हामीले वीर गाथाहरु अरु कता पाउन सक्छौं ? सर्वप्रथम मोशाले भने “हुँदैन” ! अनि गिदोनले भने “किन म ?” योनाले भने, “म यहााबाट भाग्छु” - के ती वीरहरु नै थिए त ? तपाईले बाजी लगाउनुहुन्छ कि यस पाठ यो श्रृङ्खलामा हामीले त्यस्ती वीर नर-नारीहरुलाई भेट्नेछौं जसको उपलब्धी, गुणहरु र साहशले गर्दा ती समयमा तिनीहरुलाई वीर बनायो तादीमा र अहिले ।

## येशू ख्रिष्ट

**फिलिप्पी २ : ६ - ११**

“ ६ परमेश्वरको स्वरुपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन । ७ तर आफैलाई रित्याईकन कमाराको रुप धारण गरेर तथा मनुष्य भएर जन्मनुभयो । ८ स्वरुपमा मानिस जस्तै भएर आफैलाई होच्याउनु भयो र मृत्युसम्मे, अर्थात् क्रुसको मृत्युसम्मै आज्ञाकारी रहनु भयो । ९ त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो र उहाँलाई त्यो नाऊ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ । १० कि स्वर्गमा पृथवीमाथि र पृथ्वीमुनी भएको हरेक प्राणीले येशुको नाउँमा घुँडा टेक्नुपर्छ । ११ हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशु ख्रिष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ ।”

**प्रश्न:** त्यस्तो के कुरा छ, जसले व्यक्तिलाई वीर बनाउँदछ ?
(**उत्तर:** वीर त्यस्तो एक व्यक्ति हो जसको ठूलो साहश, गुण र उपलब्धिको निम्ति प्रशंसा गरिन्छ ।)
हामीले बाइबलिय “वीरहरु” भन्ने बारेमा ती “व्यक्तित्वहरुको जाँचको” निम्ति यस परिभाषाका शब्दहरु प्रयोग गर्न जाँदछौं । हामीले ती वीरहरुको गुणहरु, प्राप्तिहरु र तीनका साहश जसले उनीहरुलाई उति बेला र आज समेत वीरहरुको रुपमा प्रख्यात गरायो ।

**प्रश्न:** बाइबलमा बताइएको प्रथम वीर को हुन् ? (**उत्तर:** येशु ख्रिष्ट) बाइबल भन्दछ, “आदीमा बचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि बचन परमेश्वर हुनुहुन्थ्यो । उहाँ आदीमा परमेश्वरसँग हुनुहुन्थ्यो” (युहन्ना १ : १-२) ।

**प्रश्न:** बचन को हुनुहुन्छ ? (**उत्तर:** येशु ख्रिष्ट) ।

**प्रश्न:** यदी येशु बचन हुनुहुन्छ भने, बाइबल भन्दछ, बचन परमेश्वर हुनुहुन्छ, येशु ख्रिष्टको हुनुहुन्छ ? (**उत्तर:** येशु ख्रिष्ट परमेश्वर हुनुहुन्छ ।)

**प्रश्न:** के तपाईले येशुलाई कहिल्यै वीर नायकको रुपमा सोच्नु भयो ? के कारणले वीर बन्नुभयो भन्ने तपाई सम्झनु हुन्छ ? (अब हामी उहाँको वीरता, शाहस र गुण वा प्राप्तिको बारेमा हेरौं) ।

**उहाँका प्राप्तिहरु व उपलब्धीहरुः**

समयको प्रारम्भ कालमा येशुले थोरै कुरा प्राप्त गर्नु भयो तर प्रकाशको पुस्तकले भन्दछ कि "हे हाम्रा प्भु र परमेश्वर तपाई महिमा, आदर र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईले नै सृष्टि गर्नुभएको हो र तपाईकै इच्छा बमोजिम ती अस्तित्वमा आएर तिनको सृष्टि भयो" (प्रकाश ४ : ११) । धर्म शास्त्रले हामीलाई भन्दछ कि "किनकी उहाँमा नै सबै थोक सृष्टि भएका थिए, ........... उहाँले सबै थोकलाई एक साथ थाम्नु हुन्छ" । (कलस्की १ : १६) । अर्को शब्दमा, येशुको अनुमति विना संसार तपाई र म पनि अस्तित्वमा आउने थिएन । बाइबल भन्दछ, "येशुले अरु पनि धेरै काम गर्नुभयो । तीमध्ये प्रत्यकको बारेमा लेखिने हो भने, मलाई यस्तो लाग्छ, कि तिनका विषयमा लेखिएका पुस्तकहरु संसारै भरी पनि अटाउने थिएनन्" (युहन्ना २१ : २५) ।

**प्रश्नः** येशुले गर्नुभएका उपलब्धीहरु मध्ये अरु के को बारेमा तपाई सोच्नुहुन्छ ?
(**उत्तरः** आश्चर्यकर्म, चङ्गाई, उहाँका शिक्षक र उहाँले तपाई र मेरो निम्ति गर्नुभएको बलिदान) ।

येशुले ठूलो उपलब्धि हासिल गर्नु भयो र हासिल गर्दै रहनुहुन्छ । जुन महान ईश्वरीय योजनाको परिपुर्ति उहाँले पुरा गरिसक्नु भयो (क्रुसमा) । तर उहाँका उपलब्धिहरु जुन हामीले कुरा गर्छौं, ती त केवल हाम्रो वीरताका सन्दर्भमा गरिएको परिभाषाका केही अंश मात्र हो । आउनुस् हामी उहाँका गुणहरुका बारेमा हेरौं ।

**उहाँका गुणहरुः**

**प्रश्नः** हामी कसरी जान्न सक्छौ कि परमेश्वरका गुणहरु के हुन् भनेर ?
**उत्तरः** हामीले उहाँका गुणहरुका बारेमा बाइबल भरी पढ्न पाउँछौं) । "हामीले परमेश्वरका गुणहरु येशु ख्रिष्टद्धारा जान्न सक्छौं किनकी उहाँ अदृश्य परमेश्वरको प्रतिरुप हुनुहुन्छ (कलस्की १ : १५) ।

**प्रश्नः** के अरु कुनै ठाउँ छ जहाँ हमी हेर्न सक्छौं ?
(**उत्तरः** हाम्रो पाठको पदले भन्छ, "यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो" (उत्पत्ति १ : २७) ।

**प्रश्नः** स्वरुपको अर्को शब्द के हो ?

(**उत्तरः** स्वरुपको अर्को शब्द चाँही परावर्तन वा ऐना या प्रतिरुप (प. जस्तै) हो) ।

परमेश्वरले तपाईलाई यस हेतुले सिर्जनुभयो ताकि तपाई परमेशवरमा भएको गुण र विशेषता तपाईबाट परावर्तन होस् । जव तपाईले केही कुरा बताउनुहुन्छ वा आर्ट गर्नुहुन्छ तव निश्चय तपाईले चाहनु भए जस्तै नै बनाउनु हुन्छ । त्यस्तै नै जव सृष्टिकर्ताले सिर्जनु भयो तव उहाँ आफ्नो रचना जस्तो चाहनु भयो त्यस्तै नै बनाउनु भयो ।

**प्रश्नः** परमेश्वरसँग भएका गुणहरु के हुन्, जो वहाँ तपाईमा भएको चाहनुहुन्छ ?
(**उत्तरः** प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाई, विश्वस्तता, नम्रता, संयम ।) येशुसँग यी सबै गुणहरु छन् र उहाँ यी गुणहरु तपाईमा चाहनुहुन्छ ।

## उहाँको शाहस

येशु ख्रिष्ट क्रुसिकृत हुनु भन्दा एक रात पहिले, येशु र उहाँका चेलाहरु गेट समनी नामक ठाउँमा हुनुहुन्थ्यो, जैतुन नामक पहाडमा हुनुहुन्थ्यो । लुकाको सु-समाचारले हामीलाई बताउँदछ, "उहाँ तिनीहरुबाट प्रायः तीस मिटर पर गएर घुँडा टेकी प्रार्थना गर्नुभयो, 'हे पिता, तपाईको इच्छा भए, यो कचौरा मबाट हटाइदिनुहोस् ।' तर मेरो इच्छा होइन, तपाईकै इच्छा पुरा होस् ।" तव स्वर्गबाट एउटा दूत उहाँलाई बल दिन उहाँकहाँ देखा परे । अत्यन्त सङ्कष्टमा परेर आग्रह पूर्वक उहाँ प्रार्थना गर्न लाग्नुभयो र उहाँको पसिना र रगतका ठूला ठूला थोप्लाजस्तै जमिनमा खसिरहेका थिए" (लूका २२ : ४१ - ४४) ।

**प्रश्नः** "कचौरा" के हो जुन येशुले उहाँको पितालाई आफूबाट हटाउन भन्दै हुनुहुन्थ्यो ?
(**उत्तरः** केही क्षणसम्म रहने पिताबाट अलग हुने र क्रुसको सङ्कट) ।

**प्रश्नः** येशु किन क्रुसमा टाागिनु भयो ?
(**उत्तरः** उहाँले गर्नुभएको कुनै कामको लागि होइन, तर परमेश्वरको योजनाको निम्ति कि संसारमा जीउने र जीउनेवालाहरु सबै मानिसहरुका गलत सोचाई, काम र प्रवृत्तिका निम्ति एक बलिदान स्वरुप उहाँ क्रुस मर्नुभयो । बाइबल भन्दछ "यसैबाट प्रेम के हो हामी थाहा पाउँछौं कि उहाँले हाम्रो निम्ति आफ्नो प्राण दिनुभयो ।" (१ इूहन्ना ३ : १६) । परमेश्वरले जान्नु हुन्थ्यो कि हामीलाई एक मुक्तिदाताको आवश्यक थियो । त्यसैले उहाँ हाम्रो निम्ति येशुलाई पठाउनुभयो । येशु ख्रिष्टले तपाई र मेरो निम्ति आफ्नो प्राण दिनु भई लडाइमा कुनै सेनापतिले देखाएको साहश र दौडमा कुनै धावकले भन्दा ज्यादै बढ्ता गरी पिडा र दुःख कष्टका साथ (येशुले) आफ्नो जीवन दिनुभयो । हाम्रो संसारमा धेरे हिरोहरु थिए र हुदै आइरहेका छन् । वास्तवमा बाइबल यस्ता वीरहरुका गाथाले भरिएको छ । हामीले ती मध्ये धेरैलाई हाम्रो पाठशालामा भेट्नेछौं यस साल । तर येशु साँच्चिकै तिनीहरु मध्यमा सबै भन्दा महान वीर हुनुहुन्छ जुन संसारले पलिा र पछि उहाँ जत्तिको कोही वीर पाउने छैन ।

**प्रश्नः** परमेश्वरको गुणहरुबारे अझै सिक्न तपाईले कसरी समय निकाल्न सक्नुहुन्छ ?

## पाठ - २ : नोआ

**पुनरावृत्तिः**

**गतहप्ताको पदहरु र प्रश्नहरु**

**आजको पाठको पद**

"................ आफ्नो पुस्तामा नोआ धर्मी र निर्दोष मानिस थिए । तिनी परमेश्वरको साथै हिड्ने गर्थे" (उत्पत्ति ६ : ९) ।

**गुण**

**आज्ञाकारिता**

**छलफल प्रश्न**

के तपाई कहिल्यै कुनै ठूलो काम गर्न भनिएको छ ? साँच्चै ठूलो थियो ? तपाईले कस्तो अनुभव गर्नु भयो जव तपाईले पहिलो पटक यस्तो गर्न लाग्नु भयो ?

**परिचयः**

ब्रुस विलकिनसनको एउटा कथा छ । उनी एउटा कलेजका (विश्वविद्यालयका विद्यार्थीहरुसँग बोल्दै उनले एउटा ठूलो काम पूरा गर्नको लागि उनीहरुलाई खुला चुनौति दिए । मानिसहरुलाई येशु ख्रिष्टको बारेमा भन्ने क्षेत्रमा साँच्चिकै एक ठूलो काम जहाँ उनी पहिले बोलेका थिए, त्यही कलेजबाटै उनले दुई विद्यार्थीहरुबाट एउटा चिठी एक हप्ता पछि पाए । यी दुई मानिसहरुले प्रार्थना सहित क्यालिफोर्नियाका शासकहरुसँग येशुको बारेमा बताउने मौका दिइयोस् भनि अनुरोध गरेर यो काम तुरुन्त गरिहाल्ने निर्णय गरे तर कथा यति मात्र होइन । यी दुई विद्यार्थीहरुले १२६ जनाको विद्यार्थीहरु शिक्षकहरुको एउटा समूह बनाए, तिनीहरुले एउटा हवाइजहाज भाडा लिए र त्रिनिडाड तर्फ त्यहाँका त्यस टापुका हजारौं मानिसहरुका निम्ति छुट्टिमा गरिने बाइबल अध्ययन सुरु गर्नका निम्ति प्रस्थान गरे । म बाजी लगाउँछु कि यी विद्यार्थीहरु मध्ये कसैले पनि परमेश्वरको निम्ति त्यति धेरै काम गर्न सक्छन् भनेर अड्कल गर्न सकेका थिएनन् । वास्तवमा केही ठूलो काम गर्नेबारे गरिएको सोचाईले तिनीहरुले मृत्यु सम्मैको डरले त्रसित बनाएको थियो । तर जहाँ सम्म हामीले परमेश्वरको सेवाको निम्ति आफैलाई उपलब्ध गराउँछौं, त्यति सम्म नै परमेश्वरले हामीलाई आफ्नो सेवाको चलाउनु हुन्छ केही ठूलो काम गर्नको निम्ति हो साँच्चिकै उहाँको निम्ति ठूलो काम गर्नुहुन्छ । आज हामीले बाइबलको एउटा यस्तो वीरको बारेमा हेर्नेछौं, जसले परमेश्वरको आज्ञा मानेर आफैलाई परमेश्वरको सेवाको निम्ति दिइहाले ।

**नोआः**

**(खण्ड : उत्पत्ति ६ : ९ - २२)**

"९ नोआको वृत्तान्त यही हो । आफ्नो पुस्तामा नोओ धर्मी र निर्दोष मानिस थिए । १०
नोआले तीन जना छोराहरु जन्माए - शेम, हाम र येपेत । ११ परमेश्वरको दृष्टिमा पृथ्वी भ्रष्ट
भएको र उपद्रले भरिएको थियो । १२ जव परमेश्वरले पृथ्वीमाथि दृष्टि गर्नुभयो तव त्यो भ्रष्ट
भएको देख्नुभयो, किनकी पृथ्वीमा भएका सबै मानिसहरुले आफ्नो चालचालन भ्रष्ट पारिसकेका थिए

। १३ यस कारण परमेश्वरले नोआलाई भन्नुभयो, सबै मानिसहरुको अन्त्य गर्ने मैले अठोट गरेको छु, किन भने पृथ्वी तिनीहरुद्धारा उपद्रवले भरिएको छ । हेर म तिनीहरुलाई पृथ्वी समेत नाश गर्नेछु । १४ तैंले गोपेर काठको एउटा जहाज बनाउनू । जहाजमा कोठा - कोठा बनाउनू र त्यसलाई भित्र - बाहिर अलकत्राले लिप्नु । १५ तैंले त्यो यसरी बनाउनू : जहाजको लम्बाई एक सय चालिस मिटर, चौडाई तेइस मिटर र चौडाई चौध मिटरको होस् । १६ जहाजमा उज्यालो आओस् भनेर त्यो मास्तिर माथिबाट उक हात छोडेर टुङ्ग्याउनू । जहाजको ढोका त्यसको एकापट्टि राख्नू । पहिलो, दोस्रो र तेस्रो तला भएको त्यो बनाउनू । १७ जीवनको सास हुने आकासमुनिका सबू प्राणीलाई म सर्वनाश पार्नलाई पृथ्वीमा जलप्रलय ल्याउनेछु र पृथ्वीमा भएको हकेर प्राणी मर्नेछ । १८ तर तँसँग चाँही म आफ्नो करार स्थापित गर्नेछु । तँ तेरा छोराहरु, तेरी स्वास्नी र तेरा बुहारीहरु समेत जहाजमा आउनेछस् । १९ सबै जिवित प्राणीमध्ये हरेक जातका भाले र पोथी दुई-दुई गरी जहाजमा ले र तिनीहरु पनि तँसँग बाँचिरहुन् । २० पंक्षिहरुमध्ये तिनीहरुका जात-जातअनुसार, पशुहरुमध्ये तिनीहरुका जात-जातअनुसार र जमीनमा घस्रने सबै प्राणीहरु मध्ये जात-जातअनुसार सबै थरीका दुईओटा तिनीहरु जिवित रहनलाई तँकहाँ आउनेछन् । २१ हरेक किसिमका आहारा पनि तँलै आफ्नो साथमा जम्मा गरेर राख्नू । ती तेरो र तिनीहरुका निम्ति आहार हुनेछन् ।" २२ परमेश्वरले नोआलाई आज्ञा गर्नु भए बमोजिम तिनले सबै गरे ।"

**प्रश्नः** नोआले पुरा गरेको महान काम के थियो ? (जहाज भनेर बनाउनु भने र कत्तिले भने ? जहाज बनाउनु नै महान उपलब्धी थियो । तर नोआको सबैभन्दा महान उपलब्धी चाँही परमेश्वरलाई रिझाउने किसिमको जीवन जिवाई हो, जसले गर्दा उनले परमेश्वरको निगाह प्राप्त गरे) । नोआको बारेमा अलि कति कुरान गरौं ।

**प्रश्नः** नोआको ४ वटा गुणहरु थिए जसको कारण उनले परमेश्वरको निगाहा पाउन सके । के तपाईले ख्याल गर्नुभयो कि ती के हुन् ?
(**उत्तरः** नोआ धर्मी थिए, उनी निष्खोट थिए , उनी परमेश्वरसँग हिडे र उनी आज्ञाकारी थिए) । नोआ परमेश्वरको मार्ग बमोजिम जीउँथे । जव बाइबलले हाम्रो हृलयतर्फ संकेत गर्दछ, यसले हाम्रो भित्री भाग तर्फ दर्शाउँछ जहाँबाट हाम्रो अनुभव, हाम्रो प्रवृत्ति, हाम्रो व्यक्तित्व एवं हाम्रो भावना निस्कन्छ । हाम्रो हृदयको लागि चलाईने अर्को शब्द 'प्राण' हो । हाम्रो हृदयले नै हामी को हौं भन्ने कुरा देखाउँदछ । नोआको आफ्नो हृदयदेखी नै परमेश्वरको मार्गलाई पछ्याए ।

## नोआ धर्मी थिए

**प्रश्नः** धर्मी हुनु भनेको के हो ?
(**उत्तरः** धेरै मानिसहरुले धर्मी हुनु भनेको, "म तपाई भन्दा असल हुनु हो" भन्छन् भर धर्मी हुनु भनेको त्यो होइन) ।

कोही पनि एक व्यक्ति भन्दा असल छैन । बाइबल भन्दछ कि हामी सबै परमेश्वर देखी तर्कि गएका छौं । नोओले यो कुरा बुझे । उनलाई थाहा थियो कि उनी सिद्ध थिएनन् तर उनले परमेश्वर कहाँ फर्की आउन चुके (छाने) र परमेश्वरको मार्गलाई रोजे । इशाईहरुले बुझेका छन् ति तिनीहरुले ईश्वरीय जीवन मात्र जीउनु पर्दछ किनकी येशु ख्रिष्टले यसो गर्न शक्ति दिनुहुन्छ ।

**प्रश्नः** "धार्मीकता" को अर्थ के हो ?

(**उत्तर:** परमेश्वरले भन्नु भए अनुसार जीउनु ठीकम छ (भन्न) । नोओले आफ्नो हृदयमा परमेश्वरको व्यवस्था पालना गरे । अनि उनको सोचाई र प्रवृत्तिमा समेत पालन गरे । नोआ आफ्ना वरिपरीको मानिसहरु जस्तो गरी जीएनन् जो आफ्नै परिभाषा अनुसारका ठिक कुरामा जीउँछन् । तर नोआले परमेश्वरले भन्नुभए  अनुसार गरे । नोआलाई जुन जहाज बनाउन एक ससय वर्ष लाग्यो र मलाई लाग्छ कि निश्चित रुपमा नोआ जुन तरिकाले जीए त्यसको लागि उनको ठट्टा गरियो वा उनले जुन जहाज बनाए त्यसको निम्ति उनले ठट्टा सहनु पर्‍यो । मानिसहरुको ती जहाज तयारीका सय वर्ष वधि भरी आफ्नो असल मित्र भनाउँदाहरुले समेत उनको ठट्टा गरे ।

**प्रश्न:** के तपाईलाई लाग्दैन कि नोओले आफ्ना साथीहरुको कुरा सुनेर सारा जहाज बनाउने काम बिर्सीदिने विचार गरे होला ?
(**उत्तर:** सायद होला) ।

**प्रश्न:** तपाईलाई कस्तो लाग्छ के नोआले परमेश्वरको योजना पछ्याउँदा खुशी थिए होलान् ?
(**उत्तर:** विशेष गरी जव ठीक वर्षातको पानी पर्न सुरु गरे देखि) ।

**प्रश्न:** तपाईले धार्मिकता अभ्यास गर्न सक्ने एउटा तरिका के हो ?
(**उत्तर:** अरुको आदर गर्दै) ।

## नोआ निष्खोट (निर्दोष) थिए

अर्को बाइबल भन्दछ नोआ दोष रहित (निष्खोट) थिए

**प्रश्न:** तपाईलाई कस्तो लाग्छ निर्दोष वा खोट रहित हुन भन्नुको अर्थ के हो ?
(**उत्तर:** यसको अर्थ तपाईमा कसैले दोष लाउने ठाउँ नपाओस् भन्नुह हो) । यदी नोआले केही गल्ती गरेको भए, उनले आफ्नो गलत कुरा थपेर ठीक कुरा गरे होलान्) ।

**प्रश्न:** आज हामीले दोष रहित हुनको लागि अभ्यास गर्न सक्ने के उपाए छ ?
(**उत्तर:** दयालु, इमान्दार हुनु) । यसको अर्थ यो होइन कि तपाई सिद्ध भएको हुनुपर्छ तर जे होस् तपाई हृदयमा परमेश्वरको मार्गलाई पछ्याएको हुनुपर्छ ।

## नोआ परमेश्वरसँग हिँडे

**प्रश्न:** बाइबल भन्दछ कि नोआ परमेश्वरसँग हिँडे । त्यसको तपाई कसरी अर्थ लगाउनु हुन्छ ? (**उत्तर:** जव तपाई कसैसँग हिड्नु तपाई त्यस व्यक्तिसँग समय बिताउनुहुन्छ) । नोआले परमेश्वरसँग रहनलाई समय निकाले । उनले परमेशवरसँग समय विताए । उनले त्यस्तो व्यक्ति हुन सिके जससँग परमेश्वर खुसी हुनुहुन्छ ।
**प्रश्न:** तपाई परमेश्वरसँग कसरी रहिरहन सक्नुहुन्छ ?
(**उत्तर:** तपाईको आफ्नो दिनको बारेमा परमेश्वरसँग कुरा अथवा प्रार्थना गरेर, बाइबल अध्ययन गर्दै र त्यसको मतलव तपाईको निम्ति के हुन्छ भनेर) ।

## नोआ आज्ञाकारी थिए

**प्रश्न:** आज्ञाकारीको मतलव के हो ?

(**उत्तर:** शब्दकोषले भन्दछ कि, कसैले अह्राएको कुरा (काम) गर्नु नै आज्ञाकारी हो) । यसको मतलव यो हो कि तपाईबाट जे अपेक्षा गरेर अह्राएको सल्लाह वा निर्देशन दिइएको छ । उक्त कुरालाई पछ्याउनु हो । यसो गर्न सजिाले त छैन तर यसो गर्नु ठीक छ । तर म तपाईलाई अर्को परिभाषा सुनाउन चाहन्छु आज्ञाकारिताको । जव बाइबलले आज्ञाकारिताबारे कुरा गर्छ, तव यसको अर्थ "येशु जस्तै हुनु हो" भनेर जान्नु । के यो अझै गहन अर्थ छैन र ? यो केही नियमहरु पालन गर्नु भन्दा अझै बढी हो जसले "यो गर वा त्यो गर" यसबारे केही बेर सोचौं । जव तपाईले मोटर साइकल चलाउन सिक्नु भयो, तपाईको तालिमको चक्र थियो, जव तपाईले यो गरी सिध्याउनु भयो, सुरुमा सायद तपाईको हात काम्यो, तर जव तपाईलाई बानी पर्‍यो तव तपाई ढुक्कसँग आफै गर्न सक्ने हुनुभयो । तव जति बढी हाँक्नुभयो, त्यति नै बढी चलाउन सक्ने हुनुभयो । वास्तवमा, कसरी हाँक्ने भन्ने जव एक पल्ट सिक्नु भयो, तव तपाईले सो कहिल्यै भुल्नु भएन ।

आज्ञाकारी हुने बन्ने अभ्यासका कुरा पनि यस्तै हो । जसै तपाई परमेश्वरको निर्देशन अनुसार अभ्यास गर्न थाल्नुहुन्छ तव तपाई तीबाट असल कुरा पाउनुहुनेछ, वास्तवमा तपाईले तिनमा अति असल कुरा पाउनुहुनेछ जुन तपाई कहिल्यै विचार वा कल्पना समेत गर्नु भएको छैन । यो चाँही मोटर साइकल असल प्रकारले चलाउन सिके जस्तै हो । परमेश्वरको आज्ञा पालना गर्नुले तपाईलाई उहाँका पुत्र येशु ख्रिष्टजस्तै हुँदै/बन्दै अनि बदलिँदै जान मद्दत पुग्दछ ।

**प्रश्न:** तपाई आज्ञाकारी बन्दै जानलाई आज अभ्यास गर्ने एउटा उपाए के हो ?
(**उत्तर:** कामहरु येशुले गरेजस्तै गर्न अभ्यास गर्दै रहनु) । त्यसको मतलव तपाईले यो जानेको हुनुपर्‍यो कि उक्त काम येशुले गर्न परको भए कसरी गर्नुहुन्थ्यो होला, त्यसको मतलव व्यक्तिगत रुपले तपाईले येशुलाई चिनेको हुनुपर्‍यो । यसरी उहाँलाई चिन्ने उत्तम उपाए भनेको "उहाँ सँगै हिड्नु हो ।"

नोआले त्यस बेलाका पृथ्वीका अरु साधारण मानिसहरुले भन्दा फरक प्रकारले जीउनको छाने । उनको जीवन यस्तो एउटा जीवन थियो जुन परमेश्वरले मान्यता दिनुहुनथ्यो । तिनले यस्तो असल निर्णय गरे कि जुन निर्ण्मय चाँही सिधै परमेश्वरको मार्ग तर्फ निर्देशित दिशा सूचक यन्त्र कम्पासको काम गरे ।

**प्रश्न:** तपाईले कुन दिशा तर्फ छान्नु हुन्छ ?

## पाठ - ३ : अब्राहम (भाग - १)

**दोहोऱ्याउनु**
**गतहप्ताको कण्ठपद र प्रश्न**

**आजको पाठ-पद**

"परमप्रभुले अब्राहमलाई भन्नुभयो, "तेरो देश र तेरा कुटुम्ब तथा तेरा पिताका घरबाट निस्केर जुन देश म तँ लाई देखाउछु त्यहाँ जा । 'म तँ बाट एउटा ठूलो जाति खडा गर्नेछु र तँलाई आशिष दिनेछु । म तेरो नाउँ प्रसिद्ध गराउनेछु र तँ आशिषको मूल हुनेछस्" (उत्पत्ति १२ : १, २)

**गुणहरु**

**विश्वास र आज्ञाकारिता**
**छलफल प्रश्न**

के तपाई अर्को शहरमा जानु भएको छ ? जाँदै गर्दा तपाईलाई कस्तो महसुस भयो ?

**परिचय**

ईश्वी सन् १९४४ को डिसिम्बर २८ तारिखको दिन जर्मनीको नाजी केन्द्रिकृत शिविरमा १० महिना सम्म रहेपछि कोरि टेन बम स्वतन्त्र भए । टेन बुम परिवार र सबै इशाईहरुले आफ्ना घरहरु ती यहुदीहरुका लागि लुक्ने ठाउँको निम्ति दिए जोहरु दोस्रो विश्वयुद्धको समयमा सताइएका दुरव्यवशार गरिएका थिए । तिनको परिवारलाई धोखावाजी गरिएको थियो तिनीहरु यहुदीहरुप्रति देखाएको दयाको साटो आफ्नो परिवारसँग ५९ वर्षको उमेरमा कोरि चाँही हूल कैदखानामा राखिएकी थिइन् । तिनको बुबा र बहिनी चाँही यस्तै जेलहरुमा वितेका थिए । कोरीले परमेश्वरसँग एउटा प्रतिज्ञा गरिन् कि यदि तिनलाई बाँच्ने अनुमति दिइयो भने तिनले धेरै मानिसहरुलाई वा जति सक्दो धेरैलाई येशुको प्रेम र क्षमादानको बारेमा बताउनेछिन् । तव परमेश्वरले तिनको प्रतिज्ञालाई यसरी पुरा गराइदिनु भयो कि तिनले कल्पना गरेको भन्दा धेरै मानिसहरुकहाँ तिनी सु-सन्देशको साथ पुग्न सक्ने भइन् । तिनी मुक्त भएको तीस वर्ष भित्र तिनी साठी भन्दा ज्यादा देशहरुमा घुमिन् र येशुको प्रेम र विश्वासयोग्यता जुन तिनले कारागारको जीवनमा अनुभव गरिन् सो बताइन् । तिनले लेखेका नौं वटा पुस्तकहरु मध्येम "द हाइरिङ प्लेस" भन्ने सबैभन्दा लोकप्रिय छ यो चाँही कसरी उनी गिरफ्तारमा परिन् भन्ने समयका कुरा र जेलमा हुँदाका अनुभवका संगालो हुन् । कोरिले भनिन्, "हाम्रो जीवनको लागि परमेश्वरसँग समस्या होयन तर योजना छन्", हजारौं वर्ष पहिला आजको इकाक र इरान भन्ने देशमा परमेश्वर अब्राहम भन्ने नामको मानिसकहाँ देखा पर्नुभयो । अब्राहम नोआका तीन छोरामध्ये शेमको वंशका थिए । अब्राहमको साराइ नामको एक श्रीमती थिइन् र तिनीहरुसँग छोरा-छोरी थिइन् । त्यो दिन परमेश्वर अब्राहमकहाँ देखा पर्नुभयो र परमेश्वरले अब्राहमलाई तिनको जीवनको योजनाबारे कुरा गर्नुभयो ।

**अब्राहम (भाग-१)**

**(उत्पत्ति १२ : १ - ७)**

"१ परमप्रभुले अब्राहमले भन्नुभयो, 'तेरो देश र तेरो कुटुम्ब तथा तेरा पिता घरबाट निस्केर जुन देश म तँलाई देखाउँछ त्यहाँ जा । २ "म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु र तँलाई आशिष दिनेछु । म तेरो नाउँ प्रसिद्ध गराउनेछु र तँ आशिषको मूल हुनेछस् । ३ तँलाई आशिष दिनेहरुलाई म आशिष दिनेछु र तँलाई सराप दिनेहरुलाई सराप दिनेछु । तँ द्धारा नै पृथ्वीका सबै कुलले आशिष पाउनेछन् ।" ४ यसैकारण परमप्रभुले भन्नु भए बमोजिम अब्राम गइहाले र लोत पनि तिनीसँग गए । हारानबाट निस्केर जाँदा अब्राम पचहत्तर वर्षका थिए । ५ अब्राम तिनकी स्वास्नी सराई र तिनका भतिजा लोत र तिनीहरुले जम्मा गरेका सबै धन सम्पत्ति र हरानबाट प्राप्त गरेका मानिसहरुलाई लिएर कमान देशमा जानलाई निस्के, अनि त्यहाँ पुगे । ६ अब्राम त्यस देशबाट भएर शकेममा भएको मोरेका फलाँटको रुख भएको ठाउँसम्म पुगे । त्यस बेला त्यस ठाउमा करनीहरु बस्थे । ७ परमप्रभु अब्राम कहाँ देखा पर्नुभयो र तिनलाई भन्नुभयो, "म तेरा सन्तानलाई यो देश दिनेछु ।" यसैले तिनीहरु कहाँ देखा पर्नु भएको परमप्रभुको तिनले त्यहाँ एउटा बेदी बनाए ।"

**प्रश्नः** जव परमप्रभु अब्राम कहाँ देखा पर्नुभयो, कुन दुई कुरा उहाँले तिनलाई प्रतिज्ञा गर्नु भयो ?
(**उत्तर** : १ धेरै सन्तानहरुको प्रतिज्ञा र २ जमीनको प्रतिज्ञा, "प्रतिज्ञा गरिएको जमीन" उनका सन्तानहरु त्यसमा बास गर्नको निम्ति) ।

**प्रश्नः** अब्राहामलाई गरिएको धेरै सन्तानहरु सम्बन्धि परमेश्वरको अनौठो प्रतिज्ञा के थियो ?
(**उत्तरः** परमेश्वर अब्रँहामकहाँ देखा पर्नु भएको समयमा, अब्राम र तिनकी श्रीमति धेरै बृद्ध भैसकेका थिए-सायद ती दुई तपाईको हजुर बुबा र हजुर आमा भन्दा वृद्ध थिए होलान् र तिनीहरुसँग सन्तान थिएन) ।

**प्रश्नः** तिनलाई परमेश्वरले दिनुभएको प्रतिज्ञाको लागि के अब्रामले परमेश्वरसँग मागे होलान् त ?
(**उत्तरः** होइन परमेश्वरले यो तिनलाई एक उपहारको रुपमा दिनुभयो) । केही क्षणमै परमेश्वरले अब्रामसँग किन प्रतिज्ञा गर्नु भयो भन्ने बारेमा हामीले केही कारणहरु बारे कुरा गर्नेछौं । तर अब्रामको बारेका कुरा-कहानी जारी गर्न भन्दा पहिला अर्को प्रतिज्ञा बारेमा कुरा गरौं जुन परमेश्वरले अब्रामलाई गर्नुभयो ।

**प्रश्नः** परमेश्वरले आज तपाई र मसँग कस्तो अचम्मको प्रतिज्ञा गर्नुहुन्छ ?
(**उत्तरः** उहाँको पुत्र येशु ख्रिष्ट माथिको विश्वास र भरोसाद्धारा मिल्ने अनन्त जीवनको प्रतिज्ञा दिनुहुन्छ) ।
**प्रश्नः** येशु ख्रिष्टद्धारा ख्रिष्टद्धारा अनन्त जीवन पाउनुमा के अचम्मको प्रतिज्ञा छ त ?
(**उत्तरः** परमेश्वरले यो जीवन हामीलाई दिनुहुन्छ एक उपहारको रुपमा यदी हामीले उहाँसँग सामान्य तरहले माग्यौं र स्वीकार गर्‍यौं भने) ।

**प्रश्नः** के हामी परमेश्वरबाट यो उपहार पाउन लायक छौं ?
(**उत्तरः** अ हँ छैनौं । हामी कमाउनको लागि आफ्नो तर्फबाट यसको निम्ति केही पनि गर्न सक्दैनौं । परमेश्वरले आफ्नो तर्फबाट हाम्रो निम्ति यस उपहार हामीसँग यो होस् भनेर दिनुहुन्छ) ।
आउनुस् अब हामी अब्राम सम्बन्धि हाम्रो कुरा-कहानी सुरु गरौं ।
**प्रश्नः** अब्रामसँग कुन तीन वटा गुणहरु थियो जसले हामीलाई परमेश्वरले अब्रामलाई किन यस अचम्मको प्रतिज्ञा दिनुभयो भन्ने संकेत मिल्दछ ? (**उत्तरः** अब्रामको विश्वास, आज्ञाकारिता र धार्मिकताका गुणहरु) ।

## विश्वास र आज्ञाकारिता

**प्रश्न:** विश्वास के हो ?
(**उत्तर:** बाइबल भन्दछ, "अब विश्वासर्ा चाँही आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ भरोसा हो") (हिब्रु ११ : १) ।
**प्रश्न:** विश्वासको असल उदाहरण के हो ?
(**उत्तर:** विश्वासको एक असल उदाहरण चाँही, तपाई भएकै ठाउामा तपाई कुर्चीमा बसिरहनु भएको छ भने, के तपाईले पहिला बस्नु अगाडी कुर्चीले मलाई धान्छ कि नाई भनेर जाँच गर्नु हुन्छ वा झट्टै बस्नुहुन्छ ? तपाईलाई विश्वास छ कि कुर्चीले तपाईलाई थाम्छ/धान्छ तपाईसँग त्यसमा आशा भन्दा अझै विश्वास पनि छ र तपाई त्यसमा निश्चित हुनुहुन्छ त्यो विश्वास हो) ।

अब्रामको विश्वास सम्बन्धि पहिलो संकेत यो हो, "यसैकारण परमप्रभुले भन्नुभए बमोजिम अब्राम गइहाले .............. (उत्पत्ति १२ : ४) । एकछिनको लागि आफैलाई अब्रामको ठाउँमा राख्नुस् र कल्पना गर्नुहोस् कि परमेश्वर तपाई कहाँ देखा पर्नुभयो र तपाईलाई र तपाईको परिवारलाई आफ्नो सबै सामान पोको पारेर तपाई कहिल्यै नगएको नयाँ ठाउँमा जान भन्नुहुन्छ । वास्तवमा तपाईको कहाँ गएर आफ्नो लक्ष्य पुरा हुन्छ यो पनि थाहा छैन ।
**प्रश्न:** तपाई कहाँ जाँदैहुनुहुन्छ सो कुरा निश्चित नहुँदैमा वा नभएकै अवस्थामा के तपाई आफ्नो परिवार, नाता, छिमेक छोड्ने विश्वास तपाईमा हुन्थ्यो होला ?
**प्रश्न:** अब्रामले आफ्नो परिवार, साथीहरु र आफ्नो देश छाड्ने विश्वास हुनुको कारण के होला तपाईलाई के लाग्छ?
**उत्तर:** धर्मशास्त्रले अब्रामको बारेमा के भन्छ सो सुन्नुहोस्: (उनको नाम पछि गएर बदलियो र अब्राम भयो), "विश्वासद्धारा अब्रामले आज्ञापालन गरेर जाउ भनेको ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रुपमा थिएन" (हिब्रु ११ : ८) । यद्यपि अब्रामले आफ्नो जीवनको लागि कस्तो योजना बनाउनु भएको थियो सो जान्दैनथे तथापि परमेश्वरले उनी र उनको परिवारको खाँचोका कुरा जुटाउनुहुन्छ र त्यसको लायिग उनले र उनको परिवारले परमेश्वरले गर्न चाहेका कुरा गर्नुपर्छ भन्नेमा निश्चित थिए । अब्रामले आफ्नो जीवनमाथि परमेश्वरको अधिकारलाई जाने र आदर गरे अनि यसलाई आफ्नो जीवनमा स्वीकार गरे । अब्रामले आफ्नो जीवनमा परमेश्वरको अधिकारलाई आदर गरकोले उनले परमेश्वरले चाहनु भएको पुरा गर्न सके । अब्राहमको विश्वासले उनलाई परमेश्वरको आज्ञाकारी बनायो ।

**प्रश्न:** परमेश्वरले तपाईलाई के (कुराको निम्ति उहाँमा विश्वास/भरोसा गरेको चाहनुहुन्छ ?
**उत्तर:** पारिवारिक खाँचोहरुको लागि, असल निर्णयहरु गर्नलाई मद्दतको लागि) ।

**प्रश्न:** परमेश्वरले कुन क्षेत्रमा तपाईको आज्ञाकारीता चाहनुहुन्छ ?
(**उत्तर:** उहाँको बचन अनसार जिएर, आफ्नो अभिभावकको आज्ञा मानेर) । यदि तपाईले गत पाठको कुराबाट सम्झनुहुन्छ भने (नोआ पाठ - २) आज्ञाकारिता भनेको अह्राएको काम गर्नु भन्दा बढी हो यो चाँही येशु जस्तै हुंदै जाने प्रक्रिया हो भनी जान्नु र येशु जस्तै हुँदै जाने प्रक्रिया हो भनी जान्नु र येशु जस्तै हुनु हो ।

## धार्मिकता

**प्रश्न:** के तपाईलाई याद छ कि धार्मिकताको अर्थ के हो ?
(**उत्तर:** धार्मिकताको अर्थ परमेश्वरको आँखामा ठिक काम गर्नु हो) ।

बाइबलले भन्दछ कि, "किनभने त्यसले आफ्ना छोराछोरीहरु र धरानालाई धर्म र न्याय गरेर परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दिनोस् भनेर मैले त्यसलाई छानेको छु । यसैले नै परमप्रभुले अब्राहमसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिनुहुनेछ" (उत्पत्ति १८ : १९) ।

एउटा नयाँ वा जातिको राष्ट्रको सुरुवात हुन लागेको थियो । परमेश्वरलाई यस्तो एउटा मानिसको जरुरी थियो जसले जे ठिक सो गरोस् र आफ्नो परिवारलाई सोही कुरा सिकाओस् । अब्राहमको परमेश्वर माथिको विश्वास र काम गर्ने गुणले नै उनलाई परमेश्वरको नजरमा जे ठिक छ सो गर्न अगुवाई गऱ्यो । यही कारणले, परमेश्वरले अब्राहमलाई इस्राएल राष्ट्र (जातिको) पिता हुनको निम्ति छान्नु भयो ।

**प्रश्नः** के परमेश्वरले तपाईलाई आज एउटा जातिकै पिताको रुपमा छान्न सक्नुहुन्छ ?

**प्रश्नः** कसरी तपाईले परमेश्वरको नजरमा जे ठिक छ सो गर्न आज सिक्न सक्नुहुन्छ ?
(**उत्तरः** परमेश्वरको बचन अनुसार जीउन सिक्नु र अभ्यास गर्नु, अनि परमेश्वरसँग जे ठिक र स्वच्छ छ सो सोध्नु, अविभावकबाट सिक्नु, पाष्टरहरु, शिक्षकहरुबाट सिक्नु जसले बचनको शिक्षा दिन्छन्) ।

**पाठ - ४ अब्राहम (भाग - २)**
**दोहोऱ्याउनु**
**गतहप्ताको कण्ठस्थ पद र पश्नहरु**

**आजको पाठ्य पद**

"परमेश्वरको प्रतिज्ञाबारे कुनै शंकाले उनलाई डगमगाउन सकेन, तर आफ्नो विश्वासमा दह्रिलो भएर उनले परमेश्वरलाई महिमा दिए । प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ अब्राहमलाई पुरा निश्चय थियो" (रोमी ४ : २०, २१) ।

**गुणहरु**
**साहस**

**छलफल प्रश्न**

यदी तपाईको घर आगो लागि भएको र तपाईका सबै परिवार र घरका पाल्तु पशुहरुको स-कुशल उद्धार भएन, केवल तपाईलाई एउटा मात्र सम्पत्ति निकाल्ने मौका भएको भए, त्यो सम्पत्ति के हुने थियो ?

**दोहोऱ्याउनु**

के तपाईलाई याद छ कि हाम्रो वीरताको परिभाषा के हो ? वीर त्यस्तो व्यक्ति हो जसले आफ्नो उपलब्धिहरु र साहसको निम्ति प्रशंसा पाएको हुन्छ) ।

गत हप्ताको अब्राहम भाग - १ पाठमा, हामीले अब्राहमको विश्वास र आज्ञाकारिताको गुण बारे कुरा गऱ्यौं जुले उनलाई परमेश्वरको नजरमा ठिक काम गर्ने र आफ्नो परिवारलाई पनि सोही कुरा गर्न सिकाउनेछन् भनेर । यसैले परमेश्वरले अब्राहमलाई इस्राएल राष्ट्रकै पिता हुनलाई चुन्नु भयो ।

**परिचय:**

नासाका अन्तरिक्ष कमीरुरु आफ्ना मनमोहक र महत्वपूर्ण मिशन यात्रा, जहाँ अन्तरिक्ष सम्बन्धि वैज्ञानिक प्रयोगशालामा अन्तरिक्षका ग्रह नक्षत्रबारे स्पष्ट ज्ञान दिने हब्बल स्पेस दूरवीन र अन्य वैज्ञानिक प्रतिरक्षात्मक सामाग्रीहरु समावेश छन् जसले वैज्ञानिकहरुलाई उपग्रहहरुमा सुरक्षित रुपमा मञ्चन गर्न मद्दत पुऱ्याउछन् - मा अभ्यस्त थिए । तर उपग्रहको कक्षमा घुम्न १७,५०० माइल प्ति घण्टा वा (५ माइल प्रति सेकेन्ड) र १५५ देखी ६०० माइल पृथ्वीको उचाइमा यसको लागि खतरा छ । नभन्दै, उक्त स्पेस शतल च्यालेन्जर नामक यान ई.सं. अ१९८६ को जनवरी २८ औं को दिनमा विस्फोट भयो उडेको केही समयमै अनि सबै जहाजका सम्पूर्ण ७ जना यात्रीहरु पनि नष्ट भए । श्रीमान् रिक जो त्यस स्पेस शतल कोलम्बिया नामक यानको कमाण्डर थिए, ले यस खतरालाई जान्दथे जसै यीनले ७ जना मध्य एक यात्रीको रुपमा सही गरे, र २००३ का फेब्रुअरी १ तारिखको दिन उनी ती ७ अन्तरिक्ष यात्री मध्येको एक थिए र मारिए जव उक्त यान दक्षिणी तेसाज माथि (आकाशमा) उडेको १६ मिनेटमै पड्केर टुक्रा टुक्रा भएको थियो ।

उनको काम जति खतरनाक थियो, रिकले दिन दिनै केही साहसीक काम गर्दै गए । उनले छोडी गएको धनको रुपमा दिइएका स्मर उक्तिहरु सुन्नुहोस्, "यदि मैले मेरो जीवनलाई एक अन्तरिक्ष यात्रीको रुपमा अन्त्याउँ भने, तर यदि मैले मेरो जीवन र परिवारलाई परमेश्वरलाई

महिमा दिने गरी जीएन भने, तव मैले मेरो जीवनलाई एक ठूलो पश्चातापी नजरले हेर्ने थिएँ, .......... मेरो भनाइको तात्पर्य यही हो कि मेरो निम्ति सबै भन्दा अर्थराख्ने कुरा चाँही परमेश्वरले चाहनु भएको तरिकाले जीउनु र एभलेनको निम्ति असल श्रीमान् र मेरो छोरा-छोरीको निम्ति असल पिता हुन कोसिस् गर्नु ।" रिकसँग एक ईश्वरीय श्रीमान् र एक ईश्वरीय बुबा हुने शाहस थियो । उनले पिताहरुको निम्ति भन्ने साप्ताहिक प्रार्थना समूह लाई अगुवाई गरेर जसलाई "( ड्याड्स इन द ग्याम) अर्थात् खालि समयमा पिताहरु" भनिन्थ्यो । उनीसँग येशु ख्रिष्टसँग प्राथमिकता नम्बर एकको सम्बन्ध गाँस्ने साहस थियो जीवनमा । आज हामीले हेर्ने छौं कि कसरी अब्राहमसँग परमेश्वरलाई आदर गर्ने साहस थियो जसको फल स्वरुप उनले हाम्रो लागि एक अपत्यारिलो धन छोडेर गए ।

**<u>अब्राहम भाग - २</u>**

**<u>बचन खण्ड (उत्पत्ति २१ : १ - ५, २२ : १ - १८)</u>**
**<u>(उत २१ : १ - ५)</u>**

"आफूले भन्नुभए अनुसार सारालाई परमप्रभुले कृपा देखाउनुभयो, र आफ्नो प्रतिज्ञा बमोजिम गर्नुभयो । सारा गर्भवती भइन् र अब्राहमको वृद्धावस्थामा परमेश्वरले अब्राहमलाई भन्नु भएको समयमा तिनले एउटा छोरा जन्माइन् । साराले तिनीबाट जन्माएको आफ्नो छोराको नाऊँ अब्राहमले इसाहाक राखे । अब्राहमको आफ्नै छोरा इसाहाक आठ दिनको हुँदा तिनले परमेश्वरको आज्ञा अनुसार त्यसको खतना राखे । तिनको छोरा इसाहाक जन्मदा अब्राहम एक सय वर्ष पुगेका थिए ।" (उत: २२ : १ - १८) १ केही समयपछि परमेश्वरले अब्राहमको ठूलो जाँच गर्नुभयो र तिनलाई भन्नुभयो, "हे अब्राहम ।" तिनले भने "म यही छु ।" २ उहाँले तिनलाई भन्नुभयो, "तेरो छोरो अर्थात् तैँले माया गरेको तेरो एउटै छोरो इसाहकलाई लिएर मोरीयाहाको देशमा गई तँलाई देखाएको डाँडामा त्यसलाई होम बलि गर् । ३ अब्राहम बिहानै उठेर गधामा काठी कसे र आफ्ना कमाराहरु मध्येका दुई जना र छोरो इसाहकलाई साथमा लिए र हाम बलिको निम्ति दाउरा चिरेर परमेश्वरले तिनलाई भन्नुभएको त्यस ठाउँमा हिँडे । ४ तेस्रो दिन अब्राहमाले हेर्दा टाढामा त्यो ठाउँ देखे । ५ तब अब्राहमले कमाराहरुलाई भने, "तिमीहरुले यहीँ गधासँग बस । म र यो केटो ऊ परसम्म गएर पूजा गरी तिमीहरुकहाँ फर्केर आउनेछौं ।" ६ अब्राहमले होमबलिको दाउरा उठाएर आफ्नो छोरो इसाहकलाई बोकाए र आगो र छुरी आफ्नो हातमा लिए । यसरी दुवै जना सँगसँगै गए । ७ इसाहकले आफ्ना पिता अब्राहमलाई भने, "बुबा ।" तिनले भने, "के हो छोरा ?" त्यसले भन्यो, "यी आगो र दाउरा त छन्, तर होमबलिको थुमाचाँही खोइ ?" ८ अब्राहमले भने, "छोरा परमेश्वरले नै होमबलिको निम्ति थुमा जुटाईदिनुहुनेछ ।" अनि ती दुवै सँगसँगै गए । ९ परमेश्वरले तिनलाई भन्नुभएको ठाउँमा पुगेपछि अब्राहमले त्यहाँ एउटा वेदी बनाएर दाउरा तह लगाएर राखे । त्यसपछि तिनले आफ्नो छोरो इसाहकलाई बाँधेर वेदीमा दाउरामाथि राखे । १० तव अब्राहमले आफ्नो छोरालाई बलि गर्न छुरी उठाए । ११ तर परमेश्वरका एउटा दुतले स्वर्गबाट तिनलाई हपारेर भने, "ए अब्राहम, अब्राहम !" तिनले भने, "म यही छु ।" १२ उनले भने, "तेरो हात त्यस केटामाथि नउठा, र त्यसलाई केही नगर । अब मैले थाहा पाएँ तँ परमेश्वरसँग डराउँदो रहेछस्, किनकी तेरो छोरो एकमात्र छोरालाई पनि मबाट तैले रोकेर राखिनस् । १३ अब्राहमले माथितिर हेरे र एउटा भेडा झडीमा सिङ अल्झेर फसेर देखे । अब्राहमले गएर त्यस भेडालाई ल्याए र तिनका छोराको सट्टामा त्यसैलाई होमबलि गरे । यसकारणले अब्राहमले त्यस डाडाँको नाऊँ "परमप्रभुले जुटाउनुहुन्छ" भनि आज पर्यन्त भनिन्छ । १५ परमप्रभुका दुतले दोश्रो पल्ट स्वर्गबाट अब्राहमलाई फकाएर भने, १६

परमप्रभु भन्नुहुन्छ, “मैले आफ्नै नाउँमा शपथ खाएको छु, कि तैंले यो काम गरेकोले र तेरो छोरो अर्थात् तेरो एउटै छोरालाई पनि मबाट नरोकेकोले म निश्चय नै तँलाई आशिष दिनेछु । १७ तेरा सन्तानको वृद्धी गरेर आकाशका तारा र समुद्र किनारका बालुवा सरह म तुल्याउनेछु । तेरा सन्तानले आफ्ना शत्रुहरुका शहरहरु कब्जा गर्नेछन् । १८ तेरै सन्तानद्धारा पृथ्वीका सबै जातिहरु आर्शिवादी हुनेछन्, किनकी तैलै मेरो बचन पालन गरिस् ।”

## (Original text मा १२ पद सुरु हुनुभन्दा अगाडी १२ पद पछिको पश्न र उत्तर:) :-

**प्रश्न:** स्वर्गदूतको भनाईको अर्थ के हो जव उनले भन्छन्, “अब मैले थाहा पाएँ तँ परमेश्वरसँग डराउँदो रहेछस् ?” (**उत्तर:** परमेश्वरको डर मान्नुको अर्थ चाँहीं परमेश्वरको गहिरो आदर गर्नु हो । यो यस्तो प्रकारको आदर हो, जसले तपाईलाई परमेश्वरले ने भन्नुहुन्छ सो ठिक छ र त्यो तपाईको निम्ति सर्वोत्तम छ भनी भरोसा गर्न लगाउँछ । उहाँमाथि कति भरोसा गर्नुपर्छ भन्ने कुरा बुझाउनको निम्ति परमेश्वरलाई अब्राहमको जरुरत पर्‍यो) ।

**Tipes for editing:**

Then aften this extract follows up to the uses 18 in the original text. Then follows the due questions & answers.

**प्रश्न:** के परमेश्वरले साँच्चै नै अब्राहमले इसाहकलाई बलि चढाएको चाहनुभएको हो त ?
(**उत्तर:** होइन) ।
**प्रश्न:** परमेश्वरले अब्राहमबाट के चाहनु भयो ?
(**उत्तर:** परमेश्वरले अब्राहमबाट आज्ञाकारिता चाहनु भयो) ।
**प्रश्न:** उहाँले तपाईबाट के चाहनुहुन्छ ?
(**उत्तर:** परमेश्वरले तपाईको आज्ञाकारिता चाहनुहुन्छ) । परमेश्वरले तपाईलाई यसो भनेको चाहनुहुन्छ, “म यही छु प्रभु ।” तपाई मैले के गरेको चाहनुहुन्छ ?
**प्रश्न:** यस बाइबल कथामा अब्राहमले कस्तो साहस गरेको उदाहरण पाउँछौं ?
(**उत्तर:** उनले व्यक्तिगत इच्छाको हिसाबले नचाहेको बेलामा पनि परमेश्वरको आज्ञा पालना गर्नु, परमेश्वरको योजना के थियो भन्ने कुरा थाहा नभईकनै परमेश्वरमा भरोसा गर्नु) । परमेश्वरले तपाईलाई गर्न अह्राउनुभएका कुरा गर्नको निम्ति साहशको जरुरत पर्छ । यसको अर्थ यो पनि हुन सक्छ कि परमेश्वरको निम्ति एक्लै खडा रहनु, जव त्यो गर्न कोही पनि इच्छुक छैन । तपाईले परमेश्वरलाई उहाँको आज्ञा पालना गरेर अनि जे ठिक छ सो गरेर उहाँलाई आदर गर्न सक्नुहुन्छ ।

**प्रश्न:** परमेश्वरलाई महिमा दिनुको अर्थ के हो ?
(**उत्तर:** यदी तपाईले परमेश्वरलाई महिमा दिनुहुन्छ भने, यसको अर्थ यही हो कि तपाईले मानिसहरुलाई परमेश्वर तर्फ निर्देशन गर्दै हुनुहुन्छ) । अब्राहमले जे ठिक छ सो गरेर परमेश्वरलाई महिमि पारे ।

**प्रश्न:** तपाई कसरी उत्साहित भएर आज परमेश्वरलाई महिमा दिन सक्नुहुन्छ ?
(**उत्तर:** इसाई ती सर्त पहिरेर, दिवा खाजाको टेवलमा प्रार्थना गरेर, अरुले यो त्यति प्रचलित फुश होइन भनेता पनि परमेश्वरको आज्ञाकारी हुने निर्णय गरेर, साथीलाई चर्चमा जाने निम्तो दिएर) ।

**प्रश्नः** किनभने, अब्राहमको परमेश्वरको प्रतिज्ञामाथि विश्वास गर्ने साहश थियो, पस पृथ्वीका सम्पूर्ण जातिहरु र देशहरु नै आशिषित भए । के तपाई र म अब्राहमको शाहसद्धारा आशिषित भएका छौं ?
(**उत्तरः** तपाई देख्नुहुन्छ कि अब्राहम इसहाकका पिता थिए, इसहाक याकुवका पिता थिए, जसको नाम पछिबाट इस्राएलमा बद्ली भयो, याकुवका १२ छोरा मध्येको एउटा चाँही यहुँदा थिए र यहुदाको वंशबाट राजा दाउद आए, दाउद राजाको वंशबाट योसेफ आए, जो मरियमका पति थिए जसको छोराको नाम येशु भनि नामाकरण गरियो) ।

**प्रश्नः** हामी प्राप्य गरेको आशिष के हो ?
(**उत्तरः** परमेश्वरको एक्लो पुत्र प्रभु येशु ख्रिष्ट माथिको विश्वास र भरोसाद्धारा पाइने अनन्त जीवनको इनाम) ।

## पाठ - ५ : योसेफ

### दोहोऱ्याउनु

### गत हप्ताको प्रश्नहरु र कण्ठस्थ पद

### आजको पाठ्य पद

“तिमीहरुले मेरो विरुद्धमा हानी गर्ने विचार गरेका थियौं तर परमेश्वरले त्यही कामद्धारा भलाई गर्ने विचार गर्नुभयो, ताकि जसरी, आज भइरहेको छ त्यसरी नै धेरै मानिसहरु बाँचिरहुन् ( उत्पत्ति ५० : २०) ।

### गुण

### सेवक हुनु

### छलफल प्रश्न

तपाई के ठान्नुहुन्छ जब तपाईको जीवनमा यस्तो घट्ना घट्यो जो तपाईलाई त्यो समयमा खराब थियो भन्ने पक्का थाहा थियो तर पछिबाट त्यो भलाईमा परिणत् भयो ?

### परिचय

विलियम बूथ एक मेथोडिष्ट सेवक (प्रचारक) थिए जसले “मेरा पाठाहरुलाई खुवाउ” भन्ने शब्दलाई शाब्दिक रुपले लिए उनको दर्शन राष्ट्रिय सिद्धान्त थियो कि इशाई प्रवचनमा भोकाएकाहरुलाई मुक्ति बारेमा अति न्यूनतम जोड दिइन्छ, त्यसैले मुक्तिको रस सम्बन्धि अवधारणा खड्किएको छ । इस्वी सन् १८६५ को जुलाई महिनामा बूथले लण्डनका गल्लीहरु हुँदो प्रचार गर्न थाले । चोरहरु, बेश्याहरु, जुवाडेहरु, जँड्याहाहरु इशाई भए । उनको लक्ष्य चाँही तिनीहरुलाई आत्मिक निर्देशनद्धारा खिष्ट र मण्डली तर्फ निरन्तर अगुवाई गर्नु रहेको थियो । सन् १८६७ मा बूथका “इशाई प्रचार” नामक संस्था अन्तर्गत रहेर काम गर्ने कामदारहरु जम्मा १० मात्र थिए । त्यस्तै गरी सन् १८७४ सम्ममा उनका संस्थाका ४२ प्रचारकहरु र एक हजार स्वयं सेवकहरु सहित सस्थाको नाउँ नै नयाँ भयो त्यो नाउँ चाँही “द स्याल्वेसन आर्मी” अर्थात् मुक्तिका सेना थियो । उक्त चर्च पूर्वी बेलायत देखी वरपरका छिमेक र अरु शहरहरु हादो फैलिदै गयो । बूथले नै त्यो संस्थाको दह्रिलो जग बसाले । आज, स्याल्वेसन आर्मीले १०३ विभिन्न देशहरुमा मानिसहरुको सेवा गरे ।

उनी अवकास हुन पहिला स्याल्वेसन आर्मीका सदस्यहरुलाई अन्तिम पटक सम्बोधन गरे । उनको सम्बोधनको एउटा शब्द हो : अरुहरु । आजको पाठ चाँही अर्को एउटा मानिसको बारेमा हो जसको सम्झना तिनको सेवकपनको निम्ति गरिन्छ ।

**पृष्ठभूमि**

योसेफ याकुवका छोरा थिए जो आफ्ना ११ जना दाजु भाइहरु र एक बहिनी दिनासँग आफ्नो परिवारमा हुर्के । योसेफका हजुरबा इसहाक र जिजू हजुरबा चाँही अब्राहम थिए । याकुबले योसेफलाई आफ्ना अन्य कुनै छोराहरु भन्दा ज्यादै मायाँ गरे र यसैले योसेफका दाजु - भाईहरु उनीसँग डाहा गर्थे । वास्तवमा तिनीहरुले तिनलाई घृणाको दृष्टिले हेर्थे र एउटा दयाको शब्द समेत बोल्दैनथे । योसेफले आफ्ना सपना आफ्ना दाजु-भाइहरु र बुबाआमाहरुलाई भनेर केही फाइदा भएन जुन सपनामा उनीहरु सबैले तिनलाई भूँइ सम्म निहुरेर दण्डवत् गरेथे बरु त्यस कारणले उनीहरुले तिनलाई झन बढी घृणा गरे । एक दिन योसेफका दाइ-भाइहरुले तिनलाई मार्ने योजना गरे, तर त्यसको सट्टा तिनीहरुले तिनलाई उनको सुन्दर लुगा खोसेर उनलाई इस्माएलीहरुका हातमा बेचिदिए जोहरु आफ्ना व्यापारका माल लिएर मिश्रको यात्रामा थिए । यसरी योसेफ एक कमाराको रुपमा मिश्रदेशमा बेचिए पोतिफर नामको एक पुलिस अफिसरले तिनलाई इश्माउलीहरुका हातबाट किनेर आफ्नो घरमा लगे । योसेफले एउटा कुरा के महसुस गरेनन् त्यो समयमा भने, तिनी मिश्रदेशमा हुनु परमेश्वरको ठूलो योजना छ र परमेश्वरले तिनलाई त्यहाँ ठिक काम गर्न लाउनुहुन्छ ।

**योसेफ**

**खण्ड : उत्पत्ति ३७ - ५० अध्याय**

"परमप्रभु योसेफको साथमा हुनुहुन्थ्यो, र त्यहाँ उनको उत्पत्ति भयो । तिनी आफ्ना मिश्री मालिकको घरमा बस्थे । तिनका मालिकले परमप्रभुले उन्नती गराउनु भएको देखे । यसैले उनको निगाहा योसेफमाथि रहयो । योसेफले उनको सेवा सुसार गर्थे । उनले तिनलाई आफ्नो घरको, मुख्य कारिन्दा तुल्याएर उनीसँग भएका सबै थोकको जिम्मा तिनले थिए (उत : ३९ : २ - ४) ।

**प्रश्नः** योसेफको पहिलो पद बढुवा के थियो ?
(**उत्तरः** उनी पोतीफरको घरको शिर बनाइए ।

**प्रश्नः** योसेफको किन बढुवा (पदको) भयो ?
(**उत्तरः** योसेफ आफूलाई गर्न दिएको कामको सारा सम्पत्तिको निम्ति उनी माथि भरोसा गरे) । यसको धेरै समय नवित्दै पोतीफरकी श्रीमतीले योसेफ माथि आँखा लगाई आफूसँग अनुचित चरित्रमा फसाउने अनेकौं कोशिस गरिन् तर यानेसेफले हरेक पटक इन्कार गर्दै भने, "………. तब कसरी यस्तो घोर दुष्ट काम गरेर परमेश्वरको विरुद्धमा मैले पाप गर्नु ?" (उत्पत्ति ३९ : ९) । श्रीमती पोतीफर योसेफले आफ्नो प्रस्ताव इन्कार गरेकोले रिसाइन् र आफ्नो मालिक (श्रीमान्) पोतीफरलाई झुटो बोलेर यो कुरा भनिन् कि योसेफले आफूलाई हानी गर्न कोशिष गऱ्यो भनेर भनिन् । जब पोतीफरले आफ्नी पत्नीको कुरा सुनिन् तव उनले योसेफलाई झ्यालखानामा हालिदिए ।

**प्रश्नः** किन योसेफले श्रीमती पोतीफरको कुरा यनकार गरे, यद्यपी उनी जेल सजाए सम्मका कुरा भोगे ता पनि?

(**उत्तर:** योसेफलाई थाहा थियो कि श्रीमती पोतीफरकी पतनीसँग अनुचित व्यवहारमा फस्नुले परमेश्वरलाई वेखुसी तुल्याउने थियो र यो उहाँको विरुद्धमा पाप हो भनेर । आफू जेलमा परेता पनि सबै कुरा भन्दा माथि परमेश्वरको आज्ञा पालन गर्न चाहन्थे योसेफले) ।

"२१ तर परमप्रभु योसेफको साथमा हुनुहुन्थ्यो र उहाँले तिनीमाथि टिठ्याउनुभयो अनि तिनलाई भ्यालखानाका हाकिमले त्यस भ्यालखानामा भएका सबै कैदीहरु योसेफको जिम्मामा राखिदिए । त्यहाँ जे - जे काम हुन्थ्यो ती सबै योसेफकै खटनमा हुन्थ्यो" (उत्पत्ति ३९ : २१ - २२) ।

**प्रश्न:** योसेफको दोस्रो पद - बढुवा के थियो ?

(**उत्तर:** उनी भ्यालखानाको कैदीहरुका जिम्मेवाल भए, सबै कुरा वा काम जे - जे त्यहाँ हुन्थ्यो सबै उनको जिम्मामा हुन्थ्यो) ।

**प्रश्न:** कसरी योसेफको खरावलाई भलाइमा परिवर्तन गरे ?
(**उत्तर:** फेरी त्यो परिस्थितिको बाबजुद पनि योसेफले आफ्नो खटनमा दिइएको काम उनले राम्ररी गरे) ।

योसेफको लागि अर्को काम अलि ठूलो थियो । फारो मिश्रका शासकले योसेफलाई भने, "३९ .... परमेश्वरले तिमीलाई सबै कुरा देखाइदिनुभएको छ, र तिमी जस्तो जतुर बुद्धिमान् मानिस हरु छैन । ४० यसकारण मेरो महलको अख्तियार चलाउने तिमी नै भयौं र तिम्रै आज्ञा अनुसार मेरो समस्त प्रजा फारोले केवल सिहासनको सम्बन्धमा मात्र म तिमी भन्दा माथि हुनेछौं ।" ४१ अनि फारोले योसेफलाई भने, "हेर, मैले तिमीलाई सम्पूर्ण मिश्र देशमाथि अधिकार दिएको छु" (उत्पत्ति ४१ : ३९ - ४१) ।

**प्रश्न:** योसेफको तेश्रो पद बढवा के थियो ?
(**उत्तर:** उनी सारा मिश्र भरिकै दोश्रो सर्वोच्च शासक भए) ।

**प्रश्न:** किन योसेफ सारा मिश्र देशकै दोश्रो सर्वोच्च अधिकारीको पदमा बहाली गरिए ?
(**उत्तर:** उनको ज्ञान र बुद्धीको कारणले) ।

**प्रश्न:** एक पटकको कमारो योसेफले यसरी काम गर्दै गए कि उनी सारा मिश्र देश भरिकै दोश्रो सर्वोच्च शासक भए । उनले गर्ने काममा एक सफल व्यक्ति बनाउनलाई योसेफसँग चार वटा गुणहरु थिए । ती मध्ये हामीले कुन - कुन कुराको गुणबाट कुरा गर्यौं ती के हुन्, के तपाई भन्न/याद गर्न सक्नुहुन्छ ?
(**उत्तर:** विश्वस योग्यता, नम्रता, अशल भण्डार हुनु, बुद्धि आदी) ।

**विश्वासयोग्य**

योसेफ आफूले गर्ने र नगर्ने सबै कुरामा परमेश्वरलाई आदर गर्ने निर्णय गरे र दुष्टताको विरुद्धमा खडा भए ।
**प्रश्न:** तपाई कसरी परमेश्वरको निम्ति आफ्नो अडान लिन रोज्न सक्नुहुन्छ ?

(**उत्तर:** जे खराव छ त्यो इन्कार गरी जे असल छ सो गरेर) ।

**नम्रता**

“१५ फोरोले योसेफलाई भने, “मैले एउटा सपना देखे तर यहाँ कसैले त्इसको अर्थ बताउन सकेन । मैले तेरो विषयमा सुने कि सपना सुनेपछि तैले अर्थ खोलन सक्छस् रे ।” १६ योसेफले फारोलाई भने, “यस्तो ज्ञान त ममा छैन तर परमेश्वरले फारोलाई यथार्थ उत्तर दिनुहुन्छ ।” (उत्पत्ति ४१ : १५, १६) ।

योसेफलाई आफैलाई नम्र तुल्याए र सम्पूर्ण कुराको श्रेय परमेश्वरलाई दिए, किनभने, उनले जान्दैनथे कि उनलाई वास्तवमा ती ज्ञान र बुद्धि दिने परमेश्वर हुनुहुन्थ्यो ।

**प्रश्नः** तपाईले आफ्नो जीवनमा परमेश्वरलाई केको लागि श्रेय दिन सक्नुहुन्छ ?

(**उत्तरः** स्वास्थ्य, सोच्ने क्षमताको लागि, तपाईको खाँचोका कुरा जुटाउनु भएको लागि आदी) ।

**जिम्मेवारी**

“५ उनले तिनलाई आफ्नो घरको र आफूसँग भएका सबै कुराको मुख्य कारिन्दा तुल्याएको समयदेखी परमप्रभेले योसेफको खातिर त्यस मिश्रीको घरमा आशिष दिनुभयो । परमप्रभुको आशिष उनको घरबाट अन्न - खेत र सबै कुरामाथि थियो । ६ यसैले आफूसँग भएका सबै उनले योसेफको जिम्मामा छोडिदिए । आफूले खाने भोजन बाहेक आफूसँग भएको अरु कुनै कुराको अरु कुनै कुराको विषयमा उनी वास्ता राख्दैनथे” (उत्पत्ति ३९ : ५, ६) ।

योसेफ आफूलाई गर्न दिइएका सबै कुरामा जिम्मेबार थिए ।

**प्रश्नः** तपाई आज के कुरामा को प्रति जिम्मेवार हुनुहुन्छ ?

(**उत्तरः** दैनिक काम धन्द, गृहकार्य, समयमा तयार हुने कुरा) ।

**प्रश्नः** साधारण जिम्मेवारीका कुरामा पनि किन जिम्मेवार हुनु महत्वपूर्ण छ ?

(**उत्तरः** तपाईलाई अझै ठूला कामहरुका निम्ति तयार राख्न जसै तपाई तसि गर्न सक्षम बन्नुहुन्छ वा तपाईका अभिभावक, शिक्षक, साथीहरु वा खेलकुद कोचरको विश्वास पाउनको निम्ति जसले तपाईलाई कुनै जिम्मेवारी दिन्छन् वा सुम्पदछन्) ।

**बुद्धी**

“३३ यसकारण अब फारोले एउटा चतुर र बुद्धीमान् मानिस छानेर सारा मिश्रदेशमा अधिकार चलाउन नियुक्त गर्नुहोस् । ३४ फारोबाट सहकालका सात वर्षसम्म मिश्रदेशका उब्जनीका पाँचौं हिस्सा उठाउनलाई देशमा कामदारीहरु नियुक्त होउन् । ३५ तिनीहरुको आउने सहकालका वर्षहरुका सबै अनाजहरु जम्मा गरुन्, अनि शहर - शहरमा खानका निम्ति फारोको अख्तियारमा अनाजहरु थुपारुन् र ती सञ्चय गरुन् । ३६ अनिकालले देश विनाश हुन नपाओस् भनी मिश्रदेशमा परि आउने ती सात वर्षको अनिकालको निम्ति देशको लागि अनाजहरु सुरक्षित राखिउन् ।” ३७ यो सुझाव फारो र उनका सारा अधिकारीहरुलाई मन पऱ्यो । ३८ अनि फारोले उनीहरुलाई भने, चिनी जस्तो परमेश्वरका आत्मा भएको अन्य कुनै मानिस हामी पाउन सक्छौं ?” ३९ तव फारोले योसेफलाई भने, “परमेश्वरले तिमीलाई सबै कुरा देखाई दिनुभएको छ र तिमीजस्तो चतुर र

बुद्धीमान् मानिस अरु छैन । ४० यसकारण मेरो महलको अख्तियार चलाउने तिमी नै भयौ, र तिम्रै आज्ञा अनुसार मेरो समस्त प्रजा चल्नेछ । केवल सिहासनको सम्बन्धमा मात्र म तिमी भन्दा माथि हुनेछु । (उत्पत्ति ४१ : ३३ - ४०) ।

बुद्धीद्धारा योसेफले सिङ्गो देशलाई नै अघोर अनिकालबाट बचाउन र धेरै जीवनलाई बचाए ।

**प्रश्न:** बुद्धी के हो भन्ने के तपाईलाई याद छ ?

(**उत्तर:** परमेश्वरको अनुसार जे ठिक छ सो जान्नु र सो ज्ञानलाई ठिक प्रकारले चलाउनु नै बुद्धी हो) ।

**प्रश्न:** बुद्धी कहाँबाट आउँछ ? (**उत्तर:** बाइबल भन्दछ, "किनभने परमप्रभुले बुद्धी दिनुहुन्छ र उहाँको मुखबाट ज्ञान र समझशक्तिका कुराहरु निस्कन्छन्" (हितोपदेश २ : ६) ।

**प्रश्न:** परमेश्वरको सेवा गर्नेबारेमा योसेफले के सिके ?

(**उत्तर:** योसेफले यो कुरामा महसुस गरे कि, चाहे उनी खेती गर्दै घरमा रहुन् वा एक कमारोको रुपमा या सारा मिश्रकै दोश्रो अधिपति नै किन नहोउन् उनले जहाँ पनि परमेश्वरको सेवा गर्न सकिन्छ भन्ने कुरा सिके) ।

**प्रश्न:** योसेफ कसरी महान् भए ?

(**उत्तर:** योसेफ अरुले मेरो सेवा गरोस् भनेर पर्खि रहेर महान् भएका होलान् तर उनी एक सेवकको रुपमा रही परमेश्वरले जे गरेको चाहनुहुन्थ्यो त्यही नै उनी महान् भए) ।

येशुले यस्तो के भन्नु भयो सुन्नुहास्, "२६ तिमीहरुका बीचमा यस्तो हुनेछैन तर जो तिमीहरुमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरुको सेवक हुनुपर्छ । २७ जो तिमीहरुमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरुको समारो हुनुपर्छ । २८ जसरी मानिसको पुत्र पनि सेवा पाउन होइन तर सेवा गर्न र धेरैको छुटकारको मोल स्वरुप आफ्नो प्राण दिन आयो (मत्ती २० : २६ - २८) ।

**प्रश्न:** तपाई कसरी महान् व्यक्ति हुन सक्नुहुन्छ ?

(**उत्तर:** अरुको सेवा गरेर) ।

**प्रश्न:** तपाई कसरी सेवक बन्न सक्नुहुन्छ आज ?

(**उत्तर:** ........................................)
**विकल्पहरु:** घरमा, स्कूलमा, विभिन्न क्रियाकलापहरुमा र चर्चमा आदी ।

## पाठ - ६ मोशा र दश आज्ञाहरु

**दोहोऱ्याऔं**

**गत हप्ताको प्रश्न र कण्ठष्थ पद**

**आजको पाठको पद**

"हे इस्राएल सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ । तिमीहरुले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर । मैले आज तिमीहरुलाई सुनाएका आज्ञाहरु आफ्नो मनमा राख ।" (व्यवस्था ६ : ४ - ६) ।

**गुणहरु**
**बचन र काममा शक्तिशाली**

**छलफल प्रश्न**

यदी तपाईले मानिसले पालन गर्नुपर्ने एउटा नियम दिनु परेमा त्यो के हुन्थ्यो ?

**परिचय**

डवएत् मूडी इतिहासकै परमेश्वरको सब भन्दा प्रभावशाली सेवक थिए । उनले करिब दश लाख माइल यात्रा गर्दै दश करोड मानिसहरुसँग बोलेर दशलाखलाई प्रभु येशुसँगको व्यक्तिगत सम्बन्धमा डोऱ्याए । एक दिन सिकागोको उनको एउटा सभामा १ लाख ३० हजार मानिसहरु उपस्थित थिए । सायद सिकागोको बाइबलीय संस्था मध्ये मूडी बाइबल इन्सटिच्यूट नै सबै भन्दा प्रख्यात संस्था वा इन्सटिच्यूट हो ।

२३ वर्षको जवान उमेरमा मूडी सिकागोको गरीब आप्राबासी मित्री शहरहरुमा सेवाको निम्ति अगुवाई गरिए । उनी मानिसहरुसँग भाषण हल र रङ्गशालाहरुमा बोले । उनी त्यस्ता मानिसहरुलाई भेट्न सक्षम थिए जो कहिल्यै चर्च आउन सक्ने थिएनन् । उनी सफल र लोकप्रिय थिए । उनी किन सफल थिए भन्ने बारे अर्को कारण पनि छ । उनले परमेश्वरलाई निरन्तर उहाँको पवित्र आत्माले भर्नको निम्ति अनुरोध गरे । एक दिन परमेश्वरले आफैलाई यस्तो प्रकारले प्रकट गर्नुभयो कि, मूडीले परमेश्वरलाई उहाँकै हातमा रहनको निम्ति अनुरोध गर्नुपऱ्यो ।

त्यो अनुभव पछि मूडी भन्छन्, "म फेरी प्रचार गर्न" गएँ । बचन फरक थिएन, मैले कुनै नयाँ सत्यता प्रस्तुति गरिन्, तर पनि सयौं परिवर्तन भए । अब यदी तपाईले मलाई पुरै संसार दिनु भएतापनि म जहाँ पहिले थिएँ त्यहाँ म फेरी फर्कने थिएन ।"

जसै परमेश्वरले डवएट मूडीलाई एक शक्तिशाली प्रचारक बनाउनु भयो, त्यसैगरी उहाँले मोशालाई एक शक्तिशाली प्रचारक र अगुवा बनाउनुभयो ।

**पृष्ठभूमी**

मिश्र छोडेको तीन महिना पछि, इस्राएलीहरु मरुभूमी हुँदो आएर सीनै पर्वत नामको एउटा ठूलो पहाडनी र छाउनी लगाए । परमेश्वरले पहाडबाट मोशालाई बोलाउँदै भन्नुभयो, "म तँलाई केही निर्देशन/सल्लाहहरु दिन्छु जो तैंले मानिसहरुलाई भन्नुपर्छ", र परमेश्वरले मोशालाई दश आज्ञाहरु दिनुभयो ।

मोशा चाहिँ इस्राएलीहरुका मुक्ती - दाता हुन वा छुटकारा दिने परमेश्वर कोद्धारा पठाएका थिए, अनि मोशाले परमेश्वरको वा छुटकारा दिने शक्तीमा मिश्रबाट र लाल समुद्रमा अनेक प्रकारका आश्चार्यकर्महरु चिन्हहरु शक्तीमा मिश्रबाट र लाल समुन्द्रमा अनेक प्रकारका आश्चार्य कर्महरु र चिन्हहरु गर्दै इस्राएलीहरुलाई डोऱ्याए । करिब २० लाख मानिसहरु प्रस्थानमा (अर्थ बाहिर निस्कनु वा निर्गमन) मोशाले तिनीहरुलाई उजाड स्थान हुँदो यात्रामा डोऱ्याए । सीनै पर्वतमा छाली लगाएको तेश्रो दिनमा मोशाले सम्पूर्ण इस्राएली समुदायलाई परमेश्वरसँग मुखा-मुख भेट गर्नको लागि तयार गरे ।

**मोशा र दश आज्ञाहरु**

**(खण्ड : प्रस्थान १९ अध्ययनका केही अंशहरु र प्रस्थान २० : १ - १७)**

"९ परमप्रभुले मोशालाई भन्नुभयो, "हेर, म तँसित कुरा गर्दा मानिसहरुले सुनुन् र तँलाई पनि विश्वास गरुन् ......... "

१६ तेस्रो दिन जव विहान भयो तव पर्वतमा गड्याङगुडुङ भयो र बिजुली चम्क्यो र बाक्लो बादल पर्वतमा उठ्यो र तुरहीको अति चर्को आवाज सुनियो । छाउनीमा भएका सबै जनहरु थरथर कामे । १७ तव मोशाले मानिसहरुलाई छाउनीबाट परमेश्वरसँग भेट गर्न ल्याए । तिनीहरु चाँही पर्वतको फेदीमा खडा भए । १८ परमप्रभु आगोमा ओर्लेर र त्यहाँ अआउनु भएको कारणले् सीनै पर्वत विलकुलै धुवैधुँवाले भरियो । पर्वतबाट धुँवा भट्टीबाट झैं निस्क्यो र सारा पर्वत जोरसँग काँप्न लाग्यो, १९ र तुरहीको आवाज अझ चर्को गरी बज्न लाग्यो । तव मोशा बोल्न लागे, र परमेश्वरले मेघ गर्जनमा तिनलाई जवाफ दिनुभयो ......." (प्रस्थान १९ : ९, १६ - १९)

"तेश्रो दिनको बिहान त्यहा गड्याङगुडुङ र विजुली चम्क्यो, बाक्लो बादल पर्वत माथि थियो र त्यहाँ तुरहीको चर्को आवाज सुनियो । सबै जना पर्वतमा काँप्न लागे । तव मोशाले मानिसहरुलाई छाउनीदेखी पर्वततर्फ परमप्रभुसँग भेट गर्न डोऱ्याए र तिनीहरु र्पवतको फेदीमा खडा भए । परमप्रभु आगोसँग पर्वतमा ओर्लनु भएकोले पर्वत विलकुलै धुवैधुवाले भरियो । पर्वतबाट धुँवा भट्टीबाट झैं निस्क्यो र सारा पर्वत जोरसित काँप्न लाग्यो र तुरहीको आवाज झन - झन भर्को गरी बज्न लाग्यो । तव मोशा बोलन लागे र परमप्रभुको आवाजले उत्तर दियो ......... र परमेश्वरले यी सर्ब बचनहरु बेलनु भयो ............"

**नोटः** समूहलाई एक पटकमा एक-एक पद पढ्न लगाउनुहोस्, प्रत्येक आज्ञा पढेपछि त्यसको अर्थ समूहलाई सोध्नुहोस् । (दश आज्ञा (प्रस्थान २० : ३ - १७) मा पाइन्छ) ।

**दश आज्ञाहरु**

**१. म बाहेक अरु कुनै देवता - देवीहरु नमान्नू ।**

- परमेश्वरको मात्र उपासना गर्नू । परमेश्वर तपाईको जीवनमका प्रार्थमिकता नं. १ बन्न चाहनुहुन्छ ।

**२. आफ्नो निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति बननाउनू ।**

- परमेश्वरले भन्नूभए अनुसार मात्र उहाँको आराधना गर्नू ।

**३. परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा नलिनू ।**

- तपाईको काम या कुरा जे गर्नुहुन्छ सो कुरामा परमेश्वरको आदर गर्नू ।

**४. शबाथ - दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू । छ दिनसम्म परिश्रम गरेर काम गर्नू, तर सातौं दिन चाँही परमप्रभु तिमीहरुका परमेश्वरको निम्ति शबाथ दिन हो । त्यसमा तिमीहरुले केही काम नगर्नू किनकी छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाँही विश्राम गर्नुभयो ।**

- परमेश्वरबाट उपहारको रुपमा एक दिन लिनू र त्यसलाई उहाँको आदर गर्नलाई प्रयोग गर्नू ।

**५. आफ्ना बाबु र आमालाई आदर गर ।**

- हाम्रा अविभावकहरुलाई आदर सम्मान गर्नु ।

**६. हत्या नगर्नू ।**

- अरुको जीवनको आदर गर्नु ।

**७. व्यभिचार नगर्नू ।**

- हाम्रो शरीरले परमेश्वरको आदर गर्नू, हाम्रा विचार, शब्द र काम शुद्ध राख्नू ।

**८. चोरी नगर्नू ।**

- अरुका सम्पत्तिको हिफाजत गर्नू

**९. आफ्नो छिमेकीको विरुद्धमा झूटो गवाही नदिनू ।**

- परमेश्वरको तपाईलाई सत्यलाई प्रेम गरेको र सत्यले पूर्ण भई जिएको चाहनुहुन्छ ।

**१०. आफ्नो छिमेकीका घरको लालच नगर्नू ।**

- तपाईसँग भएका थोकहरुमा सन्तुष्ट रहनू ।

**प्रश्नः** परमेश्वरले इस्राएलीलाई किन दश आज्ञा दिनुभयो ? (**उत्तरः** एस्राएलका मानिसहरुलाई कसरी परमेश्वरलाई र एक अर्कालाई प्रेम गर्ने भनी सिकाउनको लागि) ।

**प्रश्नः** किन मोशा दश आज्ञा दिन र इस्राएललाई अगुवाई गर्न परमेश्वरबाट छानिए ? (**उत्तरः** मोशासँग तीनवटा गुणहरु थिए, बुद्धी, अगुवापन र परमेश्वरप्रतिको उच्च श्रद्धा र आदर) ।

**बुद्धी**

“मोशालाई मिश्रिहरुका सारा विद्यामा शिक्षा दिइन्थ्यो र मोशा आफ्ना बचन र काममा शक्तिशाली भए” (प्रेरित ७ : २२) ।

**प्रश्नः** मोशालाई किन बुद्धी चाहियो ?
(**उत्तरः** मोशाले इस्राएलीहरुलाई परमेश्वरको नियम र आज्ञाहरु सिकाए । मोशा इस्राएलीहरुको माझमा न्याय गर्न सक्षम थिए (प्रस्थान १८ : २०) ।

**प्रश्नः** हाम्रो देशका अगुवाहरु को - को हुन् जसलाई बुद्धीको आवश्यकता छ ?
(**उत्तरः** हाम्रा राष्ट्रपति, हाम्रा मन्त्रीहरु, न्यायधिसहरु, आर्मी-पुलिसहरुका मुख्य अफिसरहरु र हाम्रा प्रतिनिधिहरु) ।

**प्रश्नः** किन तपाईका अविभाभावकहरुलाई बुद्धी चाहिन्छ ?
(**उत्तरः** तपाईलाई गलत कुराको प्रकाशमा ठिक सिकाउनको लागि तपाईलाई ठिक निर्णय गर्न सहायता गर्न, तपाईलाई परमेश्वरको बचन सिकाउनलाई) ।

**प्रश्नः** तपाईलाई किन बुद्धी चाहिन्छ ?
(**उत्तरः** परमेश्वरीय नजरमा ठिक कुरा जान्न र ठिक निर्णय गर्नको लागि) ।

**अगुवापन**

**प्रश्नः** मोशाले परमेश्वरका आज्ञाहरु कसरी सिकाए ?
(**उत्तरः** उदाहरणद्धारा) ।

**प्रश्नः** मोशालाई के ले असल अगुवा बनायो ?
(**उत्तरः** मोशाले इस्राएलीहरुलाई देखाए कि कसरी जीउने भनेर । परमेश्वरलाई यस्तो मानिसको खाँचो थियो जसले आफ्नो जीवनको उदाहरणद्धारा अगुवाई गर्न सकोस् । के परमेश्वरले १० आज्ञाद्धारा नजीउनेहरुलाई ती सुम्पनुहुन्थ्यो होला त ? वा के परमेश्वरले दश आज्ञाद्धारा नजीउनेहरुलाई चुनेर त्यो सुम्पनुहुन्थ्यो होला त ?) ।

**प्रश्नः** बुबाहरुलाई एक अशल अगुवा हुनको निम्ति तपाई के गर्न सक्नुहुन्छ ?
(**उत्तरः** एक उदाहरण बनेर वा जीवनबाट उदाहरण देखाएर) । बाइब्ल भन्दछ, “जवान छौं भन्दैमा कसैले तिमीलाई तुच्छ नठानोस्, तर विश्वासीहरुका अघि बोलचाली, आचरण र प्रेममा, विश्वासमा र शुद्धतामा तिमी एक उदाहरण बन ।” (१ तिमोथी ४ : १२) ।

**प्रश्नः** छोराछोरीहरु एक अशल अगुवाहरु बन्नलाई तपाईहरु के गर्न सक्नुहुन्छ ?
(**उत्तरः** असल निर्णयहरु गर्न सिकेर, गलत कुराबाट ठिक कुराको पहिचान गरेर र जे ठिक सो गर्न छानेर (खास गरी आफ्नो इच्छा शक्तिले), र जिम्मेवार बनेर) ।

**परमप्रभुको भय**

**प्रश्न:** परमप्रभुको भय के हो ?

(**उत्तर:** परमेश्वरप्रतिको एक गहिरो आदर) । परमप्रभुको भय (वा डर) नै यस्तो कुरा हो जसले गर्दा मोशालई इस्राएलीहरुलाई अगुवाई गर्न परमेश्वरलाई आवश्यक पर्ने व्यक्ति बन्नको निम्ति चाहिने गुणको विकाश (आफैमा गर्न) सक्षम तुल्यो । हामीले अर्को पाठमा मोशा र परमेश्वरलाई भयको बारेमा सिक्नेछौं ।

# पाठ - ७ मोशा र परमप्रभुको भय

“मेरो डर मान्ने र सँधै मेरा सबै कुरा पालन गर्ने तिनीहरुका हृदय भए त हुने थियो, ताकी तिनीहरु र तिनीहरुका सन्तानको भलो सँधै भरी होस्” (व्यवस्था ५ : २९) ।

## गुण
## परमप्रभुको भय

## परिचय

उनले एक पटक अफ्रिका महादेशको ४३९० माइल प्राय पैदल पूर्व-पश्चिम पार गरे । उनले जम्मा २९००० माइल यात्रा गरे अफ्रिका महादेशको । उनले भिक्टोरिया झरना अनि कैयौं खोला रताललाई पत्ता लगाए । उनका चिठी र प्रतिवेदनले उनलाई आफ्नै मातृभूमी स्कट ल्याण्ड र बेलायतमा समेत वीर अर्थात हिरो बनायो । उनले दुई वर्षमै फर्कने योजना सहित सन् १८६५ मा बेलायत छोडे । अब ६ वर्ष पछि उनी अफ्रिकाको भित्री भाग मै हराइरहेका थिए ।

सन् १८६९ को अक्टोबर महिनामा, जेम्स बेन्नेट जेआर न्यूयोर्क हेराल्डका सम्पादकले प्रतिवेदक हेनरी मोर्टेन स्यान्लीलाई एक टोलिलाई अगुवाई गर्न अह्राय जसले अफ्रिकी उजाडभूमीमा अन्वेशनकलाई पत्ता लगाउओस् । त्यसैले स्यान्लीले सन् १८७१ म एक विशाल अभियान टोलीलाई त्यस तर्फ जानलाई भेला गरे जो जन्जीरबाट जानेवाला थियो । उनले कुरौटेहरुबाट सुने कि करिब ७५० माइल भित्री भूमि सज्जीनी नजिकै एक जना गोरा व्यक्ति देखा परेका छन् । २०० सय दिन जति हिडे पछि, स्यान्ली आउँ र मष्तिस्कको मलेरियाले सताइए । उक्त अभियान यात्राको अन्त सम्ममा तीन भागको दुई भाग यात्रीहरु र भरियाहरुको देहान्त भयो । नोभेम्बर १० मा प्रकाशित उनको पत्रिकामा, स्यान्ली अन्तमा उज्जीजीमा आइपुगे । स्यान्लीलाई घेरिराखेको भीडलाई छिचल्दै एक वृद्धी मानिस आए । ऊ खरिदै वृद्ध मानिसतर्फ बढ्यो र आफ्नो हेल्मेट टोप निकालेर हात बढायो । स्ट्यान्लीले बोलेको प्रसिद्ध शब्दमध्ये एउटा शब्द उनको मेरो मनमा आयो “म ठान्छु कि तपाई डा. लिभिङस्टोन हुनुहुन्छ होइन ? “सामान्य उत्तर आयो अँ हो । लिभिङस्टोनका खोज अध्ययनले उनलाई राष्ट्रिय वीर (हरो) बनायो उनको पत्रिकाको एक अंशले देखाउँछ कि उनको खोज-अनुसन्धान अभियान उनको निम्ति कति मूल्य चुकाउनु पर्ने भयो कि बारम्बारको बिरामीपना, लामो समय, थकाइ लाग्दो यात्रा, सामानको चोरी हुनु अनि हराउनु, उनको श्रीमतीको मृत्यु हुनु, आफ्ना सन्तान मध्येमा एक भन्दा बढीको मृत्यु आदी । तर उनको जीवनको मुख्य महान उद्देश्य भनेको अफ्रिकाको लागि सु-समाचारको ढोका खोल्नु थियो । उनको आफ्नो पितालाई लेखिएको चिठीमा उनले लेखे : बचन प्रचार गरे पछि म पितालाई लेखिएको चिठीलाई उनले लेखे बचन प्रचार गरे पछि म आफ्नो हृदयमा अशान्ति महशुस गरेको छु, खिष्टको अगम्य असिम बचन घोषणा पछि, ............ तर म जान्दछु कि सु-समाचार परमेश्वरको शक्ति हो एक महान माध्यम जुन उहाँले यस भत्केको हाम्रो संसारको अहिले र आउँदो पुस्ता-पुस्ताको निम्ति राखिएको छ ।”

डा.लिभिङीस्टोनको जीवनमा परमेश्वरको भय थियो जसले उनलाई संकष्ट सहन र परमेश्वरको काम प्राप्त गर्न सक्षम तुल्यायो । आज हामीले यस पाठमा पनि मोशाको बारेमा चर्चा

गर्नेछौं जसको परमेश्वरप्रतिको भयले उनलाई इस्राएल जति र राष्ट्रको महान अगुवा बन्न मद्दत गऱ्यो ।

## दोहोऱ्याउनु

इस्राएलीहरुले मिश्रदेश छोडेको तीन महिना पछि तिनीहरुले मरुभूमिको वा उजाडस्थानको एक पहाड जसलाई सीनै पहाड भनिन्छ ........ को नजिकै छाउनी हालेर बसे । ठिक त्यहाँ दिन : "परमप्रभुले मोशालाई भन्नुभयो, हेर्, म तँसित कुरा गर्दा मानिसहरुले सुनुन् र तँलाई सँधै विश्वास पनि गरुन् भनेर म तँ कहाँ बाक्लो बादलमा आउनेछु ।" तव मोशाले मानिसहरुले भनेका कुरा परमप्रभुलाई सुनाए ।" (प्रस्थान १९ : ९) ।

सीनै पर्वतमा छाउनी हालेको तीन दिनपछि, मोशाले सबै मानिसहरुकै आँखाका अगाडी परमप्रभुलाई भेट्नको निम्ति तयारी गरे र मोशालाई परमप्रभुले दश आज्ञा दिनुभयो ।

## मोशा र परमप्रभुको भय

## खण्ड व्यवस्था ५ : २७ - ३३

"तपाई आफै नै नजिक जानुहोस् र परमप्रभु हाम्रा परमेश्वरले भन्नुभएका सबै कुरा सुनेर हामीलाई बताउनुहोस् र हामी सुनेर पालन गर्नेछौं ।" २८ तिनीहरु मसित बोलेका परमप्रभुले सुन्नुभयो र उहाले मलाई भन्नुभयो, "यी मानिसहरुले तँलाई कुरा मैले सुने । तिनीहरुले ठिकै भनेका छन् । २९ मेरो डर मान्ने र सँधै मेरा सबै कुरा पालन गर्ने तिनीहरुका हृदय भए त हुने थियो ता कि तिनीहरु र तिनीहरुका सन्तानको भयो । सँधैभरी होस् । ३० "तिमीहरु आफ्नो - आफ्नो पालमा फर्क भनी गएर तिनीहरुलाई भन् । ३१ तर तँ चाँही यहाँ मेरो नजिक खडा हो । अनि तैंले तिनीहरुको अधिकारमा दिने देशमा तिनीहरुले ती पालन गरुन् ।" ३२ यसकारण परमप्रभु तिमीहरुका परमेश्वरको आज्ञा मान्न याद राख । तिमीहरु देब्रे - दाहिने कतै नलाग । ३३ परमप्रभु तिमीहरुका परमेश्वरले तिमीहरुलाई अधिकार गर्ने देशमा तिमीहरु जिवित रह र तिमीहरुको कल्याण होस् र तिमीहरुको आयु लामो होस् ।"

**प्रश्नः** के तपाईलाई याद भयो कि परमप्रभुको भय भनेको के हो ?
(**उत्तरः** परमप्रभुको इस्राएलले उहाँलाई गहिरो आदर हो) ।

**प्रश्नः** किन परमेश्वरले इस्राएलले उहाँलाई गहिरो आदर गरेको चाहनु भयो ?
(**उत्तरः** ताकि तिनीहरुले उहाँका आदेशरु पालना गर्न सकून्) ।

**प्रश्नः** किन आज उहाँका आदेश/आज्ञाहरु पालन गर्न महत्वपूर्ण छ ? (**उत्तरः** किनकी परमेश्वरलाई थाहा छ कि जव हामी उहाँका बचन वा आदेश अनुसार जीउँछौं तव हामीले उत्तम काम गर्छौं) ।

अर्को पटक जव तपाई नुहाउनुहुन्छ तव तपाईले त्यसको बोत्तलमा भएको निर्देशनलाई पढ्नुहोस् । ती निर्देशनले भन्दछ कि के गरे "उत्तम हुन्छ ? भनेर ..........."जव कुनै वस्तु बनाइन्छ, तव नियम मुताविक उपभोग गरेका त्यो वस्तुले सबभन्दा राम्रो परिणाम दिन्छ भनी बनाइएको छ भन्ने कारणले गर्दा मानिसको सन्दर्भमा भन्नुपर्दा हामीले सर्वोत्तम कार्य गर्दछौं जव हामीले उहाँको निर्देशन अनुसार काम गरेका हुन्छौं, त्यो चाँही उहाँले हामीलाई कसरी बनाउनु भयो भन्ने कुरा हो ।

**प्रश्नः** उहाँका केही आदेशहरु के हुन जुन आज हामीहरुले पालन गर्न सक्छौं ?
(**उत्तरः** परमेश्वरलाई र अरुहरुलाई प्रेम गर्न, सत्यताले पूर्ण भई र जीउनु र शुद्ध हुनु आदी ।

## मोशाको अगुवाई

**प्रश्नः** एउटा अशल अगुवा हुनको निम्ति कस्ता गुणहरु हुनु जरुरी छ ?
(**उत्तरः** परमेश्वरको निम्ति आदर जुन मोशामा थियो ले चारवटा गुणहरु उत्पन्न गऱ्यो जसले गर्दा उनले परमेश्वरको मानिसहरुलाई अगुवाई गर्न सक्षम तुल्यायोः ती हुन परमेश्वरप्रतिको आज्ञाकारिता, परमेश्वरका आज्ञाहरु माथिको विश्वास, बुद्धी र साहश आदी ।

**१. आज्ञाकारिताः** बाइबल भन्दछ कि, "मोशा र हारुनले परमप्रभुले तिनीहरुलाई हुकुम गर्नुभए बमोजिम तिनीहरुले गरे (प्रस्थान ७ : ६) । मोशा आज्ञाकारी बने र सम्पूर्ण (काम) परमप्रभुले तिनीहरुलाई भन्नुभए अनुसार गरे । मोशाले आफ्नो जीवनको उदाहरण देखाएर अगुवाई गरेकोले धेरै जनाले परमेश्वरप्रति आज्ञाकारी भए ।

**प्रश्नः** कसरी आज तपाई परमेश्वरप्रति आज्ञाकारी बन्न सक्नुहुन्छ ?
(**उत्तरः** उहाँका आज्ञाहरु पालन गरेर) ।

**२. विश्वासः** बाइबल भन्दछ कि, राजाको क्रोधसँग नडराएर विश्वासद्धारा तिनले मिश्रदेश छोडे ............ विश्वास द्धारा ओबानो भूमिमा झैं गरी हिडेर तिनीहरुले लाल समुद्र पार गरे .........(हिब्रु ११ : २७ - २९) ।

- मोशाको परमेश्वरमाथि विश्वास थियो, परमेश्वरले उनलाई अगुवाई गर्नुहुन्छ भन्ने कुरामा भरोसा भएकोले धेरैले परमेश्वरमा विश्वास गरे ।

**प्रश्नः** कसरी तपाईको विश्वासले अरुलाई सहायता गर्छ ?
(**उत्तरः** तपाई कसरी जीउनुहुन्छ सो अरुहरुको लागि एक उदाहरण हुन्छ अरुहरुलाई जस्तै तपाईको इमान्दारी, तपाईको स्वार्थ, तपाईको काम गराई आदी) ।

**३. बुद्धीः** बाइबलले हामीलाई भन्दछ, "भोलिपल्ट मोशा मानिसहरुका निम्ति न्याय गर्नलाई बसे, ...... (प्रस्थान १८ : १३) । मानिसहरु मोशाकहाँ आफ्ना प्रश्नका उत्तर खोज्न आए, जुन परमेश्वरबाटको उत्तर हुन्थ्यो । मोशा उत्तर दिन सक्षम थिए किनभने तिनले परमेश्वरको आज्ञाहरु जान्दथे ।

**प्रश्नः** कसरी बुद्धीले तपाई र अरुलाई सहायता गर्न सक्छ ?
(**उत्तरः** परमेश्वरले तपाई कसरी जीएको चाहनुहुन्छ सो जानेर, तपाई न्यायको निम्ति असल बुद्धी पाउन सक्नुहुन्छ जसले तपाई र अरुलाई एक असल निर्णय गर्न सहायता गर्दछ) ।

**४. साहशः** याद गर्नुहोस कि जब फोरोले लाल समुद्रमा आफ्ना सेनाहरु पठाएर इस्राएलीहरुलाई त्रसित पारे होइन त ? "मोशाले इस्राएलीहरुलाई भने, 'तिमीहरु नडराओ र स्थिर होओ र परमप्रभुले

तिमीहरुलाई दिनुहुने छुटकारा हेर' (प्रस्थान १४ : १३) । मोशाको विश्वासले उनलाई साहशी बनायो र उनको साहशले इस्राएलीहरुलाई परमेश्वरप्रति श्रद्धा र उहाँमा भरोसा गर्ने तुल्यायो ।

**प्रश्नः** तपाईले आज कसरी साहश गर्न सक्नुहुन्छ ?
(**उत्तरः** कुनै पनि परिस्थितीमा परमेश्वरको बचनमा भर परेर, स्थिर रहेर, घरमा, स्कूलमा व्यवहारमा र साथीहरुसित) ।

**प्रश्नः** कसरी तपाईले परमेश्वरप्रतिको गहिरो श्रद्धाको विकाश गर्न सक्नुहुन्छ ?
(**उत्तरः** परमेश्वरप्रति राख्न पर्ने आदर र श्रद्धा सिक्दै जान र विकाश गर्न सकिन्छ, जस्तो एउटा असल अभ्यासको एकजना खेलाडीलाई खेलकुदको क्षेत्रमा राम्रो दक्षता हासिल गर्न मद्दत पुग्छ) ।

धर्मशास्त्र भन्दछ, "पुरुष र स्त्री बालक र तिमीहरुका शहर भित्र भएका परदेशीहरु सबैलाई भेला गर र तिमीहरुले सुनेर परमप्रभु तिमीहरुका परमेश्वरको भय मान्न यस व्यवस्थाका सबै बचन होशियारीका साथ पालन गर्न सिकुन् (व्यवस्था ३१ : १२) ।

**प्रश्नः** तपाईले परमेश्वरको बचन सुन्न सक्ने उपायहरु के छन् ?
(**उत्तरः** पारिवारिक बाइबल अध्ययनमा बालसंगी, मण्डली, बाइबल अध्ययन वा प्रार्थनामा वा ईशाई पत्रिका वा पुस्तक-पुस्तिका पढेर र ख्रिष्टियन संगीत सुनेर तपाईले सँधै परमेश्वरको बचन सुन्न वा सिक्न सक्ने अवसरहरु हुन्) ।

**प्रश्नः** परमप्रभुको भयले आज तपाईलाई कसरी सहायता गर्छ ?
(**उत्तरः** परमप्रभुको भय वा (डर) राख्नुले तपाई सत्य र ठीक र बेठिक के हो भनि बुझ्नुहुनेछ । अनि तपाईले जे ठिक छ सो निर्णय गर्न सक्नुहुनेछ र गैरजिम्मेवारी ढंगले निर्णय गर्नबाट रोक्नेछ) ।

चार्ल्स कोल्सनले परमप्रभुको भयबारे के भन्छन् सो सुन्नुहोस्:

"हामीले परमेश्वरको भय के हो सो जान्नु पर्दछ, व्याकुल पार्ने, बाध्यता पार्ने, परमप्रभुको श्रद्धा, जो पवित्र छ । परमप्रभुको भय नै ज्ञानको सुरु हो । यसले सारा सृष्टिमा सार्वभौमिक परमेश्वरको भूमिका के हो भन्ने विषयमा सठिक दृष्टिकोण राख्नु र परमेश्वरको शक्ति र सिद्धताको महसुस गर्न मद्दत गर्दछ (कोल्सन द बोडी, (पृष्ठ ३७६) ।

मोशामा परमप्रभुको भय थियो, एक अति नै व्याकुल र श्रद्धायोग्य परमपवित्रताको भय (डर) जुन मोशासँग जलिरहेको पोथ्रामा देखान पर्दै जसले मोशालाई इस्राएलीहरुलाई अगुवाई गर्नको लागि परमेश्वरलाई आवश्यक पर्ने मानिसको रुपमा निर्माण हुँदेजान मद्दत गऱ्यो । पुरानो करारको अगमवक्ताले इस्राएलका मानिसहरुको विषयमा भने सो सुन्नुहोस् ।" "……….. यी मानिसहरु मुख देखाउन मेरो नजिक आउँछन् र ओठले मेरो आदर गर्छन् तर तिनीहरुको हृदय भने म देखि टाढा छ ……….." (यशैया २९ : १३) ।

**प्रश्नः** भरखरै पढिएको खण्ड अनुसार परकमेश्वरले तपाईलाई प्रत्येक दिन कसरी उहाँको आदर गरेको चाहनुहुन्छ ? (उहाँ चाँहीं चाहनुहुन्छ कि, तपाईले उहाँलाई मुखले जे भन्नुहुन्छ, त्यसरी मात्र होइन तर तपाईले दिन-दिनै जे गर्नुहुन्छ व्यवहारमा काममा त्यसमा उहाँको महिमा गरेको चाहनुहुन्छ) ।

# पाठ - ८
# यहोशु

## दोहोऱ्याउनुहोस्

## गत हप्ताको प्रश्न र कण्ठ पद

## आजको पाठ पद

"तँलाई मेरो आज्ञा छ, बलियो र खुबै साहसी हो, नडरा निराश नहो, किनकी तँ जहाँ गए पनि परमप्रभु तेरा परमेश्वर, तेरो साथमा हुनुहुनेछ" (यहोशु १ : ९) ।

## गुण

## साहश र अगुवापन

## छलफल प्रश्न

के तपाईको लागि कुनै त्यस्तो अवसर भयो जहाँ (परिवार विद्यालयका कुनै क्रियाकलाप) अगुवाई गर्न मोका थियो ? सो बारे हामीलाई भन्नुहोस् ।

## परिचय

दासत्वको प्रथा रोक्न र प्रथाको लागि कायल पार्न अनि त्यसको फैलावट रोक्नको निम्ति राजनितिक हिसावले एक असल कामको थालनी गर्न अब्राहम लिङकोन केही कुरा गर्न परेको थियो । सन् १८४६ मा उनी अमेरिकाको कङग्रेसबाट छनौट भए । उनी संयुक्त राज्य अमेरिकाको राष्ट्रपति छनौट नभएसम्म वा सन् १८६० सम्म ४ वटा कुरामा हार खाइरहनु पऱ्यो ।

त्यस समय देखि उनले एउटा कार्यालय लिए उनी दुईवटा लक्ष्यको निम्ति आफैलाई पूर्णरुपमा खर्चे उक्त संघलाई स्थापना गर्न र युद्धलाई अन्त्य गर्नको निम्ति उनले धेरै हार बेहोर्नु पऱ्यो त्यो अभियानलाई कहिल्यै छोडेनन् । उनले आफ्नो जीवनको बाइबललाई एक आधारभूत जग साधनको रुपमा लिए, "यस महान् पुस्तक (बाइबल) ........... परमेश्वरले मानव जातिलाई दिनुभएको सर्बोत्तम उपहार हो, ........... तर यसको लागि हामीले सहीबाट गलत छुट्टाउन नसक्न पनि सकिन्छ ।" तर उनले यो काम तव सम्म पूरा गर्न सकेनन् जव सम्म उनले गेटिसवर्ग स्थित हजारौं सिपाहीहरुको चिहानमा गई भेटेनन् जहाँ उनले येशु खिष्टलाई आफ्नो व्यक्तिगत जीवनको मुक्तिदाता र प्रभु भनि ग्रहण गरे । येशुमाथि राखिएको उनको विश्वास र उनको नेतृत्वले राष्ट्रमा एक डरलाग्दो गृहयुद्ध निम्त्यायो । लिङ्कोनले विश्वास गरे कि "उनी यस्तै समयको लागि छानिएका हुन् ।"

अब्राहम लिङ्कोनले येशुमा खिष्टमा साहश शक्ति पाए जसद्धारा उनले राष्ट्रपति भई राष्ट्रलाई अगुवाई गरे । आज हाम्रो बाइबल कक्षामा हामीले यस्तो एउटा वीरको बारेमा हेर्नेछौं जसलाई इस्रांएल राष्ट्रलाई अगुवाई गर्नको निम्ति साहशको आवश्यकता थियो ।

## पृष्ठभूमी

यहोशु मोशाको सहयोगी थिए जो परमेश्वरद्धारा मोशाको मृत्युपछि इस्राएलको अगुवा हुन छानिएका थिए । यहोशू त्यही व्यक्ति हुन् जसले इस्राएल राष्ट्रलाई परमेश्वरले अब्राहम र उनका सन्तानलाई दिन्छु भनि प्रतिज्ञा गरिएको भूमि सम्म अगुवाई गर्दै लगे । जसै यहोशूको निम्ति इस्राएको अगुवा हुने दिन नजिकिंदै थिया तव परमेश्वरले उनले यो प्रतिज्ञा गर्नुभयो, "......... बलियो र साहसी हो ! किनकी मैले दिनछु भनि शपथ खाएर प्रतिज्ञा गरेको देशमा तैले नै इस्राएलीहरु लाई पुऱ्याउनेछस् र म आफै तँसँग हुनेछु" (व्यवस्था ३१ : २३) ।

## यहोशू

### खण्ड यहोशू १ : १ - ९

"१ परमप्रभुका दास मोशाको मृत्युपछि मोशाका सहायक नुनका छोरा यहोशूलाई परमप्रभुले यसो भन्नुभयो, २ मेरो दास मोशा मऱ्यो । यसकारण उठ, तँ यी सबै मानिसहरुलाई लिएर यर्दन पारी मैले इस्राएलीहरुलाई दिन आँटेको देशमा जा । ३ मैले मोशालाई प्रतिज्ञा गरेझै तेरा पैतालाले कुल्चिने सबै जग्गा म तँलाई दिनेछु । ४ मरुभूमिदेखी लेवनानसम्म लिएर महानदी अर्थात् युफ्रेटिस नदी देखि - हितीहरुको जम्मै देश - पश्चिमतिर महासागरसम्मै तिमीहरुको सिमाना हुनेछ । ५ तेरो जीवनभरी तेरो सामुन्ने कोही मानिस खडा हुन सक्नेछैन । जसरी म मोशासँग रहे, त्यसरी नै म तँसँग रहनेछु । म तँलाई छाडेनेछैन अनि तँलाई त्याग्नेछैन । ६ बलियो र खुव साहसी बन, किनकी मैले तिनीहरुका पिता पूर्खाहरुलाई दिन्छु भनी प्रतिज्ञा गरेको देश तिनीहरुको अधिकारमा गराउन तैले तिनीहरुलाई अगुवाई गर्नेछस । ७ बलियो र अति साहसी हो । मेरो दास मोशाले तँलाई आज्ञा गरे अनुसार सबै व्यवस्था पालन गर् । त्यसबाट दाहिनेतिर वा देब्रेतिर नफर्क र तँ जही भएपनि सफलता पाउनेछन् । ८ व्यवस्थाको यो पुस्तक तेरो ओठबाट नहटोस् तर त्यसमाथि तैले दिनरात ध्यान गर्नु त्यसमा लेखिएका सबै कुरा होशियारी साथ पालन गर्नु र तेरा सबै मार्गहरुमा तैले उन्नति गर्नेछस् र सफलता पाउनेछस् । ९ तँलाई मेरो आज्ञा छ बलियो र खुबै साहसी हो, नडरा, निराशा नहो, किनकी तँ जहाँ गए पनि परमप्रभु तेरा परमेश्वर, तेरो साथमा हुनेहुनेछ ।"

**प्रश्नः** गत केही देखी नै हामीहरुले त्यस्ता गुणहरुको बारेमा कुरा गर्दै आएका छौं जुन हाम्रा बाइबलका वीरहरुसँग थिए ।

**प्रश्नः** गुण भनेको के हो ?
(**उत्तरः** गुण भनेको त्यस्तो आवश्यकीय विशेषता वा स्वभाव हो जो कसैसँग हुन्छ) ।

**प्रश्नः** यहोशूसँग ४ वटा अत्यावश्यकिय गुणहरु थिए जुले गर्दा उनलाई सम्पूर्ण इस्राएल राष्ट्र ( जातिलाई) अगुवाई गर्न सक्षम तुल्यायो ?

**प्रश्नः** तिनीहरु वा ती गुणहरु के हुन् भन्ने तपाई ठान्नुहुन्छ ?
(**उत्तरः** परमेश्वरमा विश्वास, परमेश्वरप्रतिको आज्ञाकारिता शक्ति र साहस) । आउनुस यसबारे हामी कुरा गरौं:

## विश्वास

**प्रश्न:** जसै इस्राएल यर्दनपारीको भूमिमा जान लागेका थिए, परमेश्वरले यहोशूलाई के प्रतिज्ञा गर्नुभएको थियो ? (
**उत्तर:** जसरी परमेश्वर मोशासँग रहने भयो त्यसरी नै उहाँ यहोशू जहाँ गए ता पनि उनीसँग रहनु हुनेछ) ।
**प्रश्न:** तपाई के सोच्नुहुन्छ कि यहोशूलाई परमेश्वरमा विश्वास राख्नु कसरी सहयोग पुग्यो ?
(**उत्तर:** यहोशूले मोशाद्धारा परमेश्वरले गर्नु भएका सबै कुरा देखेका थिए । यसरी परमेश्वरको प्रतिज्ञाले यहोशूलाई परमेश्वरले आफूले भन्नु भए अनुसार गर्नुहुन्छ भन्ने निश्चियता दियो) ।

**प्रश्न:** विश्वासले के कुराको माग गर्छ (केही कुराको मूल्य राख्न ?)
(**उत्तर:** यसको मूल्य राख्नको निम्ति विश्वासले कामको माग गर्दछ) ।

धर्मशास्त्र भन्दछ, "यदी कोही भाइ वा बहीनी झुत्रे-झाम्रे छ र त्यसलाई दिनहुँको भोजनको अपुग छ र तिमीहरु मध्ये कसैले त्यसलाई, "शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरी खाऊ, मात्र भन्छ तर त्यसको शरीरलाई चाहिने कुराहरु चाँहीं दिदैन भने, त्यसबाट के लाभ हुन्छ र ? यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने, त्यो विश्वास मृत हो" (याकुव २ : १५ - १७) । यदी यहोशुको विश्वास काममा प्रकट नभएको भएर परमेश्वरको आज्ञा पालन नगरेको भए आज उनको विश्वास न परमेश्वरको न मानिसको अघि नै केही मूल्यको हुने थियो ।

## विश्वास

**प्रश्न:** आज हामीले देखाउन सकनि उपाएहरु के - के छन् ?
(**उत्तर:** हाम्रो कामद्धारा हामी जीउने तरिकाद्धारा हाम्रो विश्वास देखाउन हामी सदा इच्छुक रहनुपर्दछ । आराधनाद्धारा बाइबल अध्ययनद्धारा खाँचोमा भएकाहरुलाई दिएर वास्ता गरेर ।

## आज्ञाकारिता

यहोशू मोशाद्धारा दिइएको परमेश्वरको सारा व्यवस्था परमेश्वरले आज्ञा गर्नु भएझैं पालन गर्न होशियार थिए ।
**प्रश्न:** परमेश्वरले आज्ञा गर्नुभए झैं यहोशूको निम्ति आज्ञा पालन गर्न किन महत्वपूर्ण थियो ?
(**उत्तर:** मोशा जस्तै यहोशू इस्राएल राष्ट्रको अगुवा थिए । परमेश्वरले यहोशूलाई उदाहरणद्धारा अगुवाई गर्न छान्नुभयो यदी यहोशूले परमेश्वरका आदेश पालन गरे भने इस्राएलका मानिसहरु पनि त्यस्तै हुने थिए) ।

**प्रश्न:** मानौं तपाई वास्केटवलको कोच हुनुहुन्छ र तपाईले खेल दौडानमा एउटा टिमलाई खेल्नको लागि बारम्बार आव्हान गर्नुभयो । तर तपाईले जुन खेल खेलनको लागि आव्हान गर्नुभयो त्यसको लागि टीम क्याप्टेनले इन्कार गऱ्यो भने तपाई के गर्नुहुन्छ ?
(**उत्तर:** सायद तपाईले उसलाई खेलबाट निष्कासन गर्नुहुन्छ होला) । बास्केट बल कोच जस्तै परमेश्वरले पनि हामीलाई बचन सुन्ने र अरु केही पनि नगरेको देख्न चाहनुहुन्न । धर्मशास्त्र भन्दछ, "तर पालन गर्ने होओ र सुन्ने मात्र भएर आफैलाई धोका नदेओ" (याकुब १ : २२) ।

**प्रश्नः** कसरी तपाईले परमेश्वरप्रतिको आज्ञाकारिता देखाउन सक्नुहुन्छ ?
(**उत्तरः** पुन तपाईको कामहरुद्धारा परमेश्वरले भन्नुहुन्छ सो सुन्ने मात्र होइन, तर उहाँले बचनद्धारा भन्नुभए अनुसारको कामहरु गरेर वा सुनेर बुझेको कुरा पालन गरेर तपाईले सम्झनुहुन्छ भने जव बाइबलले देखाउन सक्नुहुन्छ) । यदी तपाईले सम्झनुहुन्छ भने जव बाइबलले आज्ञाकारिताको कुरा गर्छ यसको मतलव हुन्छ, "येशु जस्तै हुनु र येशु जस्तै बन्नु ।" जसै तपाई परमेश्वरको बचन पालन गर्ने अभ्यास गर्न थाल्नुहुन्छ तव तपाइले तिनमा असल कुरा पाउनुहुन्छ, मोटर साइकल हाँक्न सिकेपछि जानिएको जस्तै हो । परमेश्वरप्रति आज्ञाकारी हुनुले तपाईको जीवन झन्-झन् उहाँको पुत्र येशुजस्तै हुन परिवर्तन मद्दत गर्दछ ।

**शक्ति**

कसरी परमेश्वरले यहोशूलाई बलियो हुन भन्नु भयो ?
(**उत्तरः** परमेश्वरको त्रचन र आज्ञापालन गर्न अनि अभ्यास गर्न सिकेर) ।

**प्रश्नः** आज तपाई कसरी बलियो हुनसक्नुहुन्छ ?
(**उत्तरः** बुद्धीले तपाईलाई बलियो बनाउँछ) । सहीबाट गलत छुट्टाउन र जे सही छ त्यसैमा जएउन चाँही गलत छ त्यसमा लाग्न र जीउन भन्दा अझ ज्यादा शक्तिको खाँचो पर्छ ।

**साहस**

यहोशूले इस्राएल जातिलाई यस्तो भूमितर्फ डोऱ्याउँदै थिए जहाँ धेरै शत्रुहरु थिए । तर परमेश्वरको यहोशूलाई शाहसिलो हो भनि आज्ञा गर्नुभयो । परमेश्वरलाई निश्चयता दिनुभयो कि उहाँ उनी जहाँ गएतापनि उनीसँग रहनुहुनेछ ।

**प्रश्नः** आज हामीले कस्ता खालका शत्रुहरुको सामना गर्नुपर्छ ?
(**उत्तरः** कुनै पनि कुरा जो परमेश्वरको बचनको विपरीतमा छः जस्तै परमेश्वर बारेका गलत विचारहरु विचारहरु, कुनै संगीत जसले प्रभाव पार्छ, वा सस्तै कुनै विज्ञापनहरु) ।

**प्रश्नः** कसरी तपाई परमेश्वरको बचन अनुसार जीउन आँट गर्न सक्नुहुन्छ ?
(**उत्तरः** जस्तै परिस्थिती आइपरेता पनि सत्यता अनुसार जीउन र देह्रिलो भएर खडा रहने दृढ निर्णय गरेर) ।

**प्रश्नः** कसरी परमेश्वरले यहोशूलाई इस्राएलीहरुलाई भगुवाई गर्न आज्ञा गर्नुभयो ?
(**उत्तरः** विश्वास, आज्ञाकारिता, बलियो र सहासी बन्न सकिने उदाहरण आफ्नो जीवनबाट देखाएर)।

**प्रश्नः** कसरी तपाईलाई अगुवाई गरेको परमेश्वर आज चाहनुहुन्छ ?
(**उत्तरः** उदाहरणीय जीवनद्धारा) ।

जव तपाईलाई अगुवाई गर्ने मौका मिल्छ र तपाईलाई लाग्छ कि यो काम तपाईको निम्ति साह्रै ठूलो कुरा हो, तव तपाईले यहेशू र उनीसँग परमेश्वरले बोल्नु भएका बचनहरु याद गर्नुहोस् कि उनले इस्राएलीहरुलाई परमेश्वरले उनीहरुका पूर्खा अब्राहामलाई दिन्छु भनी प्रतिज्ञा गर्नुभएको भूमिका अगुवाई गर्न अघि यहोशूलाई यसो भनी प्रतिज्ञा गर्नुभएको भूमिका अगुवाई गर्न अघि यहोशूलाई यसो भनि उहाँले प्रतिज्ञा गर्नुभयो, "तँलाई मेरो आज्ञा छ, बलियो र खुबै साहसी हो, नडरा, निराशा नहो, किनकी तँ जहाँ गएपनि, परमप्रभु तेरा परमेश्वर, तेरो साथमा हुनुहुने छ" (यहोशू १ : ९) ।

# पाठ - ९ : गिदोन

**दोहोऱ्याउनु**
**गतहप्ताको प्रश्न र कण्ठपद**

**आजको पाठ्यपद**

"तव परमप्रभुका दूतले गिदोन कहाँ देखा परेर तिनलाई भने, "तँ वीर मानिस होस् र परमप्रभु तँसँग हुनुहुन्छ" (न्यायकर्ता ६ : १२) ।

**गुणहरु**
**परमेश्वरप्रति उपलब्धता र परमप्रभु माथिको भरोसा**
**छलफल प्रश्नः**

के तपाई कहिल्यै कुनै काम वा स्कूलको कुनै कार्यक्रममाथिको जिम्मेवार व्यक्तिको रुपमा नियुक्त हुनुभएको छ ? के जिम्मेवार थियो तपाईको ? तपाईलाई कस्तो महसुस भयो जव तपाई छानिनु भएको थियो ?

**परिचय**

बढ्दो उमेरका जिम इलियोत् कर्मठ, असल विद्यार्थी (जेहन्दार) र एक बेजोड धावक थिए तर त्यति मात्र होइन इलियोजको परमेश्वरको सेवा गर्ने प्रवल चाहना थियो र त्यही इच्छाले उनलाई विदेशी दक्षिण अफ्रिकी मिशन क्षेत्रसम्म अगुवाई गरेर लग्यो । इलियोत्ले भने, "किन कसैले दुई पटक सुन्ने जव कि कसैले एक पटक पनि सुन्न पाएको छैन ।" तव इलियोत्ले दक्षिण अमेरिकी इन्डियन्स अउकास नामक जातिको बारेमा सुने । सन् १९५६ को जनवरी महिनामा इलयोत् र उनका चार सहयोगीहरु इकुएडोरको बन्दरगाहमा उत्रे । पहिलो अउराससितको पहिलो भेटघाटको केही दिनमै इलियोत् र उनका चारजना सहयोगीहरु ऋउकास जातिका लडाकुहरुद्वारा मारिए । इलियोत् यस्ता मानिस थिए जो परमेश्वरको योजनाप्रति समर्पित थिए । उनले आफ्नो जीवनमा परमेश्वरको योजना के छ भनि खोजि गरे, यसको निम्ति परमेश्वरसँग अनुरोध गरे, पर्खे र ठूलो महत्व दिँदै यसको पालना गरे । जिम इलियोत्ले आफैलाई परमेश्वरको निम्ति उपलब्ध गराए । हाम्रो आजको पाठ चाँही बाइबलको एकजना वीरको बारेमा छ जसले आफैलाई परमेश्वरको सेवाको निम्ति उपलब्ध वा उपस्थित गराए ।

**पृष्ठभूमि**

इस्राएलको इतिहासमा एउटा समय थियो जसलाई न्यायकर्ताहरुको युग भनिन्छ । न्यायकर्ताहरुको समय यहोशूको मृत्यु र शमूएलको सेवाको बिचमा देखापर्दछ, (शमूएल एक बालक थिए जो मन्दिरमा हुर्केका थिए । हामी पछिल्लो खण्डमा यिनलाई भेट्नेछौं) । यस्तो समयको चक्र थियो जसले त्यो युगलाई झल्काउँदछः इस्राएलका मानिसहरुले उक्त समयमा (न्यायकर्ताहरुको समयमा) परेमेश्वरप्रति उति ध्यान दिँदैनथे बरु गएर आफ्ना वरपरका जातिहरुका देवी देवताहरुलाई आफ्नो भक्ति देखाउँथे । तव परमेश्वरले एस्राएलका शत्रुहरुलाई उनीहरु माथी अत्याचार गर्न अनुमति दिनुहुन्थ्यो । यसको नतिजा उनीहरुको ध्यान वास्तविक रुपमा बचाउनु हुने परमेश्वरतर्फ खिचोस् । शत्रुको अत्याचारमा परेर जसै एस्राएलले पुकारा गर्थ्यो तव परमेश्वरले एकजना न्यायकर्ता

खडा गर्नुहुन्थ्यो जसले उनीहरुलाई आफ्नो शत्रुहरुको हातबाट बचाउँथे । गिदोन यस्तै न्यायकर्ताहरु मध्येका एक जना थिए ।

धर्मशास्त्र भन्दछ, "......... पछि एउटा अर्को पुस्ता आयो जसले परमप्रभुलाई चिन्दैनथ्यो नत उहाँले इस्राएलको निम्ति गर्नुभएको कामलाई पनि जान्दथ्यो" (न्यायकर्ता २ : १०) ।

**प्रश्नः** परिवारमा परमेश्वरको बचन सिकाउनुको महत्व के हो ? (**उत्तरः** ताकि तिनीहरुले परमप्रभु परमेश्वरको को हुनुहुन्छ भनेर चिनुन् र तिनीहरुले उनीहरुका निम्ति परमेश्वरले गर्नुभएका कामहरुको सम्भ्फना राखुन् र ती आफ्ना भावी सन्तानलाई सिकाउन्) ।

Index: अण्डरलाईन गरिएको ठाउँमा घटना परिवेश अनुसार शब्दको हु-बहु भन्दा फरक गरी मिलाइएको छ ।

**बाइबल वीरहरुका कथा**
**गिदोन**
**(खण्ड : न्यायकर्ता ६ र ७)**

"फेरी इस्राएलीहरुले परमप्रभुको दृष्टीमा जुन कुरा खराव थियो त्यही गरे र उहाँले तिनीहरुलाई मिद्यानीका हातमा सात वर्ष सम्म सुम्पिदिनुभयो । २ मिद्यानीहरुको शक्ति यत्ति अत्याचारी थियो कि इस्राएलीहरुलाई पहाडका ओढार, गुफा र सुरक्षित ठाउँहरुमा भएर बस्न करै लाग्यो । ३ जव-जव इस्राएलीहरुले वीऊ छर्दथे । मिद्यानीहरु त्था अमालेकीहरु र पूर्वमा अरु जातिहरु आएर इस्राएल माथि आक्रमण गर्दथे । ४ उनीहरु देशमा छाउनी बनाएर बसे र गाजाको छेउसम्मैका बालीहरुलाई नाश गरे, त्यहासम्म कि इस्राएलीहरुका निम्ति भेडा, गोरु र अरु कुनै जिवीत थोक पनि छोडेनन् । ५ उनीहरु आफ्ना गाई गोरुका बथान र तम्बूहरु लिएर सलहको हुलभ्फैं आए । मानिस र तिनीहरुका ऊँटहरु अनगिन्ती थिए । देशलाई सखाप पार्न आक्रमण गरे । ६ यसरी नै मिद्यानीहरुले इस्राएलीहरुलाई निर्धन बनाइदिए र सहायताको निम्ति तिनीहरुले परमप्रभुलाई पुकारे । ७ मिद्यानीहरुले सताइएको इस्राएलीहरुले परमप्रभुलाई पुकार्दा, ८ उहाँले तिनीहरु कहाँ एउटा अगमवक्ता पठाउनुभयो, जसले तिनीहरुलाई भने, "परमप्रभ इस्राएलका परमेश्वरको यो वाणी छः मैले तिमीहरुलाई दासत्वको देश मिश्रबाट निकालेर ल्याएँ । ९ मैले तिमीहरुलाई मिश्रहरुका हातबाट र तिमीहरुलाई सताउने सबैका हातबाट छुटाँए । मैले उनीहरुलाई तिमीहरुका सामुन्ने देखी धपाएँ र उनीहरुका देशहरु तिमीहरुलाई दिएँ । १० मैले तिमीहरुलाई भने, "म परमप्रभु तिमीहरुका परमेश्वर हुँ । तिमीहरु बसोबास गरिरहेको, एमोरीहरुका देशका देवताहरुको सेवा नगर ।" तर तिमीहरुले मेरो कुरा सुनेनौं ।" ११ अव परमप्रभुका दूत आएर अबीएजेरी योआसको, ओप्रा भन्ने ठाउँको फलाँटको रुखमुनी बसे । योआसको छोरा गिदोनचाँही मिद्यानीहरुका हातबाट लुकाउनुलाई दाखको कोलमा गहुँ चुट्दै थिए । १२ तव परमप्रभुका दूतले गिदोनकहाँ देखा परेर तिनलाई भने, तँ वीर मानिस होस् र परमप्रुभु तँसँग हुनुहुन्छ ।" १३ गिदोनले तिनलाई भने, "हजर सुन्नुहोस्, परमप्रभु साँच्ची नै हामीसँग हुनुहुन्छ भने त यी सबै हामीलाई किन भएको ? उहाँका ती सबै आश्चर्य कामहरु के भए जो हामीले आफ्ना पिता - पूर्खाहरुबाट सुनेका छौं, जसले भन्थे के परमप्रभुले हामीलाई मिश्रदेशबाट निकालेर ल्याउनु भएको होइन ? तर अब त परमप्रभुले हामीलाई त्याग्नुभएको छ र हामीलाई मिद्यानीहरुका हातमा सुम्पिदिनु भएको छ ।" १४ तव तिनी तिर फर्केर परमप्रभुले भन्नुभयो, जा इस्राएललाई मिद्यानीहरुका हात देखि छुटाउनलाई तँ मा भएको बल प्रयोग गर । तँलाई पठाउने म नै हुँ ।" १५ गिदोनले उत्तर दिए, "हजुर, सुन्नुहोस्, म कसरी इस्राएललाई बचाउन सक्छु ? मेरो गोत्रलाई हेर्नुहोस् त्यो त मनश्सेमा सबैभन्दा कमजोर छ र मेरा पिताका

घरानामा म सबैभन्दा सानो छु ।" १६ परमप्रभुले जवाफ दिनुभयो, "म तँसँग हुनेछु र तँलै सारा मिद्यानीहरुलाई एउटै मानिसलाई झैं मार्नेछस् ।"

**प्रश्नः** गिदोनसँग ४ वटा गुणहरु थिए जसले उनलाई एक "शक्तिशाली योद्धा" र इस्राएलको न्यायकर्ता बनायो । ती गुणहरु के हुन् भन्ने तपाई ठान्नुहुन्छ ?
(**उत्तरः** उपलब्धता, ............. , शक्ति परमप्रभुको माथिको भरोशा र नम्रता) ।

**गिदोनको उपलब्धता**
**प्रश्नः** एउटा के कारण थियो जसले गर्दा प्रभुले गिदोनलाई छान्नु भयो ?
(**उत्तरः** गिदोन परमेश्वरको निम्ति सुलभ थिए वा उपलब्ध थिए । उनले आफ्नो जीवनमा रहेको परमेश्वरको अधिकारलाई स्वीकार गरे) । गिदोन आफैमा अनिश्चित भएतापनि, उनले परमेश्वरको आज्ञालाई ग्रहण गरे । उनले आफ्नो जीवनमा रहेको परमेश्वरको उद्देश्यको निम्ति आफैलाई उपलब्ध राखे । तसर्थ परमेश्वर गिदोनलाई एक "शक्तिशाली योद्धा" बनाउनको निम्ति स्वतन्त्र हुनुहुन्थ्यो ।

**प्रश्नः** कसरी तपाईले आफैलाई परमेश्वरको निम्ति उपलब्ध गराउन सक्नुहुन्छ ?
(**उत्तरः** तपाईको व्यवहारद्धारा वा उहाँसँगको तपाईको व्यवहार गराईले परमेश्वरसँग भन्नुहोस् कि कसरी उहाँले तपाईलाई चलाउन सक्नुहुन्छ र उहाँलाई अनुमति दिनुहोस्) ।

**प्रश्नः** परमेश्वरले तपाईलाई कसरी चलाउन चाहनुहुन्छ भन्ने तपाई कसरी थाहा पाउन सकिन्छ ?
(**उत्तरः** प्रार्थनामा लगातार परमेश्वरसँग भनिरहनुहोस् कि उहाँले तपाईलाई सो थाहा गराउनको लागि होस् र तपाई प्रार्थनामा उहाँको जवाफ सुन्नुहोस् वा सुन्दै रहनुहोस् अनि धर्मशास्त्र बाइबल अध्ययन गरेर एवं तपाईको आफ्नो वरदान र रुचि र चाहना पनि के छ सो समेत समायोजन गरेर) ।

**गिदोनको शक्ति**
**प्रश्नः** कसरी परमेश्वरले गिदोनलाई सामर्थी बनाउन पऱ्यो ?
(**उत्तरः** गिदोन आफ्नो शत्रुहरुसँग डराउँथे र उनी आफैलाई कमजोर ठान्दथे) ।

**प्रश्नः** कसरी परमेश्वरले गिदोन जस्तो कमजोर व्यक्तिलाई शक्तिशाली बनाउन सक्नुहुन्छ ?
(**उत्तरः** कमजोरीलाई एउटा इनार जस्तो सम्झनुहोस्, जहाँ परमेश्वरको शक्ति खन्याइन्छ जव सम्म यो भरिएर पोखिँदै) । यो गिदोनको शक्ति थिएन, तर परमेश्वर शक्ति थियो । गिदोनले परमेश्वरको अधिकारलाई आफ्नो जीवनमा स्वीकार गरेर इनारको ढकनी खोले ताकि त्यसमा परमेश्वरको शक्ति खन्याइयोस् ।

**प्रश्नः** के "शक्ति" को अर्थ यहाँ शारीरिक शक्ति हो ?
(**उत्तरः** शक्तिले यहाँ खासगरी साहस, सरोपना, भावनात्मक, मानसिकताको साथै शारीरिक शक्तिलाई जनाउँदछ) ।

**प्रश्नः** जुन कामको लागि परमेश्वरले तपाईलाई शक्ति दिनुहुन्छ होला ?
(**उत्तरः** सायद सहपाठीको साथमा खडा हुनको लागि हुन सक्छ जो नराम्रोसँग जिस्काइएको छ, अरुहरुले चोरिहरेको, छक्काइरहेको बेला इमान्दारी र नियम पूर्वक खेल्नको निम्ति हुनसक्छ वा

खरावीलाई इन्कार वा निषेध गर्नको लागि परमेश्वरले तपाईलाई शक्ति दिनुहुन्छ) । परमेश्वरले तपाईलाई उहाँले गरोस् भन्ने चाहनु भएको हरेक कुरा गर्नको निम्ति शक्तिशाली पार्नुहुन्छ ।

## गिदोनको परमेश्वर माथिको भरोसा

गिदोनको भरोसा तुरुन्तै आएन । परमेश्वरले गिदोनलाई तयारीको लागि केही दिनुभयो अझ ठूलो गृहकार्यको निम्ति ।

**प्रश्नः** यदी तपाई स्कुल शिक्षक बन्नको लागि योजना गर्नुहुन्छ भने, तपाई शिक्षक बन्नु भन्दा पहिला तपाईले पुरा गर्नु पर्ने एउटा काम के हो ? (**उत्तरः** तपाईले कम्तिमा पनि एक सत्र समम अध्यापन गरेको हुनुपर्छ, शिक्षकको सहायक भएर एउटा कारण चाँही ताकि तपाइले सिकाईमा अनुभव पाउन सक्नु भएको होस् तर आफ्नो कक्षा कै खास विद्यार्थीलाई सिकाउन पूर्व तपाईलाई ढुक्कता आओस् । त्यस्तै गरी गिदोनलाई पनि आफ्नो भरोसा निर्माणको लागि केही समय लाग्यो ।

गिदोनको परमेश्वर माथिको भरोसा कसरी वृद्धी भयो सो सुन्नुहोस् । "३३ त्यसपछि सबै मिद्यानी, अमालेकी र पूर्वका जातिहरुले आपसमा दल बाँधे र यर्दन नदी तरेर पिजरेलको बेसीमा छाउनी हाले । ३४ तव परमप्रभुका आत्मा गिदोनमाथि आउनुभयो । तिनले तुरही फुके र अबीएजेरीहरुलाई तिनको पछि लाग्नलाई बोलाए" (न्यायकर्ता ६ : ३३ - ३४) । (गिदोनले परमेश्वरको आज्ञा पालन गरे र आवश्यक उहाँ माथिको आफ्नो भरोसालाई बढ्न दिए) ।

परमेश्वर पहिलो पटक देखा पर्दा गिदोनलाई भन्नु भएको थियो कि उहाँ उनीसँग हुनुहुनेछ, अब गिदोनले अहिले परमेश्वरले उनलाई शक्ति र साहसले भरपुर पार्नको निम्ति अनुमति दिन्छन् । जसै गिदोनले लडाइको निम्ति हजारौं शत्रुको विरुद्ध हजारौं सेना तयार गर्छन् तव परमेश्वरले गिदोनका सेनाहरुलाई ताक्छन् वा छाँट्नु भयो वा घटाउन लाग्नु भयो २२ हजार देखी तीन सय सेना झर्नु भयो । तव परमेश्वरले गिदोनलाई शत्रुको क्याम्पस वा पालमा लुकिछिपी गएर विपक्ष टोलीका मानिसहरुले के भनि रहेका थिए सो सुनन लगाउन लाग्नु भयो । गिदोनले क्याम्पमा ( शत्रुको) छाउनीमा आफ्नो साथीलाई यस्तो कथा सपना भनि रहेको थियो जुन उनले भरखरै देखेका थिए । उक्त सपनाको अर्थ यही थियो, "........... । १४ साँच्ची नै यो त इस्राएली योओस्को छोरो गिदोनको तरवार नै हो । परमेश्वरले मिद्यान र समस्त सेनालाई तिनको हातमा सुम्पिदिनु भएको छ ।" १५ जव गिदोनले सपनाको कथा र त्यसको अर्थ सुने, तव तिनले परमेश्वरलाई साष्टाङ्ग दण्डवत् गरे । त्यसपछि तिनी इस्राएलको छाउनीमा फर्किएर भने, "उठ, परमप्रभुले मिद्यानीहरुको छाउनीलाई तिमीहरुको हातमा सुम्पिदिनु भएको छ ।" (न्यायकर्ता ७ : १४ - १५)

**प्रश्नः** तपाईलाई के लाग्छ किन परमेश्वरले गिदोनका मानिसहरुलाई जम्मा तीन सयमा घटाउनु भयो जव कि त्यहाँ मिद्यानीहरुका हजारौं सेनाहरु थिए ?
(**उत्तरः** ताकि गिदोन र उनका मानिसहरुका भरोसा र विश्वास परमप्रभुको शक्तिमाथि होस्) ।

- परमप्रभु परमेश्वरले उहाँले भन्नुभए अनुसार गर्नु नै हुन्छ भन्ने पूर्ण भरोशाको साथ गिदोनले आफ्ना मानिसहरुलाई हजारौं हजार मिद्यानीहरुका विरुद्धमा अगुवाई गरे र परमेश्वरले मिद्यानीहरुलाई गिदोनमा ३०० जना मानिसहरु द्धारा पराजित गराउनुभयो ।

**प्रश्नः** तपाईले पहिलो पल्ट गरेको काम सम्झनुहोस् । तपाईको सफलताको निम्ति त्यो अनुभवको कस्तो भरोशा उत्पन्न गर्‍यो ?
(**उत्तरः** यो चाँही मोटर साइकल हाँक्दाको परीक्षामा सफल भए जस्तै हो) ।

**नम्रता**

"२२ इस्राएलीहरुले गिदोनलाई भने, 'हामीलाई मिद्यानीहरुबाट बचाउनुभयो । अव तपाई हाम्रा शासक हुनुहोस्, तपाईका छोरा र तपाईका नाति ।' २३ तर गिदोनले जवाफ वा उत्तर दिए, 'म वा मेरा छोराले होइन तर परमप्रभुले नै तिमीहरुमाथि शासन गर्नुहुनेछ ।" (न्यायकर्ता ८ : २२ - २३) ।

गिदोनले त्यस ठूलो उपलब्धिको श्रेय लिएनन् । गिदोनले याद गरे कि परमेश्वरले नै वास्तवमा इस्राएलीहरुलाई परमेश्वरको हातबाट छुटकारा दिनुभएको थियो । यसो गर्नुले श्रेय अर्कैलाई दिनु हो अर्थात् मानिसहरुका ध्यान अर्को तिर खिच्नु हो ।

**प्रश्नः** कसरी तपाईले आफ्नो उपलब्धिद्धारा परमेश्वरलाई महिमा वा आदर गर्न चाहनुहुन्छ ?
(**उत्तरः** जव तपाई राम्रो अङ्क प्राप्त गर्नुहुन्छ वा एक सफल फुटबल खेलडी बन्नुहुन्छ वा विद्यालयको कुनै खेलमा सफल बन्नुहुन्छ, याद गर्नुहोस्ः- तपाईलाई त्यो क्षमता दिने परमेश्वर हुनुहुन्छ) ।

गिदोनले जस्तै हामीहरुले पनि नम्र बनी परमेश्वरलाई धन्यवाद दिनुपर्छ हामीसँग भएका क्षमता र पुरा गर्न सकिएका कामहरु र उपलब्धिको निम्ति । तपाईले परमेश्वरमा पुरा भरोसा गर्न सक्नुहुन्छ ती कामहरु जुन उहाँले तपाईबाट गरिएको चाहनुहुन्छ ती योग्यको तुल्याउनुहुन्छ तपाईलाई सामर्थ्य दिएर) । परमेश्वर भन्नुहुन्छ, "तँ वीर योद्धा होस्, …….. जा र तँमा भएको सामर्थ्य प्रयोग गर, ……. के मैले नै तँलाई पठाएको होइन र ?"

अब सम्पूर्ण कथा …….., इलियोतको मृत्युलाई कसैको भनाइमा 'जीवनको बर्बादी' थियो । तर हजारौं संसारका बुबाहरु, स्वच्छाले आ-आफ्ना देशमा प्रचारहरु बन्ने प्रेरणा पाए जिम इलियोतको जीवनबाट । यस्तै अरुहरु मध्येमा इलियोतकी श्रीमती एलिजाबेथ इलियोत एक थिइन् जो आफ्ना श्रीमान्लाई मार्ने अउकास जातिहरु मझमा बसिन् वा जिइन् । यी स्त्रीले अउकास जातिहरुका भाषा सिकिन् र उनीहरुका लागि अउका भाषामा बाइबल उल्था गरिन् । जसको फलस्वरुप कैयौं अउकासहरुले खिष्टलाई प्रभु र मुक्तिदाताको रुपमा आफ्नो जीवनमा स्वीकार र ग्रहण गरे ।

**प्रश्नः** कसरी आज तपाईले आफूलाई परमेश्वरको निम्ति उपलब्ध वा हाजिर गराउन सक्नुहुन्छ ?
(**उत्तरः** उहाँसँग प्रार्थनामा सोध्नुहोस् कि आज तपाईले उहाँको निम्ति के गरेको चाहनुहुन्छ ? र उहाँको उद्देश्यको निम्ति परमेश्वरले तपाईलाई चलाउनु भएको होस् भनि उहाँलाई अनुमति दिनुहोस्) ।

# पाठ - १० : शिमशोन

**पुनरावृत्ति**
**गतहप्ताका प्रश्न र कण्ठपद**
**आजको पाठ पद**

"जसले मलाई शक्ति दिनुहुन्छ, वा (येशुमा)उहाँमा नै म सब कुरा गर्न सक्छु" (फिलिपी ४ : १३) ।

**गुण**
**शक्ति**
**छलफल प्रश्नः**

यदी तपाई संसारको सबभन्दा शक्तिशाली व्यक्ति हुनुभएको भए, आफ्नो शक्तिद्धारा तपाईले कस्ता काम गर्नुहुन्थ्यो ?

**परिचय**

ग्लाडिस अलवार्ड सन् १०४० औं को दशकतिर एक अपरिचित प्रचारकको रुपमा चीनबाट बेलायत फर्के । अलन बरगिस, जसले वि.वि.सी रेडियोको लागि युद्ध सम्बन्धी वीरहरुको श्रिङ्खला तयार गरिरहेका थिए, यो आशा लिएर कि, एक अन्तर साँस्कृतिक प्रचारककको हैसियतले चीनमा सुनेका वीरहरुका गाथा तीनले बताउँछिन् भनेर । "राम्रो होइन", तिनले भनिन्, "म वास्तवमा कुनै वीरहरुको बारेमा जान्दिन ।"

"तपाईको आफ्नै बारेमा चाँही के भन्नहुहुन्छ ?" उनले सोधे, "तपाईसँग केही भन्नुपर्ने कुरा छ कि (एउटा वा दुईवटा) ?" उनले भनिन् "मलाई शंका लाग्छ कि वि.वि.सी रेडियो सुन्नेहरुले मैले कुनै चाख लाग्दो काम गरे भनी भन्नेछन् भनेर ।"

"के तपाई कुनै जापानी आक्रमणकारीको सम्पर्कमा त आउनु भएन ?" उनले सोधे । "अँ", तिनले अनिच्छापूर्वक जवाफ दिइन् । ग्लाडिसले सोचिन् उनको लागि क्षमा दिन योग्य हुने थिएन यदी तिनले अलन बरगिसलाई जापानी लडाकुहरुले मलाई टिसेचोको खेतनतिर गोलि हाने, वा तिनलाई याङचेङमा बम हमला गरियो, लिङ्गचुआङ नीर तिनी ........................ तिनलाई एक पटक ........................ मा राइफलको कुन्दाले हानियो । अन्तमा जिउँदो वा मृत भनी तिनको टाउकोमा मूल्य सुची राखियो वा टाउकोको मोल तोकियो । "कुनै जापानीहरु चाँही धेरै असल छन् भन्ने तपाईलाई थाहा छ", तिनले स्वयंसेविकाको काम गरिन् । "बाहीरी तरहले तपाईको जीवन चीनमा आश्रय लिएर बसेको जस्तो थियो", उनले भने । ग्लाडिसले केही कुरा दिन पऱ्यो । "मैले सियन नजिकैको एक अनाथ आश्रममा केही बच्चाहरुलाई लगे ।" "तपाईले केही पनि भन्नुहुन्न ? उनले रिसाउँदै भने, आफ्नो निराशालाई नलुकाइकन । "बच्चाहरु ? अनाथ आश्रममा रे ?" "अँ, हामीले केही पहाडहरु पार गर्नुपऱ्यो ।" बरगिस प्रफुल्ललित भए । "साँच्चैको पहाड ?", "अँ, म विश्वास गर्छु तपाई त्यसलाई पहाड नै भन्नुहुन्छ । हामी कच्ची बाटोमा हिड्न नसकेकोले हाम्रो निम्ति यात्रा अत्यन्त कठिन भयो । अहो, तब हामीले पहिलो नदी पनिपार गर्नुपऱ्यो ।" "के त्यो त्यही कुख्यात नदी होइन जसले धेरैलाई डुबाउँछ जसलाई चीनको चिन्ता भनिन्छ ?" बर्गेस झन् भन्दा झन् भयभित भए जसै ग्लाडिसले आफ्नो जीवन नियात्रा वर्णन गर्दै रहे । "के त्यसबेला

तपाईलाई खानाको अभाव भयो होला होइन ? अनि तपाईसँग पैसा पनि भएन होला ? तपाई र तपाईसँग भएका सय बच्चा बच्चीहरु जसमध्ये केही बच्चाहरु भरखरै हिड्न सिकेका नाबालकहरु थिए - जोहरु एक महिना सम्म पहाडहरु हुँदो र त्यो पहेंलो नदी हादो हिडे, जापानी घुम्टी गस्ती टोलीहरु र सिघ्र बम वर्षकहरु ? अनि सियनमा तपाईलाई टाइफस, निमोनिया र कुपोषण पिडीत अवस्थामा फेला पर्नुभयो ? अँ, मिस अलवर्ड, मलाई लाग्दछ कि मानिसहरु जसले वि.वि.सी सुन्छन् ले तपाईलाई केही चाखलाग्दो काम गर्नु भयो भनि सोच्नेछन् ..........." ग्लाडिस अलवार्डले अचम्मको बमालको मिहिनेती काम सिध्याएकी थिइन् । आज हामीले यस्तो बाइबलिय वीरको वा शक्तिको बारेमा हेर्नेछौं जो आफ्नो ठूलो शक्तिको स्रोतको समेत हामीसँग उपलब्ध छन् ।

**पुनरावृत्तिः**

यसले इस्राएलको ऐतिहासिक घटनाहरुको चक्रलाई चित्रण गर्दछ जुन न्यायकर्ताहरुको समयमा घटेका थिए । इस्राएलका मानिसहरुले परमेश्वरलाई वा उहाँको आज्ञालाई उति ध्यान दिंदैनथे र आफ्ना वरीपरिका जातिहरुका देवतालाई पुजा गर्दथे । परमेश्वरले इस्राएलका शत्रुहरुलाई तिनीहरु मथि चढाइँ गर्न वा अत्याचार गर्न छोडिदिनुहुन्थ्यो । यसले इस्राएलीहरुलाई परमप्रभुमा बचाऊको लागि पुकारा गर्न परमप्रभुतर्फ नै फकाउँथ्यो । तव परमप्रभुले तिनीहरुका छुटकाराको निम्ति न्यायकर्ताहरुलाई खडा गर्नुहुन्थ्यो । शिमशोन ती न्यायकर्ताहरु मध्ये एक थिए ।

**शिमशोन**

**बचन खण्ड : न्यायकर्ता १३ : १ - ५, २४ - २५**

"१ फेरी इस्राएलीहरुले परमप्रभुको दृष्टिमा जन कुरा खराब थियो त्यही गरे र उहाँले
तिनीहरुलाई चालिसवर्ष सम्म पलिश्तिहरुका हातमा सुम्पिदिनु भयो । २ दानको कुलमा सोरामा
बस्ने एक जना मानिस थिए जसको नाऊँ मानोह थियो र जसकी स्वास्नी बाँझी थिइन् र तिनको
कोही छोराछोरी थिएन । ३ परमप्रभुको दूत ती स्त्री कहाँ देखा परेर तिनलाई भने, "तिमी बाँझी छौं
। ४ अब मैले भने झैँ तिमीले गर्न होशियार होऊ, खादमद्य वा अरु मत्ताएको मद्य नपिउनु र कुनै
अशुद्ध भोजन नखानू, ५ किनभने तिमी गर्भवती हुनेछौं र एउटा छोरा जन्माउनेछौं । त्यसको
कपालमा छुरानलागोस्, किनभने त्यो बालक जन्मेको दिन देखि नै परमेश्वरको निम्ति अलग
गरिएको एक नाजिरी हुनेछ । त्यसले नै इस्राएललाई पलिस्तिहरुका हातबाट छुटाउन शुरु गर्नेछ ।"
"२४ ती स्त्रीले एउटा छोरा जन्माइन् र तिनको नाऊँ शिमशोन राखिन् । त्यो बालक बढ्न लाग्यो र
परमप्रभुले त्यसलाई आशिष्षा दिनु भयो । २५ अनि त्यो सारा र एश्तोलको विचमा भएको महनेह -
दानमा हुँदा परमप्रभुका आत्माले त्यसलाई प्रेरणा दिन लाग्नुभयो ।"

**प्रश्नः** शिमशोन एक नाजिरी थिए । एक नाजिरी हुनु भनेको के हो ?
(**उत्तरः** नाजिरीले कुनै विशेष उद्देश्यको साथ परमेश्वरको सेवा गर्नको लागि विशेष सम्झौता गरेको हुन्छ । प्रायः जसो यस समयमा व्यक्तिले परमेश्वरको महिमाको निम्ति एउटा भाकल गर्नु र सो पुरा गर्नको निम्ति आफैलाई विशेष किसिमले अलग गर्नु भन्ने बुझिन्थ्यो) ।

**प्रश्नः** बाइबल भन्दछ यही की पवित्रात्माले गिदोनलाई सशक्तिकृत गर्नुभयो, पवित्र आत्माले इस्राएलको छुटकाराको निम्ति वा इस्राएललाई पलिश्तिहरुका हातबाट छुटकारा दिनको निम्ति काम गर्न तयार गर्न सुरु गर्नु भन्ने हो) । यहोशुले इस्राएललाई यर्दनपारी प्रतिज्ञाको मुलुकमा मुलुक" त्यही भूमि थियो जुन कनान कहलिन्थ्यो । त्यो भूमि परमेश्वरले अब्राहम र उनका सन्तानलाई दिन्छु भनी प्रतिज्ञा गर्नुभएको थियो । इस्राएलीहरुको निम्ति एउटै समस्या थियो, त्यो चाँही पलिस्तिहरु

त्यहाँ अघिबाटै थिए । त्यसैले त्यसैले इस्राएली र पलिस्तिहरु बीच तीतो सम्बन्ध थियो यसैले दुबैले पालै-पालो गरी एक अर्कालाई आक्रमण गरेर हान्थे । उनको जन्म भन्दा पहिले शिमशोन चाँही परमप्रभुका अर्पण गरिएका थिए इस्राललाई पलिस्तिहरुको थियो मिचोबाट छुटकारा दिने उहाँको उद्देश्यको निम्ति ।

**प्रश्न:** शिमशोनद्धारा इस्राएललाई छुटकारा दिन कसरी परमेश्वरले छान्नुभयो ?
(**उत्तर:** शिमशोनले आफ्नो महाशक्तिद्धारा इस्राएललाई छुटकारा दिए जसै उनले आफ्नो शक्ति पलिस्तिहरु विरुद्ध प्रयोग गरे) । यहाँ दुईवटा उदाहरणहरु छन्:
१) "शिमशोन आफ्ना आमा - बाबुसँग तिम्नामा झरे र जव तिनीहरु त्यहाँका दाखबारीहरुमा पुगे तव एउटा जवान सिहले गर्जदैं शिमशोन आउनुभयो र तिनको हातमा केही हतियार नभएता पनि तिनले त्यस सिहलाई एउटा पाठालाई झैं ज्यातचुत गरिदिए......" (न्यायकर्ता १४ : ५, ६) ।
२) अर्को समयमा, शिमशोनले डोरीले बाँधिएको अवस्थामा तीन हजार पलिस्ति मानिसहरुका हातमा सुम्पिइए । " ....... तव परमप्रभुका आत्मा झट्टतिनीमा आउनुभयो र तिनका पाखुरामा भएका डोरीहरु डढेका सनपाट झै भए र तिनका बन्धनहरु चुडिए । तिनले गधाको एउटा आलो बङ्गणरो भेट्टाएर उठाए , अनि एक हजार मान्छे मारे(न्यागकर्ता(१५:१४-१५)अब शिमशोन यस्तो कुरा गरे जुन मैले पुरा पारिवारिक गतिविधिको रुपमा सिफारिस गर्ने थिइन् : त्यो हो . तिनले एक बेश्यमस
ँ रात बिताए , खेतमा आगो लगाउनु, अनि हजारौ मानिसलाई मार्नु । तर याद गर्नुहोस शिमशोनको उद्देश्यलाई , उनी के को लागि अलग गरिएका थिए गर्भैदेखि , त्यो हो इस्राएललाई पलिस्तीहरुको हातदेखि छुटाउनु । शिमशोनले धेरै शाहसिक विरताका कामहरु गरे , तर उनको कथाको तयार मेरो निम्ति महत्वपूर्ण अर्थ छ । शिमशोनले जानेकी उनको शक्तिको स्रोत कहाँ छ भनेर ।

**प्रश्न:** के परमेश्वरले मानिसरुलाई आज शक्तिको स्रोत के थियो ?
(**उत्तर:** पवित्र धर्मशास्त्र भन्दछ कि परमप्रभुको आत्मा उनमा शक्ति दिनुहुन्छ ? ( उत्तर : येश्र खीष्टमा एक विश्वासीको हैसियतले तपाई र म सँग अनेकौ शक्ति र सामर्थ्यहरु छुन पवित्र आत्माद्धरा शिमशोनम्सलाई अचमको शक्ति दिनुहुने उही पवित्र आत्मा तपाई र ममा जसले येश्र खीष्टलाई मुक्तिदाता र प्राभुकोरुपमा खीकार गर्ने सबै मानिसहरुमा उनीहरुका वा -हामीहरुका) हृदयमा वास गर्नुहुन्छ ।

**प्रश्न:** परमेश्वरले आफ्नो आएमा शिमशोनमा र तपाई र मामा पवित्र आत्मा पटाउने बिचमा आधारभूत फरक छ ।के तपाईलाई थाहा छ त्यो फरक के हो ? ऊ यसबारे वर्णन गर्न सजिलो होस भनेर आउनुहोस् हामी दुई वटा खण्डबाट हेरौ
**१)** पुरानो करारमा दाउदरले (जो पछि इस्राएलका राजा बने ) के लेखेसा सुन्नुहोस : हे परमेश्वर मामा शुद्धहृदय सृजनुहोस , र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवत पार्नुहोस । मलाई तपाईको उपस्थितिबाट नहटाउनुशोस् , नता मबाट तपाईको पवित्र आत्मा लैजानुहोस् (भजनसंग्रह ५१:१०-११) ।

**२)** अब नयाँ करारमा प्रेरित युहन्नाल के लेख्छन् सुनुहोस्: ३७ अब चाडको पछिल्लो दिन, अर्थात् चाठको प्रमुख दिनमा उभिएर येशुले उच्च स्वरमा भन्नुभयो "यदि कोही तिर्खायो भने त्यो मकाहाँ आओस् रपिओस् । ३८ जसले माथि विश्वास गर्दछ , धर्मशास्त्रले भनेअनुसार त्यसको अन्तस्करणबाट जीउँदो पानीका खोलाहरु बीगनिस्कने छ३९ तर यो कुरा उहाँले पवित्र विषयमा भन्नु भएको सम्म दिएको थिएन, किन भने येशुको महिमा असमम्म भएको थिएन -यूहन्ना ७.३७-३९)

**प्रश्न** के तपाई सुन्नुभयो कि यी दुई धर्मशास्त्रका खण्डहरु बिय के भिन्नता छ?
उत्तर . पहिलो खण्डमा , परमेश्वरले पवित्र आत्मा मानिसहरुलाई केही समय अबधिको लागि मात्र दिनुहुन्थ्यो । दोश्रो खण्डमा मानिसहरुले पवित्र आत्मा अहिले प्राप्त गर्छन् ।

पुरानो करारको समयमा र नयाँ करारको सुरुका दिनहरुमा, परमेश्वरले आफ्ना विशेष शद्देश्यहरु पुरा गर्नको निम्ति आफ्ना पवित्र आत्मा कुनै व्यक्तिहरु राख्नु हुन्थ्यो । तापनि परमेश्वरले आफ्नो आत्मा फेरी ती मानिसहरुबाट पुन खिच्नु हुन्थ्यो केही समयपछि शिमशोनलाई पनि यो भयो । शिमशोन दलिला नामको पलिस्ती
केरीसंग प्रेममा फसे। यहि मौका छोपेर पलिस्ती अगुवाहरु दलिला कहाँ आए र भने की आफ्नो सक्तीको रहश्य कहाँ छ सो को रहश्य पत्ता लगाउन त्यसलाई लाभ्याई ताकी सो थाहा पाएर हामी त्यसलाई जित्न सकौं। यसको सट्टामा उनिहरुले तिनलाई धनि तुल्याउने(बाचा) प्रतिज्ञा गरे। त्यसैले दलिलाले शिमशोनलाई दिनदिनै आफ्नो शक्तिको रहश्यको गोपनियता बताइदिन भनि जिद्धि गरेर हैरान पारेकोले आखिरमा शिमशोनले सबैकुरा बताइदिए: " यसकारण आफ्नो गुप्त कुरा तिनले त्यसलाई भनिदिए। तिनले भने, " मेरो कपालमा कहिल्यै छुा लागेको छैन, किन भने जन्मैदेखि परमेश्वरको निम्ति अगल गरिएको एक नाजिरी हुँ, र म अरु मानिस खौरियो भने, मेरो बल मबाट गहहाल्ने छ, र म अरु मानिस जस्तै निर्वल हुनेछु । (न्यायकर्ता १६:१७)

**प्रश्न** किन शिमशोनले आफ्नो कपाल खौरीनु हुदैनथ्यो?
**उत्तर**: **शिमसोनको** कपाल चाहिँ देखावटी बाहिरी चिन्ह थियो जुन उनको र प्रमेश्वरको बिचमा भएको भाकल ( सम्झौता ) को सुचक थियो । शिमसोनको प्रमेश्वरलाई सेव गर्न सम्झौता । जब उनको कपाल काटियो, तब उनि र प्रमेश्वरको बिचको करार भङ्ग हुन्थ्यो र उनलाई शक्तिशाली तुल्याउने पवित्र आत्मा प्रमेश्वरले उनिबाट फिर्ता लगिन्थ्यो। बाइबल भन्दछ, "तिनले सबै गुप्त कुरा बताएका हुन भनेर जक दललाले थाहा पाई, तब त्यसले पलिस्तीहरुका मुखियाहरु आए, र आफ्ना साथमा चादिँ पनि ल्याए। त्यसैले शिमशोनलाई आफ्नो काखमा सुताई र एक जना मान्छेलाई बोलाएर सातैवटा लट्टा खौरिन लगाई। यसरी दलीलाए शिमशोनलाई काबमा पार्न लागी अनि तिनको बल हट्यो। तब त्यसैले बराएर भनि, शिमशोन, पलिस्तीहरु तपाई माथि आइलागे है(न्यायकर्ता १६:१८-२०)।

तथापी नयाँ करारमा परमेश्वले उहाँको पवित्र आत्मा संधैको निम्ति दिनु भएको छ। येसुले के भन्नुभयो सो सुन्नुभयो, "र म पितासँग बिन्ति गर्नेछु, र उहाँले तिमीहरुलाई अर्को सल्लाकार दिनुहुनेछ, र उहाँ तिमीहरुँसग सदसिर्बद रहनुहुनेछ। यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँ नता देख्छ न चिन्छु। तिमीहरु उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरुसँग वास गर्नुहुन्छ,, र उहाँ तिमीहरुमा रहनुहुनेछ"(यूहन्ना १४:१६र १७)।

**प्रश्न:** तपाई कहिले पवित्र आत्मा प्राप्त गर्नुहुन्छ?
**उत्तर**: त्यो क्षण जब तपाई येश्वरलाई आफ्नो जीवनमा आउनलाई निम्तो दिनुहुन्छ, तब पवित्र आत्मा तपाईमा आएर बस्नुहुन्छ र तपाईमा आफ्नो वासस्थान बताउँनुहुन्छ।

**प्रश्न:** के पवित्र आत्माले तपाईलाई फेरी कुनै बेला छोड्नु होला त?
**उत्तर:** परमेश्वरको पवित्र आत्माले तपाईलाई कहिल्यै छोड्नुहुनेछैन।

**प्रश्न:** हामीले पवित्र आत्माबाट शक्ति पाउन केहि उपाएहरु के हुन?
**उत्तर** यहाँ चार वटा खण्डहरुछन् जसले हामीलाई त्यसबारे भन्छन्:
"बुद्धिमान मानिसको शक्ति महान् हुन्छ, र ज्ञानी मानिसको सामर्थ्य बढ्छ" (हितोपदेश २४:५ ) ।

- धर्मशास्त्र भन्दछ कि बुद्धि हक्ति हो र ज्ञान चाहिँ सामर्थ्य हो ।
-

३. जसले -येशूले ) मलाई हक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु - फिलिप्पी ४:१३)
जुन कुरा गर्न तपाईलाई उहाँले अहाउनुहुन्छ,येशुले तपाई शक्ति दिनुहुन्छ जसबाट तपाई सबै कुरा गर्न सक्नु हुन्छ हामी ठिक निर्णय गरेर अनि उहाँले चाहे अनुसारको जीवन जीउनलाई रोक्न सामार्थ्य दिनुहुनेछ ।

२. …………धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ (याइब ५:१६) । प्रार्थना शक्तिशाली छन् ।

४ “अब अन्यमा , प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान होओ। दियावलसका युक्तिहरुका विरुद्धमा गडा सक्नुलाई परमेश्वरका सारा हाततियार धारणा गर (एफिसी ६.१०,११)।
-परमेश्वरको बचनले भन्दछ कि , हामी दण्टको बिरुद्धका लडाईमा छौ र परमेश्वरको बचनले भन्दछ कि , हामी मादण्टको बिरुघका लडाईमा छौ र परमेश्वरको सर्बशक्तिमान, शक्तिले मात्र हामीलाई त्यस दृष्ट विरुद्ध मा खडा हुन सक्ने तुल्याउँछ ।

ग्लाडिस अलवार्डले परमेश्वरको उद्देश्यजुन उनको जीवनमा थियो सो पुरा गर्नलाई प्रमेश्वरको शक्तिमा निर्भर रहे। शिमशोनले एक इशाई भएको नाताले तपाईसँग ठूलो शक्ति छ किन कि परमेश्वरको शामर्थ्यी शक्तिले तपाईमा बास गरेको छ ।
**प्रश्न:** परमेश्वरको लागि कसरी आज तपाई आफ्नो महाशक्ति प्रयोग गर्न सक्नुहुन्छ ?

## पाठ - ११ रुथ

### पुनरावृत्ति

### गतहप्ताको प्रश्नहरु र कण्ठ पद

### आजको पाठको पद

"रुथले जवाफ दिइन्, 'मलाई फर्केर जान र तपाईलाई छोड्न कर नगर्नुहोस् । तपाई जहाँ जानुहुन्छ म पनि त्यही जानेछु । तपाई जहाँ बस्नहुन्छ म पनि त्यही नै बस्नेछु । तपाईका मानिस हरु मेरो मानिसहरु हुनेछन् अनि तपाईका परमेश्वर मो परमेश्वर हुनेछन्" (रुथ १ : १६) ।

### गुण

### भक्ति (समर्पण)

### छलफल प्रश्नः

तपाईका साथीहरुमध्येमा एउटाको बारेमा सम्झनुहोस् । कि उ वा उनी तपाईकी साथी हुन् ? किन तपाईको साथीको निम्ति तपाई एक असल मित्र हुनुहुन्छ ?

### परिचय

अग्नेस बोजाक्स्हिऊ सन् १९१० मा युगोस्लाभियामा जन्मेका थिए र उनले सन् १९२८ मा ........... बन्ने निर्णय गरे । आयसल्याण्डमा छोटो समय बिताएपछि तिनलाई एउटा करारमा भर्ना हुनको निम्ति भारतको उत्तर पुर्वमा अवस्थित शहर दार्जिलिङ्गमा पठाइयो । जब तिनी २१ र्वर्षका भइन् तव तिनले टेरेसा नाम छानिन् र सर्वप्रथम तिनले कन्याहरुको स्कुल कलकत्तामा भू-गर्भ विषय पढाइन् तर शहरमा अरु खाँचोहरु थिए । त्यहाँ कैयौ घरविहिन् मानिसहरु र भिखारीहरु थिए । कुष्ठरोगीहरु र टुहुराहरु गल्लीमा बस्दथे । सन् १९४६ मा टेरेसाले शिक्षिकाको काम छोडिन् खाँचोमा भएकाहरुको वास्ता र स्याहार गर्नको लागि कलकत्तामा फोहोर शहरहरुमा । सन् १९४८ मा तिनी भारतको नागरिक बनिन् । सन् १०५० मा तिनले भिक्षुहरुको/साधुहरुको एक सहायता गर्ने संस्था खोलिन् ।

उनको सुरुको काम चाहीं बाल-बालिकाहरु मझमा कसरी बाल-बच्चाहरुले आफूले आफैलाई वास्ता गर्न सक्छन् भन्ने बारेमा रु आधारभूत सिप जस्तै लेख्ने र पढ्ने बारेमा थियो । सन् १९४९ मा तिनले एउटा समूह खडा गरिन्, आउँदो पाँच वर्ष भित्र मै तिनीसँग कैयौं मानिसहरु सामेल भए । सन् १९५२ मा तिनले मरिहरेकाहरुको लागि कालिघाट होम वा आश्रमको स्थापना गरे र कुष्ठरोगी पिडीतहरुका लागि कुष्ठरोग उपनिवेशको स्थापना गरे । सन् २००० सम्ममा ३००० साधुहरु यही सहयोग संस्थासँग सम्बन्धित थियो जुन सयौं देशहरु प्रचारकहरुमा केन्द्रको रुपमा परिचालित थियो ।

तिनी खाँचोमा भएका र तिनले सहयोग गरिरहेका मानिसहरुका विचमा जिइन् । तिनले खाँचोमा भएकाहरुका माझमा सेवा गरिन् र त्यसको सट्टामा कुनै कुराको आशा नगरीकन सेवा

गरिन् । तिनी साँच्चै नै अक्षर स्वरुप सबैलाई प्रेम र सान्त्वना देखाउनको निम्ति आफ्नो जीवन सुम्पिन् र उनको सेवा देख्दा लाग्छ कि यस दुनियाँमा मोदर टेरेसा जस्तो कोही छैन जसले उनको येशुलाई ठूलो समर्पणता सेवा गरिन् । आजको हाम्रो बाइबल पाठको यस्तो बीरको बारेमा छ जसले ठूलो दया र करुणा देखाइन् तिनको नाम रुथ हो ।

## पृष्ठभूमि

रुथको कथा चाँही न्यायकर्ताह
रुथको समयमा र उहिले नै इस्राएल र मोआब देश बिचको अस्थाई शान्ति सम्झौता भइरहेको बेलाको हो ।

## रुथ

## खण्ड (रुथ १ : १ - १६, २ : १ - १२, ४ : १३ - १७)

१:१ "उहिले नै न्यायकर्ताहरुको शासनकालमा देशमा अनिकाल पर्‍यो अनि यहुदाको बेथलेहमबाट कुनै एउटा मानिस आफ्नी स्वास्नी र दुईभाइ छोराहरुलाई लिएर मोआवीहरुको देशमा देशमा केही समयको लागि बस्नलाई गए । २ ती मानिसको नाऊँ एलीमेलेक थियो तिनकी स्वास्नीको नाऊँ नाओभी र तिनका २ छोराहरुको नाऊँ महलोन र सकल्योन थियो । तिनीहरु यहुदाको बेथलेहमका एपार्टीहरु थिए । तिनीहरु मोआबीहरुको देशमा गए र त्यही बस्न लागे । ३ नाअेमीका लोग्ने एलिमेलेक मरेर तिनी आफ्ना दुई छोराहरुसँग छोडिइन् । ४ यी छोराहरुले नाअेबी स्त्रीहरु विवाह गरे । एउटीले नाउँ ओर्पा र अर्कीको नाउँ रुथ थियो । तिनीहरु त्यहाँ प्राय : दश वर्ष बसेपछि ५ दुवै महलोन र किल्योन पनि मरे । यसरी ती स्त्री आफ्ना मानिसहरुको हेरचाह गरेर तिनीहरुलाई भोजन दिनुभएको छ भन्ने कुरा जव तिनले मोआब देशमा सुनिन् तव नाओमी र तिनका बुहारीहरु त्यहाँबाट घर फर्कन तयार तयार गर्न लागे । ७ तव आफ्ना दुई बुहारीलाई साथमा लिएर आफू बसेको ठाऊ तिनले छोडिनु र आफ्नो घर यहुदाको बाटो लगिन् । ८ तव नाओमीले आफ्ना दुई बुहारीलाई भनिन्, "तिमीहरु सबै आफ्नो-आफ्नो माइतीघर फर्क । जसरी तिमीहरुले ती मरिसकेकाहरु र म प्रति दयापूर्ण व्यवहार गरेका थियौं, त्यसरी नै परमप्रभुले पनि तिमीहरुप्रति दयार्णि व्यवहार गरुन् ।" ९ अनि उहाँले तिमीहरु प्रति दुवैलाई तिमीहरुका आफ्ना-आफ्ना भविष्यका पतिका घरमा सुरक्षित राखुन् ।" तव तिनले उनीहरुलाई चुम्बन गरुन्, र तिनीहरु डाँको छोडी-छोडीकन रोए । १० त्यसपछि उनीहरुले तिनीलाई भने, "हामी तपाईका मानिसहरुकहाँ तर्पासँग जानेछौं ।" ११ तर नाओमीले भनिन्, "हे मेरा छोरी हो, फर्क,, तिमीहरु किन मसँग आउने ? के तिमीहरुका पति हुनलाई म अझै छोराहरु जन्माउन सक्छुर ? १२ फर्क मेरा छोरी हो जाऊ । किनकी फेरी विवाह गर्नलाई क बुढी भइसकेकी छु । नानी पाउन अझै आशा भए र मैले आज राती नै विवाह गरेर छोराहरु पाँए भने पनि १३ तिनीहरु बढुञ्जेल पर्खन्छौ र ? के तिमीहरु विवाह नगरी बस्छौं ? होइन, होइन मेरा छोरी हो, परमप्रभु मेरो विरुद्धमा हुनुभएकोले मेरो अवस्था तिमीहरुको भन्दा खोटो छ ।" १४ तव तिमीहरु फेरी डाँको छोडी-छोडीकन रोए । त्यसपछि ओर्पाले आफ्नी सासुलाई चुम्बन गरेर आफ्ना मानिसकहाँ फर्केर गइन, तर रुथचाँही तिनीसँगै टाँसिरहिन् । १५ तव नाओमीले भनिन्, "हेर त, तिमी बहीनी त आफ्ना मानिसहरु र आफ्ना देवताहरु कहाँ फर्केर गई । तिमी उसितै फर्केर जाऊ ।" १६ रुथले जवाफ दिइन्, "मलाई फर्केर जान र तपाईलाई छाड्न कर नगर्नुहोस् । तपाई जहाँ जानुहुन्छ म पनि त्यही नै जानेछु । तपाई जहाँ बस्नुहुन्छ म पनि त्यही नै बसनेछु । तपाईका मानिसहरु मेरा मानिसहरु हुनेछन् अनि तपाईका परमेश्वर हुनेछन् ।

**प्रश्नः** रुथका कुन दुईवटा गुणहरु यहाँ यस कथामा देखाइएका छन् ?
**उत्तरः** दया र समर्पणता ।

**रुथको दया**

**प्रश्नः** रुथले आफ्नी सासु नाओमीप्रति कसररी दया देखाइन् ?
**उत्तरः** आफ्नो लोग्नेको निधनपछि रुथ आफ्नी सासुसँगै रहनु पर्ने कुनै बाध्यता नभए ता पनि, रुथले आफ्नी सासु नाओमीसँगै रहिरहेर उनलाई दया देखाइरहन छानिन् । उनले तिनलाई वा आफ्नी सासुलाई एक्लै रहन वा हुन छोडिनन् । पवित्र शास्त्र भन्दछ, "………. जसरी तिमीहरुले ……… म प्रति दयापूर्ण व्यवहार गरेका थियौं, त्यसरी नै परमप्रभुले पनि तिमीहरुप्रति दयापूर्ण व्यवहार गरुन् ( पद ८ ग) ।

**रुथको समर्पणता**

**प्रश्नः** रुथले नाओमी प्रति आफ्नो समर्पणता कसररी देखाइन् ?
**उत्तरः** रुथले परमेश्वर, नाओमी र इस्राएलप्रति पूर्णरुपले समर्पित हुन इच्छुक थिइन् ।

"तपाई जहाँ जानुहुन्छ म पनि त्यही जानेछु । ……… तपाईका मानिसहरु मेरा मानिसहरु हुनेछन्, अनि तपाईका परमेश्वर मेरो परमेश्वर हुनेछन्" (पद - १६) यस समर्पणता जुन रुथले नाओमीप्रति देखाइन् सो किसीमको प्रेमले परमेश्वरको आज्ञा पुरा गर्छ, "तर आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर" (लेवी १९ : १८) । रुथले नाओमीका चाहनालाई आफ्ना चाहना भन्दा माथिल्लो ठानिन् ।

**प्रश्नः** रुथको नाओमीप्रतिको दया र समर्पणता कुन कुरा नौलो र सँधै भइरहने भन्दा फरक थियो ?
**उत्तरः** त्यस अवस्थाई शान्ति भन्दा पहिल्यै देखि इस्राएल र मोआब देश वीचमा तीतो सम्बन्ध रहँदै आएको थियो । त्यसैले यद्यपी त्यहाँ त्यस बेला अस्थाई शान्ति भएतापनि ती दुई दलेश बीचमा भित्र-भित्रै रिस राग अझ छँदैथियो । एक अर्का बीचमा । त्यसैले यसले निक्कै अर्थ लाग्यो कि रुथले आफ्नी सासुकी इच्छार चाहना भन्दा अझै माथि ठानिन् ।

नाओमी र रुथ यहुँदीयाको फर्केर सानो शहर बेथलेहेममा आइपुगे । अव यस्तो भयो कि नाओमीका एक जना नातेदार थिए र जो समूदाय गनिएका र हुनेखाने थिए । उनको नाउँ बोअज थियो रुथ र नाओमी गरीव थिए त्यसैले उनी हरुसँग केही सम्पत्ति थिएन । त्यसकारण एकदिन रुथ शहर नजिकै शिलाबाल्क बटुल्न खेतमा गइन् ।

**प्रश्नः** यो कसरी सम्भव थियो कि रुथले कुनै समस्या विना नै अरुको खेतबाट शिलाबाला बटुल्न सक्थिन् ?

**प्रश्नः** ती दिनमा यहुँदी यस्तो व्यवस्था थियो कि गरीबहरुले कटनी गर्दा खेतमा छोडीदिए शिलावाला बटुल्न पाउँथे ।

**प्रश्नः** तपाईलाई के भन्दछ कि रुथ कसको खेतमा गइन् ?

**उत्तरः** जसै रुथ शिला-वाला बटुल्न गइन् तिनले आफैलाई बोअजको स्वामीत्व भएको खेतमा पाइन् ।

बेथलेहम एउटा सानो शहर थियो, जहाँ मानिसहरुले एक अर्कालाई सजिलै चिन्न सक्छन् । त्यसै गरी बोअजले रुथलाई आफ्नो खेतमा शिला-बालाच बटुल्दै गर्दा भेटे । तिनी शहरमा नौली भएकीले उनले मानिसहरुकहाँ सोधे कि उनीको थिइने भनेर । जव उनले थाहा पाए कि उनी को थिइन् भनेर तव उनले अझै उनी प्ति विशेष निगाहाको दृष्टिले हेर्दै व्यवहार गर्न थाले ।

**रुथ २ : ८**

"तब बोअजले रुथलाई भने, "ए मेरी छोरी सुन त, अरु खेतमा गएर शिलाबाला नखोज टाढा पनि नजाऊ तर मेरा ठिटीहरुसँग यतै खोज । ९ मानिसहरुले फसल काटेका ठाऊँ हेर, शिला-बाला बटुल्नेहरुका पछिपछि लाग । तिमीलाई नछुनू भनी मैले यी मानिसहरुलाई आज्ञा दिएको छु । तिमीलाई तिर्खा लाग्यो भने गएर मानिसहरुले भरी राखेका गाग्राहरुको पानी खाऊ ।" १० तव रुथले तिनको सामुन्ने झुकिन र तिनलाई दण्डवत् गरेर भनिन् । म विदेशी हुँ भनी जानेर पनि हजुरले किन यति कृपा गर्नुहुन्छ ? ११ बोअजले भने, "आफ्नो लोग्नेको मृत्युपछि तिमीले आफ्नो सासुप्रति गरेका सबैकाम मलाई मानिसहरुले भनेका छन् । तिमी आफ्ना आमा-बाबु र आफ्नो जन्मभूमि छोडेर अपरिचित जातिकहाँ आयौं । १२ परमप्रभुले तिम्रो कामको पुरस्कार तिमीलाई दिउन् । जसको छत्रछाँयामुनि शरण लिनलाई तिमी आएका छौं उनै परमप्रभु इस्राएलका परमेश्वरले प्रशस्त उपहार दिउन् ।" १३ तिनले भनिन्, "म हजुरकी कमारी नभएतापनि हजुरले साँच्ची नै मलाई शान्ति दिनु भएको छ र दयाको कुरा गर्नुभएको छ । हजुरको निगाहा पाइरहूँ ।" १४ जब खानेबेला भयो तव बोअजले तिनलाई भने, "यहाँ आएर केही खाऊ, र तिम्रो रोटी सिर्कामा लचोप ।" तव तिनी कटनी गर्नेहरुसँगै बसिन्, र बोअजले तिनलाई केही भुटेको अन्न दिए । तिनले परेटभरी खाइन् र केही बोअजले केही उबारेर राखिन् ।

**प्रश्नः** बोअजले रुथलाई किन मायाँ वा कृपा गरे होलान् भन्ने बारे तपाईलाई के लाग्छ ?
**उत्तरः** उनको छिमेकी नाओमीलाई रुथले दयापूर्ण व्यवहार गरेकीले नाओमी जो उनकी नातेदार थिइन् ।

"बोअजले भने, 'आफ्नो लोग्नेको मृत्युपछि तिमीले आफ्नी सासुप्रति गरेका सबै काम मलाई मानिसहरुले भनेका छन् । तिमी आफ्ना आमा-बाबु र आफ्नो जन्मभूमी छोडेर अपरिचित जातिकहाँ आयौं । १२ परमप्रभुले तिम्रो कामको पुरस्कार तिमीलाई दिउन् । जसको छत्रछाँयामुनी शरण लिनलाई तिमी आएकी छौं उनै परमप्रभु इस्राएलका परमेश्वरले प्रशस्त उपहार दिउन् ।" (रुथ २ : ११ - १२) । तर सार चाँही रुथ २ : ८ - १२ भित्रबाट साभार गरिएको छ । (For more clearity while editing) ।

यस भन्दा बढी अगणनीय बचन कहिल्यै बोलिएको थिएन । बोअजले नोओमी र रुथको निरन्तर हेरचाह गरिरहेको र रुथलाई आफ्नी पत्नीको रुपमा लिए ।

**प्रश्नः** के तपाईलाई थाहा छ कि कसरी परमेश्वरले तपाई र मलाई रुथको साथसाथै आशिष वा इनाम दिइएका छौं ?
**उत्तरः** तिनको दयालुपना र समर्पणताको गुणको कारणले परमेश्वरले तिनको जीवनबाट संसारको उद्धारको योजना बनाउनु भयो । तपाई देख्नुहुन्छ कि परमेश्वरले बोअज र रुथलाई एउटा छोरा दिनुभयो तिनीहरुले उसको नाम ओबेद राखे ओबेद यिशैका पिता बने ।

**प्रश्नः** के तपार्यलाई थाहा छ, यिशैको छोरो को थिए ?
**उत्तरः** दाउद जो इस्राएलको राजा भए । दाउदको वंशबाट योसेफ जन्मे जो मरियको पति थिए, त्यही मरियम जो येशु प्रभु जो खिष्ट पनि हुनुहुन्छ उहाँ यही वंशबाट जनमिनु भएको

**प्रश्नः** यस कथाले परमेश्वर र हाम्रो बारेमा कुन सत्यता प्रकट गर्दैछ ?
**उत्तरः** प्रत्येकको निम्ति परमेश्वरसँग योजना र उद्देश्य छ । परमेश्वरले आफ्नो उद्देश्य पुरा गर्नलाई सँधै सबभन्दा धनी, सबभन्दा बलियो कि सबै भन्दा ठूलोलाई छान्नुहुन्छ ।

रुथको कथा एक दया र समर्पणताको वा समर्पित आराधनाको अरुहरु प्रति समर्पित हुन उत्साह दिन्छ ।

**प्रश्नः** हामी परमेश्वरप्रति समर्पित हुने उपायहरु के के छन् ?
**उत्तरः** अरुहरुप्रति दयालु हुनु जस्तो परमेश्वर तपाईप्ति दयालु हुनुहुन्छ, तपाईको शरीरप्रति कस्तो व्यवहार गर्ने भन्ने बारेमा असल निर्णय गरेर यसमा कस्ता खालमा निर्णयहरु गर्ने विचारहरु तपाई गर्नुहुन्छ भन्ने कुराहरुमा निर्भर गर्दछ ।

**प्रश्नः** किन तपाईको मनमा आएका विचारहरुका निम्ति असल निर्णय महत्वपूर्ण छ ?
**उत्तरः** याद गर्नुहोस कि तपाईको मनमा पसेका कुराहरु त्यहाँ रहन्छ । जति सक्दो असल र शुद्ध कुराहरु तपाईको शब्द र सार के हो शुद्ध वा अशुद्ध कस्तो छ भन्ने कुरामा निश्चित हुनुहोस् । के तपाईको मनमा घरी-घरी दोहोरिएका कुरा कतै हिंसा अनुचित व्यवहार त होइन ?

**प्रश्नः** तपाई अरुहरु प्रति समर्पित हुनसक्ने के पाएहरु छन् ? ती हुन्:

- “.............. स्थिर भई प्रार्थनामा लागिरहे” (कलस्की ४ : २) ।
- बाइबल अध्ययन र (प्रार्थनाद्धारा) वा गर्दै परमेश्वरसँग समय विताउनुहोस् ।
- “आफ्ना बाबु र आमालाई आदर गर” (प्रस्थान २० : १२) । आफ्ना आमा बाबुलाई र परिवारमा सदस्यहरुलाई आदर गर्न आज्ञाकारी बन्न अभ्यास गर्नुस् ।
- “भातृ प्रेमसँग एक -अर्कालाई प्रेम गर । आफूलाई भन्दा बढी अरुलाई आदर गर” (रोमी १२ : १०) ।
- “.......... आफूलाई असल काममा कायम राख्न होसियार रहन किनकी यी कुरा मानिसहरुका लागि उत्तम लाभदायक छन्” (तीतस ३ : ८) ।
- जे असल छ त्यही गरेर मात्र आफ्नो समय गुजार्नुहोस् ।

**प्रश्नः** तपाई कसरी भन्न सक्नुहुन्छ कि कुनै काम या निर्णय असल छ भनेर ?
**उत्तरः** (यसबारेमा यदी तपाईलाई हिजकिच लाग्छ भने ठिक निर्णय गर्न सकिन्छ भनेर अनुभवी मानिसहरुको वा शुभ चिन्तकहरुको सल्लाह खोजन राम्रो छ निर्णय गर्न अघि नै) ।

## पाठ - १२ : शमुएल

**दोहोऱ्याउनु**

**गत हप्ताको कण्डपद र प्रश्न**

**आजको पाठको पदः**

"अनि बालक शमूएल कदमा तथा परमप्रभु मानिसहरुका निगाहामा बढ्दै गए" (१ श्मूएल २ : २६)।

**गुणहरु**

**आज्ञाकारिता र समर्पणता**

**छलफल प्रश्न**

परिवारमा तपाईको के जिम्मेवारी छ ?

**क्रियाकलाप**

तपाईलाई निम्न कुरा चाहिन्छ :
(१) एउटा चम्चा
(२) खाने तेल
(३) पानी
(४) रङ्गीन चामल वा खानामा राख्ने रङ्ग
(५) एउटा भाँडो वा एक कर्क वा विर्को सहितको सोडा बोत्तल ।

दुई चम्चा पानी भाँडोमा राख्नुहोस् र केही थोपा रङ्गयाउने रङ्ग हाल्नु होस् । फेरी दुई चम्चा खाने तेल मिसाउनुहोस् । भाँडोमा बिर्को लगाएर जोडले हल्लानुहोस् । जव पानी र तेल मिसाइयो तव के भयो भन्ने बोरमा कुरा गर्नुहोस् । किन यस्तो भयो भन्ने तपाईले ठान्नुहुन्छ ?
**उत्तरः** (तिनीहरु एउटै बस्तुबाट बनिएका होइनन्) । तपाईले भाँडो हल्लाउँदा पानी र तेल मिसिनु पर्ने हो तर जव तपाईले भाँडो हल्लाएर राख्नुहुन्छ तव ती दुवै एक अर्कामा छुट्टिन्छन् ।

**परिचय**

लिन ह्यूओ-पिङ्गले ज्यादै छोराको चाहना गर्थे । "हे प्रभु", तिनले प्रार्थना गरिन् । "यदी तपाईले छोरा नै दिनु भयो भने मात्र यस बच्चालाई तपाईको निम्ति म दिनेछु ।" आफ्नो बचन अनसार नै ह्यू-पिङ्गले आफ्नो छोरा परमेश्वरको सेवाको निम्ति यस्तो नाऊँ चाहन्थ्यो जसले मिसनसँग सम्बन्धित आफ्नो जीवनको सकेत गरोस् । परमेश्वरको बचन प्रचार गर्दै र परमेश्वरको प्रेम आफ्ना मानिसहरु माझ बाँड्दै । उनले छानेको नामको अर्थ हुन्छ । "पहरेदार" वा वाच्म्यान ।

वाच्म्याननीको प्रचारले चीनमा धेरै घरेलु मण्डलीहरु सुरु भए । यी मण्डलीहरु कम्यूनिष्टहरुको मण्डली बन्द गर्ने प्रयासका बावजुद पनि अझै निरन्तर जारी रहिरहेका छन् । वाच्म्याननी को मृत्यु जेलमै भयो जव उनी गिरफ्तार गरिएर त्यहाँ राखिए वा उनको पनि संसार भरी नै कैयौं मानिसहरुलाई शिक्षा दिइरहेको छ : (विरहरुको कथा । (गाथा, डेभ र निता ज्याक्सन द्वारा, बेथानी हाउस् सन् १९९७, पृष्ठ ९३ - ९४ बाट साभार गरिएको) ।

वाच्म्यान नी आफ्ना वरीपरीकासँग मिसिएनन् । आजको पाठ यस्तो एक केटोको बारेमा छ जो आफ्ना परीपरीका समाज वा संसाररिक वातावरणको प्रभावमा कहिल्यै परेनन् बरु अलग रहे । तर हामीले यो पत्ता लगाउनेछौं की कसरी उनले परमेश्‍वरको आदर गरेर कसरी परमेश्‍वरले तिनको आदर गर्नुभयो) ।

**पृष्ठभूमी**

शमूएलको आमाले उनलाई जन्मनु भन्दा पहिल्यै परमेश्‍वरमा अर्पण गरे र उनी भेट हुने पालमा परमेश्‍वरको पवित्र स्थानमा उहाँको सेवा गर्दै हुर्के र बढे (उनी पालमा सेवा गर्थे किनभने यरुशेलमको मन्दिर अझै पनि निर्माण गरिएको थिएन) । शमूएल न्यायकर्ता मध्ये इस्राएलको असन्तिम न्यायकर्ता र अगमवक्ताको रुपमा परमेश्‍वरले प्रयोग गर्नुभयो जसले इस्राएलको इतिहासमा पार्थिव राज्य इस्राएलमा सुरु गरे ।

**शमूएल**

**बचन खण्ड : १ शमूएल छानिएको**

एलकना नामका एकजना मानिस थिए जसको हन्ना नामको श्रमिती थिइन् । तिनी आफ्नो श्रीमान्‌को लागि कुनै सन्तान जन्माउन सकेकी थिइनन् । एक दिन तिनजले प्रार्थना गर्दै परमेश्‍वरमा एउटा भाकल गर्दै भनिन्, "………. हे सर्वशक्तिमान परमप्रभु, यदी तपाईले मेरो दुःख बुझेर म माथि कृपा -दृष्टी गर्नुभयो र मलाई सम्झनुभयो, अनि यदी तपाईले मलाई भुल्नुभएन र एउटा बालक दिनुभयो भने म त्यस बालकलाई त्यसको जीवनपर्यन्त परमप्रभुमा समर्पण गर्नेछु र त्यसको कपालमा कहिल्यै छुरा लाग्नेछैन ।" (१ श्मूएल १ : ११) ।

**प्रश्न:** हामीले भरखरै वा पहिला कुरा गरेको अर्को बाइबल हिरो (वीर) को हो, जसको जन्म भन पहिल्यै परमप्रभुमा समर्पण गरिएको थियो ?
**उत्तर:** (शिमसोन) ।

परमेश्‍वरले हन्नाको प्रार्थना सुन्नुभयो र शमूएल नामको एक बालक दिनुभयो । हन्नाले शमूएलले दुध खान नछोडे सम्म हुर्काएपछि आफ्नो भाकल पुरा गर्न तिनलाई मन्दिरमा ल्याइन् । तिनले शमूएललाई एली कहाँ ल्याइन् जो एक पुजाहारी थिए र भनिन्, "२७ यही बालकको निम्ति मैले प्रार्थना गरेको थिएँ, अनि मैले मागेको कुरा परमप्रभुले मलाई दिनुभयो । २८ अव यसलाई परमप्रभुकहाँ नै म अर्पण गर्दछु । यसको जीवन भरी नै त्यो परमप्रभुमा अर्पण गरिएको हुनेछ । अनि तिनीहरुले त्यहाँ परमप्रभुको आराधना गरे" (शमूएल १ : २७, २८) ।

**प्रश्न:** हामीले शमूएलको बारेमा जानेको पहिलो गुण के हो ?

**उत्तर:** (उनले परमेश्वरको आराधना गरे) । एकदमै जवान उमेरमै, उनले परमेश्वरलाई व्यक्तिगत रुपमा चिन्न अगावै, शमूएल परमप्रभुको आराधना गरे ।

**प्रश्न:** हामीले परमेश्वरको आराधना गर्ने उपायहरु के हुन् ?
**उत्तर:** (प्रार्थना, प्रशंसा, भजन, प्रवृत्ति र व्यवहार आदी) ।

बाइबलका अरु तीन पदहरु छन् जसले हामीलाई शमुएलसनका चरित्रको बारेमा बताउँछन्:
१. पुजाहारी एलीका दुई छोराहरु थिए जसका परमेश्वरप्रति कुनै श्रद्धा थिए तर निरन्तर खराबै भयो/थिए । "तर बालक शमुएल मलमलको एपोद लगाएर परमप्रभुको ससेवामा निरन्तर लागिरहे" (१ शमुएल २ : १८) ।

**प्रश्न:** तपाईले के चाल पाउनुहुन्छ जव साना भाई वा बहिनी आफ्ना ठूला दिदी वा दाईसँग बसेका हुन्छ ?
**उत्तर:** साना-भाई बहीनीले हमेशा वा सँधै आफ्ना ठुल दिदी वा दाइको व्यवहारको नक्कल गर्छन् ।

**प्रश्न:** तपाईलाई के लाग्छ कि शमुएलले कि आफ्ना अग्रजको नक्कल किन गरेनन् होला ?
**उत्तर:** धर्मशास्त्रले भन्दछ कि शमुएलको आफैलाई परमप्रभुको सामु ठिक राखे ।

**प्रश्न: बुबाहरु:** किन तपाईका छोरा-छोरीहरुलाई परमेश्वरको बचन सिकाउन महत्वपूर्ण छ ?
**उत्तर:** ताकी तिनीहरुले पनि शमुएलले जस्तै परमेश्वरको आदर गर्न सिकुन् र बचन अनुसार जीवन यापन गर्न सिकुन् ।
२. " ………… उता बालक शमुएल परमप्रभुको सामुन्ने बढ्न लाग्यो" (१ श्मुएल २ : २१ ख) ।
एलीका दुई छोराहरुले जस्तै शमुएलले परमेश्वरलाई वा आफ्नो जीवनमा परमेश्वरका कामलाई बन्द गरेनन् बरु उनले परमेश्वरको बचनलाई आदर गरे र उहाँका आदेशहरु पालन गरे ।

**प्रश्न:** कसरी तपाईका परिवार परमेश्वरको उपस्थितिमा बढ्न सक्छ ?
**उत्तर:** प्रार्थना, आराधना र बाइबल अध्ययनमा आदी ।

२. "अनि बालक शमुएल कदम तथा परमप्रभु र मानिसहरुका निगाहमा बढ्दै गए" (१ शमुएल २ : २६)
**प्रश्न:** बाइबलले भन्दछ कि शमुएल कदमा बढ्दै गए ।

**प्रश्न:** कद शब्दको अर्थ के हो ?
**उत्तर:** यहाँ कदको अर्थ अरुहरु माझ ठिक प्रकारले रहनु हो । परमेश्वरप्रतिको सेवा र समर्पणताको कारण शमुएल आदर गरिएका थिए ।

**प्रश्न:** कसरी तपाई परिवार र समुदायमा र मानिसहरु माझमा कदम बढ्न सक्नुहुन्छ ?
**उत्तर:** शमुएलका पाइला पछ्याउनुहोस् । तपाईको अघि परमेश्वरलाई राख्नुस् र ती काम गर्नुहोस् जुन काम गर्दा आदर कमाइन्छ ।

**प्रश्न:** अरु के उपाए छन जुन गरेर तपाईले परमेश्वरको अघि समय बिताउन सक्नुहुन्छ ?

**उत्तरः** तपाईले आफ्नो मनभरी परमेश्वरलाई राख्न सक्नुहुन्छ, उहाँले तपाईलाई दिनुभएको क्षमताहरुलाई लिएर उहाँको सेवा गर्दै रहनुहोस् र उहाँप्रति समर्पित रहनुहोस् ।

शमुएलको जीवन एउटा अर्को पाटो छ जसको बारेमा हामीले कुरा गर्नुपर्छ । धर्मशास्त्र भन्दछ, “अब शमुएलले अझ सम्म परमप्रभुलाई चिनेका थिएनन् । परमप्रभुको बचन तिनलाई प्रकट गरिएको थिएन” (१ शमुएल ३ : ७) । त्यो समयमा शमुएलले सब समय परमेश्वरलाई कसरी सेवा गर्न सकिन्छ सो सिक्दै परमेश्परको आज्ञा पालन कसरी गर्नुपर्ने हो भन्ने कुरा सिक्दै थिए तर उनले अझ सम्म परमेश्वरलाई व्यक्तिगत रितले चिन्दैनथे र उनको जीवनको लागि परमेश्वर योजना जान्दैनथे ।

**प्रश्नः** शमुएलको जीवनको लागि परमेश्वरको योजना के थियो ?
**उत्तरः** इस्राएल राष्ट्रलाई अगुवाई गर्नु र इस्राएलका सम्पूर्ण मानिसहरुलाई परमेश्वरको सन्देश दिनु थियो ।

**प्रश्नः** किन शमुएललाई परमेश्वरसँग समय विताउन अनि परमेश्वरको आज्ञा पालन गर्न एवं उहाँको सेवा गर्न सिक्नु महत्वपूर्ण थियो ?
**उत्तरः** मोशा र यहोशु जस्तै शमुएल पनि परमेश्वरले उनलाई दिन लाग्नु भएको जिम्मेवारी लिन उनी पूर्णरुपले तयारी हुन जरुरी थियो ।

**प्रश्नः** शमुएलले किन व्यक्तिगत रुपले परमेश्वरलाई चिन्न जरुरी थियो ?
**उत्तरः** ताकी शमुएलले परमेश्वर सामान्य रितिले जान्ने मात्र नभएर वास्तविक रुपमा परमेश्वरलाई चिनुन् । शमुएल ईस्राएलीहरुका लागि परमेश्वरको प्रतिनिधि थिए । यदी शमुएलले परमेश्वरलाई व्यक्तिगत रितिले नचिनेका भए, उनले परमेश्वरको राम्रो प्रतिनिधित्व गर्न गाह्रो हुने थियो ।

**प्रश्नः** किन तपाईको निम्ति परमेश्वरसँग समय बिताउनु र कसरी परमेश्वरको सेवा गर्नु अनि कसरी उहाँको आज्ञाकारी हुनु भनि सिक्नु महत्वपूर्ण छ ?
**उत्तरः** शमुएललाई जस्तै तपाईको जीवनको निम्ति पनि परमेश्वरको योजना र उद्देश्य छ ? परमेश्वरले तपाईलाई तयार हुनु भएको र ती जिम्मा समाल्नु भएको र अशल काम गर्नु भएको चाहनुहुन्छ ?

**प्रश्नः** आज तपाईको निम्ति परमेश्वरको सबै भन्दा गम्भिर इच्छा के हो ?
**उत्तरः** परमेश्वरको सबैभन्दा गम्भिर इच्छा तपाईको निम्ति यही हो कि तपाईले उहाँलाई व्यक्तिरितिले चिन्नुहोस् भन्ने हो धर्मशास्त्र भन्दछ, “साारा जगत प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ ?” -मत्ती १६ : २६) । तपाईले आफूले चाहेका सबै कुराहरु हुन सक्छ, तपाईले अरुहरुको निम्ति धेरै असल असल तथा भलाईका कामहरु गरेको हुन सक्छ तपाई सबै खेलहरुमा पोख्त हुन सक्नुहुन्छ, तपाई वरीपरी सबै असल साथीहरुले खचाखच हुन सक्नुहुन्छ तर तपाई परमेश्वरसँगको व्यक्तिगत सम्बन्ध विना रित्तो जीवन हुन सक्छ र हुन्छ पनि यदी उहाँसँगको सम्बन्ध छैन भने । शमुएलले हामीलाई देखाए जस्तै परमेश्वरले तपाईको आराधना, आदर, सेवा अनि आज्ञाकारिता चाहनुहुन्छ तर उहाँले खास गरी चाहनु भएको कुरा यही हो कि तपाईको हृदय येशु दखष्टिले भरिएको वा खष्टिको उपस्थितिले भरिपूर्ण भएको केवल खीष्ट तपाईको हृदयमा वास गरेको मात्र होइन ।

**प्रश्नः** के तपाईले येशुलाई व्यक्तिगत रितिले चिन्नुहुन्छ ? के तपाईले येशुलाई आफ्नो हृदयको ढोका खोलेर भित्र आउन स्वागत गर्नु भयो ताकि उहाँ तपाईको हृदय आएर बास गरुन् र त्यहाँ जीउनु भएको होस् ?

येशु भन्दछ, "हेर, म ढोकामा उभिएर ढकढकाउछु। कसैले मेरो सोर सुनेर खोलिदियो भने, म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु र त्यसले मसँग खानेछ। (प्रकाश ३ : २०)। यदी तपाईले आफ्नो हृदयको ढोका पहिला कहिल्यै खोल्नुभएको छैन भने, येशु चाँहीं भित्र आउन चाहना गर्दै ढोकैमा पर्खिरहनु भएको छ र उहाँ तपाईकहाँ भित्र आउनुहुनेछ र तपाईलाई अचम्म र उदेक रितिले बदल्नुहुनेछ - यदी तपाईले उहाँलाई बोलाउनुभयो भने।

## पाठ - १३ शाउल (भाग - १)

### दोहोऱ्याउने

### गत हप्ताको प्रश्न र कण्ठ पद

### आजको पाठपद

"आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख र तेरो आफ्नै समझशक्तिमा भर नपर, आफ्ना सारा मार्गमा उहाँलाई सम्झी उहाँले तेरा मार्गहरु सोझा तुल्याईदिनुहुनेछ" (हितोपदेश ३ : ५ र ६) ।

### गुणहरु

### आज्ञाकारिता र आराधना

### छलफल प्रश्नः

यदी तपाई नेपालको राष्ट्रपति चुनिनु भएको भए तपाईले गर्ने पहिलो काम के हुने थियो ?

### परिचय

उहाँको विषयमा यसो भनिएको थियो कि, "जव उनको आफ्नै आत्मा वा उनको प्राणलाई येशु ख्रिष्टको जरुरी भएको पाए तव यो उनको निम्ति एक प्रज्वलित चाहना बन्यो कि उनले येशु ख्रिष्टलाई प्रत्येक आत्मा (व्यक्ति) कहाँ पुऱ्याउन ।" ४४ वर्षको उमेरमा उनलाई एक अचम्मको आराहिनता वा बेचैनी आयो । उनले यो देखे कि सयौं आत्माहरु बाँचेका र दर्जनौं चर्चहरु (मण्डलीहरु) खडा भएको तर उनको प्राण यस्तो चाहनाले जल्यो कि उनले आफ्नो प्रभुको प्रतिज्ञा पुरा गरुन्, "साँच्चै म तिमीलाई भन्दछु जसले मलाई विश्वास गर्दछु, त्यसले मैले गरेका काम पनि गर्नेछु, र तीभन्दा ठूला कमा पनि गर्नेछ ........... (युहन्ना १४ : १२) ।

चाल्स फिनीले लेख्नुभएका एक पुस्तक पढेर जो १८ औं शताब्दीको मध्यको अन्ततिरका एक प्रचारक थिए जसले भन्थे कि प्राकृतिक कटनी जस्तै आत्मिक कटनी पनि अति नै वास्तविक त्यति बेला बन्दछ जव आत्मिक नियमले आतिमक कटनीमा काम गर्दछ जव मानिसहरुले येशु ख्रिष्टलाई आफ्नो व्यक्तिगत जीवनमा ग्रहण गर्दछन् उनी भन्थे, "म यी आत्मिक नियम के हुन भन्ने पत्ता लगाउन र पालन गर्न गईरहेको छु, कुनै सरोकार छैन कि चाहे जतिसुकै मुल्य चुकाउन किन नपरोस ।"

उनले पवित्र आत्माको अगुवाईमा बाइबलका प्रत्येक खण्ड स्व-ईच्छा पूर्वक अध्ययन गर्न सुरु गरे । उनी नियमित रुपमा प्रत्येक दिन ५ बजे र अझै त्यस भन्दा सबेरै पनि बाइबल अध्ययन गर्न र प्रार्थना गर्न अनि पवित्र आत्माले भर्नको निम्ति परमेश्वरसँग बिन्ति गर्न उठे । एक साँझ जव उनी नबचाइएकाहरुका विचमा बोल्दै थिए, तव उनले तिनीहरु प्रत्यकको अनुहारमा गहन

कायलता देखे जसले ती प्रत्येकलाई ख्रिष्टको निम्ति खुला हुन मद्दत गऱ्यो । त्यसपछिको छोटो समयमै उनी कोरिया गए र ती मानिसहरु माथि परमेश्वरको अचम्मको आशिष खन्याइएको घटनाले अझ उत्साहित भए । कोरियाको घटनाको परिणाम उनले जुन उनले जोड दिए त्यो त्यही थियो "न ता बलले न शक्तिले तर मैले आत्माले सर्वशक्तिमान परमेश्वर" (जकरिया ४ : ६) । कोरियाका मानिसहरुले आफैलाई परमेश्वरको पवित्र आत्मालाई समर्पण गरे र आत्मिकी शक्ति प्राप्य गरे ।

जोनाथन गोफोर्थ एक चाइनाका प्रचारक थिए जो १८८३ देखि १९३३ मा थिए । (तपाईले उनको बारेमा (पाठ - २२) मा अझै विस्तृत रुपमा पाउनुहुनेछ) । उनले यो जान्दथ कि यदी उनी परमेश्वरद्धारा चलाइनु हो भने, उनले आफैलाई उहाँकहाँ पूर्णरुपले समर्पण गर्नुपर्दछ ताकि परमेश्वरले अझै पुरारुपले उनीद्धारा काम गर्न सक्नु भएको होस् ।

## पृष्ठभुमी

यो सम्झनुहोस कि शमुएल चाँही इस्राएलको अन्तिम न्यायकर्ता थिए । जब उनी वृद्ध भए तब शमुएलले आफ्ना छोराहरुलाई इस्राएलको न्यायकर्ताको रुपमा नियुक्त गरे । तर तिनीहरुले आफ्ना पिता शमुएलको नमुनालाई पछ्यानन् र तिनीहरु बेइमान मानिसहरु थिए । तब इस्राएलका सम्पूर्ण धर्म गुरुहरु पाकाहरु तिनी कहाँ जम्मा भएर भने, तपाईका छोराहरुले तपाईले झै परमप्रभुलाई पछ्याउँदैनन्, त्यसैले "अब हामी माथि अगुवाई गर्नलाई एउटा राजा नियुक्त गरिदिनुहोस् त्यसो भए हामी अरु जातिहरु झैं हुनेछौ. ।" शमुएलले अगुवाहरुको विन्ति परमेश्वर कहाँ लगे । शमुएलले जाने कि इस्राएलले परमप्रभुलाई नै आफ्नो राजाको रुपमा लिन इन्कार गरेका छन् त्यसैले परमप्रभुले शमुएललाई जवाफ दिँदै भन्नु भयो, "तिनीहरुको कुरा सुन र तिनीहरुलाई एउटा राजा दे ।"

**प्रश्नः** यस पृथ्वीमा तपाईलाई केले अरु भन्दा भिन्दै बनाउँछ ?
**उत्तरः** जब परमेश्वरले तपाईलाई तपाईको आमाको गर्भमा राख्नु भयो, तपाईको औलाका रेखाहरु, व्यक्तित्व शारीरिक विशेषताहरु तपाईका क्षमताहरु चाँही तपाईमा एक साथ राखिएका थिए तपाइलाई अरु भन्दा भिन्नै व्यक्ति बनाउनको लागि ।

**प्रश्नः** आज सम्म केले इस्राएललाई वरीपरिका राष्ट्र भन्दा भिन्नै तुल्यो ?
**उत्तरः** परमेश्वर तिनीहरुका राजा हुनुहुन्थ्यो ।

**प्रश्नः** किन इस्राएलीहरुले परमेश्वरलाई आफ्नो राजा हुन देखि इन्कार गरे ?
**उत्तरः** तिनीहरुले अरु सबै जातिहरु/राष्ट्रहरु झैं हुन चाहन्थे ।

## शाउल भाग - १

### खण्ड : (१ शमुएल ८ - १० अध्यायहरुका छनौट गरेर)

९ : १ "बेन्यामीनको कुलमा एउटा मान्य मानिस थिए, जसको नाउँ कीश थियो । तिनी अबिएलका छोरा, जरोरका नाति, बकोरतका पनाति र अपीहका जनाति थिए । २ जवान अवस्थामा पुगेका आकर्षक शाउल नाउँ भएका तिनका एउटा छोरा थिए । त्यस बेला इस्राएलका उनको वरीपरी कोही थिएन । उनी सबैभन्दा एक टाउको जति अग्ला थिए ।" (१ शमूएल ९ :१, २) ।
बाइबल भन्दछ कि कसरी परमेश्वरको मशूएललाई आफ्नो योजना प्रकट गर्नुभयो । इस्राएललाई राजा दिनुको वा इउतष्यलः

(इस्राएललाई राजा दिनुको पछाडी परमेश्वरको योजना के छ भनी परमेश्वरले आफ्नो शमूएललाई प्रकट गर्नुभयो ।)

१६ " भोली यसै समय बेन्यामीनको इलाकाबाट एकजना मानिसलाई पठाउनेछु । त्यसलाई मेरो प्रजा इस्राएलको राजा अभिषेक गर । त्यसले मेरो प्रजालाई पलिश्तीहरुका हातबाट छुटाउनेछु । मैले मेरो प्रजाको दुःख देखेको छु, किनकी यिनीहरुको क्रन्दन मेरा कानमा आइपुगेको छु ।" (१ शमूएल ९ : १६) ।

श्मूएलले शाउललाई भेटे र भने कि परमेश्वरले तिनलाई इस्राएलको राजाको रुपमा छान्नुभएको छ र उनी त्यही व्यक्ति हुन जसलाई इस्राएलले प्रतिक्षा गरिरहेका छन् । ९ : २१ "शाउलले भने, "तर म त इस्राएलले सबैभन्दा सानो कुलको एक बेन्यामीन हुँ । बेन्यामीनको कुलका वंशहरुमध्ये मेरो वंश सबैभन्दा सानो छ । तपाई किन मलाई यो कुरो भन्नुहुन्छ ?" (१ शमूएल ९ : २१) ।

**प्रश्नः** के शाउलका जवाफ बाइबलका अरु व्यक्तिहरुका जवाफसँग समानान्तर छ की जव परमेश्वरले तिनीहरुलाई आफ्ना जनहरुका अगुवा नियुक्त गर्नुभएको कुरा सुन्नुभयो ?
**उत्तरः** हो, जस्तै मोशा र गिदोन ।)

शमूएलले शाउललाई केही सुझावहरु दिइसके उनले शाउललाई भने, "६ तव परमप्रभुका आत्मा शक्तिसित तपाईमा उत्रनु हुनेछ र तपाई पनि तिनीहरुसित अगमवाणी बोलनुहुनेछ, अनि तपाई अर्कै मानिसमा बदलिनुहुनेछ, ७ जव यी चिन्हहरु पूरा हुनेछन् तव समयानुकु काम गर्नुहोस्, किनकी परमेश्वर तपाईसँग हुनुहुनेछ ।" "८ तपाई मेरो अघि गिलगालमा झर्नुहोस् र म होमबलि र मेलबलि चढाउनलाई तपाईकहाँ आउनेछु । तर म तपाईकहाँ नआउन्जेल तपाई सात दिनसम्म पर्खनुपर्नेछ । तव म आएर तपाईले के गर्नुपर्नेछ सो बताइदिनेछु ।" "९ जव विदा हुन शाउल शमूएलबाट फर्के तव परमेश्वरले उनको मन नयाँ तुल्याइदिनुभयो ।" (१ शमूएल १० : ६ - ९) ।

"१० : १७ यसै विचमा शमूएलले इस्राएलीहरुलाई मिस्पामा परमप्रभु कहाँ भेला हुनलाई बोलाए , १८ र तिनीहरुलाई भने, "परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, "मैले इस्राएललाई मिश्रदेशबाट निकालेर ल्याएँ । तिमीहरुलाई सताउने मिश्रीहरु र सबै राज्यहरुबाट मेले तिमीहरुलाई मुक्त गरे । १९ तिमीहरुका सबै दुःख र कष्टदेखी बचाउनुहुने आफ्ना परेमश्वरलाई तिमीहरुले आजको दिन इन्कार गऱ्यौ । तिमीहरुले यसो भन्यौ, होइन हामीमाथि एउटा राजा नियुक्त गर्नुहोस् । यसकारण अब परमप्रभुको सामुन्ने कुल-कुल र वंश-वंश गरी आफ्नो-आफ्नो स्थानमा जम्मा होओ ।" २० तव शमूएलले इस्राएलका सबै कुललाई हाजिर गराए र गोला हाल्दा बेन्यामीनको कुल चुनियो । २१ तब तिनले बेन्यमीनको कुलमा वंश-वंश गरी हाजिर गराए अनि मन्त्रीको वंश चुनियो

। अन्त्यमा बस्शका छोरा शाउल चुनिए । तर जव मानिसहरुले उनलाई खोजे तव उनलाई भेट्टाउन सकेनन् । २२ फेरी तिनीहरुले परमप्रभुलाई सोधे, “के त्यो मानिस यहाँ छ ?” परमप्रभुले जवाफ दिनुभयो, “त्यो त्यहाँ सामानहरुका बिचमा लुकिरहेको छ ।” २३ तिनीहरु दौडेर गई उनलाई लिएर आए, अनि जव उनी मानिसहरुका बिचमा अभिए तव सबै मानिस उनको कुमभन्दा होचो थिए । २४ शमुएलले मानिसहरुलाई भने, “परमप्रभुले चुन्नुभएको मानिसलाई हेर । यस जम्मै जातिमा उनीजस्तै अरु कोही छैन ।” (१ शमूएल १० : १७ - २४) ।

**प्रश्न:** मोशा, गिदोन र शाऊमा के समानता छ ?
**उत्तर:** तिनीहरु सबै साधारण मानिसहरु थिए, जसलाई सुरुमा परमेश्वरले अह्राउने ती ठूला कामहरु गर्छु भन्ने विश्वास समेत थिएन ।

**प्रश्न:** किन परमेश्वरले शाऊललाई राजा हुन चुन्नुभयो ?
**उत्तर:** परमेश्वर जान्नुहुन्थ्यो कि शाऊलमा अगुवा हुने गुण थियो भनेर ।

**प्रश्न:** राजाको रुपमा स्थापित गर्नलाई परमेश्वरले शाऊलको निम्ति के गर्नुभयो ?
**उत्तर:** परमेश्वरले आफ्नो आत्मा तिनमा पठाउनुभयो जसद्धारा उनले परमेश्वरले चाहनुभएका सबै काम गर्न मद्दत पुग्यो ।

**प्रश्न:** केले शाऊललाई एक महान राजा हुनेछु भने विश्वास गर्न देखि रोक्यो ?
**उत्तर:** शाऊल आफैले । शाऊलको आफै माथि कुनै विश्वासै थिएन । जव मानिसहरुको अघि राजा घोषणा गर्ने बेला आयो तव उनी आफै टाढा गएर लुके ।

**प्रश्न:** केले साँच्चै नै शाऊललाई बाधा गरिरहेको थियो ?
**उत्तर:** परमेश्वर माथिको उनको विश्वास र भरोशाले । शाउलले यो विश्वास गर्न सकेनन् कि सबै परिस्थिती माथि परमेश्वरको नियन्त्रण छ र उहाँले उनलाई एक महान अगुवा बन्न सहायता गर्नुहुन्छ भनेर ।

**प्रश्न:** मोशा, गिदोन र शाऊलको बारेमा के त ? तिनीहरुको उदाहरणले आज हामीलाई के सिकाउँछ ? जस्तो तिनीहरु परमेश्वरको छानिएका अगुवा थिए ?
**उत्तर:** मोशा, गिदोन र शाऊलले जस्तै तपाई र मैले पनि परमेश्वरको लागि ठूला-ठूला काम गर्न सक्छौं । बाइबल भन्दछ, “आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख, र तेरो आफ्नै समभ्रूशक्तिमा भर नपर आफ्ना सारा मार्गमा उहाँलाई सम्भी र उहाँले तेरा मार्गहरु सोभ्रा तुल्याइदिनुहुनेछ ।” (हितोपदेश ३ : ५, ६) ।

**प्रश्न:** कसरी परमेश्वरले उहाँको निम्ति ठूला कामहरु र्गन तपाईलाई चलाउन सक्नुहुन्छ ?
**उत्तर:** याद गर्नुहोस् कि उहाँको उद्देश्य पुरा गर्न तपाईद्धारा काम गर्ने परमेश्वरको शक्ति हो । परमेश्वरलाई अतुलनीय र फरक व्यक्ति बनाउनको तात्पर्य चाँही उहाँको उद्देश्य तपाईद्धारा पुरा गर्नको लागि हो । उहाँले तपाईलाई जुन प्रकरले बनाउनु भयो र जहाँ तपाईलाई राख्नुभयो, उहाँले तपाईद्धारा बाहेक अरु कसैद्धारा पनि उहाँको निम्ति सो काम पुरा गर्न सक्दैन ।

**प्रश्न:** तपाईको तर्फबाट गर्नुपर्ने काम के हो ?

**उत्तरः** तपाईको तर्फबाट पुरा गर्नुपर्ने काम चाँही उहाँको निम्ति सदा उपलब्ध रहनु, आज्ञाकारी भएर उहाँमाथि भरोशा गर्नु । परमेश्वरसँग सोधपुछ गरेर तपाईले परमेश्वको निम्ति के गरेको चाहनुहुन्छ र परमेश्वरले उक्त काम वा लक्ष्य हासिल गर्न सहायता गरुन् भनेर प्रार्थना गर्नुहोस् ।

शाऊल बाइबलका वीर हुन् । उनले परमेश्वरको निम्ति ठूला-ठूला कामहरु गरे भन्ने बारे हामी यसपछिको कक्षामा कुरा गर्नेछौं । तर हामीले शाऊल र इस्राएलले गरेका गलत छनौटको बारेमा पनि कुरा गर्नेछौं र कसरी परमेश्वरले ती छनौटको बाबजुद पनि अझै इस्राएललाई आशिष दिनको निम्ति परमेश्वरको काम गनुभयो भनेर पनि हेर्नेछौं ।

## पाठ - १४ : शाऊल (भाग - २)

**दोहोऱ्याउने**

**गतहप्ताको प्रश्नहरु र कण्ठपद**

**आजको पाठको पद**

"तिमीहरुले परमप्रभुको श्रद्धा गर र तिमीहरुका पुरा हृदयले इमान्दारी सित उहाँको सेवा गर । तिमीहरुको निम्ति उहाले कस्तो ठूलो काम गर्नुभएको छ, सो विचार गर" (१ शमूएल १२ : २४) ।

**गुणहरु**

**उत्तरदायित्व**

**छलफल प्रश्न**

मानौं तपाई आफ्नो खेलकुद टीमको क्याप्टेन छनौट हुनभयो । तपाईलाई केही विशिष्ट सुझाव दिइयो त्यही नै तपाईको जिम्मेवारी हुन् । यदी तपाईले ती सुझाव प्रति ध्यान नदिन छान्नुभयो भने, तपाईको निर्णयको नतिजा के हुनुपर्छ ?

**परिचय**

प्रत्येक वर्ष हवाईमा हुने आइरोनम्यान ट्राइथलोनले हजारौं मानव आत्मा प्रेरणादायी उत्पन्न गर्छ । प्रतिस्पर्धीहरुले आफैलाई सिमितता तर्फ धकेल्दछन् : पौडीमा २.४ माइल, साइकल रेसमा ११२ माइल, दौडमा २६.२ र लक्ष्यमा पुग्दा उनीहरुको स्थान आकलन गर्न निर्धारण गर्न गाह्रो पर्छ । यस १९९९ को दौ.डमा डिक र रिक होट पनि थिए । ३७ वर्षे रिकको सेरेब्रल पाल्सी नामक ( दिमागको समस्या) थियो । त्यसैले उनी हिड्न र बोल्न सक्दैनथे तर उनको लक्ष्य भने कै ट्राइथलोनमा भाग लिनु थियो । त्यसैले ५९ वर्षको उमेरमा डिकले सो दौड पुरा गर्नलाई आफ्नो छोराको लागि पनि तालिम लिए । उनले रिकलाई पौडिन लगाउनलाई एउटा डोरीमा ताने, उनले एउटा कसटम बाइक हाँके जहाँ रिकको निम्ति सजिलो भएको भाग थियो । उनले आफ्नो छोरालाई विशेष स्ट्रोलरमा म्याराथोनको लागि धकेले ।

साइकल हाँक्दै गर्दा, उपकरणको समस्याले द्राड (रेस) अन्त गर्न समस्या भयो तिनीहरुलाई । डिकले आफ्नो छोरालाई सोधे, "के तिमी अझै निरन्तरता दिन चाहन्छौं ?" र रिक स्थिर (स्तब्ध) भए । यहाँ करिब ३० मिनेटको ढिलाई पछि, तिनीहरु रोडमै गएर आफ्नो दौडलाई निरन्तरता दिए । म्याराथुन दौडको एउटा विन्दुमा, डिक खालिखुट्टाले हिड्दै थिए जसै उनी आफ्नो छोरालाई पहाडको उकालोमा धकेल्दै थिए । तव अन्त्यमा, मध्यरात हुन भन्दा ४५ मिनेट अगाडी यहाँ तिनीहरु आए । वेभ एड्रेलिना हाँक्दै डिक उत्साहसाथ लगभग अन्तिम लक्ष्यतिर आइपुगे । जसै मानिसहरुले हर्सोल्लासको तालि बजाउन उठे तव रिकले अनौठो पाराले आफ्नो हात हल्लायो । डिक र रिक एक अर्का प्रति उत्तरदायी थिए । रिकले भन्छ, "बुबा नै मेरो नमुना हुनुहुन्छ । उहाँ जव एउटा काम गर्न निस्कनु भएपछि, जेसुकै भएपनि बुबा त्यसैमा गहिरिएर लागिरहनु हुन्छ त्यो नसिद्धीए सम्म ।" कुनै

कुरा निर्णय गर्न परेको खण्डमा दुवैले एक अर्काको सल्लाह लिन्थे यसरी एक अर्काप्रति तिनीहरु अभिन्न अंग थिए यसबाट धेरैलाई प्रेरणा पनि मिल्यो । अनि अरुको लागि ती बाबुछोरा एक नमूना बने ।

आज पनि हामी शाऊलकै बारेमा सिक्दै रहनेछौं र यो सिक्नेछौं कि हाम्रो जीवनमा उत्तरदायी हुनु किन महत्वपूर्ण गुण छ जसलाई हाम्रो जीवनमा विकास गर्नुपर्छ भन्ने बारे सिक्नेछौं ।

**पृष्ठभूमि**

परमप्रभु परमेश्वरले थाहा पाउनु भयो कि इस्राएलका मानिसहरुले उहाँलाई आफ्नो राजाको रुपमा स्विकार गरिरहुन् । इन्कार गरे, त्यसैले उहाँले शमूएललाई शाऊललाई इस्राएलको पहिलो राजाको रुपमा नियुक्त गर्न सल्लाह दिनुभयो । शाउल इस्राएलमा अत्यन्तै प्रसिद्ध भए । शाऊल इस्राएलमा राजाको रुपमा स्थापित् भए पछि पनि शमूएल सम्पूर्ण इस्राएल राष्ट्रसँग बोल्दै रहे ।

**शाऊल (भाग - २)**

**खण्ड (१ शमूएल १२ : १२ - २५)**

"१२ तर त्यसपछि जव अम्मानीहरुका राजा नाहासलाई तिमीहरुका विरुद्धमा आइरहेका तिमीहरुले देख्यौ तव परमप्रभु तिमीहरुका परमेश्वर नै तिमीहरुका राजा हुनुभएतापनि तिमीहरुले मलाई भन्यौ, होइन, हामीमाथि शासन गर्नलाई हामीलाई राजा चाहिन्छ । १३ अब तिमीहरुले मागेका राजा कहाँ छन् । तिमीहरुले उनलाई चुन्यौ र परमप्रभुले एउटा राजा तिमीहरुमाथि नियुक्त गर्नुभयो । १४ यदी तिमीहरुले परमप्रभुलाई श्रद्धा गऱ्यौं र भक्तिसित उहाँको सेवा गऱ्यौं भनेर यदी तिमीहरु उहाँको आज्ञाको विरुद्धमा वागी भएनौं भने, अनि यदी तिमीहरु र तिमीहरुका राजा परमप्रभु परमेश्वरप्रति विश्वासी भयौं भने बेसै हो । १५ तर यदी तिमीहरुले परमप्रभुको आज्ञापालन गरेनौं र तिमीहरु उहाँका आज्ञाप्रति बागी भयौं भने, उहाँ तिमीहरुका विरुद्धमा हुनुहुन्थ्यो । १६ "अव चुपचाप खडा होओ र परमप्रभुले तिमीहरुकै नजरको सामुन्ने गर्न हुने बडो अचम्मको कामलाई हेर । १७ अहिले गहुँकी कटनीको समय छ होइन ? म परमप्रभुलाई पुकार्नेछु , अनि उहाँले गर्जन र वृष्टि पठाउनुहुनेछ । तव तिमीहरुले परमप्रभुको दृष्टिमा कस्तो खराबी गरेका रहेछौं ।"

**प्रश्न:** कटनीको समयमा मानिसहरु किन परमप्रभु र शमूएलको भयभीत भए ?
**उत्तर:** किनकी पहिला कहिल्यै कटनीको समयमा वृष्टि हुँदैनथे ।

**प्रश्न:** पानी पारेर शमूएलले के कुरा पुरा गरे त ?
**उत्तर:** अहिले इस्राएलसँग एक राजा भएता पनि इस्राएलका मानिसहरुले यो जानेको चाहे कि अझै पनि तिनीहरु माथि परमेश्वरको नियन्त्रणमा छ र तिनीहरुले अझै परमेश्वरको आज्ञा पालन गर्दै रहनुपर्छ ।

"१८ तब शमूएलले परमप्रभुलाई पुकारे र उहाँले त्यसै दिन गर्जन र वृष्टि पठाउनुभयो । सबै मानिसहरु परमप्रभु र शमूएलको अघि भयभीत भए । १९ तिनीहरुले शमूएललाई भने, "मृत्युदेखी बाँच्यौ भनेर परुमप्रभु तपाईका परमेश्वरसँग हामी तपाईका सेवकहरुका निम्ति प्रार्थना गरिदिनुहोस् । किनभने हामीले हाम्रा पापमाथि राजा मागेर यो ठूलो खराबी थपेका छौं ।" २०

शमूएलले मानिसहरुलाई भने, "नडराओ, तिमीहरु यस्ता दृष्ट भएतापनि परमप्रभुको आराधना गर्न नछोड, तर आफ्नो पुरा हृदयले उहाँको सेवा गर ।"

**प्रश्नः** शमूएलका शब्दहरुले इस्राएलीहरुलाई के कुरा महशुस गर्न लागायो ?
**उत्तरः** तिनीहरुले परमप्रभु परमेश्वरलाई आफ्ना राजाको रुपमा इन्कार गरेर तिनीहरुले उहाँको विरुद्धमा पाप गरेका छन् ।

पद-२१ : "व्यर्थमा देवताहरु पछि नलाग, जसले नता सहायता गर्न सक्छन् न बचाउन सक्छन्, किनभने तिनीहरु व्यर्थ हुन् । २२ आफ्नो महान् नाउँको खातिर परमप्रभुले तिमीहरुलाई त्याग्नुहुने छैन, किन भने उहाँले तिमीहरुलाई आफ्नै निज प्रजा तुल्याउने निश्चय गर्नु भएको छ । २३ तिमीहरुका निम्ति प्रार्थन ागर्न छोडेर परमप्रभुको अघि पाप गर्ने दिन चाँही मबाट परै रहोस् । जे ठिक र असल छ सो म तिमीहरुलाई देखाउनेछु । २४ तिमीहरुले परमप्रभुको श्रद्धा गर र तिमीहरुका पूरा हृदयले इमान्दारीसित उहाँको सेवा गर । २५ तर तिमीहरुले खराबी नै गरिरह्यौं भने, तिमीहरु र तिमीहरुका राजा नष्ट हुनेछौं ।"

**प्रश्नः** शमूएलले इस्राएलका मानिसहरुलाई के गर्न सल्लाह दिए ?
**उत्तरः** परमप्रभुबाट तर्कि जाने होईन, तर पूरा हृदयले उहाँको सेवा गर्ने सल्लाह शमूएलले इस्राएलीहरुलाई दिए ।

**प्रश्नः** शमूएलले आज हामीलाई प्रार्थनाको बारेमा के पाठ सिकाउँछन् ?
**उत्तरः** परमप्रभुबाट तर्की गएकाहरुको निम्ति हामीले प्रार्थना गर्नुपर्छ ।

**प्रश्नः** शमूएलले हामीलाई आज परमप्रभुमा भरोसा राख्नुको सट्टा मानिसमा भरोसा राख्ने बारेमा के सिकाउँछन् ?
**उत्तरः** यदी हामी र हाम्रो राष्ट्र परमप्रभुबाट तर्की गएमा नष्ट हुनेछ/छौ वा आपदमा पर्छ वा पर्नेछ ।

**प्रश्नः** के संकेत वा चेतावनी तपाई देख्नुहुन्छ जसले हाम्रो राष्ट्र परमप्रभुबाट तर्की गएको छ भन्ने छनक दिन्छ ?
**उत्तरः** एक पटक दश आज्ञा पढ्नुस, अनि एउटा पत्रिका लिएर पढ्नुस अघिल्लो खण्ड वा ठूलो खण्ड नियाल्नुस उक्त पृष्ठ हेरेपछि तपाई के पाउनुहुन्छ ?

एक खोजी कर्ता अगुवाको हैसियतले केही क्षणको समय लिनुहोस् र एउटा समूहलाई प्रार्थनामा अगुवाई गर्नुहोस् कि हाम्रो देश दुष्टताबाट फर्की परमप्रभुतिर फर्कोस । इस्राएलले परमेश्वरलाई आफ्नो सँधैको राजा मान्न छोडी एउटा मानिसलाई आफैमाथि राज्य गर्न नियुक्त गर्ने काम परमेश्वरको छनौट थिएन । शमूएल यो जान्दथे कि यदी इस्राएलीहरुले परमेश्वरमा भरोसा राख्नुको सट्टामा शाऊल माथि भरोसा गरेमा निश्चय नै तिनीहरुले आफैलाई संकटमा पार्ने थिए भनी उनले तिनीहरुलाई जनाउँ दिए (इस्राएललाई) हामीले भरखरै इस्राएलले गरेको गलत छनौटलाई हेर्‍यौं । अब आउनुहोस हेरौं कि शाऊलले कतिको परमेश्वरको आज्ञा पालन गर्छ (१ शमूएल १३ : ७ - १४) पढेर के भयो सो हेरौ. ।

# शाऊलको निर्णय

शाऊलको छोरा जोनाथनले एक पलिस्तीहरुको सेनाको छाउनीमा आक्रमण गरे । त्यसैले पलिस्तीहरुले इस्राएलले भन्दा धेरै ठूलो संख्यामा आफ्ना सेना जम्मा गरे । जव इस्राएलीहरुले आफ्ना गम्भिर संकटपूर्ण परिस्थिती देखे, तव तिनीहरु धेरै लुकेर कैयौं भागे । शाऊल र उनका मानिसहरु गिलगाल नामक स्थानमा गए ।

"कोही हिब्रुहरु यर्दन नदी पार गरेर गाद र गिदादका जिल्लाहरुमा पनि भागे । तर शाऊल चाँही गिलगालमा नै बसिरहे र उनका पछि लागेका सबै मानिसहरु डरले काँप्न लागे । तर ८ शमूएलले ठहराए अनुसार शाऊलले सात दिनसम्म पर्खिरहे, तर शमूएल गिलगालमा आएनन् । मानिसहरु शाऊल देखी हट्न लागे । त्यसकारण उनले भने, "होमबली र मेलबलिहरु यहाँ म कहाँ ल्याऊ ।"

**प्रश्न:** के तपाईलाई गत हप्ताको याद छ कि गिलगालमा शाऊलले के गर्नु भनी शमूएलले भनेको थिए ?
**उत्तर:** शमूएलले शाऊललाई भनेका थिए कि उनले कुनै पनि हालतमा वा परिस्थितीमा होमबली र मेल बली आफैले चढाउनुहुँदैन तर शमूएल नआउन्जेल पर्खिरहनुपर्छ तव मात्र उनले कसो गर्नुपर्छ भनेर भन्नेछन् यो शाऊललाई शमूएलद्धारा दिइएको परमेश्वरको आज्ञा थियो ।

"तब उनले नै होमबली चढाए । १० शाऊलले बलिदान चढाईसकेका मात्र थिए, तब शमूएल आइपुगे । शाऊल तिनलाई भेट गर्नलाई गए । ११ शमूएलले भने, "यो तपाईले के गर्नुभयो ?" शाऊलले जवाफ दिए, "मानिसहरु मबाट हटिरहेका मैले देखे र तपाईले प्रतिज्ञा गर्नुभएको समयमा तपाई पनि आउनु भएन र पलिस्तीहरु मिकमासमा जम्मा हुँदै थिए, १२ अनि मैले यही विचार गरे कि पलिस्तीहरु मेरो विरुद्धमा गिलगालमा आउनेछन् र मैले परमप्रभुका निगाहाको निम्ति विन्ति गरेको छैन । यसैले म आफैले यो होमबली चढाउन भएको अनुभव गरे । १३ शमूएलले शाऊललाई भने, "तपाईले मुर्ख काम गर्नुभयो । परमप्रभु तपाईका परमेश्वरले तपाईलाई दिनु भएको आज्ञा तपाईले पालन गर्नुभएन । यदी तपाईले पालन गर्नु भएको भए त उहाँले तपाईको राज्य इस्राएली माथि सँधैको निम्ति स्थिर गराउनुहुने थियो । १४ तर अव तपाईको राज्य निरन्तर रहने छैन । परमप्रभु आफैले रुचाउनु भएको एउटा मानिस खोज्नु भएको छ र तिनलाई नै आफ्ना प्रजाका अगुवा हुनलाई नियुक्त गर्नु भएको छ, किनभने तपाईले परमप्रभुको आज्ञापालन गर्नुभएन ।" (शमूएल १३ : ७ - १४)

**प्रश्न:** परमप्रभुलाई बलिदान चढाउन भन्दा पहिला गिलगालमा उनी नआइपुगुन्जेल पर्खनलाई शाऊललाई शमूएलले किन निर्देशन दिए ?
**उत्तर:** परमप्रभुले शाऊलले उहाँको आदेश पूर्ण रुपले पालन गरेको चाहनुहुन्थ्यो ।

**प्रश्न:** जव शाऊल राजा भए तव शामूएलले शाऊल र इस्राएलीहरुलाई के चेतावनी दिएका थिए ?
**उत्तर:** परमप्रभुको भय मान्न र उहाँको सेवा गर्न अनि पुरा हृदयले उहाँप्रति विश्वासिलो रहने कुरामा निश्चित हुने कुरामा चेतावनी दिएका थिए । यदी तिनीहरु उहाँप्रति निरन्तर विश्वासघाति भए भने उनीहरु सम्पूर्ण रुपमा नष्ट हुनेछन् ।

शाऊल बाइबलको वीर थिए- उनले परमेश्वरको निम्ति ठूलो काम गरे । वीरहरुको पनि कुनै समयमा गल्ती गर्न र गलत कुराहरुको छनौट गर्न सक्छन्, अनि उतनीहरुले पनि आफ्ना यस्ता छनौटको निम्ति नतिजाको सामना गर्नुपर्छ ।

**प्रश्न:** हाम्रा कामप्रति उत्तरदायी हुनु भन्नुको अर्थ के हो ?
**उत्तर:** त्यसको मतलव हामीले गरेका छनौट र निर्णयको निम्ति जिम्मेवारी हुनु भनेको के हो ?

**प्रश्न:** किन उत्तरदायित्व सिक्नु भन्ने कुरा महत्वपूर्ण छ ?
**उत्तर:** प्रत्येक निर्णय जुन तपाईले गर्नुहुन्छ, त्यसद्धारा कुनै व्यक्ति प्रभावित हुन्छ वा हुनेछ । जवाफदेहीता बारेको सिकाइद्धारा तपाईले के ठिक र के बेठिक हो भन्ने चेतनाको विकाश गर्नुहुनेछ अनि के ग्रहणयोग्य व्यवहार हो र के ग्रहणयोग्य व्यवहार होइन भन्ने समेत सिक्नुहुनेछ ।

**प्रश्न:** कसरी तपाई उत्तरदायी बन्न सिक्न सक्नुहुन्छ ?
**उत्तर:** तपाईको जिम्मेवारीमा सचेत भएर लागि रहनुहोस् ताकि यसले अरुलाई सकारात्मक प्रभाव पारोस् वा तपाईलाई महत्वपूर्ण लाग्ने कुरामा तपाईको नियत यस्तै होस्, उदाहरणार्थ यदी छनौट गरिएको छैन भने, कसैले मौका पाउँदैन अनि तपाईले छनौट गर्न हिजकिचाएमा तपाइृले मौका गुमाउनुहुनेछ ।

**प्रश्न:** शाऊलको अनाज्ञाकारिताले हामीलाई आज के पाठ सिकाउँछ ?
**उत्तर:** जसरी शाऊलले आफ्नो गलत निर्णय गरेकोले त्यसको नतिजाको सामना गर्नुपर्‍यो । त्यसरी नै यदी हामीले गलत निर्णय गर्‍यौ. भने त्यस्तै नतिजाको सामना गर्नुपर्छ र त्यस्तै मुल्य चुकाउनुपर्छ ।

सधैं ठिक निर्णय गर्न त्यत्ति सजिलो हुँदैन । जव तपाईले गाह्रो परिस्थितीको सामना गर्नुहुन्छ, तव शमूएलका शब्द याद गर्नुहोस्, “तिमीहरुले परमप्रभुको श्रद्धा गर र तिमीहरुका पुरा हृदयले इमान्दारितासित उहाँको सेवा गर । तिमीहरुका निम्ति उहाँले कस्तो ठूलो काम गर्नुभएको छ सो विचार गर ।” (१ शमूएल १२ : २४) ।

## पाठ - १५ आन्तरिक रुपमा एक राजा

### दोहोऱ्याउने

### गत हप्ताको प्रश्न र कण्ठपद

### आजको पाठपदः

"............. परमप्रभुले मानिसले झैं हुर्नुहुन्न । मानिसले रुप हेरेर विचार गर्छ तर परमप्रभुले हृदयभित्र हेरर विचार गर्नुहुन्छ ।" (१ राजा १६ : ७) ।

### गुणहरु

एक हृदय जो परमेश्वरको आफ्नै हृदय अनुसार छ ।

### परिचय

हिउँदमा (ई.सं २५० - ३२५) तिर रोमी सम्राट लुसिनियस् आफ्नो खिटीयन साम्राज्य सञ्चालन गर्नको लागि आफ्ना सिपाहीहरुको जट्टालाई डोऱ्याउँदै थिए । उनको सबभन्दा राम्रो सिपाहीको समूहलाई "थन्डरिङ्ग लेविजन" वा "गर्जनको पल्टन" भनिन्थ्यो, एक सेम्प्रोनियस नामक कप्तानद्धारा अगुवाई गरिन्थ्यो । सो पल्टनले त्यस सालको हिउँदे शिविर सेवास्ट नामक शहरमा गऱ्यो । लिसिनियसले जाने कि उनको पल्टनका ४० जना जति सिपाहीहरु इशाई बनेछन्, तव तिनले तिनीहरुलाई नाङ्गो बनाएर हिउँ जमेको पोखरीमा राखे । त्यसको नजिकै रहेको एउटा घरमा आगो बाल्न लगाए, त्यस घरलाई न्यानो वा आगोले तातो बनाइराख्न अह्राए जहाँ तातोले नुहाए जस्तो होस् ती ४० मध्येकाले जसले ख्रिष्टलाई इन्कार गर्छ त्यसको निम्ति सो घरमा सुविधायुक्त वातावरणको साथमा प्रशस्त खानाको प्रबन्ध गरिएको थियो जो त्यस घरमा आउँछ ।

जव साँझ पऱ्यो, धेरै सिपाहीहरु सो घरमा तातोपनाको सामना गर्दै सो घरहुँदो हिड्दै एक सामूहिक प्रार्थनामा सामेल हुँदै यसरी प्रार्थना गरे, "हे प्रभु, ४० (चालिस) योद्धाहरु तपाईको निम्ति लड्न आएका छौं, "हे प्रभु, हामीहरुलाई विजयी हुने अनुग्रह गर्नुहोस् ।"

जसै रात वित्दै गयो, तिनीहरु मध्येको एक जनाले उक्त सतावट वा कष्ट सहनै सकेन । उसले सो हिउँको पोखरीबाट निस्केर यो घरतर्फ गयो जहाँ सेम्प्रेनियस (...............) र उनका पालेहरु थिए जसले तिनीहरुलाई चिवा गरिरहेक थिए । कोहीले जो सहनशिल थिए प्रार्थना गरिहेका थिए भने, "हे प्रभु, ४० योद्धाहरु तपाईको निम्ति लड्न आएका छन् । हे प्रभु, तपाईका चालीस योद्धाहरुलाई विजय दिनुहोस् । विहान सम्मा तिनीहरुका प्रार्थनाको उत्तर दिईयो । रातको अन्तरालमा सेम्प्रोनियस नामक कप्तान आफैले ती कथाङ्ग्रिने हिउँमा बस्ने आफ्ना मानिसहरुका विश्वास योग्यताले यस्तो कायल भए कि, उनी आफै सो हिउँ पोखरीको नजिकै खडा भएर अब उनी आफै एक इसाई भएको कुराको घोषणा गरे । उनी आफैले कपडा निकालेर (फुकालेर) सो हिउँको पोखरीमा गई आफ्ना इसाई दाजु-भाइहरुसँग सामेल भए । जसै उज्यालो भयो तव चालीस महिमित् आत्माहरु इेशु ख्रिष्टको घुम्टो हटाइएको खुला महिमित उपस्थितीमा खडा भए । अँ ............

साथमा बडा कप्तान पनि थिए । ती बडा कप्तानले जाने कि, परमेश्वरले चाहनुभएको एउटै कुरा चाँही तिनको हृदय थियो ।

**पृष्ठभूमी दोहोरिएको**

शाउलले परमप्रभु परमेश्वरको बचन इन्कार गरेकोले परमप्रभुले पनि शाउललाई इस्राएको राजा पददेखी इन्कार गर्नुभयो । शमूएलले शाऊललाई भने, “आज परमप्रभुले इस्राएलको राज्य तपाईको हातदेखी ज्यातेर तपाईका छिमेकीलाई दिनुभएको छ जो तपाई भन्दा असल हुनुहुन्छ ।” (१ शमूएल १५ : २८) । (पुरै दोहोऱ्याउनको निम्ति पुरै (१ शमूएल १५ अध्याय पढ्नुहोस्) ।

**दाउद (भाग - १)**

**खण्ड (१ शमूएल १६ : १ - १२)**

परमप्रभुले शमूएललाई भन्नुभयो, “मैले शाऊललाई इस्राएलमाथि राजा हुनलाई इन्कार गरेकोमा तँ त्यसको निम्ति कहिले सम्म विलाप गरिरहन्छस् ? तँसित भएको त्यो सिङ्गमा तेल हालेर साथमा लैजा । म तँलाई बेथलेहेमको बेथलेहेमको यिशैकहाँ पठाऊँदै–छु ।किनभने, मैले त्यसका छोराहरुमध्येको एक जनालाई राजा चुनेको छु । २ तर शमुएलले भने , म कसरी जान सक्छु र ?शाऊलले यो कुरा सुनेर मलाई मार्नेछन । परमप्रभुले भन्नुभयो, “एउटा कोरली तँसँग लैजा । “परमेश्वरको निम्ति बलिदान चढाउनलाई आएको हुँ चन् । ३ यिशैलाई पनि बलिदानमा निम्तो दे र तैले के गर्नु पर्नेछ म तँलाई देखाउनेछु तैले त्यसलाई अभिषेक गर्नु । ४ तिनलाई परमेश्वरले गर्नु भन्नुभए बमोजिम शमूएलले गरे । तिनी बेथलेहममा गए । शहरका धर्मगुरुहरु तिनलाई भेट्दा थरथराए । तिनीहरुले तिनलाई सोधे, “तपाई शान्तिसाथ आउनभयो ?” ५ शमूएलले भने, “शान्तिसाथ म परमप्रभुको निम्ति बलिदान चढाउनलाई आएको हुँ । तिमीहरु आफू-आफूलाई शुद्ध गरेर बलिदानको निम्ति आओ ।” तव तिनले यिशै र तिनका छोराहरुलाई शुद्ध गरेर बलिदानको निम्ति तिनीहरुलाई बोलाए । ६ जब तिनीहरु आए तव शमूएलले एलि आबलाई देखेर विचार गरे, “परमप्रभुको साम्‍ु उहाँका अभिशक्त राजा यिनी नै रहेछन् ।” ७ तर परमप्रभुले मानिसले झैं हेर्नुहुन्न । मानिसले रुप हेरेर विचार गर्छ, तर परमप्रभुले हृदयभित्र हेरेर विचार गनुहुन्छ ।” ८ तव यिशैले अविनादावलाई बोलाए र शमूएलको सामुन्ने लाए । तर शमूएलले भने, होइन परमप्रभुले यिनलाई पनि चुन्नुभएको होइन ।” ९ तव यिशैले सम्भालाई हाजिर गराए । तर शमूएलले भने, “परमप्रभुले यिनलाई पनि चुन्नुभएको होइन ।” १० यिशैले आफ्ना सात जना छोराहरुलाई शमूएलको अघि हाजिर गराए, तर तिनले भने, “परमप्रभुले यिनीहरुमा कसैलाई पनि भुन्नुभएको छैन । ११ तव “शमूएलले सोधे, “के सबै यति नै हुन् ?” ांयिशैले जवाफ दिए, “अझै कान्छो पनि छ तर त्यो त भेडा चराउदै छ ।” शमूएलले यिशैलाई भने, “त्यसलाई बोलाऊ । यो नआउन्जेल हामी बस्नेछैनौं ।” १२ यसकारण यिशैले तिनलाई ल्याउनलाई मानिस पठाए । तिनी राता-राता गाला चम्किला आँखा भएका सुन्दर युवक थिए । परमप्रभुले भन्नुभयो, “उठेर त्यसलाई अभिषेक गर । व्यक्ति यही हो ।”

**प्रश्नः** यदी तपाई शमूएलको ठाउँमा हुनुभएको भए, के तपाईले दाउदलाई राजको रुपमा छान्नुहुन्थ्यो होला ?
**उत्तरः** शायद पहिलो हेराईमा छान्दैन थिए होला, शायद दोस्रो पटकमा पनि छान्न गाह्रै हुन्थ्यो होला ।

जव यिशैले आफ्ना छोराहरु मध्ये एक जना राजा छानिने वाला छ भनि थाहा पाए, उनले आफ्ना सबै छोराहरुलाई शमूएलको अघि पठाए वा उभिन लगाए । म निश्चित कि यिशैलाई सर्वप्रथम जेठो,

सबभन्दा बलियो, हर्ताकर्तालाई उभ्याए र राजा चुनिन्छ होला, यिनीहरु मध्येबाटै भनि प्रतिज्ञा गरे जव तिनीहरु शमूएल अघि उभिए । तर त्यसो भएन । जव शमूएल यि सबै पारेनन् । वास्तवमा उनले कुनै वयस्क जवानलाई होइन तर एक ठिटो वा बढ्दै गरेको केटो मात्र पाउने थिए । दाउद आफ्नो परिवारको जेठो र सबभन्दा ठूलो मान्छे थिएनन् । उनी एक जवान केटा शायद १२ वर्षका थिए होलान् । उनको बुबाको दृष्टिमा शायद दाउद कुनै प्राथमिकतामा पर्दैनथे । उनको पिताले यसले काम गर्ला भनि सोचेका पनि थिएनन् । बाहीरी तरहमा दाउद राजा जस्तो देखिंदैनथे । तर परमेश्वरले उनलाई भित्र राजाको रुपमा देखे ।

**प्रश्नः** एक व्यक्तिलाई नाप्नको लागि परामेश्वरले कुन शर्त प्रयोग गर्नुहुन्छ ?
**उत्तरः** परमेश्वरले व्यक्तिको हृदय हेर्नुहुन्छ ।

आउनुहोस्, दाउदसँग भेट गरौं जो यिशैका छोरा हुन् जो सानो शहर बेथलेहमबाट आए, र इस्राएलको राजा हुन परमेश्वरद्धारा छानिए । दाउदलाई चिनेपछि, शायद तपाईले परमेश्वरले तपाईमा हुनुपर्ने र चाहने गुण के हो त भन्ने कुरा पत्ता लगाउनुहुनेछ ।

## परमेश्वरको हृदय अनुसारको एक मानिस

दाउद यस्तो प्रकारले परिचय गराईरहेका छन् कि, उनलाई परमेश्वरको आफ्नै हृदय अनुसारको मान्छे भनिएको छ । (१ शमूएल १३ : १४) ।

**प्रश्नः** "परमेश्वरको आफ्नै हृदय अनुसारको मान्छे/व्यक्ति भन्नुको अर्थ के हो ?
**उत्तरः** परमेश्वरको जस्तै गुण वा मूल्य मान्यता हुनु, यस्तो प्रकारले जिउनु जसले परमेश्वरलाई खुशी पार्छ, परमेश्वरको गुणलाई परावर्तन गर्नु, उहाँको राजदुत हुनु । दाउदले यो बुझे कि एक व्यक्ति भएर कसरी आफ्नो जीवन जिएको परमेश्वर चाहनुहुन्छ र कसरी आज्ञाकारीता साथ यसो गर्नुपर्ने हो । यदी तपाईलाई सम्झना छ भने, आज्ञाकारी हुनुले कसरी तपाई जिएको परमेश्वर चाहनुहुन्छ सो गर्न सघाउँछ अनि कसरी हामी उहाँ जस्तो हुदै जानुपर्ने हो सो गर्न सघाऊ पुऱ्याउछ ।

## जिम्मेवारी पना

दाउद एक गोठाला थिए । परमेश्वरले नातान अगमवक्ताले भनेको कुरा यही हो: "............. मैले तँलाई मेरो प्रजा इस्राएलको गोठालो हुनलाई खर्कबाट र भेडाहरुका पछि लाग्नकबाट बोलाएँ (२ शमूएल ७ : ८) ।

**प्रश्नः** गोठालो हुँदा दाउदले कस्तो किसिमको जिम्मेवारीहरु सिके ?
**उत्तरः** उनले बगाललाई खुवाउने र वास्ता गर्ने कुरा सिके, एक गोठालोले उसका सबै भेडाहरुलाई चिन्छ । परमेश्वरले दाउदलाई अब नयाँ बगाल दिनुभयो वास्ता गर्नलाई त्यो हो इस्राएलका मानिसहरु ।

**प्रश्नः** गोठालो प्रति भेडाले कस्तो जवाफ वा प्रतिक्रिया जनाउँछ ?
**उत्तरः** भेडाले गोठालोको स्वर चिन्छ र उसको स्वर वा बोलिप्रति मात्र उत्तर वा जवाफ दिन्छ । भेडाले गोठालोको स्वर नचिनिकन जवाफ दिन्न । यो त्यत्ति बेला हुन्छ जव गोठालोले भेडाको विश्वास जित्छ ।

**प्रश्न:** बाइबलले हामीलाई बताएको अर्को गोठालो को हो ?
**उत्तर:** येशु ख्रिष्ट । येशुले भन्नुहुन्छ, "म असल गोठालो हुँ, म आफ्ना भेडाहरुलाई चिन्छु अनि मेरा भेडाहरुले मलाई चिन्छन् ।" (युहन्ना १० : १४) । बाइबल भन्दछ कि, हामी परमेश्वरका मानिसहरु हौ, वहाँको खर्कका भेडाहरु (भजनसंग्रह १०० : ३) । एउटा गोठालोले आफ्ना भडाहरुको वास्ता गरे जस्तै परमेश्वरले तपाईलाई वास्ता गर्नुहुन्छ ।

**शाहस**

**प्रश्न:** गोठालो हुन किन शाहस चाहिन्छ ?
**उत्तर:** एक गोठालोले आफ्ना भेडाहरुलाई शत्रुहरुबाट बचाउनुको निम्ति । जव दाउदले शाऊल राजालाई आफू गोल्यतसँग लड्न दिनलाई रिझाए, उनले भने, "हजुर, म मेरा पिताका भेडाहरुको हेरचाह गर्दै आएको छु । जव सिँह अथवा भालूले आएर बगालबाट भेडा बोकेर लैजान्थ्यो, ३५ तव म त्यसको पछि गई त्यसलाई आक्रमण गरेर त्यसको मुखबाट त्यस शिकारलाई छुटाउथेँ ।" (१ शमूएल १७ : ३४ र ३५ क) ।

**प्रश्न:** येशुले कसरी शाहस देखाउनुभयो ?
**उत्तर:** येशु आफ्ना जीवन आफ्ना भेडाहरुको लागि दिनुभयो वा हाम्रो निम्ति ।

**एक दास**

**प्रश्न:** एक दास हुने भन्नुको तात्पर्थ के हो त?
**उत्तर:** एक दासले सर्वप्रथम अरुको चाहनालाई पहिलो प्राथमिकतामा राख्छ र अरुहरुको आवश्यकतालाई पुरा गर्छ । दाउदले सँधै आफैलाई परमेश्वरको दासको आफ्नो दासको रुपमा दर्शाउनुभयो ।

**प्रश्न:** किन परमेश्वरले दास हुने कुरालाई यस्तो प्राथमिकतामा राख्नुभएको ?
**उत्तर:** धर्मशास्त्र भन्दछ, "२:५तिमीहरुमा यस्तो मन होस् जो ख्रिष्ट येशुमा पनि थियो । ६ परमेश्वको स्वरुपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन । ७ तर आफैलाई रित्याईकन कमाराको रुप धारण गरेर तथा मनुष्य भएर जन्मनुभयो" (फिलिप्पी २ : ५ - ७) ।

येशुले पनि भन्नुभयो, "२७ जो तिमीहरुमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरुको कमारो हुनुपर्दछ, २८ जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेव ागर्न र धेरैको छुटकाराको मोल स्वरुप आफ्नो प्राण दिन आयो" (मत्ती २० : २७ र २८) ।

येशुले शिक्षा र उहाँको जीउने ढाँचाले यो कुरा स्पष्ट हुन्छ कि उहाँले सेवकपनामा महत्वको साथ आफ्नो जोड दिने केन्द्र बनाउनु भयो । यो चाँही कि उहाँले "तिमीहरु धन्य हौं यदी तिमीहरुले मैले भनेका कुरा गर्छौ भने" भन्ने कुराको कारण के हो ?

**परमेश्वरको लागि आदर**

एक गोठालो आफ्नो बगालसँग दिनरात रहिरहनुपर्छ । यही क्रममा दाउदले कैयौं पटक राति खुला आकशमा हेरी उहाँको वैभवपूर्ण सृष्टिमाथि नजर गर्दै परमेश्वरलाई धन्यवाद दिने काम गरे जसलाई हामी एक आत्मिक प्रश्वास भन्छौं । शायद त्यस्तै खुला आकाश भएको बेला ताराकै प्रकाशका दाउदले भजनसंग्रहका यी एवं सफा शब्दहरु लेखेका थिए होलान्, जहाँ भनिएको छ, “४ जव म तपाईको हातले बनाएको आकासलाई, र तपाईले स्थापित गर्नुभएका जुन र ताराहरुमाथि विचार गर्छु, मानिस के हो र तपाई त्यसको वास्ता राख्नुहुन्छ ? ५ मानिसको छोरो के हो, र तपाई त्यसको फिक्री गर्नुहुन्छ ?” (भजनसंग्रह ८ : ३, ४) ।

दाउदले सृष्टिमाथि परमेश्वरको सार्वभौमिकता (सर्वोच्चतालाई) ठीकसँग बुझेका थिए ।

**प्रश्नः** दाउदले विश्वास योग्यताको कारण परमेश्वरले दाउदलाई कस्तो प्रतिज्ञा दिनुभयो ?

**उत्तरः** दाउद परमेश्वरको हृदय अनुसारको मान्छे थिए, यहाँ सम्मकी परमेश्वरले दाउदलाई भन्नुभयो, “तेरो घराना र तेरो राज्य मेरो सामुन्ने सँधैभरी रहीरहनेछ र तेरो सिंहासन सदासर्वदाको लागि स्थिर हुनेछ ।” २ शमूएल १६ : ७) । परमेश्वरले भन्नुभयो कि दाउदको एउटा सन्तान सँधैभरीको लागि राजा हुनेछ ।

**प्रश्नः** दाउदप्रतिको प्रतिज्ञा पुरा गर्नको लागि कसरी परमेश्वरले अन्तसम्म नै काम गरिरहनुभएको छ ?

**उत्तरः** पुरानो करारको अगमवक्ता यशैया येशुको बारेमा यसरी भविष्यवाणी गर्दै बोले, “............ दाउदको सिंहासन र तिनको राज्यमाथि त्यसलाई न्याय र धार्मिकताको साथ स्थापित गरी स्थिर गराउन, त्यस बेलादेखी सदा निम्ति उहाँले राज्य गर्नुहुनेछ .......... ।” (यशैया ९ : ७) । येशुको माता मरिमय  दाउदको सन्तान थिइन् जस्तो योसेफ पनि उहाँको (झङ्केलो प्रार्थिव पिता) थिए वा मारियम र योसेफ दुवै दाउदको वंशका थिए । येशु दाउदको सन्तान भएकोले उहाँलाई सिधैं उनको सिंहासन माथिको अख्तियार दावी गर्ने हक छ खास गरी इस्राएल राष्ट्रमाथि ।

**प्रश्नः** दाउद जस्तै कसरी तपाई आज परमेश्वरको हृदय अनुसारको मान्छे हुन सक्नुहुन्छ ?

**उत्तरः** परमेश्वरलाई श्रद्धा गर्न वा उहाँलाई गहिरो आदर गर्न सिक्नु र विकास गर्नुहोस् । अर्थात् आज्ञाकारीता साहश  सेवकपना यस्ता गुणहरु हुन जुन परमेश्वरले तपाईको जीवनमा विकास गरिरहेको चाहनुहुन्छ । तपाई बाहीरी रुपमा राजा जस्तो नदेखिन सक्नुहुन्छ, तर तपाईलाई राजा हुनको लागि नभन्नुहोला तर उहाँले तपाईलाई परमेश्वरको हृदय अनुसारको केटा वा केटी हुन भन्नुहुन्छ ।

## पाठ - १६ दाउद (भाग - ३)

**दोहोऱ्याउनु**

**गत हप्ताको प्रश्न र कण्ठपद**

**आजको पाठ पदः**

"............ संसारमा तिमीहरुलाई सङ्कष्ट हुनेछ । तर साहस गर, मैले संसारलाई जितेको छु ।" (युहन्ना १६ : ३३) ।

**गुण**

साहस, परमेश्वरलाई आदर गर्नु ।

**छलफल प्रश्न**

मानौं कि तपाईको (तिम्रो) यस्तो गृहकार्य गर्नु छ जसमा कसैले तपाईलाई सहायता गर्न सक्दैन । यसलाई भोलि नै सकिहाल्नु पर्छ । तपाईले यसलाई कसरी समाधान गर्नुहुन्छ ?

**परिचय**

सन् १९९२ मा स्पेनको बार्सेलोना भन्ने ठाउँमा हिँउदको बेला ओलम्पिक खेल आयोजना भयो । बेलायतका डेरेक रेडमण्डले ४०० मिटरको दौडमा टक्मा जित्छन् भनेर धेरैले आशा गरेका थिए । दौडको मध्यरातमा रेडमण्ड यस्तो देखिन्थे कि उनले आफैलाई दौडको केन्द्रिय रेखातिर बढाईरहेका जित्ने निश्चयताको साथ खेल मैदानमा । तर अचानक आफ्नो खुट्टा समाते र उनी अन्तमा मैदानमा दडे वा लोटे । यसरी रेडमण्डको ओलम्पिक सुनौलो टक्मा पाउने काम रोकियो वा अधुरो रह्यो । अझै पनि उनी हारिनु पर्ने स्थितिका खेलाडी थिएनन् । उनी तिव्र पिडाले ग्रस्त हुँदै आफ्नो घुँडा पछाडीका नशाहरुलाई निस्तेज पार्नु बाहेक अरु केही थिएन उपाए भन्ने भान उनको अनुहारकामा झल्किन्थ्यो । रेडमण्डले आफ्नो दौड सिध्याउँछन् भन्ने धेरैको आँकलन थियो ।

उनी पुन ट्र्याकबाट उठे, उनका प्रतिस्पर्धीहरु उनी भन्दा सय मिछर अगाडी पुगिसकेका थिए र उनीहरु लगभग दौडको अन्ततिर पुग्नै लागेका थिए । उनको लागि प्रत्येक कदम कष्टप्रद थियो वा पिडादायक थियो । प्रत्येक दर्शकका भिडहरुले रेडमण्डको पिडा आफैले अनुभव गरे जस्तै भयो । तथापी उनी आफ्नो दौड जारी गर्दै रहे तव सबको आँखा उनी माथि थियो । यसरी क्षणभरी मै आफ्नो छोरा निस्तेज हुँदै गइरहेको देखेर रेडमण्डको पिता जिम जुरुक्क उठेर दौडको ट्र्याकतर्फ अघि बढे । जसै सुरक्षा सेनाले उनलाई रोक्ने प्रयास गऱ्यो, तव जिमले कराएर भने, "त्यो मेरो छोरो हो !" तव उनलाई जान दिइयो र उनी ट्र्याकमा प्रवेश गरे, जहाँ उनी आफ्नो छोराकहाँ आए । जव उनीस् डेरेकको छेउमा पुगे, तव जिमले आफ्नो छोराको पाखुरो समातेर भने, "तिमीले यस्तो गर्नुपर्दैन ।" "हो, मैले पर्दैन, डेरेकले जवाफ दिए, ........." तव, हामी दुवैले सँगसँगै दौडौं । उनको

पिताले जवाफ दिए । उनको पिताले डेरेकको देब्रे हात उनको आफ्नै काँधमाथि राखे । तव उनले आफ्नो दाहिने हात आफ्नो छोराको काँधमा राखे । तव उनले डेरेकको दाहिने हात समाते, तव उनले अन्तिम रेखातर्फ लक्ष्य गर्दै अघि बढ्न थाले । आफ्नो पितालाई छेउमा राखि, डेरेकले अन्तिम दौड सावधानीका साथ पुरा गरे । आफ्ना बाबु-छोरा सँगसँगै, विस्तारै यस दौडलाई पुरा गर्दै गर्दा दर्शकहरुले जोड-तोडले हौशलाको आवाज निकाल्दै चिच्याए र अचम्मित भए । तव तुरुन्तै यस क्षणको तस्वीर खिच्न पत्रकारहरु र समाचार माध्यमहरुले वा टि.भी. समाचार संकलनहरुले फोटो खिच्न थाले र यस भावुक दृष्यको तुरुन्तै संसार भरी नै प्रसारण भयो, यही घटना ओलम्पिक इतिहासमा एक अविस्मरणीय क्षण रह्यो ।

औपचारिक नतिजामा  खास गरी पुरुष तर्फको ४०० मिटर दौडको दोश्रो अन्तिम दौडको शो जहाँ डेरेक रेडमण्डको प्रस्तुती रहेको थियो, लाई “छोडिएको दौड” को रुपमा देखाइयो । तर संसारले यस क्षणलाई केहि वस्तुलाई जस्तो सम्झिरहनेछ ।

डेरेक रेडमण्डले एक ठूलो हारको सामाना गर्नु पऱ्यो । तर जसै हार्दै थिए, उनको पिताले भने, “हामी यो सँगै गर्नेछौं” । आज, हामिले दाउदलाई पुन भेट्दैरहनेछौं, जसको साथमा एक समश्याको रुपमा एक राक्षेश थियो, तर उनको आफ्नो स्वर्गीय पिताको सहायताले उक्त राक्षेस माथि विजय हासिल गरे ।

**पृष्ठभुमि:**

पलिस्तीहरु र इस्राएलीहरु आपसमा तीतो शत्रुता थियो । उनिहरु एक आपसमा लड्दै आइरहेका थिए विशेष गरी त्यस बेला देखि जब इस्राएलीहरु प्रतिज्ञाको देशमा जानलाई यशुको साथमा यर्दन नदि तरेका तिए । इस्राएलसँगको अन्तिम हारको तिक्कताको कारण फेरी एक पटक पलिस्तीहरु इस्राएलीहरुको विरुद्धमा लडाइ गर्न भेला भए । दुई वटा पहाडहरुको बिचमा अवस्थित् एउटा उपत्यकाको सिन छ । पलिस्तीहरु एकार्तर्फको पहाडमा छोउनी खडा गरेर बसे । शाऊल राजा र इस्राएली सेनाहरुले त्यसको विपरीतमा छाऊनी हाले । दुवै छाउनी एक अर्कालाई हेराहेर गरेर केही दिन बिताए एक बिहानी जब यसरी एक अर्कालाई खडा भएर हेरि रहेका थिए , पलि स्तीहरुले गोल्यत नामको आफ्नो एक जना शुरबीरलाई खडा गरे । उ नौ फूट भन्दा अग्लो थियो । गोल्यतले खडा भएर इस्राएली सेना तर्फ पक्यो, र भन्यो “तिमी हरुको एउटा मानिस छान र उसलाई मसँग लडेर मलाई मार्न सक्यो  भने हामी तिमीहरुल का अधिनमा हुनेछौ , वा तिमीहरुको कमारा हुनेछौं, तर यदि म विजउ भएर वा जितेर त्यसलाई मारे भने तिमीहरु हाम्रो सेवा गर्नुपर्नेछ । यस्तो चुनौती सुनेर शाऊल र उनीसँग भएका इस्राएलीहरु सबै ठूलो डरले भागे र भने यस्तो राक्षशको अघि को खडा हुन सक्छ र? चालीस दिन सम्म र हरेक बिहान र साझ गऱ्यो । ती

चालीस दिन मध्येको एक दिन , दाउदका पिता यिशैले दाउदलाई भने , छाउनीमा जाऊ र लडाँइका हाल खबर मकादाँ लेऊ । दाउद  छाउनीमा त्यतिखेर पुगे जति खेर पलिस्तीहरु र इस्राइलीहरु एक अर्कोको बिरुद्धमा सामना गर्नलाई तयार भइरहेका थिए । दाउद छाउनीमा दौडेर गए र आफ्ना दाजहरुलाई अभिवादन गरे जसै उनी तिनीहरुसँग हिड्दै थिए , तब गोल्य अघि जस्तै गरि खडा भएर हाँक दिन थाल्यो । जब इस्राएलीहरुले त्यसलाई देखे तब सबै ठूलो डरले भागे ।

दाउद र गोल्यत

(खण्ड १ शमूएल १७ : ३२-४९)

३२“दाऊदले शाऊललाई भने ,”त्यस पलिस्तीको कारणा कोही पनि हताश नऊन् । म गएर त्यस पलिस्ती सँग लड्नेछु । ३३ शाऊलले जवाफ दिए, “तिमी गएर त्यस पलिस्तीसँग लड्न सक्नेछैनौ । तिमी त ठिटा मात्र छौ, त्योचाहिँ नीवनभरि नै लडाँइ गदै आएको छ । ” ३४ तर दाउदले शाऊलाई भने “हजुर, म मेरा पिताका भेडाहरुको हेरचाहरुको हेरचाहा गदै आएको छु । जब सिंह अथवा भालुले आएर बगालबाट भेडा बोकेर लैजान्थ्यो , ३५ तब म त्यसको पछि गर्छ त्यसलाई आक्रमण गरेर त्यसको मुखबाट त्यस शिकारलाई छुटाउँथे / यदि मलाई अक्रमण गर्नलाई मार्थे । ३६ मैले सिंह र भालु दुबैलाई मारेको छु । त्यस बेखतना पलिस्तीको दशा तिनीहरुको भन्दा असल हुनेछैन् किनकी त्यसले जीवित परमेश्वरको सेनालाई विरोध गरेको छ । ३७ सिंह र भालुदेखी बचाउनुहुने परमप्रभुले यस पलिस्तीको हातदेखी पनि मलाई बचाउनुहुनेछ । शाऊलले भने, “त्यसो भए जाऊ, र परमप्रभु तिमीसँग हुन् । ” ३८ तब शाऊनले दाउदलाई आफ्नै लबेदा पहिराईदिए, अनि झिलम लगाएर उनले काँसको तोप तिनको शिरमा लगाईदिए । ३९ त्यसपछि दाउदले आफ्नो तरवार झिल ममाथि कसिदिए ।तर तिनी अनकनाए किनकी तिनको ती लगाने बानी थिएन । तिनले शाऊललाई भने, “यी लगाएर म जान सक्दिनँ, किनभने यी लगाउने मेरो बानी छैन ।” तब तिनले ती फुकाले । ४० त्यसपछि तिनले आफ्नो लट्ठी उठाए , र खोलाबाट पाँचओटा चिल्ला - चिल्ला ढुङ्गा चुने , र ती आफ्नो गोठालाको झोलाभित्रको थैलीमा हाले । तब तीनी आफ्नो धुयेत्रो लिएर त्यस पलिस्तीसँग लड्नलाई गए । ४१ आफ्नो हतियार बोक्नेलाई अगि लगाएर त्यो पलिस्ती दाऊद भएतिर बढ्यो । ४२ त्यसले दाऊदलाई नियालेर हेऱ्यो र राता - राता गाल भएका सुन्दर ठिटालाई देखेर तिनलाई घृणा गर्न लाग्यो । ४३ त्यसलाई दाउदलाई भन्यो, के म कुकुर हुँ र लाठाहरु लिएर मसँग लड्न आऊँछस् ?” त्यसले भन्यो” आइज, म तेरो मासु आकाशका चराहरु र जमीनका जनावरहरुलाई खान दिनेछु । ” ४५ दाउदले जवाफ दिए, तँ त मसँग लड्न तैले विरोध गरेको इस्राएलका

फौजहरुका परमेश्वर, सर्वशक्तिमान् परमप्रभुको नाऊमा आएको छु । ४६ आजको दिन परमप्रभुले तँलाई मेरो हातमा सुम्पिदिनुहुनेछ, र म तँलाई मारेर तेरो टाउको काट्नेछु । आज पलिस्तीहरुका लाश आकाशका चरा र जमीनका जनारवरहरुलाई खुवाउनेछु, र इस्राएलमा एउटा परमेश्वर हुनुहुदोरहेछ भनी सारा संसारले थाहा पाउनेछ । ४७ यहाँ भेला भएका सबैले जान्नेछन कि परमप्रभुले नता तरवार भालाद्धरा बचाचउनु हुन्छ । किनभने लडाइँ परमप्रंभुकै हो, र उहाँले तिमीहरु सबैलाई हाम्रा हातमा सुम्पिदिनुहुनेछ । ४८ जब त्यो पलिस्ती तिनी भए तिर बङ्गा निकाले, र घुयैंत्रोमा राखेर त्यस पलिस्तीको निधारमा हाने । त्यो ढुङ्गा निधारमा गडियो र त्यो घोप्टो परेर भस्इँमा लोट्यो । "

आउनुहोस् हामी दाऊद र गाल्यतको कथाबाट ३ वटा महत्वपूर्ण र अघम्मका सत्यताहरुबारे कुरा गरौं ।

**परमप्रभुको नाऊँमा महान शक्ति त :**

**"दाऊदले** जवाफ दिए," तँ त मसँग लड्न तरवार, भाला र बर्छा लिएर आएको छन्, तर म तसँग लड्न तैले बिरोध गरेको इस्राएलका फौजहरुका परमेश्वर, सर्वशक्तिमान् परमप्रभुको नाऊँमा आएको छु" (१शमूएल १७:४५)।

**प्रश्न यस्तो** परिस्थितिमा दाउदको , पलिस्तीको अनि इस्राएलका पहलमा, पहुँचमाको फरक छ?

**उत्तर** (इस्रएलको र पलिस्ती सेनाहरुले आफ्नो भरोश र आशा मानिस(जसमा उनीहरुको भरोशा थियो ) तर दाउदको आशा र भरोशा चाहिँ आफ्नो स्वर्गीय पितामाथि रखेका थिए उनलाई सहायता गर्न सक्नुभयो ) ।

**प्रश्नः** रमेश्वरले तपाईबाट कसरी सार्मथ्यका कामहरु र्गने सक्नुहुन्छ ? ऊ -जब तपाईले परमेश्वरलाई आदरगर्ने कामहरु र्गनुहुन्छ, जस्तो तपाई केही हदसम्म घबराएको भएतापनि, तब प्रमेश्वरले तपाइँको स्थान लिआदलाई  आदर गर्नुहुन्छ वा हुनेछ ) ।

**<u>परमेश्वरमाथिको भरोशाले शाहश ल्याउँछ</u>**

"तर दाउदले शाऊललाई भने ,"हजुर,म मेरा पिताका भेडाहरुको हेचाहा गर्दै आएको छु । तब सिंह अथवा भालुले आएर बगालबाट भेडा बोकेर लैजान्थ्यो, तब म त्यसको गर्छ त्यसलाई आक्रमण गरेर त्यसको मुखबाट त्यस शिकारलाई छुटाँउथे..........(१ शमूएल १७: ३४ र ३५ ) ।

**प्रश्न** परमेश्वरमाथिको भरोशाले कसरी साहश दिन्छ ? ऊ (परमेश्वरमाथिको धरोशाले तपाईलाई यस्तो उस्साह साहश दिन्छ कि तपाईलाई हरेक अवसर र चुनौतिसँग खडा रहन सक्षम तुल्याउँछ को तपाईको पक्षमा रछन्छ ?

**प्रश्न** तपाइले साहश कसरी गर्न भन्नु वा प्रर्थाना गर्न सक्नुहुन्छ ? ऊ (कुन परिसथिति जो तपाईको बाटोमा आइ पर्छ, खेलमा जित्ने कुनै पारिवारिक सदश्य वा साथीसँग बिरामी अवस्था भएर जान जुन सुकै परिस्थितिमा पनि जे ठिक छ त्यसको लागी खठा रहनु र पछि नहट्नु ।

**<u>परमेश्वरमाथिको भरोशाले ठूलो बाधा माथि विजउ गर्छः</u>**

"यहाँ भेला भएका सबैले जान्नेछन् कि परमप्रभुले नता तरवार न भालाद्धरा बचाउनुहुन्छ । किनभने लडाँई परमप्रभुकै हो र उहाँले तिमीहरु सबैलाई हाम्रा हातमा सुम्पिदिनुहुनेछ (१ श्मूएल १७:४७) ।

**प्रश्नः** यस्तै अन्य कस्ता खालका उदाहरणहरुबारे तपाई याद गर्नुहुन्छ -बाइबलमा जुन ठूला समस्याहरु थिए र जहाँ परमेश्वरले मानिसहरुलाई साहयता गर्नुभयो ? **ऊत्तर** मोशा र इस्राइलीहरु लल समुद्रमा, गिदोन र उनका ३०० जना मानिसहरु हजारौ मिद्यानीहरुका विरुद्ध, दाउद र गाल्उत ) ।

**प्रश्न** तपाइको जीवनमा ठूला समश्याहरु के-के छन्?

ऊत्तर अँध्यारो, कुकुरसँग डराउनु, स्कुलको खेलकुदमा तपाईको पक्षबाट गर्नुपर्ने भूमिका ।

- सायद तपाई वा अरु कसैले गम्धिर विरामी अबस्था भोगिराख्नु परेको छ ,सायद तपाईका वा अरु कसैका माता पिता बिच पारपाचुके हुदो जानु पऱ्यो होला । त्यहाँ कोही केटा वा केटीहरुछन जो प्रत्येक दिन गरिबी, भूखमारी र लडाइँको सामना गरि रहेका छन् ।

**प्रश्नः** तपाई कसरी आफ्नो ठूलो समश्याको सामना गर्न जान सक्नु हुन्छ ?

उत्तर सर्बप्रथम यो जान्नुहोस् कि यस्तो समय हुन्छ जहिले समश्याहरु आइपर्छन् परमेश्वर भन्नु हुन्छ, "मैले तिमीहरुलाई यी कुरा यस हेतुले भनेको छु ,कि ममा तिमीहरुलाई शान्ति होस् । संसारमा तिमीहरु लाई सङ्कष्ट हुनेछ, तर साहश गर ,मैले संसारलाई जितेको छु -यूहन्ना १६ः३३) । खुशीको कुरा यो छ कि ,परमेश्वर तपाईका समश्या भन्दा महान हुनुहुन्छ । उहाले तपाईलाई समयमै नभएको नस्तो विजय, सित्तैमा ती खेलहरुकामा विजयी तुल्याउनुहुन्छ यो साहश उहाँले तपाईलाई समयमै नभएको जस्तो विजय ,सितैमा ती खेलहरुमा विजयी तुल्याउनुहुन्छ यो सांहशं उहाँबाट पाऊनुहुन्छ । उहाँ गरबी पारपाचुके र गभ्भिर बिरामीपना भन्दा शक्तिमान हुनुहुन्छ । उहाँ त्यो भाला लिएर उभिने नौ फुटको राक्षस भन्दा पनिअझ शक्ति मान हुनुहुन्छ । कहिलेकाँही किन यी खराबकुरा भएका वा हुन आएका होलान भनि बुझ्न धेरै गाह्रे हुन्छ ।कहिले काही किन यी कुरा भएका वा हुन आएका होलान भनि   पर्शयामा एउटा अचम्मको पद छ जहा जहाँ यस्तो लेखिएको छ ,"म तेरो अखिअखि जानेछु , र पर्वतहरुलाई समतल पार्नेछु । कासाँका ढोकाहरु म टुक्राटुक्रा टुक्राटुक्रा पार्नेछु, र फलााका बारहरु काट्नेछु ।.......म तपाई अध्यारो ठाऊँमा भएको भण्डार र गुप्त स्थानमा जम्मा गरेको धन दिनेछु "(यर्शया ४५ः२-३) ।

परमेश्वरले सबै भन्दा गाह्रो क्षणमा पनि गोप्य धन सम्पित्तिहरु ीदन सक्नुहुन्छ । डेरेक रेडमण्डलाई जे भयो ,वा उनले कुनै सुनको तक्मा जितेनन् तर सुनौलो क्षण हात पारे । परमेश्वरले हामीलाई खराब जस्तो लाग्ने क्षणबाट पनि भलाई गर्न सक्नुहुन्छ ।

कहिले काँही, यस्ता बहुमूल्य थोक भेट्टउनको निम्ति पनि बुराँइका परिस्थिति हुँदो जानु पर्नेहुन्छ ।

दाऊदबाट सिकौ । साहसी हुनुहोस् । सर्बशक्तिमा परम प्रभुको नाऊँमाथि भरोथि भरोशा गर्नुहोस् ।

# पाठ - १७ : दाऊद -(भाग -३)

**दोहो-याोउने :**

गतहप्ताको कण्ठपद र प्रश्न

**आजको पाठको पदः**

“हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस् र मभित्र एउटास्थिर आत्मा पुनर्जीवित पार्नुहोस् ( भजनसग्रह ५१:१०) ।

**गुणहरु**

प्रश्चात्ताप, एक चूर्णहृदय

**परिचय**

समय सम्म उत्तर एट्लन्टिक महासागरमा एक हप्ता सम्मको लागि लामो सामुन्द्री तुफान चलिरहेको थियो । तुफान चलेको एघारौ घडिमा, नावी जोन न्यूटन चाँहि पानी पम्म गर्दा -गर्दा थकित भइसकेका थिए, त्यसैले उनी जहाजलाई यसको ठिक बाटोमा रोकिराख्न लाई भरमन्दूर प्रयास गर्दै उनी पतवारमा टाँसिई रहे । १ बजे देखि मध्य रातसम्म उनी पतवारमा नै रहे । प्रचन्द बहेको आँधि सँगै, न्यूटनले सोच्ने फुर्सद पाए जर्स उनले तूफानले हानेर क्षतिग्रष्ट पारिएको जहाजलाई उक्त समुद्र आधि हुदो डो-याउने प्रयास गर्दै थिए तब उनलाई आफ्नो जीवन सडेको र भरकेको वा आफैले डो-याइरहेको जहाजको जस्तै लाग्यो । ११ वर्षको हुँदा देखी नै उनले आफ्नो जीवन सामुन्द्री जीवन बिताँउदै भाइरहेका थिए नापीहरु आफ्नो जीवन सामुन्द्री जीवनमा अशुद्धताको लागी नाम कमाएका थिए । घतियापन र एक जंगलीपनले कैयौ पटक सङ्गी साथीहरुलाई उनको चाल प्रति शंका लाग्थो ।

न्यूटनले सानोहुँदा आफ्नी आमाले दिएका बाइबल शिक्षा लाई इन्कार गरेर धेरै नाविकहरुलाई अविश्वासमा डो-याएका थिए । निश्चय नै उनी आशा बिहीन र सुरक्षादेखि बाहिर थिए यद्यपी पवित्रशास्त्र बाइबल सत्य थियो । तथापी न्यूटनका सोचाईहरु खीष्ट तर्फ फर्के ।

ईशी सन् १७४८ को मार्च २१ ग्ते उक्त पतवार मा त्यस घहि देखि उसो न्यूटनले सहायता पठाउनुभयो र मलाई पानिको गहिराईबाट बचाउनु भयो र मलाई पानीको गहिराईबाट बचाउनु भयो भनि उनि भनछिन् । परमप्रभु परमेश्वरको त्यो अचम्मको अनुग्रहले मात्र यस्तो अशुद्ध र पवित्र परमेश्वरको छोरामा परिवर्तन गर्न सक्थ्यो । यद्यपी न्यूटनले आफ्नोनाविक र समुन्द्र व्यापारी जीवनलाई निरन्तरता दिए ता पनि उनको उनको जीवन परिवर्तन भयो । ३९ वर्षको उमेरमा जोन न्यूटनले ४३ वर्षे येश्र खीतटको सु-समाचार प्रचार आरम्भ गरे । आइतबारको सध्याकालिन सेवामा, हरेक पटक न्यूटनले यस्ता भजनहरु सम्पादन गरे जसले मानिसहरुलाई एउटा पाठ सिकाउँदा बाइबल पवित्र शास्त्रतर्फ डोऱ्याउँथ्यो । उनका भजनहरु मध्ये सब भन्दा प्रसिद्ध चाहिँ, आज हामीले अमेजिङ ग्रेस, वा अचम्मको अनुग्रह भन्ने भजन हो । (इशाई ऐतिहासीक संस्था, झलक लेखा २८, डब्लु ,डब्लु. गोस्पलकम .नेटो  बाट साभार गरिएको ।

अचम्मको अनुग्रह कति मीठो स्वर
जसले म दु:खी जस्तोलाई बचायो
एक पल्ट म हराएको थिए,तर अहिले पाएको छु
अन्धो थिए तर अहिले देख्छु

एक पटक जोन न्यूटन हराएका थिए, तर अहिले पाइएका छन् । उनले जाने कि उनले जाने कि उनी कति सम्म खराब भएका थिए र कसरी परमेश्वरले उनलाई बचाउनु भयो, र उनी बचाइए पछि कसरी परमेश्वरलाई जवाफ दिए ।

## पृष्टभूमी

एक वसन्त. ऋतुको सुन्दर दिनमा दाऊले -जो अब इस्राएका राजा थिए ) योआब (उनको सेनापति ) र इस्राइलको सेनाहरुलाई लडाँईको वा निम्ति पठाए । तर दाऊद यरुशलेममै रहे ।

## दाऊद र बतशेबा

खण्ड :(२ शमूएल ११ र १२ अध्यायबाट छानिएका पदहरु ऋनि भजनसंग्रह ५१ बट “११:२ एक बेलुकी दाऊद पलङ्गबाट उठेर महको कौसिमाथि घुमिरहेका बेलामा तिनले एउटी स्त्रीलाइ नुहाइरहेकी देखे, अनि तिनी अति सुन्दरी थिइन् । ३ तिनीको हुन् भनि सोधपूछ गर्नलाई तिनले मानिस पठाए, अनि तिनी आइन्, र दाउदले तिनीहरुसित सहवास गरे । (तिनले आफ्नो रजस्वलाको

बेलापछि आफैलाई शुद्ध पारेकी थिइन् ।) त्यसपछि तिनी आफ्नो घरमा गइन् ।" (२ शमूएल ११ : २ - ४) ।

**प्रश्नः** पहिलो पाठ १४ मा हामीले शाऊलको बारेमा हेर्दै गर्दा उत्तरदायित्वको बारेमा हेरेका थियौं । के तपाईलाई याद छ कि "जिम्मेवार हुनु" भन्नुको अर्थ के हो ?

**उत्तरः** (आफूले गरेका छनौट र निर्णयप्रति जिम्मेवार हुनु) ।

एक राजाको हैसियतले जे दाउदले भने, सो "भयो" । राजाको पराधिनमा रहेकैले, यदी उनले "यहाँ आऊ" भनेको भए तपाई आउनु भयो र राजा भएकोले, दाउद कुनै मानिसप्रति उत्तरदायी थिएनन् (परमेश्वरप्रति बाहेक) मलाई लाग्छ यस विशेष मामिलामा दाउदले परमेश्वरको अनुमति लिएनन् । दाउदले केही गम्भिर भूल गरे । उनले बतशेवालाई एक अनुचित व्यवहारमा समावेश गरे, यद्यपी उनी उरीयाहकी पत्नी हुन् भन्ने थाहा भयो । त्यसपछि अरु केही अत्यन्त गलत काम पनि भयो । दाउदले बतशेबाट एक सन्देश पाए । उक्त सन्देशले यसो भन्यो, "दाउद सम्झनुहोस् त्यो रात जव तपाईले मलाई राजदरबारमा बोलाउनु भयो ? तपाई बुबा बन्दैहुनुहुन्छ ।"

दाउदले जाने कि उनले एक गम्भिर र डरलाग्दो भूल गरेका छन्, त्यसैले उनले यसलाई ढाक्ने कोशिश गरे । उनले उरीयहलाई लडाईबाट घरमा आफ्नी पत्नी बतशेवाकहाँ बोलाए । दाउदले यही आशा गरिरहेका थिए कि बच्चा आफ्नै हो भनि उरीयाहले ठानोस ताकी उसलाई जे भएको थियो सो थाहा नहोस् तर उरीयाह घर गएनन् ।

**प्रश्नः** उरियाह किन घर गएनन् भन्ने तपाईलाई लाग्छ ?

**उत्तरः** (उनी राजा र साथीहरुप्रति इमान्दार थिए । अरु साथीहरु सबै लडाईमा तर आफूमात्र पत्नीसँग सुत्न घरमा आउने कुरा उनलाई मन परेन वा उचित लागेन ।)

त्यसैले दाउदले एउटा योजना रचे । उनले उरियाहलाई पुनः लडाईमा पठाए हातमा एउटा चिठी योआबलाई दिन सहित । याद गर्नुहोस राजाले जा भने पटि के हुनुपर्छ । उक्त चिठीले

योआबलाई यस्तो सन्देश दियो कि उरियाहलाई यस्तो ठाउँमा राख्नू जहाँ कडा मुकाविला हुन्छ अनि तिमीहरु चाँही पछि हट्नु र त्यो एक्लै परोस् ताकि उरियाह मरोस र ठिक त्यस्तै नै भयो ।

“११ : २६ जब उरियाहकी स्वास्नीले आफ्ना पति मरेको खबर समाचार सुनिन्, तब त्यसको निम्ति तिनले शोक गरिन् । २७ अनि जब शोकको समय पुरा भयो तब दाउदले मानिसहरु पठाएर तिनलाई आफ्नो घरमा ल्याए । तिनी दाउदकी पत्नी भइन् र एउटा छोरो जन्माइन् । तर जे दाउदले गरेका थिए त्यसमा परमप्रभु अप्रसन्न हुनुभयो” (१ शमूएल ११ : २६ र २७) ।

**प्रश्न:** किन परमप्रभु दाउदसँग अप्रशन्न हुनुभयो ?

**उत्तर:** (किनकी दाउद परमप्रभुको छानिएका राजा थिए । एक राजा भएकोले उनी सबै मानिसहरुको लागि एक उदाहरण हुनुपर्थ्यो र यस्तो मानिस हुनुपर्थ्यो जसले परमप्रभुको श्रद्धा र भय राखोस् र उहाँको बचन पालन गरोस् अनि उहाँको आज्ञाकारी जीवन जिओस् भन्ने उहाँको इच्छा थियो ।) यही मामिलामा दाउदले गलत काम गरे, उनले गल्ती गरे अनि यसलाई लुकाउने प्रयास गरे ।

सुन्नुहोस् परमेश्वरले कसरी दाउदको कार्यप्रति प्रतिक्रिया जनाउनुभयो:
१ “परमप्रभुले नातान अगमवक्तलाई दाउदकहाँ पठाउनुभयो, र तिनी दाउदको उपस्थितिमा हाजिस भएर तिनले भने, “एक पल्ट एउटा शहरमा दुई जना मानिस थिए, एक जना धनि र अर्को चाँही गरिब । २ धनी मानिसका धेरै भेडा बाख्राका बगाल र गाई गोरुका बथान थिए , ३ तर त्यो गरिब मानिसको आफूले किनेको एउटा सानो पाठी बाहेक आफ्नो भन्ने केही थिएन । उसले त्यसलाई आफैले पालन पोषण गऱ्यो र आफ्नै घरमा आफ्नै छोराछोरीसँग त्यो हुर्क्यो । त्यसले उसकै थालमा खान्थ्यो र उसकै कचौरामा पिउँथ्यो र उसकै काखमा सुत्दथ्यो । त्यसलाई उसले आफ्नो छोरीलाई जस्तै गर्थ्यो । ४ एक दिन एउटा परदेशी त्यस धनी मनिसको घरमा आयो, अनि त्यस धनी मानिसले पाहुनालाई आफ्नै बगाल र बथानबाट केही दिने मन गरेन, तर त्यस गरीब मानिसको पाठी ल्याएर त्यस पाहुनाको निम्ति भोजन तयार गऱ्यो ।” ५ दाउदलाई त्यस कुराले साह्रै रिस उठ्यो र तिनले कराएर भने, “जिवित परमप्रभुको नाउँमा म भन्दछु की यस्तो काम गर्ने मानिस मृत्युको योग्य छ । ६ त्यसले दयामायाँ नगरेर यस्तो काम गरेवापत त्यस पाठीको साटो चार गुणा तिर्नुपर्छ ।” ७ तब नातानले दाउदलाई भने, “त्यो मानिस तपाई नै हो । परमप्रभु इस्राएलका

परमेश्वर भन्नुहुन्छ : मैले तँलाई इस्राएल माथि राजा अभिषेक गरे । मैले तँलाई शाउलको हातबाट छुटाएँ । ८ मैले तँलाई तेरा मालिकको घर र त्यसका स्वास्नीहरु तेरै हुनलाई दिएँ । मैले तँलाई इस्राएल र यहूदाका घरानाहरु दिए । अनि यतिले नपुगेको भए म तँलाई अरु धेरै दिने थिए । ९ तर तैले उहाँको दृष्टीमा जे खराब थियो त्यो गरेर कि परमेश्वरको बचनलाई तुच्छ ठानिस् ? तैले हित्ती उरियाहलाई तरबारले मारिस र तैंले त्यसको पत्नीलाई आफ्नी बनाउन लगिस । तैंले त्यस मानिसलाई अम्मोनीहरुको तरवारले मर्न दिइस् । १० तैंले मलाई तुच्छ ठानेको हुनाले, र हित्ती उरियाहकी पत्नीलाई तैले आफ्नो तप्नी तुल्याउन लागेको हुनाले, तेरो घरानाले कहिल्यै तरबारबाट विश्राम पाउनेछैन । ११ "परमप्रभु भन्नुहुन्छ, "म तेरो घराना भित्रबाट तँमाथि विपद् ल्याउनेछु । म तेरा पत्नीहरुलाई लिएर तेरै आँखाको सामुन्ने तेरो नजिकको मानिसलाई दिनेछु र त्यो दिउँसै तिनीहरुसित सुत्नेछ । १२ तैलै जे गरिस तर म यो चाँही सारा इस्राएलले देख्ने दिनको उज्यालोमा गर्नेछु ।" १३ तव दाउदले भने, "मैले परमप्रभुको पाप गरे ।" नातानले तिनलाई जवाफ दिए, "परमप्रभुले तपाईका पाप लगिदिनु भएको छ । तपाई मर्नुहुनेछैन । (२ शमूएल १२ : १ - १३) ।

**प्रश्नः** दाउदले आफ्नो पाप महशुस गरे पछि के गरे ?

**उत्तरः** उनले आफ्नो पापा मानिलिए उनका गलत सोचाई र कामहरु मानिलिए र परमेश्वरलाई उनका पाप क्षमा गर्नको लागि विन्ति गरे ।) अहिले यो जान्नु महत्वपूर्ण छ कि परमेश्वरले दाउदलाई आफ्ना कामहरुको निम्ति जवाफदेही बनाउनु भयो र दाउद जे गरे त्यसको परमेश्वरले उनलाई दण्ड दिनुभयो ।

**प्रश्नः** यदी दाउदले क्षमा मागेको भए, परमेश्वरले उनलाई क्षमा दिनुभएको भए, किन परमेश्वरले दाउदलाई दण्ड दिनुभयो त ?

**उत्तरः** (दाउद आफ्ना कामहरुका निम्ति जवाफदेही हुनुपर्ने थियो ।) क्षमा गरिएको थियो, त्यसको मतलव सो गल्ती उनको विरुद्धमा घरि दिइएको घरि दोहोऱ्याइने छैन । तर पनि दाउद अझै पनि आफ्ना पापप्रति जिम्मेवार थिए । उत्तरदायित्व विना हामीले गलत के हो र सही के हो भनि हामीले सिक्न सक्दैनौं । परमेश्वरको अगाडी के उचित र ग्रहणयोग्य व्यवहार वा चरित्र हो त भन्न सिक्न सक्दैनौं ।

**प्रश्नः** दामउदले नातानको कथाबाट के सिके ?

**उत्तरः** (जे आफ्नो अधिकारमा थिएन सो कुराको इच्छा गरि तिनले परमेश्वरको आज्ञालाई इन्कार गर्ने परीक्षालाई आउने अनुमति दिए (आफ्नो जीवनमा) र उनी आफ्नै बारेमा मात्र सोच्ने भए भन्ने कुरा दाउदले सिके ।)

दाउदले नातान अगमवक्ताको सामना गरिसकेपछि र उनले आफ्नो अपराध स्वीकार गरेर भने कि उनले परमेश्वरको विरुद्धमा पाप गरे तव यसै सन्दर्भमा दाउदले एउटा भजन लेखे ।

**समूहलाई भजनसंग्रह ५१ पढ्न लगाउनुहोस्**
**(भजनसंग्रह ५१ : १ - १७)**

१ "हे परमेश्वर, तपाईको अचूक करुणा अनुसार ममाथि कृपा गर्नुहोस्, तपाईको अपार
अनुकम्पामा मेरा अपराधहरु मेटिदिनुहोस् । २ मेरो सबै अधर्मबाट मलाई पूर्ण रुपमा धोइदिनुहोस् र
मेरो पापबाट मलाई शुद्ध गरिदिनुहोस् । ३ किनकी मेरा अपराधहरुमा म जान्दछु र मेरो पाप सदा
मेरो सामन्ने छ । ४ तपाईको विरुद्धमा केव ल तपाईकै गरेको छु । यसैकारण बोल्नुहुँदा तपाई ठिक
ठीक प्रमाणित हुनुहुन्छ र न्याय गर्दा तपाई न्यायी ठहरिनुहुन्छ । ५ साँच्चै म जन्मँदा नै पापी थिएँ
र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ । ६ निश्चय नै हृदयको सत्यता तपाई
चाहना गर्नुहुन्छ अन्तस्करणमा तपाई मलाई बुद्धिका कुरा सिकाउनुहुन्छ । ७ हिसपले मलाई शुद्ध
पार्नुहोस् र म शुद्ध हुनेछु । मलाई धुनुहोस् र म हिँउभन्दा सेतो हुनेछु । ८ मलाई हर्ष र उल्लास
सुन्न दिनुहोस् र तपाईले पूर्ण पारिदिनुभएका हड्डीहरु आनन्दीत होउन् । ९ मेरो पापहरुदेखी आफ्नो
मुख लुकाउनुहोस र मेरा सारा अधर्महरु मेटिदिनुहोस् । १० हे परमेश्वर ममा शुद्ध हृदय सृजनुहोस्
र मभित्र एउटा स्थिर आत्मा पुनर्जिवित पार्नुहोस् । ११ मलाई तपाई तपाईको उपस्थितिबाट
नहटाउनुहोस्, नता मबाट तपाईका पवित्र आत्मा लैजानुहोस । १२ तपाईको मुक्तिको आनन्द मलाई
फेरि दिनुहोस् र मलाई समाल्न इच्छुक आत्मा दिनुहोस् । १३ तब अपराधीहरुलाई म तपाईमा
मार्गको शिक्षा दिनेछु । पापीहरु तपाईतर्फ फर्कनेछन् । १४ हे परमेश्वर हे मेरा उद्धारकर्ता परमेश्वर
मलाई रक्तपातको दोषबाट छुटकारा दिनुहोस् र मेरो मुखले तपाईका धार्मिकताको स्तुती गाउनेछ ।
१५ हे परमप्रभु मेरा ओठ खोलिदिनुहोस् र मेरो जिब्रोले तपाईको प्रशंसाको घोषणा गर्नेछ । १६

किनकी तपाई बलिमा प्रसन्न हुनुहुन्न नत्रता म बलि चढाउने थिँए । होमबलिमा तपाई खुशी हुनुहुन्न । १७ तोडिएको आत्मा नै परमेश्वरको निम्ति बलिदान हो । हे परमेश्वर तोडिएको र पश्चातापी हृदयलाई तपाई तिरस्कार गर्नुहुन्न ।" (भजनसंग्रह ५१ : १ - १७) ।

**प्रश्नः** दाउदले आफ्नो बारेमा वा के कसरी जाने ? अर्थात् दाउदले आफैलाई कसरी चिने ?

**उत्तरः** (दाउदले जाने कि उनको हृदय शुद्ध थिएन १० पद) ।

**प्रश्नः** दाउदले परमेश्वरको बारेमा के जाने ?

**उत्तरः** (परमेश्वरले मात्र उनलाई शुद्ध पार्न सक्नुहुन्थ्यो) ।

दाउदले जान्न सके कि परमेश्वरले उनीबाट चाहनुभएको कुरा चाँही एक ईश्वरीय साँचो पश्चात्ताप यस्तो शोक जसले पश्चात्तापमा डोऱ्याउँछ । एक यस्तो इच्छा परमेश्वरले चाहनुभएको जुन इच्छाले दाउदलाई अपराध पापबाट टाढा लगोस् र परमेश्वरलाई खुशी पार्ने तर्फ फर्कोस (पद १७) ।

**प्रश्नः** तपाई र म कसरी दाउद जस्तै छौं ?

**उत्तरः** (हाम्रो हृदय शुद्ध छैन र जव तपाई र मैले गलत सोचाई गर्छौं तव तपाई र मैले गलत काम गर्छौं) ।

**प्रश्नः** परमेश्वरले तपाई र मबाट के चाहनुहुन्छ ?

**उत्तरः** परमेश्वरले हामीबाट चाहनुभएको कुरा यही हो कि हामीमा ईश्वरीय साँचो पश्चात्ताप होस् र गलत कुराहरुबाट हामी फर्कौं र ती स्वीकार गरौं र क्षमाको लागि उहाँतर्फ आऊँ वा फर्कौं ।

**प्रश्नः** परमेश्वरले तपाईको मार्ग शुद्ध राखिएको चाहनुहुन्छ, यो तपाई कसरी गर्न सक्नुहुन्छ ?

**उत्तरः** (परमेश्वरको बचन तपाईले आफ्नो हृदयमा राखेर) ।

धर्मशास्त्र भन्दछ, “जवान मानिसले आफ्नो चाल चलन कसरी चोखो राख्न सक्छ ? तपाईको बचन अनुसारको जीवन विताएर नै हो । म आफ्नो सम्पूर्ण हृदयले तपाईलाई खोज्छु, तपाईका आज्ञाहरुबाट मलाई बहकेर जान नदिनुहोस् । तपाईको विरुद्धमा पाप नगरुँ भनेर तपाईको बचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु” (भजनसंग्रह ११९ : ९ - ११) ।

# पाठ - १८ : सोलोमन (भाग - १)

**<u>दोहोऱ्याउने</u>**

**गतहप्ताको पद र प्रश्न**

**<u>आजको पाठको पद</u>**

"धन्य हो त्यो मानिस जसले बुद्धि प्राप्त गर्छ र समझशक्ति हासिल गर्छ, किनभने बुद्धी चाँही भन्दा धेरै लाभदायक हुन्छ र त्यसले सुनले भन्दा बढी फाईदा दिन्छ ।" (हितोपदेश ३ : १३ - १४) ।

**<u>गुण</u>**

**बुद्धी**

**<u>छलफल प्रश्न</u>**

यदि परमेश्वरले तपाइलाई, "तिमी जे चाहन्छौ माग र म तिमीलाई दिन्छु भन्नु भएको भए, तपाईले के माग्नुहुन्थ्यो होला ?

**परिचय**

मिसोउरीको खेतमा एक दासको रुपमा जन्मेका थिए जर्ज वासिन्टन कार्भर जो आफ्नै घर मालिकद्धारा हुर्काइएका थिए जसै उनकी आमा अपहरणमा परेर मारिए पछि । एक ठिटोको भएकोले उनले यो जाने कि विरुवा चाँही औषधी कपडा, साबुन र काठको टुक्रा र त्यसको पनि काम लाग्ने भाग समेत प्रयोग गर्न सकिन्छ भनेर । उनी लोवा स्टेट कलेजमा भर्ना भए, जहाँ उनले कृषि विज्ञान अध्ययन गरे । तव कार्भरलाई अलाबनाको टुसकेगी संस्थामा पढाउने निम्तो दिइयो र उनी उक्त टुस्केगीमा कामकै सिलसिलामा रहन लागे । "मैले महसुस गर्छु कि मैले गर्नुपर्ने परमेश्वरको

एउटा काम छ” उनी भन्थे र त्यो काम भनेको उहाँका जनहरुका जीवन परिवर्तन गर्नु अनि देशै बदल्नु वा देशमा परिवर्तन ल्याउनु हो जसको लागि व्यक्तिको आन्तरिक स्वभावसम्म पाइला चाल्नुपर्छ । उनी ४ बजे बिहानै उठ्थे, “तिनीहरुसित एकान्तमा रहन जसलाई मैले अति माया गर्छु : मेरो परमेश्वर र मेरा सुन्दर बोटविरुवाहरुसँग रहन । बिहानको यस घडी र क्षण जस्तो जरुरी र ठिक परमेश्वरले मबाट के गर्न चाहनुहुन्छ भन्ने कुराको अन्तरज्ञान दिने अरु कुनै समय  छैन । जव अरु सर्वसाधारणहरु निदाईरहेकै हुन्छन्, जव तव परमेश्वरले आवाज सुन्दै उहाँका योजना बारे सिक्नलाई सुन्ने प्रार्थनामा उत्तम समय पाउँछ ।”

उनले विश्वास गरे कि सबै कुराका सृष्टिकर्ता सितको व्यक्तिगत सम्बन्ध नै प्रशस्तको जीवनको एउटा मात्र जग हो । उनले बताएकी परमेश्वरले नै उनलाई बदामको ३०० भन्दा बढी उपयोगिताका सुत्रहरु दिनुभयो । उनले नै माटो सुधारको निम्ति फरक फरक बालि लगाउनुपर्छ भन्ने नियम सिफारिस गरे । यसले गर्दा उनले दक्षिणी कृषि प्रणालीको उनमा मात्र निर्भर रहने पारम्परिक ढाँचामा बदलाऊ ल्याए । पछिल्लो नतिजा स्वरुप उनले सयौं बदाम एभअबलक हाडेबदाम, काष्ठफल र सखरखण्ड उद्योगहरुको विकाश गरे ।

जर्ज वासिन्टन कार्भरले परमेश्वरसँग बुद्धी मागे परमेश्वरले हामीलाई जे दिनुभयो सो उहाँको उद्देश्यको निम्ति कसरी प्रयोग गर्ने हो भन्ने बुद्धी । यस्तै गरी आजको हाम्रो पाठमा यस्तो बाइबलिय बीर (हिरो) को बारेमा छ जसले परमेश्वरसँग बुद्धी मागे ।

## पृष्ठभूमी

दाउद र बतशेवाका पहिलो छोरा मऱ्यो । तव बतशेवाले अर्को छोरा जन्माइन् । तिनीहरुले त्यसलाई सोलोमन नाम दिए । दाउदको जीवनको अन्त्यतिर दाउदले उनले बतशेवालाई आफ्नो रुममा बोलाए र  तिनको अघि तिनले यो शपथ खाएर भने, “तव राजाले यसो भनेर शपथ खाए, “मेरा सबै दुःखबाट छुटकारा दिनुहुने जिवित परमप्रभुको नाउँमा शपथ खाएर म भन्दछु, परमप्रभु इस्राएलका परमेश्वरको नाउँमा मैले शपथ खाएर तिमीलाई भनेको थिए, “तिम्रो छोरो सोलोमन नै म पछि राजा हुनेछ र मेरो सिंहासनमा मेरो सट्टामा बस्नेछ ।” आजको दिन म यो शपथलाई पुरा गर्नेछु ।” (१ राजा १ : २९ र ३०) ।

## सोलोमन (भाग - १)

**खण्ड : (१ राजा ३ : ३ - १४)**

“३ सोलोमन आफैले चाँही आफ्ना पिता दाउदले बनाएका धार्मिक विधानहरुको पालना गर्दै परमप्रभुलाई नै प्रेम देखाए । तर तिनले डाँडाका थानहरुमा बलि चढाएर धुप बाले । ४ सोलोमन राजा गिबोनमा बलिदान चढाउनलाई गए किन की डाँडाका थानहरुमा सबैभन्दा मुख्य स्थान यही थियो त्यहाँ बेदीमा तिनले एक हजार होमबलि चढाए । ५ गिबोनमा परमप्रभु परमेश्वर राति सपनामा देखा परेर तिनलाई भन्नुभयो, “तिमी मसित जे माग्छौं त्यो दिनेछु ।” ६ सोलोमनले जवाफ दिए, “तपाईले आफ्नो दास मेरा पिता दाउदलाई ठूलो दया देखाउनुभयो, किनभने उहाँ तपाईप्रति विश्वासयोग्य हुनुहुन्थ्यो र धार्मिक हृदयमा ठिक हुनुहुन्थ्यो । तपाईले उहाँप्रति यो ठुलो दया कायम नै गरिरहनुभएको छ, र अब उहाँ पछि सिंहासनमा बस्नलाई तपाईले उहाँलाई आज यो दिन एउटा छोरो दिनुभएको छ । ७ “अब हे परमप्रभु मेरा परमेश्वर, तपाईले आफ्नो दासलाई मेरा पिता दाउदको सट्टामा राजा तुल्याउनु भएको छ । तर म त सानै बालक मात्र छु र मेरो मेरो कर्तव्य म जान्दिन । ८ म तपाईको दास, यहाँ तपाईले चुन्नुभएको तपाईको विचमा छु, जो असंख्य र अनगिन्ती छन् । ९ यसकारण तपाईको प्रजालाई ठीकसित शासन गर्नलाई बुझ्नेमन आफ्नो दासलाई दिनुहोस र त्यसले असल र खरावको भेद छुट्टाउन सकोस । किनकी तपाईको यस ठूलो प्रजालाई कसले शासन गर्न सक्छु र ?

**प्रश्नः** सोलोमनले परमप्रभु परमेश्वरसँग के कुरा मागे ?

**उत्तरः** (बुद्धी) ।

**प्रश्नः** सोलोमन किन बुद्धि मागे ?

**उत्तरः** (उनले जाने कि परमेश्वरका मानिसहरुलाई असल तरिकाले अगुवाई गर्नलाई सहायता चाहिन्छ) ।

१० “सोलोमनले यो कुरा मागेकोमा परमप्रभु प्रसन्न हुनुभयो । ११ यस कारण परमेश्वरले तिनलाई भन्नुभयो, “तैले यो कुरा मागेकोले र तैले आफ्नो निम्ति लामो आयु अथवा धनसम्पत्ती वा

तेरा शत्रुहरुको प्राण नमागेको तर ठिकसित न्यायको निधो गर्नलाई बुद्धी मागेको कारणले, १२ तैले मागेको म पुरा गर्नेछु । म तँलाई बुद्धीमान् र निधो गर्न सक्ने मन दिनेछु कि तेरो अघि तँ जस्तो कहिले कोही भएको छैन न तेरो पछि कहिल्यै अरु कोही हुनेछ । १३ यसबाहेक तैले नमागेका ती कुराहरु अर्थात धन सम्पत्ती र मान पनि म तँलाई दिनेछु, यहाँसम्म कि तेरो पिता दाउदले गरेझैं यदि तँ तेरा मार्गमा हिडिस र मेरा धर्म विधिहरु र आज्ञाहरु पालन गरिस भने, म दिर्घायु तुल्याउनेछु ।

**प्रश्नः** बाइबलले के भन्दछ, सोलोमनलाई कुन क्षेत्रमा बुद्धी चाहिएको थियो ?

**उत्तरः** (न्यायीक प्रशासनको क्षेत्रमा) । यदी तँपाई सम्झनुहुन्छ भने बुद्धी चाँही परमेश्वरको दृष्टिबाट के ठिक छ र ती कुरालाई कसरी व्यवहारमा ल्याउने हो भन्ने कुराको ज्ञान हो ।

**प्रश्नः** बुद्धिको आवश्यक पर्ने मानिसहरु को को हुन् ?

**उत्तरः** (राष्ट्रपति, कानुन बेत्ताहरु, न्यायधिसहरु, शिक्षकहरु र अभिभावकहरु) ।

जिज्ञासु वा खोजकर्ता अगुवाको हैसियतले केही क्षणको समय लिनुहोस् र आफ्नो समूहलाई प्रार्थनामा अगुवाई गर्नुहोस् कि हाम्रो राष्ट्रले बुद्धीको लागि प्रार्थना गरुन्, हाम्रा अभिभावकहरु र हाम्रा बाल बालिकाहरुका निम्ति ।

## सोलोमनको बुद्धी

हितोपदेश बाइबलको एउटा पुस्तक हो जो एक नैतिक शिक्षा र तिनीशास्त्र सिकाउने एक तालिम पाठ्यक्रम हो ।

**प्रश्नः** नैतिक शिक्षा तथा नितीशास्त्र के हुन् ?

**उत्तरः** नैतिकका भनेको के ठिक र बेठिक हो भनी के असल वा खराब हो भनी देखाउने एक मापदण्ड हो । नितीशास्त्र चाँही यस्तो कुरा हो जसमाथि आधारित भएर तपाईले नैतिकतामा

अभ्यासहरु गर्नुहुन्छ) । राजा सोलोमनले धेरै हितोपदेशहरु लेखे वा बाइबलका धेरै जसो हितोपदेश यिनले लेखे । अब दिइने कुराहरु राजा सोलोमनले बुद्धीका बारेमा भनेका कुराहरु हुन् :
१) तिमीले परमेश्वरको भय (वा परमेश्वरप्रति आदर) बुझ्नेछौ र बाइबल पवित्र शास्त्रमा बुद्धी पाउनेछौ ।

**प्रश्न:** परमप्रभुलाई आदर गर्ने तरिका के हो ?

**उत्तर:** (यदी तपाई परमेश्वरलाई आदर गर्नुहुन्छ भने उहाँले भन्नुभएको कुरा सुन्नुहुन्छ) ।

**प्रश्न:** कसरी तपाई परमेश्वरलाई सुन्नुहुन्छ त वा सुन्न सक्नुहुन्छ ?

**उत्तर:** (बाइबल अध्ययन गरेर, आफ्नो स्वविवेक अनुसार चलेर प्रार्थनामा पर्खेर आफ्ना अभिभावकहरुका उचित सल्लाह सुनेर अनि अन्य शुभ चिन्तकहरुमा कुरा सुनेर) ।

२) परमप्रभुको भय नै ज्ञानको सुरु हो वा के ठीक (सत्य हो अनि के गलत (झुटो) हो भनि छुट्टाउने क्षमता ।

३) “तव ठिक र न्यायसंगत र उचित के हो साथै हरेक असल मार्ग के हो तैले जान्नेछस्” ( हितोपदेश २ : ९) । जव तपाई निर्णय गर्नुहुन्छ तपाई जुन मार्गमा यात्रा गर्नुहुन्छ त्यसमा यसले ( निर्णयले) असर गर्छ । परमेश्वरको बचनले यति बेला पनि लिनुपर्ने ठीक बाटो देखाउँछ ।

**प्रश्न:** तपाईले ठिक निर्णय लिनुपर्ने क्षेत्रहरु कुन कुन हुन् ?

**उत्तर:** -इमान्दार हुनु, तपाईले संलग्न हुन छान्नुभएको क्रियाकलाप, तपाईको मनमा पस्ने सन्देशहरु) ।
४) “विवेकले तँमाथि हेरचाह गर्नेछ, समझशक्तिले तेरो रक्षा गर्नेछ” । (हितोपदेश २ : ११) । तपाईहरुले जे ठीक हो सो स्पष्टसँग बुझ्नुहुनेछ । तपाई न्यूनस्तरको निर्णय गर्नदेखि सावधान

रहनुहुनेछ । तपाई देख्नु हुन्छ कि, चाहे असल चाहे खराब जुनसुकै निर्णय गर्न पनि तपाई स्वतन्त्र हुनुहुन्छ, तापनि तपाई आफूले गरेका निर्णयको नतिजा एवं परिणाम छान्न भने स्वतन्त्र हुनुहुन्न ।

**प्रश्नः** तपाईले स्कुलको चमेना गृहमा अफै गएर भिकेर खाने निर्णय गर्न (छान्न) सक्नुहुन्छ होला । त्यहाँ/त्यसको कस्तो परिणाम निस्कन सक्छ होला ?

**उत्तरः** (स्कुलको लाइनको पछिल्लोतिर पठाइनु वा लाइन वा पंक्तीमा उभ्याएर चाकमा लट्ठीले खानु पिटाई आदी) ।

५) "......... तर समझशक्ती भएको मानिस सिधैं आफ्नो लक्ष्यतिर बढ्छ" (हितोपदेश २१ : १५) । बुद्धीले

तपाईलाई गलत मानिसहरुको ढाँचा वा नमूनालाई पछ्याउनदेखि बचाउनेछ र जे ठीक छ सो ध्यान नदिई जे गलत छ सो गर्नबाट रक्षा गर्नेछ ।

**प्रश्नः** किन असल साथीहरु रोज्नु महत्वपूर्ण छ ?

**उत्तरः** (तपाईका साथीहरुको तपाईमा वा तपाईको जीवनमा अनेकौं प्रभाव वा छाप हुनछ वा रहन्छ । तपाईको नजिकका सार्थीहरुले तपाईको परमेश्वरमाथिको विश्वासको र तपाईको मूल्यमान्यताका हिस्सा बाँड्नुपर्छ र तपाईलाई ईश्वरीय शुद्ध र पवित्र जवन जीउनको लागि उत्साह दिंदै तपाईलाई मद्दत गर्नपर्दछ) ।

**प्रश्नः** अब कसरी/कहाँबाट बुद्धी पाउने त ?

**उत्तरः** (बुद्धी प्राप्त गर्ने ३ वटा तरिकाहरु छन्) ।

१) परमेश्वरको बचन ग्रहण गर्नु वा बाइबलमा जे छ त्यो विश्वास गर्नु ।

२) उहाँका आज्ञाहरु मनमा बचन सञ्चय गर्नु वा बाइबल पदहरु सिक्नु र कण्ठ गर्नु ।

३) समझशक्तिको निम्ति खोजी गर्नु वा परमेश्वरसँग माग्नु । पुकार गर्नु प्रार्थना गर्दै (हितोपदेश २ : १ - ६) ।

**प्रश्नः** बुद्धीले तपाईलाई कसरी सहायता गर्छ ?

**उत्तरः** (बुद्धीले तपाईलाई असल निर्णय गर्न असल सल्लाह दिन्छ) ।

# पाठ : १९ सोलोमन (भाग - २)

## पुनरावृत्ति

## गतहप्ताको कण्ठपद र प्रश्न

## आजको पाठको पद

“सारा जगत प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ ? .........” (मत्ती १६ : २६) ।

## गुण

## विश्वास योग्य

## परिचय

“लिटिल हट्टी मे, चर्च नजिकको एउटा बस्थिन्, हामीले पहिला आराधना गर्थ्यौं, मर्भीन र बर्कसमा जो अहिले ईशाई मण्डलीद्धारा ओगटिएको छ । त्यो एउटा सानो मण्डली थियो जो अहिले इशाई मण्डलीद्धारा ओगटिएको छ । त्यो एउटा सानो मण्डली थियो जो खचाखच हुन्थ्यो, कहिलेकाँहीका सेवाको निम्ति त पहिल्यै टिकट काट्नु पर्ने हुन्थ्यो । आइतबाररे बाल संगति समेत सेवाको दाँजोमै भिड हुन्थ्यो, र एक दिन जव म चर्चमा आँए, एक विश्राम विद्यालयमा सामेल हुनको निम्ति, मैले धेरै बाल-बालिकाहरुलाई बाहिर फेला पारे । तिनीहरु एकदमै उदास थिए भित्र पस्न नपाएकोले आइतबारको संगती यसरी भीड-भाड भएर कोठाहरु नपाइएकोले, लिटिल हट्टी मे वेइएटहरु ल्याइन्, र ढोका नजिकै उभिरहेकी थिइन्, घर फर्क कि पछि भित्र पसूँ भन्नेमा हिच्किचाएर । मैले तिनलाई मेरो टाउकोमा थिइन्, यस्तो आलिङ्गन मैले कहिल्यै बर्सन्न मैले तिनलाई भीड हुँदो हलमा बोकेर लगे, आइतबारको बाल संगतीको कोठामा र तिनलाई मैले अहिले टाढा कुर्चीमा कुनामा राखे, अँध्यारोतिर ।

अर्को बिहान जसैम घरबाट चर्चतर्फ आइरहेको थिए, म तिनको घरबाट भएर गईरहेको थिए र तिनी चर्चतर्फ लाग्ने गल्लीतर्फ बढी रहेकी रहिछे । जसै भेट भयो तव मैले भने, "हट्टी हाम्रो छिटै नै ठूलो आइतबारे संगती कोठा हुँदैछ" र तिनले भनिन्, "म आशा गर्छु तपाईको हुनेछ । त्यो यति भिड थिाये कि म एक्लै जान डराउँथे, "हो मैले जवाफ दिए, "जव हामीले पैसा पाउँछौं बालसंगती कक्षा घर बनाउनलाई भवन खडा गर्न तव हामीले एउटा यस्तो भवन बनाउँनेछौं कि हामीले सम्पूर्ण नानीहरुलाई त्यस भित्र राख्न वा अटाउन सक्छौं र यसको लागि हामीले छिट्टै पैसा उठाउनेवाला छौं ।"

हट्टी मे वेट वा (वइएट) इ.सन् (१८८६) मा प्रभुमा सुतिन् । तिनले ५७ सेन्ट पा ५७ औं शतांस रकम बालसंगतीको भवन निर्माणको लागि जम्मा गरिन् जो तिनको संगति प्रतिकध्रो योगदान थियो । तिनको दफन सेवा कार्य सकिएपछि तिनकी आमाले एउटा थैली मलाई दिइन् जहाँ ५७ सेन्ट रकम रहेको थियो। म्ैले सो रकम हेरेर यो जनाऊ दिंए कि नयाँ बाल संगती भवनको निम्ति हाम्रो उपहार छ जहाँ, त्यो लिटिल हट्टी मे वेट नानी जो भरखरै चम्किलो दुनियाँको लोकमा गइन्, ले यस उपहार छोडेर गएकी हुन् । तव मैले सो पैसा चेन्नी वा ब्रिटिस मुद्रा मा बदलें र विनिमयको निम्ति वा विक्रीको निम्ति दिंए । मैले ५७ सेन्टस्को साटेपछि करिब २५० डलर वा नेपाली करिब उन्नासी हजार पाँचसय रुपैयाँ बराबर को रकम् प्राप्त गरें । किन्नेहरुले मलाई ५७ सेन्टस् मध्येको ५४ वटा सेन्टस् पुन मलाई फिर्ता पठाए । तव मैले ति रकमलाई विज्ञापनको निम्ति एउटा फ्रेममा शिक्षामा सबले देख्ने गरी राखे र हामीले यसबाट २५० डलर जो पेनिसबाट साटिएर विक्री गरेर आएको पैसा थियो सो पैसाबाट हामीलाई हालको चर्च भवनको उत्तरमा अवस्थित जो बर्कस र मर्भिनमा छु सो ठाउँको अर्को भवन किने प्रशस्त पैसा जुट्यो ।"

हट्टी मे, जो एउटी माध्यमिक स्कूलकी छात्रा थिइन्, तिनी धनी र सम्पन्न घरानाको थिइनन् तथापी तिनको विश्वासिलो जीवनलाई परमेश्वरले उपयोग गर्नुभयो । ई.सन् १९१२ सम्ममा तिनले प्रारम्भमा दिएको ५७ सेन्टसबाट बढेर चर्च ५६०० सदस्यहरु भएको चर्चमा आइपुग्यो । ५७ सेन्टसबाट किनिएको घर नै फिलाडेल्फीया पि.ए. मा पहिलो चर्च विश्वविद्यालय वा साभरिटन हस्पिटल (अहिले मण्डली विश्वविद्यालय अस्पताल) चर्चले स्थापना गरेको जसले गरीबहरुको लागि वास्ता भन्ने बाहेक पनि प्रति वर्ष (३०,००० वा तीस हजार) लाई सेवा प्रदान गर्छ । हट्टी मे कै

योगदानको कारणले करिब दुई हजार जवानहरुलाई सु-समाचार प्रचार सम्बन्धि तालिम दिईयो जहाँ तिनले न्यूनतम आयस्रोत भएको परिवारबाटको भएतापनि तिनले ५७ सेन्टस् लगानी गरिन् ।

- कथनहरु चाँही सन्ताउन्न सेन्टस्को इतिहास लिइएको हो, रसेल कनवेलद्धारा सम्पादित् बचन जो तिनले ग्रेस बत्तस्टी चर्च, समुदायमा सन् १९१२ मा यसको इतिहास बारे प्रश्न सोधिएको अवसरमा प्रचार गरेका थिए ।
- हट्टी मे वेट, परमेश्वरप्रति विश्वासिलो थिइन् जो तिनलाई अक्षरस, मन्दिर विश्वविद्यालय चर्च मन्दिर शब्द सम्बोधित सुमिपिएको थियो (परमेश्वरद्धारा) । आज हामीले सोालोमनकै बारेमा कुरा गर्न निरन्तरता दिनेछौं । परमेश्वरद्धारा आफूलाई सुम्पिएका कुराहरुमा उनी परमेश्वप्रति विश्वासयोग्य रहेसम्म, परमेश्वरले तिनलाई आदर गर्नुभयो तर हामीले यो भेट्टाउनेछौं कि जव उनी आफूलाई सुम्पिएको कुरामा परमेश्वरप्रति अविश्वासी भए, परमेश्वरले उनलाई आदर गर्नु भएन ।

**सोलोमन (भाग - २)**

**(खण्ड १ राजा १० : २३)**

”सोलोमन राजा धन सम्पत्ती र बुद्धीमा पृथ्वीका अरु सबै राजाहरुभन्दा श्रेष्ठ थिए ।”

सोलोमन राजाका ठूला उपलब्धिहरु मध्येमा केहीका बारेमा कुरा गरौं आउनुहोस् ।

**मन्दिर**

सोलोमनका बुबा दाउदले परमेश्वरको निम्ति यरुशेलममा एक स्थाई मन्दिर बनाउन चाहन्थे । इस्राएलीहरुले मिश्र छोडेर आएदेखि मन्दिर चाँही मोशाले उजाड स्थानमा तयार पारेको एक ठूलो पर्दाभित्र रहँदै आएको थियो जुनबेला मोशाले इस्राएलीहरुलाई डोर्‍याइरहेका थिए । तव परमप्रभुले दाउदलाई भन्नुभयो कि उनले नै मनिदर बनाउने छैनन् तर उनको छोराले उक्त काम गर्नेछन् त्यसैले सोलोमनले भने ।

३, ईलाई थाहा छ कि मेरा पिता दाउदको विरुद्धमा चारैतिरबाट लडाईहरु भएकाले परमप्रभुले उहाँका शत्रुहरुलाई खुट्टामुनी नपारुञ्जेल परमप्रभु उहाँका परमेश्वरको नाउँको निम्ति उहाँले एउटा मन्दिर बनाउन सक्नुभएन । ४ तर अब परमप्रभु मेरा विरोधी अथवा विपत्ती छैन । ५ यसकारण मेरा पिता दाउदलाई यसो भन्नुभएको थियो, “तेरो छोरो जसलाई म तेरो सट्टामा

सिंहासनमा बसाल्नेछु, त्यसैले नै मेरो नाउँको निम्ति त्यो मन्दिर बनाउनेछु ।" (१ राजा ५ : ३ - ४) ।

इस्राएलीहरु मिश्रबाट निस्कि आएको ४८० वर्षपछि राजा सोलोमनले मन्दिर बनाउन शुरु गरे । राजा सोलोमनले ३०,००० (तीसहजार) मानिसहरुलाई मन्दिर निर्माणमा लगाए । भवन चाँही ठूला-ठूला ढुंगाहरुले र देवदारु काठले बनाइएको थियो । भवनको काम गर्नलाई ७० हजार बोक्नेहरु र ८० हजार ढुंगा काटेनेहरु र तिनीहरुमाथि रेखदेख गर्ने तीन हजार तीन सय नाइकेहरु थिए । मन्दिर चाँही ९० फिट लामो, ३० फीट चौडा र ४५ फीट अग्लो थियो । सोलोमनले मन्दिर निर्माण गर्दै ७ वर्ष विताए ।

## सोलोमनको राजा राजदरबार

सोलोमनले आफ्नो लागि एउटा राजदरबारको पनि निर्माण गरे । सोलोमनले आफ्नो राजमहल तयार गर्न १३ वर्ष लाग्यो । यो महल पनि ढुंगा र देवदारुले नै बनाइयो । यो महल १५० फीट लामो, ७५ फीट चौडा र ४५ फीट अग्लो थियो ।

**प्रश्न:** तपाईले परमेश्वरको मन्दिर र राजमहलमा के फरक कुरा पाउनुहुन्छ ?

**उत्तर:** (सोलोमनको राजमहल बनाउन दुईगुणा समय ज्यादा लाग्यो र त्यो परमेश्वरको मन्दिर भन्दा ठूलो थियो)।

**प्रश्न:** सोलोमनको बारेमा यसले के सन्देश दिन्छ ?

**उत्तर:** (शायद सोलोमनको हृदय घमण्डी भएको थियो) । उनका सबै बुद्धी र धनको कारण, शायद तिनले सांचे कि राजा भएको सुरुसुरुमा जस्तो उनलाई परमेश्वरको आवश्यकता छैन भनि ठाने ।

## सोलोमनको गौरव

"जव शेवाकी रानीले सोलोमनको कीर्ति र परमप्रभुका नाउँप्रतिको तिनको सम्बन्धबारे सुनिन्, गाह्रो गाह्रो प्रश्नहरु लिएर सोलोमनको जाँच गर्नलाई तिनी आइन् । २ तिनी एक साह्रै ठूलो लावा लस्करका साथ यरशेलममा आइन् । मसलाहरु, धेरै सुन र बहुमूल्य रत्नहरु लदाएर बोकेका उँटहरुका साथमा तिमी सोलोमनकहाँ आइन् र आफ्नो मनमा भएका सबै कुराहरुका विषयमा सोलोमनसित कुरा गरिन् । ३ सोलोमनले तिनका सबै प्रश्नहरुका जवाफ दिए । ती व्याख्या गर्न

राजालाई केही पनि गाह्रो भएन । ४ जव शेबाकी रानीले सोलोमनको सबै बुद्धी, तिनले निर्माण गरेको राजमहल ५ तिनको तेविलको भोजन तिनका वरिपरि बस्ने अधिकारीहरु आफ्ना उर्दीपोसाक लाएर मेवाटहल गर्ने नोकर चाकरहरु तिनलाई मद्य पिउनेहरु र परमप्रभुको मन्दिरमा तिनले चढाउने गरेका होमबलिहरु देखिन् तव तिनी अवाक भइन् । ६ तिनले राजालाई भनिन्, "तपाईका उपलब्धी र बुद्धीको बारेमा मैले मेरो देशमा सुनेको साँचो रहेछ । ७ तर आएर आफ्नै आँखाले नदेखुन्जेल मैले पत्याएकी थिइन । साँच्चै यो त मलाई आधा पनि सुनाएको रहेनछ । तपाईको बुद्धी र धन सम्पत्ती मैले सुनेको कुराभन्दा त धेरै ज्यादा रहेछन् । ८ तपाईका मानिसहरु कति खुशी होलान् । तपाईको सामुन्ने निरन्तर उभिने र तपाईको बुद्धी सुन्न पाउने यी तपाईका अधिकारीहरु कति खुशी होलान् । ९ तपाईसित प्रशन्न भएर इस्राएलको सिंहासनमा तपाई विराजमान गराउनुहुने परमप्रभु तपाईका परमेश्वरलाई प्रशंसा होस् । इस्राएलको निम्ति उहाँको अनन्त प्रेम भएको हुनाले न्याय र धार्मिकता कायम राख्नलाई उहाँले तपाईलाई राजा तुल्याउनु भएको छ ।" (१ राजा १० : १ - १०) ।

**प्रश्नः** सोलोमनलाई भेटेपछि रानीले राजाको बारे मा के पत्ता लगाइन् ?

**उत्तरः** (सोलोमनसँग भएका सम्पूर्ण कुराहरु दिने परमप्रभु हुनुहुन्थ्यो) ।

**प्रश्नः** परमेश्वरको बारेमा यसले तपाईलाई के पाठ सिकाउँछ ?

**उत्तरः** (तपाईका प्रत्येक क्षमता, सम्पत्ती प्रत्येक पाइला प्रत्येक सास जो हामीले फेर्छौं ती उपहारको रुपमा तपाईको निम्ति परमेश्वरबाट आउँछन्) ।

## सालोमनको बुद्धी

"परमेश्वरले तिनको हृदयमा हालिदिनुभएको बुद्धी सुन्नलाई सारा संसारका मानिसहरु सोलोमनकहाँ दर्शन गर्न आउने गर्थे । त्यसरी आउने हरेकले प्रतिवर्ष आफ्नो कोसेली चाँदी, सुनका चीजहरु, लुगाहरु, हातहतियारहरु, मसलाहरु, घोडा र खच्चरहरु ल्याउँथे" (१ राजा १० : २४ र २५) ।

**प्रश्नः** ति मानिसहरु जसले सोलोमनलाई भेटे, उनीहरुले सोलोमनको सबभन्दा ठूलो सम्पत्री केलाई ठाने ?

**उत्तर:** (बुद्धीलाई) । प्रत्येक जो सोलोमनलाई भेटेन आउँथे, तिनीहरु धनी थिए । तिनीहरुसँग आफूले चाहे जति सम्पत्ति प्रशस्त थियो । तिनीहरले सम्पत्री भन्दा बढी चाहना गर्ने कुरा एउटै थियो बुद्धी किनकी तिनीहरुलाई थाहा थियो कि बुद्धी सम्पत्ती भन्दा अझै बहुमूल्यै हुन्छ ।

**प्रश्न:** गत हप्ताको पाठबाट के तपाईलाई याद छ कि, हामीले कसररी बुद्धी प्राप्त गर्न सक्छौं ?

**उत्तर:** (परमेश्वरको बचन ग्रहण गर्नु, बाइबलले जे भन्दछ सो विश्वास गर्नु र जान्नु । उहाँका आज्ञाहरु सञ्चय गरिरहनु, बाइबल पद सिक्नु र याद गर्नु । समझको खोजि गर्नु परमेश्वरसँग बुद्धी माग्नु, (हितोपदेश २ : १ - ६) ।

## सोलोमन धन

"सोलोमनले रथहरु र घोडाहरु जम्मा गरे । तिनका चौधसय रथहरु र बाह्र हजार घोडाहरु थिए, जो तिनले रथहरु राख्ने शहरहरुमा र आफूसित यरुशेलममा पनि राखे । २७ राजाले येरुशेलममा चाँदी ढुङ्गै सरह र देवदारुचाँही पहाडका जंगली अञ्जीरका बोटहरु सरह धेरै तुल्याए ।" (१ राजा १० : २६ र २७)

**प्रश्न:** सोलोमन कसरी अति धनी भए ?

**उत्तर:** याद गर्नुहोस् कि उनलाई धन र मान मागेकोले होइन तर बृद्धी मागेकोले यी चीज परमेश्वरले दिनुभयो ।

**प्रश्न:** के तपाईले हाम्रो पाठको शाऊल र दाउदको बारेका कुराबाट याद गर्नुहुन्छ कि, परमेश्वरले आफ्नो छानिएका राजाहरुबाट के चाहनुहुन्छ ?

**उत्तर:** उहाँले तिनीहरुबाट यही चाहनुहुन्छ वा यही कुराको माग गर्नुहुन्छ कि तिनीहरुले उहाँको पूर्ण रुपमा आज्ञाकारी बनुन् । ता पनि सोलोमन उहाँप्रति पूर्ण रुपमा आज्ञाकारी भएनन् ।

## सोलोमनको अनाज्ञाकारिता

"१ तपनि सोलोमन राजाले फारेकी छोरी बाहेक धेरै विदेशी स्त्रीहरु मेआबी अम्मोनी, एदोमी सोदोमी र हित्ती स्त्रीहरुसित प्रेम गरे । २ तिनीहरु ती जातिजातिहरुका थिए, जसका विषयमा परमप्रभुले इस्राएलीहरुलाई भन्नुभएको थियो, "तिमीहरुले तिनीहरुले तिनीहरुसित पारस्परिक विवाह गर्नुहुँदैन किनभने तिनीहरुले निश्चय नै तिमीहरुका हृदय तिनीहरुकै देवताहरुतिर बहकाउनेछन् ।" तर ३ तिनका सात सय राजकुमारी पत्नी र तीनसय उप पत्नीहरु थिए र तिनीहरुले तिनको हृदयलाई बहकाइदिए । ४ सोलोमन वृद्ध हुँदा तिनका पत्नीहरुले तिनको मन अरु देवताहरुतर्फ

फर्काएदिए र तिनका आफ्ना पिता दाउदझै सम्पूर्ण रुपले परमप्रभु आफ्ना परमेश्वरका भएनन् । ५
तिनी सिदोनीहरुकी अश्तोरेत देवी र अम्मोनीहरुको घिन लाग्दो देवता मोलोखको पछि लागे । ६
यसरी सोलोमनले परमप्रभुका दृष्टिमा जे कुरा खराब थियो त्यही गरे र आफ्ना पिता दाउदले गरेझै
तिनी परमप्रभुको पछि पुरा रुपमा लागेनन् ।" (१ राजा ११ : १ - ६) ।

**प्रश्नः** परमेश्वरले कुनै पनि इस्राएलीलाई के नगर्न चेतावनी दिनुभयो ?

**उत्तरः** कुनै त्यस्तो जाति जसले अन्य देवी देवताहरु पुज्थे ती मध्येबाट विवाह नगर्नको लागि चेतावनी दिनुभएको थियो । परमेश्वरलाई थाहा थियो । कि तिनीहरुका हृदय तर्फ मोडिने छ भनेर ।

**प्रश्नः** विशेषगरी सोलोमनको निम्ति यो कुरा नगर्न किन महत्वपूर्ण थियो ?

**उत्तरः** अगुवालाई पछ्याउने कुरा एक ठूलो पछ्याउने खेल जस्तै हो । यदी राजाले अन्य देवतालाई पछ्याउने थिए ।

**प्रश्नः** सोलोमनको अनाज्ञाकारिता प्रति परमेश्वरले कस्तो प्रतिक्रिया जनाउनुभयो भन्ने तपाईलाई लाग्छ ?

**उत्तरः** उहाँले सोलोमनको राजस्व उनीबाट खोस्नुभयो ।

**प्रश्नः** हामीले कुरा गरेको अर्को राजाको थिए जसले परमेश्वरलाई पूर्ण रुपले पछ्याएनन् ?

**उत्तरः** शाऊल ।

**प्रश्नः** शाउलप्रति परमेश्वरको प्रतिक्रिया कस्तो थियो ?

**उत्तरः** परमेश्वरले शाऊलको राजस्व उनीबाट खोसेर अर्को राजा दाउदलाई उनको सट्टामा राख्नुभयो ।

सोलोमन राजा भए किनभने उनी दाउदको छोरा थिए । शाउलले अनाज्ञाकारिताको कारण राजा भएका थिए । शाऊलले जस्तै सोलोमनले परमेश्वरको आज्ञाकारि बने । अनि शाऊलले जस्तै सोलोमनले पनि आफ्नो राजस्व गुमाए किनभने उनले परमेश्वरलाई पूर्णरुपले पछ्याउन देखि असफल भए ।

**प्रश्नः** सोलोमनका केही उपलब्धिहरु के थिए ?

**उत्तरः** सोलोमन बाइबलको महान वीर थिए । उनी सारा इस्राएलमाथि ४० वर्ष सम्मको लागि राजा भए । उनीसँग पृथ्वीमा बाँचेका वा बाँच्नेवाला कुनै पनि राजाहरुका भन्दा ज्यादै धेरै वृद्धी र धन थिए ।उनले जे इच्छा गरे सो सबै कुरा प्राप्त गरे ।

**प्रश्नः** तथापी सोलोमनले के गर्न छाने त ?

**उत्तरः** सोलोमनले परमेश्वरलाई अनाज्ञाकारिता गर्न छाने र उहाँबाट तर्की गए ।

**उत्तरः** सोलोमनबाट आज तपाईले के सिक्न सक्नुहुन्छ ?

**उत्तरः** सबै कुरा भन्दा माथि परमेश्वरले तपाईको आज्ञाकारिता चाहनुहुन्छ । सोलोमनले उदाहरण सम्भनुहोस् । तपाईका इच्छाहरुलाई परमेश्वरको अनाज्ञाकारि हुने हिसाबमा जान नदिनुहोस् ।

## पाठ २० एलिया

**<u>दोहोऱ्याउने</u>**

**गत हप्ताको प्रश्न र कण्ठपद**

**आजको पाठको पद**

"……….. ओम्रीका छोरा आहाबले आफ्ना अघिका सबै (राजाहरुभन्दा) परमप्रभुको दृष्टिमा अझ बढी दुष्ट्याई गरे ।" (१ राजा १६ : २९ - ३०) ।

**गुण**

**परमप्रभुको निम्ति खडा रहने**

**छलफल प्रश्न**

यदी तपाईको छेउछाउमा कसैले अपराध गरिरहेको भए तपाईले कस्तो महसुस गर्नुहुन्थ्यो होला ? तपाईले तिनीहरुलाई के भन्नुहुन्थ्यो होला ?

**परिचय**

सन् १५७१ को अक्टोबर ३१ मा जर्मनको वेटनवर्गमा अवस्थित क्यासल चर्चको ढोकामा तिनले एउटा लिखित नोट वा पाना टाँसे । उक्त पाना सबैले पढुन् र जानुन् भन्ने मनसायले राखिएको थियो । उक्त पानामा यसतो लेखिएको थियो कि कसरी (एक मात्र चर्च) भनिने उनको दिनका क्याथोलिक चर्चले परमेश्वरको बचनलाई टेरेका थिएनन् । उनले यो जनाएकी क्याथोलिक प्रशासकहरुले विश्वासद्धारा खिष्टमा मात्र मुक्ति पाईन्छ भन्ने कुरा सर्व साधारणहरु देखि लुकाएर बचनको यथार्थ सत्यातालाई बङ्ग्याउने र भ्रष्टाचार गर्ने गरिरहेका छन् भनि जनाए ।

साँच्चिकै परमेश्वरको भय मान्दै उनी सन् १५०५ मा उनी साधुवादमा संलग्न भए र त्यहाँ पनि उनको निम्ति परमेश्वरनिम्ति परमेश्वर एकदमै पुग्नै नसकिने अर्थात् पवित्रता सम्बन्धि परमेश्वरको मागको मापदण्ड पुरा गर्नै नसकिने व्यक्तित्वको रुपमा रहनुभयो । उनले परमेश्वरले माग गर्नु भएको सिद्धताको जान कहिल्यै पुरा गर्न नसकिने रहेछ भनेर देखे । एकदिन जसै उनी बाइबल अध्ययन गर्दै थिए तब उनले पढेको कुरा यही थिाय`किनकी सु-समाचारमा परमेश्वरबाट आउने । धार्मिकता प्रकट भएको छ, त्यो धार्मिकतामा जोचाँही सम्पूर्ण रुपले क्रुसमा खिष्टले गर्नुभएको कामलाई आफ्ना पापको ज्यालाको वा मोलको रुपमा स्वीकार गरे ।

उनले वेतनवर्गको विश्वविद्यालयमा प्रचार गर्न र सिकाउन थाले र मानिसहरु उनको प्रवचन सुन्न आए । तत्कालिन स्थापित चर्चको पैसा र शक्तिबाट टाढा रहँदा उनलाई उक्त चर्चको अधिकारीहरु समक्ष उनका शब्दहरु फिर्ता उलनको लागि खडा हुन लगाईयो । त्यसो गरेमा उनलाई विद्रोही घोषणा गरिने थिएनन् । साथीहरुको सहायताले मार्टिन र लुथरले संसारलाई एक ठूलो योगदान दिए । उनले जर्मनी भाषामा बाइबल उल्थाको काम पिुरा गरे । मार्टिन लुथर परमेश्वरको लागि खतरा मोल्दै वा आर्फलाई खतरामा राखे, यद्यपी उनका सन्देश तत्कालिन क्याथोलिक चर्चका अधिकारीहरुका लार्गिग मन नपर्दो भएतापनि । आजको हाम्रो बाइबल पाठमा यस्तै एउटा वीरको बारेमा छ जसले परमेश्वरको लागि आफ्नै ज्यानलाई खतरामा पारे ।

**पृष्ठभूमि**

एलिया एक अगमवक्ता थिए । अगमवक्ता चाँही त्यो व्यक्ति हुन् जो परमेश्वरका प्रवक्ता हुन्, छानिएका हुन्छन्, जसद्धारा परमेश्वरले आफ्नो संदेश सर्व साधारणसम्म पुऱ्याउनुहुन्छ । प्राय जसो, अगमवक्ताले मानिसहरुलाई परमेश्वरको आराधना गर्न फर्कनलाई आग्रह गर्छन् । एलिया चाँही आहाब त्यसबेला इस्राएलको राजा थिए । यस पाठमा एलियालाई भेट्न पहिले हामीले किन परमेश्वरले उनलाई आहाब इस्राएलको राजा कहाँ किन पठाए त ? भन्ने केही ऐतिहासिक तथ्यगत ज्ञानहुनु र बुझ्नु पर्दछ ।

यदी तपाईलाई गत पाठको कुरा याद भएमा तपाईलाई थाहा हुन्छ कि परमेश्वर राजा सोलोमनसँग एकदम रिसाउनुभएको थियो ।

" ९ परमप्रभु सोलोमनसँग रिसाउनु भयो, किनभने तिनीकहाँ दुई पर्नहुने परमप्रभु इस्राएलका परमेश्वरदेखि तिनको हृदय तर्केर गएको थियो १० यद्यपी उहाँले सोलोमनलाई अरु देवताहरुका पछि लाग्नलाई मनाही गर्नु भएको थियो, तथापी सोलोमनले परमप्रभुको आज्ञापालन गरेनन् । ११ यसकारण परमप्रभुले सोलोमनलाई भन्नुभयो, "जो मैले तँलाई आज्ञा गरेको थिएँ ती पालन नगरेको कारण म निश्चय नै यो राज्य तँबाट खोसेर तल्लो दर्जाको एक जनालाई दिनेछु ।" ( १ राजा ११ : ९ - ११) ।

**प्रश्नः** दश आज्ञा मध्ये पहिलो दुई आज्ञाहरु के के हुन् ? (प्रस्थान २० : ३ - ६) ।

१) "म बाहेक अरु कुनै देवता देवीहरु नमान्नु वा -आफ्नो जीवनमा परमेश्वरलाई सबभन्दा महत्वपूर्ण व्यक्तिको रुपमा राख्नु) ।

२) "आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनु माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमुर्ति नबनाउनू । तिनीहरुको समु ननिहुरिनु, तिनीहरुको पुजा नगर्नु, (परमेश्वरको मात्र आराधना गर्नु) ।

**प्रश्न:** के सोमनले यी आज्ञा पालन गरे त ?

**उत्तर:** यद्यपी उनले सुरु सुरुमा पालन गरे तापनि पछि सोलोमनले पत्नीहरुका देवताहरुलाई पुज्न सुरु गरे ।

**प्रश्न:** मूर्ति के हो ?

**उत्तर:** मूर्ति यसतो आकृति हो जुन मानिसले देव देवताको प्रतिनिधित्व गर्न बनाएको हुन्छ जसलाई मानिसहरुले पुज्दछन् ।

**प्रश्न:** किन मूर्ति खतरनाक हुन्छ ?

**उत्तर:** मूर्ति यस्तो चीज हो जसले परमेश्वर देखि हाम्रो ध्यान अन्यत्र लैजान्छ । मानिसहरुले परमेश्वरप्रति भन्दा  ज्यादा यी चिज तर्फ ध्यान दिन्छन् । यहाँ एउटा उदाहरण छ उदाहरणको लागि तपाईले एक हजार डलर अर्थात् रु ६८ अलाउन्स वा पेश्की पाउनु भयो । तापईको पहिलो सोचाई के हो ? त्यसको दशांस परमेश्वरलाई दिनु वा तपाईले सोचेको कुरा तुरुन्तै किन्नु ? कुन चिज तपाईलाई कति महत्वपूर्ण छ भन्ने कुराको कुनै प्रवाह छैन ।

**प्रश्न:** कुनै चिज कि कुनै व्यक्ति भन्दा किन परमेश्वर तपाईको निम्ति बढी महत्वपूर्ण व्यक्ति हुनुहुन्न भने, तब हामी जो व्यक्ति वा जे चाहन्छौ त्यही प्रति आकर्षित हुन्छौं र त्यही गर्छौं जुन हामी गर्न चाहन्छौं ।

यहाँ अर्को उदाहरण पनि छ फुटबल खेलको दौडानमा कस्तो हुन्थ्यो होला यदी प्रत्येक आ-आफ्नै नियमले खेलिन्थ्यो भने ? कस्तो खालको खेल हुन्थ्यो होला तपाईको ? अनि "यदी तपाईको शिक्षकले यसरी भन्नुभयो" "आज कसैले कसैलाई जे गर्न चाहन्छ सो गर्न सक्छ ।" यदी तपाई होटल क्याफ्टेरिया लाइनमा कट गर्न चाहनुभयो वा यदी तपाईले प्रिन्सिपललाई फर्कि गएर भन्न चाहनु भयो- यो ठिक छ ।" तपाईको विद्यालयको यो अवस्थामा कस्तो प्रकारको दिन हुन्थ्यो होला ? ऊ एक ठुलो भद्रगोल हुने थियो होला होइन ? हुन सक्छ एक ठूलो खतरा पनि हुन्थ्यो ?

आउनुहोस् अब हामी किन एलिया आहब कहाँ थोरै कुरा गर्न आए भन्ने बारेमा हेरौं ।

**एलिया - (भाग - १)**

सोलोमन इस्राएलमाथि राजा भएकै बेला इस्राएल दुई भागमा विभाजित भएको थियो उत्तरी इस्राएल दुई भागमा विभाजित भएको थियो । उत्तरी इस्राएल जसको राजधानी शहर सामरिया थियो र दक्षिणी राज्य यहुँदा जसको राजधानी चाँही यरुशेलम थियो । अब शोलोमन चाँही आफ्ना पिता दाउद जस्तै यी दुवै शहर र राज्यमाथिका राजा थिए । जब शोलोमनको मृत्यु भयो तब उनका छोरा रहबाम सबै इस्राएल माथिका राजा भए । राजा रहबाम क्रुर राजा थिए त्यसैले मानिसहरुले तिनलाई रुचाएनन् । त्यसैले मानिसहरुले उनकै अधिकारी मध्येको एक जना यारोबामलाई आफ्ना राजा चुने केवल यहुँदा मात्र उनी प्रति भक्त रह्यो ।

परमेश्वरले यारोबामलाई प्रतिज्ञा गर्नुभयो कि यदी उनले राजा दाउदले झैं उहाँको आज्ञाहरु पालन गरेर उहाँका मार्गहरुमा हिंडे भने, उनले राजाका रुपमा आफ्ना सन्तानहरु लमो समयसम्म रहने गरी पाउनेछन् । तर यारोबामले परमेश्वरलाई सुनेन र परमेश्वरले यारोबामलाई जे भन्नुभयो यो यो हो ।

“तँ भन्दा अघि बाँचेकाहरु सबैभन्दा अझैबढी तैले दुष्ट काम गरेको छस् । तैंले आफ्नो निम्ति अरु देवताहरु ढालेर बनाएका धातुका मूर्तिहरु बनाएर तैंले मलाई रिस उठाएको छस् र मलाई तेरो पीठपछि राखेको छस्” (१ राजा १४ : ९) ।

रहोबाम पनि यस भन्दा असल थिएनन्, उनले यहुदालाई परमप्रभुबाट टाढा लिएर गए र रहेबामा र यारोबाम बिच निरन्तर युद्ध भईरहयो । रहेबामको मृत्यु भयो र उनका छोरा अबिया तिनी पछि राजा भएर यहुदामा राज्य गर्न लागे ।

”तिनले पनि तिनीअघिको तिनका पिताले गरेका सबै पाप गरे तिनको हृदय आफ्ना पिता पुर्खा दाउदको झै परमप्रभु आफ्ना परमेश्वरप्रति सम्पूर्ण रुपले भक्त भएन (१ राज १५ : ३) ।” प्रलोभनमा पार्ने । अबियाको देहान्त पछि उनका छोरा आशा यहुँदाको राजा भएर राज्य गर्न लागे र उनले यरुशेलममा ४१ वर्ष राज्य गरे । आशा एक अशल राजा थिए । आशाले आफ्ना पुर्खा दाउदले गरे झैं जे कुरा परमप्रभुको दृष्टिमा असल थियो त्यही गरे ।” (१ राजा १५ : ११) । आशाको जस्तो मार्गमा हिडिन् । यसै विचमा यरुशेलममा यारोबाम बितेपछि उनका छोरा नादाब इस्राएलको भए र उनले दुई वर्ष राज्य गरे । “तिनले परमप्रभुको दृष्टिमा जे कुरा खराब थियो त्यही गरे र इस्राएललाई तिनका पिताले गर्न लाएका पापमा चलेर तिनकै चालमा तिनी हिडे ।” (१ राजा १५ : २६)

**Peachy अर्थात्**

त्यसपछि बाशा नामक मान्छेले नादाबलमई मार्‍यो र इस्राएलको राजा भयो । “यारोबामकै चालहरुमा चलेर तिन इस्राएलीहरुलाई गर्न लाएका पापहरु गरेर तिनले परमप्रभुको दृष्टिमा जे कुरा खराब थिए ती गरे ।” (१ राजा १५ : ३४) । बाशा राजा हुने बित्तिकै उनले यारोबामका सम्पूर्ण परिवारका मानिसहरुलाई मारे, उनले इस्राएललाई गर्न लगाएका पापहरुको कारण र आफैले गरेका पापको कारणले । बाशा २४ वर्षको लागि राजा भए शासनकाल भरी नै युहँदाका राजा आशा र बाशा विच निरन्तर युद्ध भइरह्यो । जब बाशा मरे तब तिनका छोरा एलाह राजा भए जसले २ वर्ष राज्य गरे । तब उनका अधिकारीहरु मध्येका एक जना जिम्रीले तिनको विरुद्धमा षड्यन्त्र गरी तिनलाई मारेर आफै राजा भए । जिम्री राजा हुने वित्तिकै बाशाका परिवारका सबैजनालाई तिनले मारे बाशा र तिनका छोरा एलाहले गरेका अनि इस्राएललाई गर्न लाएका पापको कारणले यी सबै भएका थिए । Enchanting अर्थात् प्रलोभित पार्ने ।

जिम्री जम्मा ७ दिनको लागि राजा भए । जब इस्राएलका मानिसहरुले यो सुने कि जिम्रीले षड्यन्त्र गरेर एलाहलाई मारे, तब तिनीहरुले सेनापति ओम्रीलाई राजा घोषणा गरे र ओम्रीले जिम्रीलाई मारे यारोबामले जस्तै तिनले पनि परमप्रभुको नजरमा पाप गरेको कारणले । ओम्री १२ वर्ष सम्म राजा भए । “तर ओम्रीले परमप्रभुको दृष्टिमा जे कुरो खराब थियो त्यही गरे र तिनले आफूभन्दा अघिका सबै राजाहरु भन्दा अफ्ठ बढी पाप गरे” (१ राजा १६ : २५) मनोरञ्जनात्मक ।

यसरी कथा आहाब सम्म जोडिन्छ । “ओम्रीका छोरा आहाबले आफ्ना अघिका सबै राजाहरुभन्दा परमप्रभुको दृष्टिमा अझ बढी दुष्ट्याई गरे ।” (१ राजा १६ : ३०) ।

**प्रश्नः** हामीले भरखरै कुरा गरेका राजाहरुका बारेमा तपाईले के पाउनुहुन्छ ?

**उत्तरः** सधैं जसो राजाकै छोरा उनी पछि राजा भए र आशा जो असल राजा थिए तिनी बाहेक हरेक राजाका छोरा आफ्ना पिता भन्दा अझ दुष्ट थियो ।।

**प्रश्नः** तपाईलाई के लाग्छ कि, किन यसतो चरणबद्ध दृष्चक्र भईरहयो ?

**उत्तरः** जस्तो बुबा उस्तै छोरा । अधिकतम छोरा छोरीले सिकेका कुरा चाँही बुबा आमाको जीवन अवलोकनबाट आउँछ । यी केटाहरु चाँही आफ्ना पिता माताबाट सिक्देतस बढे र हुर्के ।

**प्रश्नः** छोराछोरीहरु, किन तिमीहरुका बुबा आमाले तिमीहरुलाई यस बाइबल अध्ययन कक्षामा ल्याउनुभयो होला ?

**उत्तरः** किनभने उहाँहरु चाहनुहुन्छ कि, तिनीहरुका वा (गल्ती गर्नेहरुका) उदाहरणबाट तिमीहरुले जान कि परमेश्वरको बचनबाट सिक्नु कति महत्वपूर्ण छ भनेर । तिमीहरुले देख्यौ कि तिमीहरुलाई

एक निश्चित मापदण्ड चाहिन्छ, जसद्धारा तिमीहरुले के ठिक हो र के बेठिक हो भनि आफ्नो व्यवहारलाई नाप्न (जाँच्न) सक । जीवन कसरी उत्तम तवरहले जीउन पर्ने हो भन्ने थाहा पाउन सकौं भनि परमेश्वरले येशु ख्रिष्टलाई पठाईदिनु भयो जो हाम्रो भनि परमेश्वरले येशु ख्रिष्टलाई पठाईदिनु भयो जो हाम्रो जीवनको सर्वोच्च स्तर हुनुहुन्छ ।

किनकी सम्पूर्ण आहाब सम्मका सम्पूर्ण राजाहरुले भन्दा बढ्ता गरी परमेश्वरलाई रीस उठेको थियो । यही बेला थियो जब एलिया देखा परेका थिए । परमेश्वरले एलियालाई उहाँको आज्ञा र उर्दी त्यागेकोले आहाबको सामना गर्नलाई पठाउनुहुन्छ ।

# पाठ - २१ एलिया (भाग - २)

## दोहोऱ्याउने

## गत हप्ताको प्रश्न र कण्ठपद

## आजको पाठको पद

“परमप्रभु इस्राएलको परमेश्वर जसको सेवा म गर्दछु, उहाँको जिवित नाऊँमा शपथ खाएर म भन्दछु कि मेरो बचन बिना आगामी केही वर्षहरु भरी नता शीत पर्नेछ न केही पानी पर्नेछ ।” ( १ राजा १७ : १) ।

## गुण

प्रभुमाथि भरोशा, विश्वासमा साहसिलो ।

## छलफल प्रश्नः

यदी तपाईको साथी मध्येको एक जनाले तपाईले गलत काम गरेको चाहेमा तपाईले उसलाई के भन्नु हुन्थ्यो होला ?

## पुनरावृत्ति र आजको पाठको पृष्ठभूमी

ओम्रीका छोरा आहाबले परमप्रभुको दृष्टिमा धेरै दुष्टकाम गरे र उनले आफू भन्दा अघिका कुनै राजाहरुले भन्दा पनि बढ्ता गरी परमप्रभुलाई रिस उठाए । आहाबले छिमेकी राष्ट्रको राजाकी छोरी इजवेल नामक केटीलाई विवाह गरे र उसैको अनुरोधमा आहाबले बाल नामको देवतालाई सेवा र उपासन ागर्न सुरु गरे । तब परमप्रभु परमेश्वरको एलिया अगमवक्तालाई आहाबकहाँ यो संदेश दिनु पठाउनु भयो र भन्नुभयो कि उहाँले भूमिमाथि पानी वर्षाउँदै हुनुहुन्छ । त्यसैले एलिया आहाबलाई भेट्न निस्के । कुनै वर्षा विना तीन वर्षसम्म उत्तरी इस्राएलको राजधानी सामरियामा जहाँ आहाब रहेका थिए । ठूलो अनिकाल परिसकेको थियो, आहाबलाई आफ्नो राजमहलका जिम्मावाल ओबदियालाई घाँसको खोजिमा पठाएका थिए । बास्तवमा जसै आहाबकी दुष्ट पत्नी इजवेलले देश भरी नै आफूले भेटाउन सके जति सबै परमप्रभुका अगमवक्तालाई हच्या गरिरहेकी थिई तव ओवदियाले सुटुक्क उनीहरु मध्येका १०० जनालाई ५०/५० गरी दुई वटा ओढारमा लुकाएर उनीहरुको लागि अन्नपानी जुटाई दिएका थिए । जसै ओवदिया हिडीरहेका थिए तव एलियाले उनलाई भेटे र भने, “एलिया यहँ छ भनी गएर तिम्रा मालिकलाई भन” (१ राजा १८ : ८)

## परिचय

पाठ १२ मा तपाईलाई वाच म्याननी बारेमा परिचय दिइएको थियो । (पाठ - १२ शमूएल, पृष्ठ ४५ - ४८) । यहाँ परमप्रभुमाथिको तिनको भरोसाको कथा छ ।

चाइनाको मेई हुवा गाउँमा एउटा छुट्टी दिनको उत्सव थियो, जहाँ आफ्ना देवताहरुको लागि पुजा भइरहेको थियो । चाडको समयमा वाच म्यान नी आफ्ना जवान समूहहरुसँगै शहरका गल्लीहरुमा परमेश्वरको बचन प्रचार गर्ने प्रयासमा थिए । तर भीडले सुनेन । तिनीहरुले भन्थे, "टावाङ (जसको अर्थ महाराजा हो) नामक हाम्रा आफ्नै देवता छ । उसको भोज चाँही दुई दिनदेखी हुँदैछ र यो २८६ वर्ष सम्मको लागि हो टा-वाङले आफ्नो भोजको दिनको निम्ति सुर्योदय पठाईरहेको छ कुनै असफलता विना नै तव म तपाईलाई प्रतिज्ञा गर्दछु । भन्दै लि चिच्याए (प्रचारक मध्येको एक जना जो वाच म्यान नीसँग थिए । "हाम्रो परमेश्वर यो सत्य परमेश्वर हुनुहुन्छ, जसले टा-वाङको चाडमा पनि पानी वर्षाउन सक्नुहुन्छ ।"

" ………… तव तुरुन्त गाउँलेहरु इच्छुक भए, ……… ।" "ल हामी सहमत भयौं यो शर्त भन्दै तिनीहरु चिच्याए ।" "यदी टा-वाङको चाडको दिनमा पानी पऱ्यो भने, तिमीहरुको येशु नै वासतविक ईश्वर हुन् । हामी उहाँको बारेमा सुन्न तयार हुन्छौं ।" टा-वाङको चाडको सुरुको दिनमा चाँही घाम लाग्यो । वाच म्यान चाँही त्यो दिनमा पानी पार्नुहोस् भनि परमेश्वरसँग प्रार्थना गर्ने परीक्षँ भयो, तर यसको साटो उनले एक मधुरो आवाज सुने जसले एलियाका परमेश्वर कहाँ हुनुहुन्छ भन्यो ?" जसै वाच म्यान र अरु मानिसहरुले आफ्ना विहानी खाजाको निम्ति प्रार्थन ागर्न घुँडा टेक्दै थिए, तव पानी पर्न थाल्यो पानी निरन्तर पर्दै भीषण रुप लियो ।

गाउँलेहरुमध्ये कोही चिच्याएर भने, कि येशु परमेश्वर हुनुहुन्छ ।" तथापी टा-वाङका पुजारीहरुले कुनै पनि हालतमा टा-वाङ देवका मूर्तिहरुलाई पङतिमा कुनै पनि हालतमा टा-वाङका आराधकहरु (सेनाहरु) ले ठेस खाए र चिप्लेर लडे, तिनीहरुका मूर्तिहरु खसेर छिन्नभिन्न भयो । यसरी पुरै गाउँ नै सु समाचार सुन्नलाई उत्सुक भयो ।

यस लेख चाँही डेभ र निता ज्याक्सनद्धारा लिखित वीरहरुका कथा बेथानी हाउस, १९९७, पृष्ठ ९८ - १०० बाट साभार गरिएको हो ।

आजको हाम्रो बाइबल पाठमा हामाले एलियाका परमेश्वरबाट सुन्ने छौं जस्तो वाच म्यान नी र मेइहरु गाउँका गाउँलेहरुले सुने ।

**एलिया (भाग - २)**

**(खण्ड : १ राजा १८ : १६ - ३९)**

१६ "तब ओबदिया आहाबलाई भेट्न गए र तिनलाई भनिदिए र आहाब एलियालाई भेट गर्न गए । १७ आहाबले एलियालाई देखे तव तिनले एलियालाई भने, "इस्राएललाई कष्ट दिने तिमी नै हौं ?" (१ राजा १८ : १६, १७) ।"

**प्रश्न:** आहाबले किन एलियालाई यस प्रकारले अभिवादन गरे ?

**उत्तर:** किनकी इस्राएलका त्यसवेला असाध्य अनिकाल परेको थियो र त्यहाँ तीन वर्ष दखि नै पानी परिराखेको थिएन र एलियाले मेरो बचन अनुसार मात्र पानी पर्छ भनेका थिए । तीज वर्ष देखी नै आहाबले एलियालाई हरेक जाति र राष्ट्रहरुमा खोज्न पठाएका थिए । त्यसैले आहाबले उक्त खडेरीको दोष एलिया माथि लगाए ।

१८ "एलियाले जवाफ दिए, "इस्राएललाई कष्ट मैले दिएको होइन तर तपाई र तपाईका पिताका परिवारले पो हो । तपाई परमप्रभुका आज्ञा त्यागी बाल देवताहरुको पछि लाग्नु भएको छ ।

**प्रश्न:** एलियाले आहाबलाई के सन्देश दिए ?

**उत्तर:** तपाईले परमप्रभुलाई त्यागेर अन्य देवताहरुको आराधना गर्न सुरु गर्नुभयो । त्यसैले यो अनिकाल परको हो भन्ने सन्देश दिए ।

१९ अब तपाईले मलाई कर्मेल डाँडामा भेट गर्न इस्राएलबाट सारा मानिसहरुलाई बोलाउनुहोस् । अनि बालक ती चार सय पचास अगमवक्ता र अशेराका चार सय अगमवक्ता जसले इजेवेलका टेविलमा बसेर खाने गर्दछन् । ती पनि ल्याएर आउनुहोस ।"

२० त्यसैले आहाबले समस्त इस्राएलीहरुमा समाचार पठाए र सबै अगमबक्ताहरुलाई कर्मेल डाँडामा भेला गराए । २१ एलियाले मानिसहरुका अघि आएर भने, "तिमीहरु कहिले सम्म दोधारमा बसिरहन्छा ? यदी परमप्रभु नै परमेश्वर हुनुहुन्छ भने उहाँलाई पछ्याओ । तर यदी बाल परमेश्वर हो भने त्यसलाई पछ्याओ ।"

**प्रश्न:** किन परमेश्वर आहाबसँग त्यति धेरै रिसाउन भएको ?

**उत्तर:** याद गर्नुहोस् कि राजाको मुख्य जिम्मेवारी चाँही सम्पूर्ण इस्राएलीहरुका विचमा परमेश्वरका सम्पूर्ण बचन र व्यवस्था पालन गरी उदाहरणीय बन्नुपर्ने थियो । यसको सट्टा आहाबले मानिसहरुलाई परमप्रभुको पछि लाग्नबाट बहकाएर उहाँ बाहेक अन्य देवताको पछि लाग्नु भनिसकेको थिए ।

**प्रश्नः** एलियाले इस्राएलका मानिसहरुलाई के सन्देश दिए ?

**उत्तरः** इस्राएलका परमप्रभु परमेश्वरको आराधना गर्न पुनः फर्क भन्ने सन्देश दिए ।

२२ तब एलियाले तिनीहरुलाई भने, “परमप्रभुका अगम वक्ताहरुमा त केवल म मात्र बाँकी रहेको छ, तर बालकका चारसय पचास अगमबक्ताहरु छन् । २३ अब हाम्रा निम्ति दुईवटा साँढे ल्याओ । उनीहरुले आफ्ना निम्ति एउटा छानेर टुक्रा - टुक्रा गरी काँटेर आगो नलगाईकन दाउरामाथि राखुन् । अनि म चाँही त्यो अर्कोलाई तयार गरेर आगो नलगाईकन दाउरामाथि राख्नेछु । २४ तब तिमीहरु आफ्नो देवता पुकार र म परमप्रभुको नाऊँ पुकार्नेछु । त्यो देवता जसले आगोद्धारा जवाफ दिनुहुन्छ, त्यही नै परमेश्वर हुनुहन्छ ।” तब सबै मानिसहरुले भने, “तपाईले भन्नु भएको कुरा असल हो ।” २५ एलियाले बालका अगमवक्ताहरुलाई भने, “एउटा साँढे छान र त्यसलाई पहिले तयार गर, किनभने तिमीहरु यत्ति धेरै छौं । आफ्नो देवताको नाऊ पुकार तर आगोचाँही नलगाओ ।” २६ यसैले आफूहरुलाई दिइएको साँढे उनीहरुले लिएर तयार गरे । तब बालकको नाउँ लिएर उनीहरुले बिहानदेखी मध्यान्हसम्म यसो भनेर पुकारे, “हे बालक हामीालाई जवाफ दिनुहोस् ।” तर केही प्रत्युत्तर आएन । अनि आफूहरुले बनाएको वेदीको वरीपरी उनीहरु खुब उफ्रदै नाचे । २७ मध्यदिनमा एलियाले यसो भनेर उनीहरुलाई ठट्टा गर्न लागे, “अझ जोरसित कराओ । निश्चय नै त्यो त देवता हो । सायद ऊ घोर ध्यानमा मग्न होला, अथवा काममा व्यस्त होला वा यात्रामा गएको होला । शायद ऊ सुतिरहेको होला र उठाउन् ।” २८ यसैले उनीहरु ऋझै जोरसित कराए, र उनीहरुको दस्तुर अनुसार तरखर तरवार र भालाले रगत, नबगुञ्जेल आफैलाई चोट पारे । २९ मध्यदिन वित्यो र सँझको बलिदान चढाउने बेलासम्म उनीहरुले बरबराउँदै अगमवाणी कहँदैरहे । तर कुनै प्रत्युत्तर आएन, कसैले जवाफ दिएन, न कसैले ध्यान नै दिए ।

**प्रश्नः** एलिया किन यति धेरै ढुक्क थिए ?

**उत्तरः** सर्वप्रथम परमप्रभु भन्नुहुन्छ, मूर्तिले तपाईलाई कत्ति पनि सहायता गर्न सक्दैन । तिनीहरु त्यही काठको टुक्रा टुक्राबाट बनाइन्छन् । जसबाट तपाईले आगो बाल्ने दाउरा बनाउनुहुन्छ । ( यशैया ४४ : १५) ।

३० तब एलियाले सबै मानिसहरुलाई भने, “यहाँ म कहाँ आओ ।” तिनीहरु तिनीकहाँ आए । त्यसपछि परमप्रभुको भत्केको बेदीलाई तिनले मरम्मत गरे । ३१ एलियाले बाह्रवटा ढुंगाहरु लिए, प्रत्येक ढुंगा याकुवबाट आएको एक एक कुलको निम्ति, जसकहाँ परमप्रभुको यसो भन्ने बचन आएको थियो, “तेरो नाऊँ इस्राएल हुनेछ ।” ३२ ती ढुंगाहरु लिएर तिनले परमप्रभुको नाउँमा एउटा बेदी बनाए । तिनले त्यस वेदीको वरिपरी पन्ध्र लिटर जति बीउ जाने ठुलो खाडल खने । ३३ तिनले

दाउरा मिलाएर र त्यस साँढेलाई टुक्रा टुक्रा काटेर दाउरामाथि राखे । तव तिनले तिनीहरुलाई भने, "चार गाग्रा पानी भरेर यो बलि र दाउरामाथि खन्याइदेओ ।" ३४ तिनले भने, फेरी त्यसै गर ।" अनि तिनीहरुले फेरी त्यसै गरे । तिनले हुकुम गरे, "तेस्रो खेप पनि त्यसै गर ।" तिनीहरुले तेस्रो खेप त्यसै गरे । ३५ पानी वेदीका चारैतिर पोखिएर खाडल पनि भरियो । ३६ बलिदानको बेलामा एलिया अगमवक्ताले अघि बढे प्रार्थना गरे, "हे परमप्रभु, अब्राहाम इसहाक र इस्राएलका परमेश्वर, इस्राएलमा तपाई परमेश्वर हुनुहुन्छ र म चाँही तपाईको दास हुँ र यी सबै काम तपाईको आज्ञा अनुसार मैले गरेको छु भनि आज थाहा होस् । ३७ मलाई जवाफ दिनुहोस् र यी मानिसहरुले जानुन् कि तपाई नै परमेश्वर हुनुहुन्छ र तपाई नै तिनीहरुका मन फर्काउँदै हुनुहुन्छ ।" ३८ तब परमप्रभुको आगो बर्स्यो र आगोले बलिदान दाउरा, ढुंगाहरु र माटो भस्म पार्‍यो र खाडलको पानी पनि सुकाइदियो । ३९ जब सबै मानिसहरुले यो देखे तब तिनीहरु भुईमा घोप्टो परी कराएर भने, "परमप्रभु उहाँ नै परमेश्वर हुनुहुँदो रहेछ । परमप्रभु उहाँ नै परमेश्वर हुनुहुँदो रहेछ ।

**प्रश्नः** एलयाले यस प्रतियोगिताबाट के प्रमाणित गर्न खोजेकन हुन् ?

**उत्तरः** यही कि इस्राएलका परमप्रभु परमेश्वर मात्र ईश्वर हुनुहुन्थ्यो र अहिले पनि उहाँ मात्र परमेश्वर हुनुहन्छ र बलि चाँही कदापी परमेश्वर होइन । जब मानिसहरुले त्यस दिन परमेश्वरले गर्नुभएको काम देखे, तब उनीहरुले यो महसुस गरे कि तिनीहरुले उहाँलाई विर्सेका छन् कि उहाँ मात्र सत्य परमेश्वर हुनुहुन्छ भन्ने कुराको ुम्फना गरे ।

**प्रश्नः** एलियाको प्रतियोगिताबाट तपाईले के सिक्न सक्नुहुन्छ ?

**उत्तरः** कहिले काँही सजिलो छ । हामी विद्यालयमा गृहकार्यमा साथिहरुसँग हुँदा र क्रियाकलापहरुमा वेस्त हुँदा हामीले परमेश्वरसँग पनि समय विताउनुपर्छ भन्ने कुरा भुलिहाल्छौं । विद्यालय साथीहरु र क्रियाकलापहरु महत्वपूर्ण महत्वपूर्ण हुन् । परमेश्वरले यी सबै हामीलाई यस हेतुले दिनुभयो कि हामीले तिनीहरुमा आनन्द गरौं र सबैको लागि उहाँलाई धन्यवाद दिन सकौं तर परमेश्वर यो कहिले पनि चाहनुहन्छ कि सङ्गी साथी पढाई वा अन्य काम हाम्रो लागि परमेश्वर भन्दा बढी महत्वपूर्ण होस् ।

**प्रश्नः** कुन दुई गुणहरु एलियाको जीवनमा छन् भन्ने तपाई ठान्नुहुन्छ ।

**उत्तरः** विश्वास र भरोसा परमेश्वरमा

आउनुहोस् हामी एलियामा भएका यी दुई गुणहरु बारेमा हेरौं ।

एलियाको परमेश्वर एक बलियो विश्वास थियो,

परमेश्वरले गर्न आज्ञा गर्नुभएको सबै काम एलियाले गरे ।

**प्रश्नः** किन एलियालाई आहाबकहाँदेखापर्न परमेश्वर माथिको विश्वास र साहशको जरुरत पऱ्यो ?

**उत्तरः** किनभने त्यसबेलाको अनिकाल र खडेरी एलियाले नै ल्याएको हो भनेर सारा जाति र राष्ट्रलाई नै एलिया विरुद्ध सुऱ्याएका थिए । त्यति मात्र होइन आहाब र इजेबेलले भेट्टाए जति सबै परमप्रभुका अगमवक्ताहरुलाई मारिरहेका थिए ।

**प्रश्नः** के आज ईशाई हुनु साहशिलो हुनु जरुरी छ ?

**उत्तरः** हो परमेश्वरमा जिउने तपाईको अडानको लागि तपाई गिल्लाको पात्र हुन सक्नुहुनेछ । संसारको कुनै ठाउँमा त तपाई एक ईशाई हुनुहन्छ भनि परिचय दिनुमात्र पनि खतरनाक हुन्छ ।

एक समूहको अगुवा भएको हैसियतले तपाईका समूहलाई प्रार्थनामा अगुवाई गर्नुहोस् र विश्वका ती मानिसहरुका लागि प्रार्थना गर्नुहोस् जो आफ्ना विश्वास र गवाहीको कारण सताइएका छन् ।

**एलियाको परमप्रभुमा पूर्ण भरोशा थियो ।**

**प्रश्नः** कसरी एलियाले परमप्रभु माथिको भरोसा देखाए ?

**उत्तरः** एलिया उद्देश्यको साथ ठिक त्यही ठाउँ हुँदो खुला रुपमा हिंडे, जहाँ परमप्रभुका अगमवक्ताहरु मारिएका थिए र एलियाले बालका ४५० अगमवक्ताहरुलाई चुनौति दिए, उपहास गरे र रिस उठाए जसका हातमा अति तिखो औला र तरवार थियो । ११

**पाठ - २१ को अन्तिम पृष्ठ**

**प्रश्नः** कसरी तपाईले परमेश्वरमा भरोशा गर्न सक्नुहुन्छ ?

**उत्तरः** परमेश्वरले जे भन्नुहुन्छ त्यो सत्य छ भनि तपाई ढुक्क हुन सक्नुहुन्छ ।

एलिया परमेश्वरले जे भन्नुहुन्छ सो ठिक र असल छ भनि विश्वस्त (ढुक्कै) थिए । हाम्रो पाठमा एलियाले कसरी परमप्रभु माथिको बलियो भरोसा विकास गरे र कसरी तपाईले पनि यस्तो भरोशाको विकाश गर्न सक्नुहुन्छ भनि हेर्नेछौं ।

# पाठ - २२ : एलिया (भाग - ३)

**दोहोऱ्याउने**

**गत हप्ताको प्रश्न कण्ठ पद**

**आजको पाठको पद**

" ..... न ता बलले न शक्तिले तर मेरो आत्माले सर्वशक्तिमान परमेश्वर भन्नुहुन्छ ।" ( जकरिया ४ : ६) ।

**गुण**

**परमेश्वरमाथि भरोशा, धार्मिकतामा खडा**

**छलफल**

**बुबाहरु:** यस्तो समय र घटनाबारे बताउनुहोस् जुन बेला परमेश्वरले या त जुटाउन भएको थियो यो त्यो घटना हुँदो डोऱ्याउनु भएकोले परमेश्वरमा तपाईले भरोशा गर्नुभयो । (नोट : एउटा उदाहरण समेत तयार गर्नुहोस् ।)

**बाबू नानीहरु:** यस्तो समय र घटनाबारे बताउ जुन बेला तिमीलाई तिम्रो बुबा वा आमाले कुनै अप्ठ्यारो परिस्थितिबाट भएर जाँदा सहायता गर्नु भएको थियो, उदाहरण विरामी अवस्था कुनै गृहकार्य गर्दा अथवा हिड्दै गर्दा ।

**परिचय**

" ....... साथीहरु यदी तपाई र मैले आफै महिमा लियौं जुन वा जसमाथि परमेश्वरको मात्र स्वामित्व छ तब हामी काठ खोलने चरा जत्तिकै मूर्ख बन्छौं । जसको बारेमा म तपाईलाई भन्छु । एउटा काठ खोल्ने चरो एउटा वेवदारुको माथि उचाइसम्म उड्यो र एक छेउमा ३ पटक कडा गरी काठलाई चुच्चोले हान्यो जसरी यस्ता चराहरुले गर्न गर्न चाँहदैनन् । यसरी कि रुखलाई विजुलीको बज्र प्रहार परे जत्तिकै भूईमा थुप्रै झरेका टुक्राहरुको थाक जम्मा भयो । सो काठ खोल्ने चरा अचम्म र चकित पाराले पहिले टाँसिएको ठाउँनिर उडेर गयो । त्यहाँ त्यो रुखमै झुण्डिएर बसिरह्यो अझ बढी अरु आफूले चाहेको काम हुन्छ कि भन्न थाल्यो, "ठिक छ, ठिक छ, ठिक छ । जसले यस्तो कल्पना गरेको थियो कि मेरो मात्र तीन पटकको चुच्चोको ठोकाईको त्यसको शक्ति वा विजुलीको जत्ति शक्ति छ भन्ने ठानेको थियो ।" त्यो चाँही मानिसको मनपर्ने कथा हो जसको आदर्श भनाई यही थियो, "नता बलले न शक्तिले तर मेरो आत्माले सर्वशक्तिमान परमेश्वर भन्नुहुन्छ ।" ( जकरिया ४ : ६) ।

उनी क्यानडाको टोरेण्टोको कनोकस् कलेजमा भर्ना भए, त्यस शहरमा उनको पहिलो दिन उनी शहरको फोहोर घना बस्ती हुँदो हिड्दै परमेश्वरसँग प्रार्थना गरे कि, परमेश्वरले यसरी ढोका खोल्नु जहाँ उनी खाँचोमा भएका घरहरु र मानिसहरुका ।अत्मा (हृदय) कहाँ सु-समाचार लान सकुन् र पहिलो आइतबार बिहान उनी भ्यालखानमा प्रचार गरेको पाइयो । कलेजको कक्षाको सुरुमा प्रधान अध्यापकले सोधे गर्मीको छुट्टीमा कति वटा घरहरु भेट्यौं ? "नौ सय साठी" उनको जवाफ यही थियो ।

एक आइतबार जब उनलाई बोल्नको लागि अवसर मिल्यो, उनलाई थाहा भयो कि उनीसँग त केबल एक तर्फी भाडाको लागि पुइने रकम मात्र रहेछ । जहाँ उनी बोल्नु पर्थ्यो । परमेश्वरको अगुवाईको लागि प्रार्थना गरेपछि उनले टिकट किनेर उक्त ठाउँतर्फ प्रस्थान गरे तब उनी बाँकी १० माइल हिडेर जान लागे । जसै उनले करिब आठ माइल पार गर्दै थिए, उनी यस्तो मानिसहरुको समूहनिर आइपुगे जसले बाटो मरम्मतको काम गरिरहेका थिए । उनले तिनीहरुसँग कुराकहानी गर्न सुरु गर्दै स्वर्ग मुनी मात्र एउटा नाम छ । मानिसहरुका विचमा जुन नाममा मानिसहरुको उद्धार हुन्छ ।" तब उनले अर्को दिन आफू बोलेको सुन्नलाई आउन भनि ती मानिसहरुलाई निम्तो दिए । उनको आनन्द चाँही यही थियो कि उनीहरुमध्ये धेरै पुन संसारतिरै फर्केर गए तापनि कम से कम एक जना प्रभुमा बाँच्यो । उनी नाउँहरुको कपाल काट्ने सैलुन र बिरामीहरुका घरमा पस्न उनी हिचकिचाएनन् उनले यी ठाउँहरुमा खिष्टको निम्ति तोडिएका अप्रसिद्ध मानिसहरुलाई जिते । एक रात जसै उनी एक खराबिमा नामोद गल्ली हुँदो आउँदै थिए तब उनलाई एक जना पुलिसले भेटेर, "ती ठाउँहरुमा जान तिमीलाई कसरी शाहस हुन्छ ? दुई वा तीन ठाउँहरुमा बाहेक हामी अन्त कहिल्यै जाँदैनौं ।"

"म पनि त कहिल्यै एक्लै हिड्दैन, उनले जवाफ दिए ।" मसँग सँधै कोही हुन्छ ।"

जोनाथन गोफोर्थ सन् १८८८ देखि १९३० सम्म चीनमा मिशनरी प्रचारकको रुपमा गए । उनले एक दिनमा ९६० जनालाई बस्तिस्मा दिन्थे । प्रत्येक आश्चर्य कर्म जुन परमेश्वरले गनुभयो, त्यसैबाट उनले परमेश्वरमाथिको आफ्नो भरोशाको विकास गरे । जोनाथनले जे काठ खोल्ने चराले गरेन त्यसैलाई ख्याल गरे कि उनले परमेश्वरको लागि जे गरे आफूमा काम गर्ने परमेश्वरको शक्ति विना उनले चिनको मिशन फिल्डमा (क्षेत्रमा) पुरा गर्न सक्ने थिएनन् ।

**आजको पाठको पृष्ठभूमि दोहोऱ्याएको**

एलियाको बचन अनुसार परमप्रभुले इस्राएलमा तीन वर्ष पानी पार्नुभएन । एलियाकै बचन अनुसार परमप्रभुले बलिदानलाई भस्म पार्न आगो वर्षाउनुभयो यो देखाउन कि उहाँ मात्र परमप्रभु हुनुहुन्छ । एलियाकै बचन बमोजिम परमप्रभुले इस्राएलका सुख्खा भूमिलाई भिजाउन वर्षाको आवाज पठाउनुभयो । एलिया परमप्रभुमा यति सम्म भरोसा सत्य हुन कि जे परमप्रभुले बोल्न अह्राउनुभयो सो सत्य हुन आउँछ भनेर र जे जे परमप्रभुले उनलाई भन्नुभयो सो अवश्य पुरा हुन्छ अथवा हुनु आउँछ ।

**प्रश्नः** पानी पर्दैन भनेर एलिया कसरी निश्चित थिए ? जब उनले बालका अगमवक्ताहरुलाई चुनौती दिईरहेका थिए, तब उनी कसरी निश्चित थिए कि परमेश्वरले अवश्य नै आगो वर्षाउनुहुन्छ र बलिदान भष्म हुन्छ भनेर ? कसरी उनी निश्चित थिए कि परमेश्वरले पुन फेरी पठाईदिनुहुन्छ भनेर ? कसरी एलियाले परम - प्रभु माथिको बलियो भरोशाको विकाश गरे ? आउनुहोस हामी दुई वटा यस्ता घटनाहरु हेरौं जसले एलियालाई सामना गर्न जानलाई आफ्नो भरोशाको विकाश गरे ।

## एलिया (भाग - ३)

**खण्ड (१ राजा १७ अध्याय)**

**एलिया र कागहरु**

१७ : १ "अब गिलादको तिश्वेकाम तिश्वी एलियाले आहबलाई भने, "परमप्रभु इस्राएलका परमेश्वर जसको म सेवा गर्दछु, उहाँको जिवीत नाऊँमा शपथ खाएर म भन्दछु, कि मेरो बचन विना आगामी केही वर्षहरुभरी नता शीत पर्नेछ न केही पानी पर्नेछ। २ तब परमप्रभुको यो वचन एलिया कहाँ आयो : ३ यो ठाउँ छोडेर पूर्वतिर लाग र यर्दनको पूर्वतिर भएको करीतको खोल्सामा गएर लुकी बस्। ४ तैले खोलामा पानी पिउन र तँलाई त्यहाँ खुवाउनलाई मैले कागहरुलाई हुकुम गरेको छु।" ५ यसैले परमप्रभुले भन्नुभएझैं तिनले गरे। तिनी यर्दनको पूर्वतिर भएको करीत खोल्सामा भएर बसे। ६ त्यहाँ कागहरुले तिनलाई विहान रोटी र मासु र बेलुकी रोटी र मासु ल्याईदिए र तिनले खोलाको पानी पिए। केही समयपछि देशमा पानी नपरेकोले त्यो खोलाको पानी सुक्यो।

**प्रश्नः** एलियालाई खुवाउनको निम्ति कागहरुलाई परमेश्वरले कहाँ आज्ञा गर्नुभयो ?

**उत्तरः** एउटा विशिष्ट ठाऊँ एउटा ठूलो उपत्यकामा एक खोल्सानीर (पद ३ - ४)।

**प्रश्नः** किन परमेश्वरले विशिष्ट रुपमा मागलाई नै अह्राउनुभयो त अन्य कुनै चरालाई अह्राउनुको सट्टा ?

**उत्तरः** ताकि एलियालाई यो थाहा होस् कि, परमेश्वरले जे भन्नुहुन्छ सो हुन्छ भनेर।

तब बाइबलले बताउँदछ कि पानी नपरेकोले त्यो खोला सुक्यो। याद गर्नुहोस् कि तीन वर्षसम्म पानी पर्दैन भनी परमेश्वरले प्रतिज्ञाा गर्नुभएको थियो के तपाईलाई लाग्छ कि एलियाले ४ वटा कुरासँगै राख्न सुरु गरे।

**एलिया र विधवा**

८ तव परमप्रभुको यो बचन तिनीकहाँ आयो, ९ "झट्टै सोदिनमा सारपतमा गएर त्यहाँ बस्। तँलाई खुवाउन मैले त्यस ठाउँमा एउटा विधवालाई आज्ञा गरेको छु।" १० यसैले तिनी सारपतमा गए। जब तिनी सारपतको मूल ढोकामा आइपुगे तब तिनले एउटी विधवालई दाउरा बटुलिरहेकी देखे। तिनले हपारेर त्यसलाई भने, "कृपा गरी एउटा लोहटामा मलाई अलिकता पानी पिउनलाई ल्याईदेऊ।" ११ त्यो विधवा ल्याउनलाई जाँदाजाँदै तिनले फेरी हपारेर त्यसलाई भने, "कृपा गरी एक टुक्रा रोटी मलाई ल्याईदेऊ।" १२ त्यस विधवाले जवाफ दिई "जिवित परमप्रभु तपाईका

परमेश्वरको नाऊँमा शपथ खाएर म भन्दछु कि भाडामा एक मुठ्ठी पीठो र ढुंग्रोमा अलिकता तेल बाहेक मसित केही रोटी छैन । म आफै र मेरो छोराको निम्ति खानेकुरा बनाएर खाई मर्नलाई घरमा केही भिँजामिजा लानलाई खोज्दैछु ।" १३ एलियाले त्यसलाई भने, "नडराक घर गएर तिमीले भनेभ्कै गर । तर पहिले तिमीसित जे छ त्यसको एउटा सानो रोटी बनाएर म कहाँ ल्याऊ र त्यसपछि तिमी र तिम्रो छोराको निम्ति केही बनाऊ । १४ किनकी परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ देशमा परमप्रभुले पानी नपठाउन्जेल भाडोको पिठो सिद्धिने छैन र ढुंग्राको तेल रित्तिने छैन ।" १५ त्यो विधवा गएर एलियाले भनेभ्कै गरी । यसैले एलियाको निम्ति र त्यो र त्यसका परिवारको निम्ति दिनहुं खानेकुरा भयो । १६ किनकी एलियाद्धारा परमप्रभुले भन्नुभएभ्कै भाँडाको पिठो सिद्धिएन र ढुंग्रोको तेल पनि रित्तिएन । १७ केही समयपछि त्यो स्त्री, त्यस घरकी मालिक्नीको छोरो विरामी पऱ्यो र त्यो भ्कन् - भ्कन् सिकिस्त हुँदैगयो, अनि आखिरमा त्यसले सास फेर्न पनि छोड्यो । १८ तब त्यस स्त्रीले एलियालाई भनि हे परमेश्वरका जन तपाईको मेरो विरुद्धमा के छ ? के तपाई मेरो पाप सम्भ्काएर मेरा.छोरालाई मार्न आउनुभएको हो ?" १९ एलियाले जवाफ दिए, "तिम्रो छोरो यहाँ मलाई देऊ ।" एलियाले त्यसलाई त्यस स्त्रीको हातबाट लिएर आफू बसेको माथिल्लो कोठामा लगे र त्यसलाई आफ्नो ओछ्यानमा राखे । २० त्यससपछि तिनले परमप्रभुलाई हपारेर भने, "हे परमप्रभु मेरा परमेश्वर के म जसकहाँ बसेको छु त्यसको छोरालाई मारेर त्यस विधवामाथि यो विपत्ती तपाईले ल्याउनुभएको हो ?" २१ तब तिनी तीन पल्ट त्यस बालकमाथि लमतन्न पस्रे, र परमप्रभुलाई हपारेर भने, "हे परमप्रभु मेरा परमेश्वर फेरी यस बालकको जीवन यसमा फर्कोस् ।" २२ परमप्रभुले एलियाको पुकार सुन्नुभयो र त्यसमा जीवन फर्क्यो र त्यो बाँच्यो २३ एलियाले बालकलाई उठाएर कोठाबाट तल घरमा लगे । त्यसकी आमालाई तिनले दिएर यसो भन्ने, "हेर त तिम्रो छोरो जिउँदैछ ।" २४ तब त्यस विधवाले भनी, "अब मलाई यो थाहा भयो कि तपाई परमेश्वरका जन हुनुहुँदो रहेछ र तपाईको मुखबाट निस्केको परमप्रभुको बचन सत्य रहेछ ।

**प्रश्नः** जब एलिया शहरको मूल ढोकामा पुगे, के भयो ?

**उत्तरः** अबश्य नै त्यस विधवा त्यहाँ थिई र भाँडाको पिठो र भुड्कोको तेल सिद्धिएन ।

**प्रश्नः** तपाईलाई के लाग्छ कि, किन परमेश्वरले विधवाको छोरोलाई मर्न दिनुभयो ?

**उत्तरः** जसै एलियाले प्रार्थना गरे, तव परमेश्वरले त्यस बालकलाई पुनर्जिवित दिनुभयो वा त्यस बालकको जीवन फर्काइ ल्याउनुभयो । यदी परमेश्वरले यसो गर्नुहुन्छ भन्नेमा एलियाको मनमा शङ्का भएको भए पनि त्यो परमेश्वरको आश्चर्यकर्मद्धारा मेटाइने थियो ।

**प्रश्नः** तपाईलाई के लाग्छ, किन परमेश्वरले एलियासँग यस्ता अनियमित (प्राय नघट्ने) घटनाहरु हुन दिनु भयो ?

**उत्तरः** हरेक घटनाहरु एक पछि अर्को घटना चाँही परमप्रभु माथि एलियाको भरोशाको निर्माण गर्नको लागि थियो, जो इस्राएलको परमेश्वर हुनुहुन्थ्यो जसको सेवा तिनी गर्थे र आहाब राजा र बालका अगमबक्ताहरुसँग सामना गर्नको लागि बाटो तयार गर्नु थियो र अनि परमप्रभुमा इस्राएलको विश्वासको र भरोशाको पुनर्स्थापना गर्नु थियो ।

## धन्यवादीहुनू

## धन्यवाद भन्ने र दिने समय

"परमप्रभुमा धन्यबाद चढाओ उहाँको नाममा पुकारा गर । देश देशका मानिसहरुलाई उहाँको कार्यहरु प्रचार गर । उहाँको निम्ती गाओ, उहाँको निम्ती स्तुती गाओ । उहाँको सबै स्तुतिमा ध्यानदेओ (जनसँग्रह १०५: १-२)

धन्यबादीहुनु भनेको जे पाइएको छ त्यसप्रति धन्यबाद दिनु हो । आजसम्म हामीले पाएका के के छ त? तलका पदहरु हेरौं:

**तपाईसँग भएका सबै कुरा कहाँबाट आउछ?**
"पृथ्वि परमप्रभुको हो यसमा भएका सबै थोक पनि" (भजनसँग्रह २४:३) ।

**उदारतापूर्वक परमेश्वरले हामीलाई के दिनु भएको छ?**

> **"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफनो एकमात्र पुत्रलाई दिनुभयो उहाँमाथि विस्वार गर्ने प्रत्येक नाश नहोस तर त्यसले अनन्त जीवद पाओस" (यूहन्ना ३:१६) ।** परमेश्वरले हामीलाई उपहारको रुपमा अनन्त जीवन दिनुहुन्छ ।
>
> **"आखाँले नदेखेको, र कानले नसुनेको, र मानिसको मनमा नपसेको यस्ता जुनसुके कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरुका निम्ति परमेश्वरले तयार पार्नुभएको छ" (१कोरन्थी २:९) । हामीले सोचेभन्दा बढि परमेश्वरले हामीलाई दिनुहुन्छ ।**

परमेश्वरले ईसाईहरु (जसजसले येशूलाई आफनो जीवनको प्रभु र मुक्तिदाता भनी स्वीकारेका छन) लाई एकदिन आफनो स्वर्गीय घरमा सधैरहनको निम्ती दिनुहुनेछ । तर कहिले काहिँ हामी परमेश्वरले गर्नुभएको अर्को एउटा उधेकको प्रतिज्ञालाई बिर्सिपठाउछौ :

**" म त तिमीहरुले अनन्त जीवन पाउन र त्यो प्रशस्तमात्रामा पाउन भन्नेहेतुले आए" (यहून्ना १०:१०) ।** येशू भन्नुहुन्छ कि उहाँले तपाईलाई स्वर्गको नाकरिकता मात्र दिनेनभइ स्वर्गमा पाइने हरेक अशल कुराहरु पनि दिनुहुन्छ । परमेश्वरले तपाईलाई दुवै जगतको असल थोकहरु दिनुहुन्छ ।

**प्रश्नः तपाईको निम्ती दिइएका मानिसहरु को को हुन?** (परमेश्वरको प्रेम देखाउनुहुने बाबा आमा विद्यालयमा पढाउनुहुने शिक्षक शिक्षिका, खेलकुदका सिप र कला सिकाउने प्रशिक्षक, देशलाई सुरक्षा गर्ने हाम्रा विर सिपाही एकक्षण विचार गर्नुहोस् त, जब कसैले सहायता गर्नुहुन्छ तपाईलाई कस्तो लाग्छ ।

निश्चयनै हामीलाई धेरै दिइएकोछ, त्यर्थ हामी धेरैनै धन्यवादी पनि हुनुपर्छ । यस पाठको अन्त्यहुन अघि हामी त्यसको तयारी गरौ :

**प्रश्नः सेप्टेम्बर ११, २०११, केही मानिस हवाइजहाजमा चढे र न्युयोर्कको विश्व प्रसिद्ध व्यापार केन्द्रमा हिर्काए, त्यसमा हामी कुन कुराको लागि धन्यवाद हुने?** परमेश्वरले हुनसक्ने भन्दा कमक्षति हुन दिनुभयो, धेरै मानसहरुले येशूलाई प्रभु र मुक्तिदाता भनी मानी लिए, देशप्रेम र दिने कुरामा बृद्धिभयो, प्रार्थनाको जीवन र मण्डली जानेहरुमा बृद्धिभयो ।

**प्रश्नः तपाईका घरमा कोही बिमारी भया. यस परिस्थितीमा पनि तपाई कसरी धन्यवादी हुन सक्नुहुन्छ?**
(तपाईले भोग्नुभएको स्वस्थ्य र आरोग्यता, इसाईहरुले तपाईलाई गरेको प्रेम र सहायता, भविश्यको आशा)

**प्रश्नः तपाईको टिम अन्तिम खेलमा नराम्ररी पराजित र तपाई घाइते हुनुभयो, तपाई कसरी धन्यबादी हुनसक्नुहुन्छ?** (तपाई फेरी खेल्नसक्नेहुनुभयो, तपाईले खेल बुझ्दैहुनुहुन्छ र सिक्दैहुनुहुन्छ, तपाईले खेलमैदानभन्दा फरक र अन्य कुरापनि त सिक्दैहुनुहुन्छ: आत्मसंयम, धीरज, दया)

**प्रश्नः तपाईको घरवरपर हेर्नुहोस्, तपाईले धन्यवाद दिनेकुरा के के छन?** ( परिवार, तपाईको घर, कपडा, खाना)

**प्रश्नः तपाईको मण्डली वरपर हेर्नुहोस्, तपाईले धन्यवाद दिनेकुरा के के छन?**
(येशू ख्रीष्ट, तपाईको पाष्टर, स्वतन्त्रापूर्वक आराधना स्थान)

**प्रश्नः मानौ तपाईले एउटा सुकुमबासीलाई भटाउनुभयो र त्यसले सोध्यो म के को लागि धन्यबाद दिउ?** (परमेश्वरले तपाईको खाचो पूरा गरिदिनुहुन्छ, मानिसले तपाईलाई वास्ता र सहायता गर्नुहुन्छ, उहाँले बिर्षनुभएको छैन, परमेश्वरले तपाईलाई एकदिन आफनो खुटामा खडा गर्नुहुनेछ)

हामी धन्यबादीहुने थुप्रैकुराहरु छन् । तर धन्यबाद हुने दिने दोस्रो कुराचाहिँ दिनु हो । त्यसकारण दिने कुरको बिषयमा हरौ:

**प्रश्नः तपाईले दिन सक्ने तीन उतम तरिकाहरु छन । तपाईलाई त्यो थाह छ?**

१. हामी आफनो समय दिन सक्छौ
२. हामी आफनो शीप र योग्यता दिनसक्छौ
३. हामी आफनो रुपैयापैसा दिनसक्छौ

**प्रश्नः तपाईले किन दिनुपर्छ?** बाइबलले भन्छ,:

- **"सितैमा पायौ सितैमा देउ" (मती १०:१८)** देउ किनकि तिमीलाई पनि दिइएकोछ )
- यो कुरो यादगरौ: **"किफायतीसंग छर्नेले किफायतीसंगनै काटछ, प्रशस्तसंग छर्नेले प्रशस्तसंगनै काटछ । हरेक मानिसले आफनो मनमा अडकले**

**बमोजिम गरोस् नता चित दुखाएर नता जरुरत भएकोले, किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ"** (२ कोरिन्थी ९:६-७) ।
तपाईसंग भएको कुरा उद्धारचितले दिनुहोस् ।

**प्रश्नः हामीले कहिले दिनुपर्छ?** (मौका पाउनासाथ अरुसंग बाडनुहोस् ) "पवित्रजनहरुको अभावमा सहायता देओ" (रोमी १२:१३) । जुनकुकै समय पनि ठीक समय हो ।

धन्यबादीहुने कुरा फुर्सदको मौकामा गरिन्छ, जब प्राय हामी स्वभाविक रुपमा गर्ने गर्छौ ।

**प्रश्नः तपाई आफूसँग भएको योग्यता समय र रुपैयापैसाद्धारा कसरी दिने अभ्यास गर्न सक्नुहुन्छ?**

म आफनो योग्यताद्धाराः

| | |
|---|---|
| घरमा | योजना गर्ने काममा सहायता गर्नसक्छु |
| विधालयमा | साथीको विज्ञानको गृहकार्यमा सहयोग गरेर |
| मण्डलीमा | भजनसमूहमा सहभागी भएर |
| मेरो समुदायमा : | झरपात उखेल्न वृधबृधालाई सहायता गरेर |

म आफनो समयः:

| | |
|---|---|
| घरमा | टी भी हेर्नअघि घरधन्दामा सहायता गरेर |
| विधालयमा | आर्थिक संकलनमा सहायता गरेर |
| मण्डलीमा | बगैचामा गोडमेल गरेर |
| समूदायमा | आर्थिक सहायता वा सामूदायिक सेवाको काम गरेर |

म मेरो रुपैयापैसा

| | |
|---|---|
| घरमा | घरको सबैको निम्ति उपहार किनेर |
| बिधालयमा | साथीको निम्ति खाना किनीदिएर |
| मण्डलीमा | मेरो साप्ताहिक खर्चबाट १० दशांश दिएर |
| समूदायमा | खाचोमा परेका लाई सहायता गरेर |

## विषेश खीष्टमस पाठ

आजको पाठ पद

**"अब हेर तिमी गर्भवती हुनेछौ र एउटा छोरो जन्मउनेछौ र तिमीले उहाँको नाम येशू राख्नू" (लूका १: ३१)**

छलफलको लागि प्रश्न:

**तपाईलाई खीष्टमसका कुनै घटनाहरु याद छ?**

खीष्टमसको कथा

(लूका २: १-७)

**"ती दिनमा सिजर अगस्तसले सारा जगतको जनसंख्या लिनूभन्ने उर्दी गरे । क्युरिनियस सिरियाका बडाहाकिम हुदाँ सबैजना नाम लेखाउनलाई आफनो आफनो शहर गए । यूसुफ पनि गालिलको नासरतबाट यहूदियाको बेतलेहेम भन्ने दाउदको शहरमा गए किनभने तिनी दाउदका घराना र वंशका थिए । आफनी मगनी गर्भवती मरियमसंग आफनो नाम लेखाउनलाई तिनी गए । उनीहरु त्यहाँ भएकै बेला तिनको सुत्केरी दिन आयो । तिनले आफनो जेठा छोरा जन्माइन् र उहाँलाई लुगाले बेह्रेर डँडमा राखिन् किनकि तिनीहरुका निम्ति पौवामा ठाँउ थिएन"**

खीष्टमस कथा, एउटा अचम्मको जीवन, ३४औ गल्लीको उदेकको लाग्ने कथा हो यो । यस्ले खीष्टमसको वास्तविक अर्थबाट तर्काउन सक्छ । यदी तपाई टी बीमा देखिएको, वा पसलमा सजाइएको, किन्नेको घुइचो र उपहारको आदानप्रदान, भोज र सान्ता क्लौजमा मात्र देख्नुहुन्छ । तर खीष्टमस त त्यो भन्दा धेरै कुरा हो ।

**प्रश्न: खीष्टमस के हो?** (खीष्टमस झण्डै २००० बर्ष अघि घटेको ऐतिहासिक उत्सव हो ।

**प्रश्न: खीष्टमस कहिले देखी शुरु भयो?** (खीष्टमस पृथ्वीको जग बसालिनु अघि परमेश्वरको हृदयमा यो खीष्टमसको कथा शुरु भएको थियो )

आदीमा परमेश्वरले पृथ्वी सृष्टि गर्नुभयो र असल भन्नुभयो । त्यसपछि परमेश्वरले पहिलो मानिस आदम बनाउनुभयो, अनि पहिलो स्त्री हव्वा बनाउनुभयो । तिनीहरु सृष्टिको सुन्दर गहना थिए । आदीमा तिनीहरु परमेश्वरले चाहे जस्तै सिद्ध थिए ।

**प्रश्न: परमेश्वरले आदम र हव्वाको प्रेमको जाँच लिनुभयो । परमेश्वरको जाँच के थियो?** (परमेश्वरले मानिसको जाँच आज्ञाकारिताको पालनद्धारा लिनुहुन्छ) तर आदम परमेश्वरले चाहेजस्तो हुन चाहेन र जब तिनी परमेश्वरप्रति अनाज्ञाकारि भए, तिनी शिद्धतामा रहनबाट चुके । अब भने आदम आफूले चाहेको अशिद्ध मानिस भए, तब तिनी परमेश्वरले चाहे जस्तो कहिल्यै बन्नसकेन ।

**प्रश्न: अब्राहमको अनाज्ञाकारिताको कारण के भयो?** (अब्राहामको अनाज्ञाकारिताको कारण तपाई र म परमेश्वरबाट अलग भयौ )

बाइबलले यसो भन्छ, **“यसैकारण जसरी एउटै मानिसद्धारा पाप संसारमा प्रवेश भयो र पापबाट मृत्यु सबै मानिसमा व्याप्त भयो, किनकि सबेजनाले पाप गरेका छन” (रोमी ५:१२)** । जसरी आदमले स्वेच्छाले नै अनाज्ञाकारी हुने निश्चयता गर हामी पनि स्वभाबैले आमदका सन्तान बन्यौ । परमेश्वरप्रतिको अनाज्ञाकारीताको नाम पाप हो । र हाम्रो परमेश्वर पवित्र भएको कारण उहाँमा पाप छैन, त्यसर्थ पापी मानिस उहाँको उपस्थितिमा खडा हुन सक्दैन् । उहाँसम्म कि परमेश्वरले बनाउनुभएको पृथ्वीले पनि आफनो मौलिक सुन्दरतालाई गुमाइन् ।

**प्रश्नः परमेश्वरले के गर्नुभयो**? (उहाँले उएटा प्रतिज्ञा गर्नुभयो । प्रतिज्ञा यो थियोः “पापबाट छुटकारा दिने र मबाट अलग गर्ने मार्गमा म तिमीलाई यस्तै छाडनेछैन, तिमी र मलाई अलग गर्ने धादोमा म एउटा साघुँ लगाउने प्रतिज्ञा गर्छु र तिमी महाँ आउन सक्नेछौ । मैले प्रकट गर्ने मार्ग मैले देखाउने प्रेम हुनेछ, र म तिमीबाट पनि त्यहिँ प्रेमको आशा गर्छु, यो हामी दुबैको हुनेछ” ।

परमेश्वरले यो पहिलो प्रतिज्ञा गर्नुभएको समयदेखी धेरै मानिसहरुले विश्वास गरिसकेका छन् । ति मानिसहरु तिनै हुन जसले परमेश्वरको वचनमा भरोषा गरे र आस्थाा राखे ।

२०० बर्ष अघि जब ठीक समय आयो, गालिलको नासरत भन्ने एउटा सानो गाँउमा मरियम नाम भएकी एउटी केटी बस्थी । तिनी कन्ये थिइन, बिवाह भएको थिएन, तर युसूफसंग तिनको मगनी भएको थियो ।

मरियमले परमेश्वरले गर्नुभएको प्रतिज्ञामा बिश्वास गरिन । तिनले पूर्ण भरोष गरिन । एकदिन तिनले प्रार्थना गरिन र एउटा परमेश्वरबाटको दूत तिनी कहाँ देखापरे ।

**प्रश्नः यस दूतले तिनलाई के भने**? ( दूतले तिनलाई नडराउनु भने, तिमीले बालक जन्माउनेछौ र त्यो परमेश्वरको आत्माको शक्तिद्धारा हुनेछ । तिमीले त्यसको नाम येशू राख्नू, जसको अर्थ मुक्तिदाता वा परमेश्वरले उद्धार गर्नुहुन्छ हुनेछ )

यो परमेश्वरले प्रतिज्ञा गर्नुभएझै हामी परमेश्वर कहाँ फर्किने योजना थियो । दूत यूसुफ कहाँ पनि देखा पर्नुभयो । मरियम र यूसुफ यस बालक जसले हामीलाई परमेश्वरले कतिधेरै प्रेम गर्नुहुन्छ भनी देखाउनुहुन्छ तिनै येशूको बावाआमा हुन पाएकोमा ज्यादै खुसी थिए ।

जब मरियमको बालकलाई जन्माउने बेला आयो, तब शासकले प्रत्येक पुरुष वा स्त्रीलाई जनगणनाको लागि आ आफनो पुर्खाको थलोमा जाने उर्दी गरे । मरियम र यूसुफ पनि बेतलेहेममा गए, जसै तिनीहरु आइपुगे मरियमको बालकलाई जन्माउने बेला आयो । बेतेलेहममा मानिसहरुको ज्यादै भिड थियो र सबै पौवा र बस्ने ठाँउहरुमा भरिएको थियो, तापनि मरियम र यूसुफले एउटा बस्ने ठाँउ पाए र त्यहीँ गोठको डुँडमा बालक जन्माए ।

**प्रश्न : डुँडभनेको के हो**? (डुँडभनेका काठको पशुलाई खाना ख्वाउने भाडो हो )

**प्रश्न : किन यस बालकलाई येशू भनियो**? (यो बालक परमेश्वरले संसारलाई दिनुभएको उपहार थियोः एउटा जर्वित वारुतविस मानव, कन्येबाट जन्मिएको, तापनि उहाँ परमेश्वरको पुत्र हुनुहुन्थ्यो । येशू सतप्रतिशत परमेश्वर र सतप्रतिसत मानिस हुनुहुन्थयो । जसरी परमेश्वरले यूसुफ

र मरियमलाई येशू नाम राख्न भन्नुभयो (येशूको आजको प्रसिद्ध नाम यहोशू हुन्छ जसको नामको अर्थ हो परमेश्वरले उद्धार गर्नुहुन्छ, र परमेश्वर हामीसंग) किनकि उहाँ संसारको उद्धारकर्ता हुनुपर्दथ्यो )

यस ऋतुमा बेतलेहेमको बाहिरी चरनमा गोठालाहरु आफनो भेडाको बगालको हेरचाह गरिरहेका हुन्थे । अचानक त्यास रात तिनीहरुको मध्येमा एउटा ठूलो ज्योति चमक्यो र दूतहरु तिनीहरकहाँ देखापरेर भने: **"नडराओ किनभने हेर, म तिमीहरुलाई बढो आनन्दको सुसमाचार सुनाउछु, जो सबै मानिसहरुका निम्ति हुनेछ, किनभने दाउदको शहरमा आज तिमीहरुका निम्ति एउटा मुक्तिदाताको जन्म भएकोछ, जो खीष्ट प्रभु हुनुहुन्छ, तिमीहरुलाई चिन्ह चाहि यो हुनेछ,, तिमीहरुले बालकलाई लुगाले बेह्रको र डुँडमा सुताइरहेको भेटाउनेछौ"** (लूका २:१०-१२) ।

अचानक एउटा ठूलो स्वर्गदूतहरुको दल तिनीहरु कहाँ देखापरे र भने, **"परमधाममा परमेश्वरलाई महिमा र पृथ्वीमा उहाँ प्रशन्न हुनुभएको मानिसलाई शान्ति"** । ति गोठालाहरु परमेश्वरको प्रतिज्ञालाई बिश्वास गर्नेहरु मध्येका थिए, तिनीहरु दौडेर डुँड भएको ठाँउमा गए, बालक येशू दण्डवत गरी उहाँको आराधना गरे ।

**प्रश्न: येशू जन्मिएको रात तपाईलाई के लाग्छ, किन ति स्वर्गदूतहरु राजाहरु, शासकहरु, र धार्मिक अगुवाहरु कहाँ देखानपरी गोठालाहरु कहाँ देखा परेहोलान?** (हेर्नुहोस, ति गोठालाहरुको फोहर, गन्हाउने लुगा, मन नपराइएका कामको कारण समाजदेखी बाहिर बस्थे । तिनीहरुसंग प्राय कसैले संगत पनि गर्न चाहन्देनथे । र आजका सुकुमबासीहरु जस्तै थिए । येशू गरिबहरुकहाँ आउनुभयो, जोहरुलाई वहाँ चाहिन्थ्यो । उहाँकहाँ जो पनि आउन सक्छ, कोही कोही अछुत र टाढा छैन) त्यो पहिलो येशू जन्मिएको रात, जब स्वर्गका दूतहरु तिनीहरुकहाँ देखापर्नुभयो तिनीहरु कति खुसी भए होलान् विचार गर्नुहोस त?

यस संसारको पल्लोपटिको देश पर्सियामा, जसलाई आज इरान र इराक भनिन्छ, केही राजाका ज्ञानी मानिसहरु थिए जो तारानक्षत्र र ज्यातिषी विधामा निपूण थिए । तिनीहरुलाई छक्कै पार्दै आकाशमा एउटा नयाँ ताराको ज्योति चम्कियो । तिनीहरुले पनि परमेश्वरको प्रतिज्ञालाई सुनेका थिए । त्यसपछि तिनीहरुले त्यस तारालाई पछ्याउदै आए । हामीलाई थाह छैन कति जना ज्ञानी मानिसहरु आए, तर हामीलाई थाह छ, तिनहिरुले तीन उपहारहरु ल्याएका थिए ।

**प्रश्न : ति ज्ञानीमानिसहरुले कुन कुन उपहारहरुल्याएका थिए?** (सुन, धुप र मुर्‍ह)

**प्रश्न: यी उपहारहरुले के देखाउछ?** (प्रत्येक उपहारले येशूको जीवनी र परमेश्वरले उहाँलाई पठाउनुभएको उदश्यलाई प्रकट गर्छ) सुन राजालाई दिने उपहार हो, किनभने येशू हाम्रो स्वर्गिय राजा हुनुहुन्छ । धुप एकप्रकारको सुगन्धित मसाला हो जुन परमेश्वरलाई आराधना गर्न चढाइन्छ, किनभने परमेश्वरले आफैलाई येशूमा प्रकट गर्नुभयो । मुर्‍ह एकप्रकारका मसाला हो जुन मरेको मानिसको शरीरमा लगाइन्छ, किनभने येशू मर्नको लागि आउनुभयो, उहाँको मृत्युद्धारा परमेश्वरलाई चुकाउनु पर्ने पूर्ण पापको मोल तिरीदिनुभयो ।
अहिलेसम्म तपाईले सुन्नुभएको कथा साधारणत खीष्टमसको ऋतुमा सुन्दै आएको कथा हो । तर तलका यो बुझाइ विना यसको अर्थ पूर्णहुदैन ।

परियम र यूसुफ नासरतबाट आफनो छोरासंग फर्किए । येशू परमेश्वरको आत्माले भरिनुभएको थियो । उहाँले सिद्ध जीवन बिताउनुभयो । उहाँ सधै परमेश्वरमा आज्ञाकारी भएर जिउनुभयो ।

**प्रश्न : येशूले परमेश्वरलाई के भनी बोलाउनुभयो?** (येशूले परमेश्वरलाई अब्बाा पिता भनी बोलाउनुभयो) जसरी प्रेमी पिताले आफना छोराछोरीसंग समबन्ध राख्न चाहे जस्तै येशूले हामीलाई परमेश्वर हामीसंग व्यक्तिगत समबन्ध राख्नचाहनुन्छ भनी याद दिलाउन चाहनुहुन्छ, । परमेश्वर तपाई जस्तो हुनुहुन्छ त्यस्तै तपाईलाई स्वीकार गर्नुहुन्छ, त्यसैगरि उहाँ एकअर्कालाई प्रेम गरेको चाहनुहुन्छ ।

प्रश्न : येशू किन आउनुभयो? (येशू प्रायश्चित गर्ने र माग्नेहरुलाई नयाँ र फरक जीवन दिन आउनुभयो । यो हामीले सोचेको भन्ला संसारकै उत्तकृष्ट जीवन हो । यो येशूले दिने जीवन अनन्त जीवन हो, यो तपाईले बिश्वास गरको क्षणबाटै शुरुहुन्छ ।

३३ बर्ष थुप्रै कुरा गर्नु र सिकाउनु भएपछि, उहाँलाई जे हो त्यो नमान्नेहरुले क्रूसमा झुण्डयारे मारे । ति मानिसहरुले फेरी परमेश्वरको प्रेमलाई इनकार गरे ।

प्रश्न : येशू के का लागि मर्नुभयो? येशू नियम विपरित अनाज्ञाकारी भएको कारण मारिनुभएको हैन, उहाँले असाध्यै सिद्धताको जीवन जिउनुभयो । बरु उहाँले त परमेश्वर आफना पिताप्रति पूर्ण आज्ञाकारीताको जीवन जिउनुभयो ) यो उहाँले पापको कारण परमेश्वरबाट अलग भएकाहरुको निम्ति बाटो तयार गर्नलाई उहाँ मर्नुभयो ।

जब हामीले पाप ग-यौ, हामीले परमेश्वरको बिरुद्धमा ग-यौ । हामी मानिसहरु हौ, तर मूल्य त एउटा व्यक्तिले चुकाउनुपर्छ । तर यो त अद्धितीय परमेश्वरको विरद्धमा पाप थियो त्यसर्थ परमेश्वर मात्र मोल चुकाउन सक्नुहुन्छ । त्यसकारण परमेश्वरले आफनो पुत्रलाई हाम्रो निम्ति पठाउनुभयो, येशू सतप्रतिशत मानिस हुनुहुन्थ्यो, र पापरहित सिद्ध जीवन जिउनुभयो । येशू सतप्रतिशत परमेश्वर हुनुहुन्थ्यो, त्यसकारण उहाँमा हामी सबैको पाप बोक्ने र हामीबाट पाप उठाइलैजाने शक्ति पनि थियो । **"हामी उहाँमा परमेश्वरको धार्मिकता हुनपाऔ भनेर पापै थाह नपाउनु हुनेलाई पनि उहाँले हाम्रा निम्ति पाप तुल्याउनुभयो" (२ कोरिन्थी ५: २१)**

येशू क्रूसमा मर्नुहुदा तपाई र मेरा सबै गर्नसक्ने र गरेका खराबीहरुलाई आफैले बोक्नुभयो । तीनै खराब कामले गर्दा हामी परमेश्वरबाट अलग थियौ । तर तपाईले आफनो जीवनमा उहाँलाई निम्त्याउकै क्षँण तपाई अब परमेश्वरबाट अलग हुनुहुन्न् । धेरै धेरै अघि परमेश्वर कहाँ फर्काइ ल्याउने प्रतिज्ञा येशू हुनुहुन्छ ।

उहाँ मारिए र गाडिएको तीन दिन पछि, उहाँ मृत्युबाट फेरी बौरीउठनुभयो र जिवितभै संसारमा हिडडुल गर्नुभयो । परमेश्वरले हामी मानिसहरुको तर्फबाट येशूको बलिदानलाई स्वीकार गर्नुभएको प्रमाणचाहिँ उहाँको पुनरुत्थान हो ।
कथामा थपथाप गर्नुपर्ने केही छैन् । हुन त यो खीष्टमसको समय हो जहाँ धेरै उपहारहरु आदानप्रदान हुन्छन नै, तर तपाईले याद गर्नुहोस् कि दिइएको उत्तकृष्ट उपहार चाहि परमेश्वरद्धारा हामी सबैको निम्ति उहाँको पुत्र येशू हुनुहुन्छ । उहाँ नै खीष्टमस उत्सवको प्रमुख कारण हुनुहुन्छ ।

## इष्टर : क्रूसीकरण

पाठ पद

**"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफनो एकमात्र पुत्रलाई दिनुभयो उहाँमाथि विस्वार गर्ने प्रत्येक नाश नहोस तर त्यसले अनन्त जीवद पाओस" (यूहन्ना ३:१६) ।**

पृष्ठभुमि

इसाईहरु किन इष्टर मनाउछन भनी कारण जान्ने हो भने तपाईले खीष्टमसको अर्थ पहिले जान्नुपर्छ । त्यसकारण, हामी फेरी एकपटक खीष्टमसको समीक्षा गरौ ।

आदीमा परमेश्वरले पृथ्वी सृष्टि गर्नुभयो र असल भन्नुभयो । त्यसपछि परमेश्वरले पहिलो मानिस आदम बनाउनुभयो, अनि पहिलो स्त्री हव्वा बनाउनुभयो । आदीमा तिनीहरु परमेश्वरले चाहे जस्तै सिद्ध थिए । आदम परमेश्वरले चाहेजस्तो हुन चाहेन र जब तिनी परमेश्वरप्रति अनाज्ञाकारि भए, तिनी शिद्धतामा रहनबाट चुके । अब भने आदम आफूले चाहेको अशिद्ध मानिस भए । त्यसैसमयदेखि पाप संसारमा प्रवेश भयो ।

बाइबलले यसो भन्छ, **"यसकाण जसरी उएटै मानिस (आदम)द्धारा पाप संसारमा प्रवश भयो र पापबाट मृत्यु (परमेश्वरबाट अलग भएको), त्यसै गरि मृत्यु सबै मानिसमा व्यप्त भयो । किनकि सबैले पाप गरेका छन" (रोमी ५:१२) ।**

जसरी आदमले स्वेच्छाले नै अनाज्ञाकारी हुने निश्चयता गर हामी पनि स्वभाबैले आमदका सन्तान बन्यौ । त्यही छनौटको कारण तपाई र म पनि परमेश्वरबाट अलग भएकाछौ, र हामी .आफने प्रयासले यहाँ कहाँ आउन सक्दैनौ । हामलाई पापबाट छुटकारा दिलाइनुपर्छ ।

जब ठीक समय आयो, परमेश्वरले गाब्रिएल स्वर्गदूतलाई मरियम कहाँ पठाउनुभयो । गाब्रिएलले भने तिमीले बालक जन्माउनेछौ र त्यो परमेश्वरको आत्माको शक्तिद्धारा हुनेछ । तिमीले त्यसको नाम येशू राख्नू, जसको अर्थ मुक्तिदाता वा परमेश्वरले उद्धार गर्नुहुन्छ हुनेछ । यो परमेश्वरले आफूकहाँ मिलापमा ल्याउने उहाँको योजना थियो ।

परमेश्वरसंग जहिल्यै योजना हुन्छ । हाम्रो लागि भएको योजना पूरा गर्न बलि चाहिन्छ । यसरी इष्टरलाई बुझ्न खीष्टमसको सहायता चाहिन्छ ।

क्रूसीकरणको मञ्चनको तयारी

**प्रश्न : उद्धार पाउनु भन्नाले के बुझिन्छ?** (छुटकारा पाउनु)

**पश्नः हामीले के बाट छुटकारा पाउनुपर्छ?** (पाप)

**प्रश्नः पाप के हो?** (परमेश्वरको बिरुद्धमा गरिएको कुनै पनि काम)

**प्रश्नः हामीले किन पापबाट छुटकारा पाउनुपर्छ?** जब हामीले पाप ग-यौ, हामीले परमेश्वरको बिरुद्धमा ग-यौ । हामी मानिसहरु हौ, तर मूल्य त एउटा व्यक्तिले चुकाउनुपर्छ । तर यो त अद्धितीय परमेश्वरको विरद्धमा पाप थियो त्यसर्थ परमेश्वर मात्र मोल चुकाउन सक्नुहुन्छ । त्यसकारण परमेश्वरले आफनो पुत्रलाई हाम्रो निम्ति पठाउनुभयो, येशू सतप्रतिशत मानिस हुनुहुन्थ्यो, र पापरहित सिद्ध जीवन जिउनुभयो । येशू सतप्रतिशत परमेश्वर हुनुहुन्थ्यो, त्यसकारण उहाँमा हामी सबैको पाप बोक्ने र हामीबाट पाप उठाइलैजाने शक्ति पनि थियो ।

**"हामी उहाँमा परमेश्वरको धार्मिकता हुनपाऔ भनेर पापै थाह नपाउनु हुनेलाई पनि उहाँले हाम्रा निम्ति पाप तुल्याउनुभयो" (२ कोरिन्थी ५: २१)**

सुसमाचार यहि हो यदि कसैले येशूलाई परमेश्वरले मृतकबाट उठाउनुभयो (फेरी जीवित पार्नुभयो) भनी बिश्वास गर्छ र आफनो हृदयमा उहाँलाई निम्त्याउछ भने परमेश्वरले तिनलाई पापबाट उद्धार गर्नुहुनेछ ।

परमेश्वरले तपाईलाई पापबाट छुटकारा दिइ आफूकहाँ आउने मार्ग प्रश्स्त गर्न उहाँले आफनो पुत्र येशूमाथि के हुन दिनुभयो त्यो विबरण सुनौ । निस्तारचाडको रात येशूले रोटीलिनु भइ भाच्नुभयो र चेलाह्रुलाई दिनुभयो, कचौरा लिनुभइ धन्यवाद दिइ तिनीहरुलाई दिनुभयो । त्यस पछि उहाँहरु जैतुन डाडातिर जानुभयो ।

क्रूसीकरण
(खण्डः मत्ती २६:३६-३९ र लूका २२:४३-४४)
गेतसमनी

**"तब येशू गेतसमनी भन्ने ठाँउमा तिनीहरुसित जानुभयो, र चेलाहरुलाई भन्नुभयो, तिमीहरु यहि बस, म चाहि अलि पर गएर प्रार्थना गर्छु।' आफूसित जब्दीका दुइ छोराहरुलाई लिएर अति शोकित र खीन्न हुन लाग्नुभयो, तब उहाँले तिनीहरुलाई भन्नुभयो, 'मेरो प्राण मरणान्त अति शोकित भएको छ । तिमीहरु यहि बसेर मसंग जागा रहो ।' तब उहाँ अलि पर गएर घोप्टो पर्नुभयो र यसो भनी प्रार्थना गर्नुभयो, 'हे मेरा पिता हुन सक्छ भने यो कचौरा मबाट हटिजाओस्, तरैपनि मेरो इच्छा बमोजिम होइन तर तपाईको इच्छा बमोजिम होस् ।"**

*********************

**"स्वर्गबाट एउटा दूत उहाँलाई सामर्थ्य दिनालाई उहाँकहाँ देखा परे । अत्यन्त संकटमा परेर उहाँले झन परिश्रमसाथ प्रार्थना गर्नुभयो, र उहाँको पसिना रगतका ठूला ठूला थोप्ला जस्ता भूइमा खसीरहेका थिए"।**

क्रूसीकरण हुनअघिनै हामीलाई छुटकारा दिनको लागि येशू शारीरिक र मानसिकरुपमा दर्दनाक अवस्थाबाट भएर गेतसमनीको बगैचाको अनुभवबाट भएर जादैहुनुहुन्थ्यो । तपाई र मेरो मुक्तिको लागि येशूले यो परमेश्वरको योजनालाई पूरा गर्दैहुनुहुन्थ्यो । येशू मानसिकरुपमा अत्यन्तै कष्टमा परेको कारण परमेश्वरले सहायत गर्न स्वर्गदूत पठाइदिनुभयो । येशूले तीन पटक क्रूसीकरणको अनुभवबाट भएर जान नपरोस भनी प्रार्थना गर्नुभयो, साथै मेरो हैन तर तपाईको इच्छा पूराहोस् पनि भन्नुभयो ।

येशूको पक्राउ
त्यस रात येशूका एउटा चेला यहूदा उहाँको बिरुद्ध खडा भए र रिषाएको भिडलाई लिएर येशू कहाँ ल्याए । तिनीहरुले उहाँलाई कयाफास, प्रधानपूजारी, र सभाघरका सदस्यहरुकहाँ र यहूदी अदालतमा पु-याए । त्यहाँ तिनीहरुले उहाँको मुखमा थुके र कपडामा गोला हाले । (मत्ती २६:६७)

**“उज्यालो भयो, सबै मुख्यपुजाहारीहरु र जनताका बुढाप्रधानहरुले येशूका विरुद्ध उहाँलाई मार्न आपसका मतो गरे । अनि तिनीहरुले उहाँलाई बाधेर लगे र पिलातस वडाहाकिम कहाँ सुम्पिदिए” (मत्ती २७: १-२)**

त्यसपछि पिलातसले येशूलाई सास्तीदिन र क्रूसमा झुण्डयाने आज्ञा दिए । दण्डदिनको लागि सास्ती दिने औजारलाई कोर्रा भनिन्थ्यो । यो १२ वटा छालाका डोरी र त्यसको अन्त्यमा धारीलो धातु वा हड्डिका टुक्राहरु बाधिएको हुन्थ्यो । येशूलाई उएटा खाबोमा बाधिएको थियो र उहाँको पिठ्यूमा यही कोर्राले ३९ पटक हिर्काइयो ।

**“तब बडाहाकिमका सिपाहीहरुले येशूलाई महलमा लगेर जम्मै पल्टन भेला गराए । तिनीहरुले उहाँको बस्त्र फुकालेर उहाँलाई लाल बस्त्र लाईदिए । तिनीहरुले काडाँको मुकुट बनाएर उहाँको शीरमा लगाइदिए, र उहँको दाहिने हातमा निगालो राखिदिए, र उहाँको साम् घुडाटेकेर यसो भनी गिज्याए, “हे, यहूदीहरुका राजा सलाम ।” तब तिनीहरुले उहाँलाई थके पछि त्यो निगालो लिएर उहाँका शिरमा हिर्काए । जब तिनीहरुले गिज्याइसके, तब त्यो बस्त्र फुकालिदिए, र उहाँको आफनै पोसाक पहिराएर उहाँलाई क्रूसमा टाग्न लगे” ( मत्ती २७:२७-३१) ।**

क्रूसीकरण
यो सबै भएपछि, रोमी सिपाहीहरुले उहाँलाई हिर्काए अत्याधिम रगत बगेको कारण उहाँ आफनै क्रूस बोक्न पनि कमजोर हुनुभयो तापनि तिनीहरुले उहाँलाई टाग्ने ठाउँ गलगथाको डाँडाँमा लगे । जब तिनीहरु अगाडि बढन सकेनन्, तब सिमोन नाम भएका एकजना साइरेनीलाई येशूको क्रूस बोक्न लगाए (यहून्ना १९:१६-१७, मर्कूस १५:२१) ।

जब तिनीहरु गलगथामा आइपुगे, तिनीहरुले उहाँलाई एउटा काठमा राखे, उहाँको एउटा हातलाई समाते र हातको नाडिमा एउटा ठूलो फलामको काटी ठोके, त्यसपछि फेरी अर्को काटी उहाँको हातमा ठोके । प्रत्येक पटक जब हतौडाले उहाँको हातमा ठोकिन्थ्यो, उहाँले चिच्याइ चिच्याइ भन्नभयो, “हे, पिता, यिनीहरुलाई क्षमा गर्नुहोस्, क्षमा गर्नुहोस्, किनकि यिनीहरु के गरिरहेका छन जान्दैनन् ।”

त्यसपछि सिपाहीहरुले येशूको गोडाहरुलाई तन्काए र घुडाअलि खुम्चिएको बनाइ तलखुट्टामा काटि ठोके, यसरीनै रामी सिपाहीहरुले क्रूसमा झुण्याउथे ।

जब तिनीहरुले येशूलाई क्रूसमा टागे, त्यसपछि एउटा खनिएको प्वालमा त्यस काठलाई सिधा खडा गरी हाले । जब येशूको शरीर उहाँको हातको काघमा झुण्डिन थालियो, तब क्रूसको वास्तविक पीडा र दुःख शुरुभयो ।

तपाईलाई थाह छ, यस्तो क्रूसीकरणमा, येशूले स्वास लिन सक्नुहुन्थ्यो, तर स्वास फ्याकन उहाँको लागि असम्भव थियो, उहाँले आफनो फोक्सोबाट स्वास लिन सक्नुहुन्थ्यो ।

तर रोमीहरुलाई थाह थिया कि तिनीहरु के गरिरहेका थिए । त्यसैकारण तिनीहरुले येशूको घुडालाई अलिकति खुम्च्याएरै छाडिदिएका थिए । जबजब येशूले स्वास लिनुपर्ने हुन्थ्यो, उहाँ आफैलाई अलि माथि घचेडनुहुन्थ्यो र स्वासलाई फ्याकन सक्नुहुन्थ्यो । तर फेरी उहाँ तल झर्नुहुन्थ्यो । यसरी उहाँले तीन चार घण्टासम्म संघर्ष गर्नुभयो । इतिहासविदहरु भन्ने गर्छन कि त्यसरी क्रूसीकरण हुनेहरुले आफू वरिपरि हुनेहरुलाई सराप्ने गर्छन । बाइबलले भन्छ,

**"उहाँसंग दुइजना डाकुहरु क्रूसमा टागिएका थिए, एउटा उहाँको दाहिने पटि र अर्को देब्रे पटि । त्यहाँबाट आउनेजोहरुले आफना शिर हल्लाएर उहाँलाई निन्दा गरे र भने, ए, मन्दिर भत्काउने, र तीन दिनमा बनाउने, आफैलाई बचा, त परमेश्वरको पुत्र होस भने क्रूसबाट ओर्लेर आइज।' त्यसैगरी मुख्यपुजाहारीले पनि, शास्त्रीहरुले र बूढाप्रधानहरुकासंगसंगै गिल्ला गरेर भने, यसले अरुलाई त बचायो, आफैलाई चाहि बचाउनसक्तैन । यो इस्राएलको राजा हो भने अब क्रूसबाट तल ओर्लिआओस् र हामी यसलाई बिस्वास गरौला । त्यसले परमेश्वरमाथि बिश्वास राख्तछ, यदी उहाँले यसलाई चाहनुहुन्छ भने, उहाँले यसलाई अहिले छुटकारा दिउन, किनकि यसले 'म परमेश्वरको पुत्र हु' भनी भन्थ्यो । अनी उहाँसंगै क्रूसमा टागिने ती डाँकुहरुले पनि उहाँलाई यही किसिमका वचन लाए" (मत्ती २७:३८-४४) ।**

**प्रश्न : बली भनेको के हो?** (केही मूल्यवान कुरा अरुको हितमा दिनुलाई नै बलीदान भनिन्छ) येशूले पनि आफनो अमूल्य जीवननै तपाई र मेरोलागि भनी बली दिनुभयो र

प्रश्न : तपाईलाई के लाग्छ, किन येशूलाई कुटियो, थुकियो र भएभरको अपमान गरियो? (यो तपाई र मलाई मुक्ति दिने परमेश्वरको योजनालाई असफल बनाउने सैतानको अन्तिम प्रयास थियो) सैतानले आफूले गर्न सक्नेसबै ग-यो, कुटियो, थुकियो, अपमानित भयो, दुखदिइयो, कष्टमापारियो र ठट्टा गरियो । येशूको उएटै मात्र विचार वा कामको कारण तपाई र मैले पाउने मुक्ति मुक्ति नपाउन सक्थ्यौ ।

**प्रश्न : यदी येशूलाई कुटने, थुक्ने र अपमान गर्नेसंग उहाँ रिषाउनु भएको भए, कसरी परमेश्वरको मुक्तिको योजना विफल हुनसक्थ्यो?** (बुझनुपर्छ, सबै मानिसहरुको लागि बली दिइने येशू सिद्ध, दोषरहित, र विनापापको हुनुपर्दथ्यो )

समय बित्दै जादैथियो, सैतानले भएको सबै जुक्ति लगायो । अझ कुटियो, झन थुकियो, झन अपमानित गरियो, अझ दुखदिइयो, कष्टमापारियो र ठट्टा गरियो, शारीरिक यातनाले चरमसीमा नाघ्यो, यहाँका वरिपरि हुने मानिसहरु गिल्लागर्दै कराउन थाले, निश्चयनै येशूलाई रिसाउन

सक्नुहुन्थ्यो । तर येशूले यसो भन्नुभयो, **"हे, पिता, यिनीहरुलाई क्षमा गर्नुहोस्, क्षमा गर्नुहोस्, किनकि यिनीहरु के गरिरहेका छन जान्दैनन्"** (लूका २३:३४) ।

येशूकहाँ आउन लागेको डरलाग्दो पक्ष उहाँले पाउनुभएको पिटाई, थुकाई, अपमान र क्रूसीकरण पनि थिएन, यो त आउन लागेको कुरामात्र थियो । यो त येशूले आफना पितासंग गेतसमनीमा गर्नुभएको प्रार्थना उहाँबाट अलग हुनुपर्ने अवस्था थियो ।

**प्रश्नः तपाईलाई के लाग्छ, येशू त्यतिधेरै भयभित हुनुपर्ने कारण के थियो?** बाइबलले भन्छ,

"जब मध्य दिनदेखि तेस्रो पहरसम्म देशमा जताततै अन्धकार भयो । तेस्रो पहर तिर येशू यसो भनेर ठूलो सोरले कराउनुभयो, 'एली एली लामा सबखथनी? अर्थात हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईले मलाई किन त्यागनु भयो?" (मत्ती २७:४५-४६) ।

येशू आफनो परमेश्वर पिताबाट अलग हुनुभएको थियो । सृष्टिको शुरुहुनु भन्दा पनि पहिलेदेखी येशू आफनो पितासंगको सिद्ध समबन्धमा हुनुहुन्थ्यो । तर याद गर्नुहोस्, पवित्र परमेश्वरको उपस्थितीमा पाप रहन सक्दैन । येशू, परमेश्वरको बली, परमेश्वरको सिद्ध थुमाले सबै मानिसको पापको दोष - परमेश्वरको पूर्ण क्रोधलाई बोक्नुभयो । त्यसपछि येशू ठूलो सोरले कराउनुभयो, "अब सिद्धियो" ( यहून्ना १९:३०) ।

**प्रश्नः किन येशूलाई परमेश्वरको थुमा भनियो?** येशूको समयमा, यरुशलेमको मन्दिरमा दैनिक बली चढाइन्थ्यो । बली, प्राय थुमा मध्यानहको ३ बजे, निस्तार चाडसहित चढाइन्थ्यो । त्यससमय, पुजारी मन्दिरको सबैभन्दा अग्लो स्थानमा बसेर नरसिंहा, भेडाको सिंह फुक्थ्यो र त्यो थुमा बलीदिने समयको चिन्ह थियो ।

जब येशू क्रूसमा टागिनुभयो, उहाँको कानै छेडिने नरसिङ्गको आवाज शहरबाट आएको सुन्नुभयो । येशूले आफू बलिदान हुनुपर्ने समयलाई थाहा गर्नुभयो । जसै पुजारिले थुमालाई मारे, येशूले स्वर्गलाई हेर्नुभयो र भन्नुभयो ,"अब सिद्धियो" (यूहन्ना १९:३०) ठीक त्यसै समय, निस्तारचाडको थुमा र हाम्रो निम्ति र हाम्रो बदला दिइएको येशू हाम्रो निस्तार चाडको थुमा ३ बजे मध्यान्ह मारिनुभयो ।

बाइबलले भन्छ जब येशूले आफनो प्राण त्यागनुभयो, तब मन्दिरको पर्दा माथिबाट तलसम्म दुईभागमा च्यातियो । इतिहासविदहरु भन्छन्, यदि चारवटा घोडाहरुको शक्ति लगाएर दुईतिरबाट तानेको भए पनि त्यसरी मिहिन र निपूणतासाथ बनाइएको पर्दा च्यातिन सम्भव थिएन । मन्दिरमा भएको पर्दाले साधारण मानिसहरुलाई महापवित्र भनिने मन्दिरको भित्रीभाग जहाँ परमेश्वरको उपस्थिति हुन्थ्यो त्यहाँसम्म पुग्न रोकिराखेको थियो ।

**प्रश्न : किन मन्दिरमा भएको पर्दा दुईभागमा च्यातिएको होला जस्तो तपाईलाई लाग्छ?** (परमेश्वरले यसलाई दुई भागमा च्यातिदिनुभयो, किनकि अब मानिसहरु पापको कारण परमेश्वरबाट अलग नगरियोस भनेर हो)

**“अब सिद्धियो ”** र यो साच्चै नै सिदियो । परमेश्वरको यस मुक्तिमा हामी केही पनि थप्न सक्दैनौ । यो नै तपाईको निम्ति परमेश्वरको दान हो । येशू परमेश्वरको थुमा हुनुहुन्छ, जसले तपाईको र सँसारको पाप उठाई लैजानुहुन्छ । के तपाईले परमेश्वरको पुत्र येशूसँग आफूले गर्नुभएको गलत काम र विचार प्रति क्षमा माग्नु भएको छ ? के तपाईले येशूलाई आफनो जीवनको मुक्तिदाता भनि आफनो जीवनको निमन्त्रणा दिनु भएको छ ?

**प्रश्न : तपाईले कहिल्यै परमेश्वरको पुत्रलाई आफनो पापबाट बचाउनुहोस भनी कहिल्यै प्रार्थना चढाउनुभएको छ?** यदि चढाउनुभएको छैन, तर चाहनुहुन्छ भने अहिल्यै र आजै गर्न सक्नुहुन्छ । यदी तपाई यो गर्न चाहनुहुन्छ भने तपाईले आफनो हृदयामा वा सानो स्वरमा कसंग यो प्रार्थना गर्नसक्नुहुन्छ ।

प्रिय येशू,
म पापी हुँ भनी मानिलिन्छु । दया गरी मेरा सबै पापहरु क्षमा गरिदिनुहोस् । म तपाईलाई मेरो व्यक्तिगत मुक्तिदाता भनी मानिलिन्छु । मेरो जीवनमा आउनुहोस् र मलाई तपाईले चाहनु भए जस्तै मानिस बनाउनुहोस् । आमिन्

विषेश प्रार्थनाको पाठ
राष्ट्रिय प्रार्थना दिवसको लागि

**"यदी मेरो आफनै नाउ दिइएको मेरो आफनो प्रजाले मप्रति अर्पण गरेर प्रार्थना गर्छ, र मलाई खोजेर आफना दुष्ट चालहरुबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरुको प्रार्थना सुन्नेछु, र तिनीहरुका पाप क्षमा गर्नेछु, र तिनीहरुको देशलाई म फेरी अघिको जस्तै स्वस्थ्य पार्नेछु" (२ इतिहास ७ : १४) ।**

हाम्रो देशको मानिसहरुको लागि गरिने प्रार्थनाको सूचि बनाऔ । तल दिइएका ५ समूह जसले तपाईलाई यो वनाउन सहायता गर्नेछ ।

१) सरकार :
२) मण्डलीहरु र सेवकाईमा समर्पित सँघ-सँस्थाहरु :
३) व्यावसाय र उधोगहरु :
४) परिवारहरु :
५) आफनै निम्ति :

कस्को लागि र कसरी प्रार्थना गर्ने भनी प्रत्येक समूहको सल्लाह र उदाहरणको लागि थप सहायता दिइएको छ । तिनीहरुको कुन खाचोको लागि प्रार्थना गर्ने भनी सहायताको लागि केही पदहरु पनि दिइउको छ ।

जसरी तपाई आफनो छोराछोरीसंग परिवारको रुपमा प्रार्थनाको लागि आउनुभएको छ, आफैलाई नम्र पारौ, र आफना खराबीबाट असल कुरातर्फ फर्किऔ, र उहाँलाई पुकारा चढाऔ, उहाँले स्वर्गबाट हाम्रो प्रार्थना सुन्नुभएकोहोस्, हाम्रो पापलाई क्षमा दिनुभएकोहोस्, र हाम्रो देशलाई फेरी मनोहर बनाइदिएकोहोस् ।

"हे, परमप्रभु, मेरा कुरामा कान लगाउनुहोस्, ..." (भजनसंग्रह ५:१)
<u>हाम्रो सरकारको लागि</u>
**"त्यो मानिस धन्य हो जो दुष्टहरुको युक्तिमा चल्दैन, नता पापीहरुको मार्गमा खडा हुन्छ, न गिल्ला गर्नेहरुको बैठकमा बस्छ । तर परमप्रभुको व्यवस्थामा नै त्यो प्रशन्न रहन्छ र दिनरात उहाँकै व्यवस्थामा त्यसले ध्यान दिन्छ" ( भजनसंग्रह १:१-२) ।**

हाम्रा राजनैतिक अगुवाहरुको लागि प्रार्थना गरौ कि उनीहरुले ठीक निर्णय गर्नसकून चाहे त्यो अप्रख्यात नै किन नहोस् ।

- केन्द्रिय सरकारः राष्टपति, प्रधानमन्त्रि र सांसदहरु
- स्थानिय प्रशासनः प्रशासक, जनप्रतिनिधि, नगरपिता
- न्याय प्रणालीः नेपालको सर्वोच्च अदालत, जिल्ला अदालत, न्यायधिसहरु
- सिपाहीः जनपथ प्रहरी, सेना, ट्रफिक प्रहरी

पत्रुस र अरु प्ररितहरुले जवाफदिदै भने, “हामीले मानिसको भन्दा परमेश्वरको आज्ञा मान्नुपर्छ ” ( प्ररित ५:२९)

<u>मण्डलीहरु र सेवकाईमा समर्पित सँघ-सँस्थाहरु</u>

“भलाई गर्नमा हरेस नखाओ, किनभने यदी थाकेनौ भने, ठीक समयमा हामी कटनी गर्नेछौ” ( गलाती ६:९)

हाम्रो राष्ट्रले थाह गर्नुपर्छ कि परमेश्वर एउटा मात्र हुनुहुन्छ, र उहाँले सत्यताको मापदण्ड पनि एउटै बनाउनुहुन्छ । प्रार्थना गरौः

- तपाईका पास्टरहरु, सँघ-सँस्थाहरु, समप्रदायहरु, हाम्रो मण्डलीलाई सहायता पुऱ्याउने व्यक्ति वा सँस्थाहरु जसले साहस र विनालाज परमेश्वरको वचन बोल्नसकोस्, ताकि यस अन्धकार संसारमा मण्डली शुद्ध र ज्योति बनून ।
- तपाईले सहायता गर्ने सेवाकाईमा समर्पित संघसंस्था, जस्तै प्राक्टीस मिनिष्टिज, ओमेगा तालिम, क्यमपस क्रूसेड ताकि मानिसका जीवन परिवर्तन होउन, र मानिसले परमेश्वरको वचन आफनो जीवनमा लगाउन ।

<u>बन्दि बनाइएका र सताइएकाहरुको लागि</u>

**“बलियो र साहसी हाओ, नडराओ, किनभने परमप्रभु परमेश्वरनै तिमीहरुसंग जानुहुन्छ । उहाँले तिमीहरुलाई धोखा दिनुहुनेछैन, निरास तुल्याउनुहुनेछैन, उहाँले तिमीहरुलाई त्यागनुहुनेछैन्” (व्यवस्था ३१:६) ।**

- धेरैपटक, आफनो खराब काम (विचार र भावना) को लागि जो जेलमा परेका छन, तिनीहरुको हृदय सुद्धहोउन भनी प्रार्थना गर्नुपर्छ ताकी फेरी तिनीहरुले अपराध नगरोस् । येशूले मात्र मानिसको हृदय परिवर्तन गर्नसक्नुहुन्छ । तिनीहरुको हृदय परिवर्तन होस भनी प्रार्थना गर्नुहोस् ।
- कोही मानिसहरु लागुपर्दाथका वा नशा, कोही रक्सी पिउने लत, परमेश्वरप्रतिको गलन धारणाले तिनीहरुलाई बाधेर राखेको वा दास बनाएको छ । ति सबै बन्धनबाट मुक्त पार्ने साचो येशूसंग मात्र छ, जसले पूर्ण स्वतन्त्र पार्न सक्नुहुन्छ । तिनीहरुको स्वतन्त्रताको लागि प्रार्थना गर्नुहोस् ।
- कहिले काहि इसाईलाई हाँसोको पात्र बनाइन्छ वा हेलाको दृष्टिले हेरिन्छ । संसारको कति ठाँउहरुमा इसाईहरुलाई जेलमा हालिन्छ, शारीरिक यातना दिइन्छ, तिनीहरुको काम, घर, र कतिपटक परिवारका सदस्यलाई पनि तिनीहरुबाट अलग गरिन्छ । उनीहरुको सुरक्षा र कामबाट परमेश्वरको महिमाहोस भनी प्रार्थना गर्नुहोस् ।

**“तिनीहरु धन्यका हुन, जसको चाल निर्दोष छ, जो परमप्रभु व्यवस्थामा चल्दछन् । तिनीहरु धन्यका हुन, जसले उहाँका साक्षी वचन पालन गर्दछन, जसले उहाँलाई पूरा हृदयले खोज्दछन । तिनीहरुले कुनै अधर्म गर्दैनन् हामीले ति पूर्ण हृदयले पालन गरौ भनेर तपाईले हामीलाई आफना आदेशहरु दिनुभयो” (भजनसंग्रह ११९:१-४) ।**

प्रत्येकदिन हामी आफूले हेर्ने, सुन्ने, पढने वा भनिएको कुराले प्रभावित हुन्छौ, त्यो चाहे ठीक होस वा बेठीक, राम्रो वा नराम्रो, नास्तिक वा आस्तिक । प्रार्थना गर्नुहोस कि बेठीक, नराम्रो, र नास्तिक प्रभाव रोकियोस र ठीक, राम्रो आस्तिक प्रभाव हेर्ने, सुन्ने, पढने वा भनिएका होउन् ।

प्रार्थनाको लागि यस सुचिमा भएका एक वा दुई समूहको छनौट गर्नुहोस्, र यस क्षेत्रसंग समबन्धित व्यक्तिहरुको निम्ति आफनो प्रार्थनामा याद गर्नुहोस् ।

| | |
|---|---|
| • व्यापार र उद्योगहरु | संचार, वृत, कानून, उत्पादन |
| • सामूदायिक सेबा | गैरनाफा संस्था, प्रहरी |
| • शैक्षिक व्यवस्था | शिक्षक शिक्षिका, विधार्थी, प्रशिक्षक |
| • वैज्ञानिक समूदाय | प्रयोगशाला र बिकास |
| • समाचार | टेलीभिजन, रेडियो, खबरपत्रिका |
| • मनोरन्जन | चलचित्र, संगीत, खेलकुद, छापा |

<u>परिवार</u>

**"तिमीहरुले आफना परमप्रभु परमेश्वरलाई आफनो सम्पूर्ण मनले, आफनो सम्पूर्ण प्राणले, र आफनो सम्पूर्ण शक्तिले प्रम गर । मैले तिमीहरुलाई सुनाएको आज्ञा आफनो मनमा राख । ती तिमीहरुले आफना छोराछोरीहरुलाई होसियारीसाथ सिकाओ । घरमा बस्दा, बाटोमा हिडदा, ढल्केर बस्दा, र उठदा चर्चा गर" (व्यवस्था ६:५-७) ।**

- परमेश्वरले परिवार उहाँको सत्यता र मार्गहरु सिकाउनको लागि बनाउनुभएको हो । प्रार्थना गरौ बिशेष गरि बुवाहरुको लागि जसलाई परमेश्वरले चाहनु भए अनुसार बाइबलका नायक जस्तै हाम्रो निम्ति उदाहरण बन्नसक्नु भएकोहोस् ।
- तपाईको परिवारको सदस्य, आफनो साथीहरु, छिमेकी, सहयोगी, बिछोड भएको परिवार, र परिवार नहुनेहरुका निम्ति पनि प्रार्थना गरौ ।

<u>व्यक्तिगत जागरण र नैतिक जागृती</u>

**"हे, परमेश्वर मलाई जाच्नुहोस, र मेरो हृदय बुझ्नुहोस्, मलाई खार्नुहोस्, र मेरा विचारहरु जान्नुहोस् । र हेर्नुहोस्, ममा दूराचरण केही रहेनछ भने मलाई अनन्तको चालमा डो-याउनुहोस्" (भजनसंग्रह १३९:२३-२४) ।**

- परमेश्वरले तपाईलाई ती कुराहरु पनि प्रकट गरिदिनुभएको होस जुन उहाँलाई मनपर्दैन्, उहाँले यो हटाउनमा सहायता गरुन भनी प्रार्थना गर्नुहोस् ।
- हाम्रा देशका मानिसहरुको लागि प्रार्थना गरौ कि तिनीहरुले पनि परमेश्वरलाई खोज्न, र आफनो खराब चालबाट असल चालतिर फर्कन सकून् ।

**"उहाँमा भएको हाम्रो हिम्मत यहि हो, कि उहाँको इच्छा बमोजिम हामीले उहाँसंग जे कुरा मागे तापनि उहाँले हाम्रो बिन्ती सुन्नुहुन्छ" (१यहून्ना ५:१४) ।**

*यो पाठ डालास अगुवापन प्रार्थना खाजा निर्देशिकाबाट लिइएको वा साभार गरिएको हो १९९७ ।

कथाको समय

आजको पाठ

"एउटै कुरा मात्र म जान्दछु, म अन्धा थिए, तर अब देख्तछु" (यूहन्ना ९:२५) ।

परिचय

२००१ इस्वीमा, मैले एउटा स्थानिय मण्डलीको निम्ति कसरी आफनो कथा भन्ने विषयमा एउटा पाठ्यक्रम तयार पारे, जुन मैले कसरी येशू ख्रीष्टलाई पाए भनि बताउने भन्ने थियो । यस कथामा समयलाई साह्रै छोट्याइएको थियो, तानि उदेश्य चाहि, तपाईको जीवनमा येशूको रुपान्तरणीय शक्तिको कामको वरण गर्न तपाईलाई सहायता पु-याउनु थियो ।

तपाई र तपाईको समूहमा हुनेहरुको एउटा सामर्थी र नबिषर्ने अनुभव र क्षण भनेको चाहिँ एउटा बावु, वा छोरा वा छोरीले आफनो कथा भन्नु हो ।

जब तपाई यो समूहमा गर्ने निधो गर्नुहुन्छ, पहिले बाइबल र वाकि अर कामलाई अलगै राख्नुहोस्, मात्र सुन्नुहोस् । यो संगसंगै बिताउने महत्वपूर्ण समय हो । (यस पाठको अन्त्यमा दिइएको सामूहिक अध्ययनमाला निर्देशिका हेर्नुहोस् ।

कथाको समय

(खण्डः यहून्ना ९:१-२५)

**"अनि जादाजादै उहाँले जन्मैको एउटा अन्धो मानिसलाई देख्नुभयो । उहाँका चेलाहरुले उहाँलाई सोधे, "हे, गुरु कसले पाप गर्‍यो, यसले कि यसका आमा बाबुले र यो अन्धा जन्मियो?" येशूले जवाफ दिनुभयो, "नता यसले पाप गर्‍यो, नता यसका आमा बाबुले, तर यस हेतुले कि परमेश्वरका कामहरु यसमा प्रकट होउन् । दिन छदै मलाई पठाउनेका कामहरु हामीले गरिहाल्नु पर्दछ, रात आउछ, जब कसैले काम गर्न सक्दैन । जब म संसारमा छु, म संसारको ज्योति हुँ ।" यी कुरा भनेर उहाँले भूइमा थुक्नुभयो, थुकले माटोमा हिलो बनाएर हिलो त्यसको आँखामा लगाइदिनुभयो । अनि त्यसलाई भन्नुभयो, "जाउ, सिलोआमको (जसको अर्थ हो पठाइएको) तलाउमा गएर पखाल ।" तब त्यसले गएर पखाल्यो र देख्ने भएस आयो ।**

**तब छिमेकीहरु र त्यसलाई मगन्ते भएको देख्नेहरुले भने, "के बसेर भिख माग्ने यही होइन? कसैकसैले भने, "त्यो यही हो ।" अरुले भने, "अहँ, यो त्यहीँ जस्तो छ ।" त्यसले भन्यो, "म त्यही हुँ ।" तब तिनीहरुले त्यसलाई सोधे, "तेरा आँखा कसरी खोलिए त?" त्यसले जवाफ दियो, "येशू भन्ने एउटा मानिसले माटोको हिलो बनाएर मेरो आँखामा लगाइदिएर मलाई भन्नुभयो, "सिलोआममा जाउ र पखाल," तब गएर मैले पखाले, र म देख्न सक्ने भए ।" तिनीहरुले त्यसलाई भने, तिनी कहाँ छन?" त्यसले भन्यो, "म जान्दिन ।"**

**जो अगाडि अन्धा थियो त्यसलाई फरिसीहरु कहाँ ल्याए । जुन दिन येशूले माटोको हिलो बनाएर त्यसका आँखा खोलिदिनुभएको थियो, त्यो विश्राम दिन**

थियो । यसैकारण फेरी फरिसीहरुले पनि, “कसरी देख्नेभइस भनी सोधे?” त्यसले तिनीहरुलाई भन्यो, “उहाँले मेरो आँखामा माटोको हिलो लगाइदिनुभयो, अनि मैले पखाले र देख्ने भए ।” फरिसीहरु मध्ये कुनैले भने, त्यो मानिस परमेश्वर तर्फको हैन, किनकि विश्राम दिन त्यसले पालन गर्दैन ।” तर तिनीहरुले भने, “कसरी एउटा पापी मानिसले यस्तो चिन्हहरु गर्न सक्तछ र?” तिनीहरुका विचमा फाटो हुन गयो । तिनीहरुले त्यस अन्धालाई फेरी सोधे, “उसले तेरा आँखा खोलिदिएकोमा उसको विषयमा त के भन्छस्?” त्यसले भन्यो, “उहाँ अगमवक्ता हुनुहुन्छ ।”

यसकारण त्यसको बिषयमा यहूदीहरुले दृष्टि पाउनेका आमाबाबुलाई बोलाएर नसोधुन्जेल त्यो अन्धा थियो र देख्नेभयो भन्ने कुरामा विश्वास गरेनन् । तब तिनीहरुलाई यसो भनेर सोधे, “के यो तिमीहरुका छोरा हो जो अन्धा जन्मेको हो तिमीहरु भन्दछौ? तब त्यसले कसरी देख्तछ त?” त्यसका आमाबाबुले तिनीहरुलाई भने, हामी जान्दछौ, यो हाम्रो छोरो हो, र अन्धा जन्मेको थियो, तर अब यसले कसरी देख्तछ हामी जान्दैनौ, अथवा यसका आँखा कसले खोली दिए, त्यो पनि हामी जान्दैनौ, यसको उमेर पुगेको छ, यसैलाई सोध्नुहोस्, आफनो बिषयमा त्यो आफै बोल्नेछ ।” त्यसका आमाबाबुले यी कुरा भने, किनकि तिनीहरु यहूदीहरुदेखि डराउथे किनभने यहूदीहरुले अघिनै आपसमा मतो गरिसकेका थिए, कि कसैले उहाँलाई ख्रीष्ट भनी स्वीकार गर्‍यो भने त्यो सभाघरबाट निकालिनेछ । यसैकारण त्यसका आमाबाबुले भने, “यसको उमेर पुगेको छ, यसैलाई सोध्नुहोस्?”

तब तिनीहरुले त्यस मानिस जो अघि अन्धा थियो, दोस्रो पल्ट बोलाएर भने, “परमेश्वरलाई महिमा दे, हामी जान्दछौ त्यो मानिस ता पापी हो ।” त्यसले जवाफ दियो, “उहाँ पापी हुनुहुन्छ कि हुनुहुन्न म जान्दिन, एउटै कुरा मात्र म जान्दछु, म अन्धा थिए, तर अब देख्तछु ।”

आफनो कथा भन्ने

कसरी मैले येशू ख्रीष्टलाई आफनो जीवनमा पाए भनि बताउने कथाको बिषयमा विचार गर्दो अनि असहज महसुस हुन्छ होला । तपाईलाई मैले सक्दिन वा कसरी भन्ने होला? के भन्ने होला? भन्ने दिविधा हुन सक्छ ।त्यसैकारण मैले यो संगै कथा भन्नुपर्ने पाठलाई यहाँ राखेको हुँ । अब यो कथा कसरी भन्ने बिषयमा त येशू ख्रीष्टको शुभ-समाचार अरु मानिसलाई दिनु मात्रै हो ।

त्यसोभए तपाईको कथा के हो?

यसोभए, तपाई आफनो कथा भन्नुहोस् । यदी तपाईलाई यो प्रश्नसोधिएमा तपाई के जवाफ दिनुहुन्छ? “खै, मैले कथामा के भन्नेहोला...।” “मसंग एउटा कथा त छ, तर यो त्यती चाखलाग्दो छैन ।” यसो भन्नुचाहि स्वभाविकने हो, तर यो वास्तविकता भन्दा टाढा छ । अरुहरु जस्तै हामी सबैसंग भन्ने विशेष, उत्तम, र अर्थपूर्ण कथा छ । यदी तपाईले येशूलाई पाउनुभएको छ भने तपाईसंग कथा पनि छ ।

सायद तपाईलाई राम्रोसंग थाह छ । सायद तपाईले यसलाई अलि सुरुची बनाउनुपर्छ । जे भएता पनि परमेश्वरले हाम्रो जीवनमा गर्नुभएको कामलाई बताउने कुराले हाम्रो जीवनमा प्रभाव भने पार्छ । यस्ता कथा सुन्ने बिशेष गरी हाम्रा छोराछोरीका बलियो गवाहीको कथा बन्छ ।

कथाको उदेश्य पनि तपाईको जीवनमा परमेश्वरको शक्तिसाली रुपान्तरण्को कामलाई कथाद्धारा भन्नुनै हो । जब तपाईले आफनो कथा बताउनुहुन्छ, तपाईले कथाद्धारा सुसमाचार भन्देहुनुहुन्छ, र सुसमाचार आफनो जीवनमा वास्तविक र देखिने बन्छ ।

शुरु गरौ....

यदि तपाईलाई येशू ख्रीष्ट आफनो जीवनमा स्वीकार गरेको दिन, घटना वा विशेष समय थाहा छ भने, तपाईको जीवन परिवर्तनको घटना उतम हुनसक्छ । यदि तपाईलाई लाग्छ यो ठीक हो भने तलका प्रश्नहरुले कथालाई राम्रो बनाउन सहायता गर्छ :

क) तपाईले येशूलाईं आफनो जीवनमा निम्त्याउनु अगाडि तपाईको जीवन कस्तो थियो?
ख) कुन बिशेष घटना वा अवस्थाले तपाईलाई येशूलाई मुक्तिदाता भनि स्वीकार गर्न डोऱ्यायो?
ग) कसरी र कहिले तपाईले येशूलाई मुक्तिदाता र प्रभु भनि स्वीकार गर्नुभयो?
घ) कसरी येशूले तपाईको जीवनलाई परिवर्तन गरिदिनुभयो ?

जीवन यात्रा

यदि तपाईको ख्रीष्टीयन विश्वास यात्रा जस्तै छ भने तपाईको आत्मिक जीवन यात्रा उतम हुन्छ । यो प्रश्न सोध्ने कोसिस गर्नुहोस :

क) तपाईको जीवनमा परमेश्वरले गर्नु भएको विशेष कामहरु के के हुन?
ख) कस्ता अवस्था, समस्या र मानिसहरुले विश्वासमा बढ्न तपाईलाई सहायता पुऱ्यायो?
ग) यदि येशूलाई नपाएको भए तपाईको जीवन कस्तो हुन्थ्यो होला? जस्तै : जीवन शैली, सोच, प्राथमिक्ता र समबन्धहरु)

आफनो कथाद्धारा सुसमाचार बाढ्नु

**“परमेश्वर ख्रीष्टमा हुनुभयो, र संसारलाई आफूसित मिलापमा ल्याउनुभयो (२ कोरिन्था ५:१९)**

सुसमाचार येशूको कथा हो । येशूको कथा बृहत धर्मशास्त्रको उएटा कथा हो, जसमा सृष्टी गासिएको, पतन भएको र येशूले ल्याउनुहुने उद्धार (छुटकारा) को कथा छ । यो एउटा बृहत कथा हो तर यो सबै एउटै मुल कथामा समेटिएको छः मिलाप । येशू ख्रीष्टको सुसमाचारलाई राम्ररी बताउन सकिने उत्तम तरिका चाहि यसलाई आफनो कथामा मिसाउनु हो ।

श्रृष्टी

परमेश्वरले उद्धेश्यसहित श्रृष्ठि गर्नुहुन्छ भन्ने कुरालाई बुझ्नुहुछ?

**“ख्रीष्ट येशूद्धारा धर्मपुत्र हुनलाई उहाँले हामीलाई अघिबाटै नियुक्त गर्नभयो” ( एफिसी ३:५) ।**

आफनो जीवनको उद्धेश्य के हो भनि कसरी तपाई बुझ्नुहुन्छ?

**"तिमीहरुले आफना परमप्रभु परमेश्वरलाई आफनो सम्पूर्ण मनले, आफनो सम्पूर्ण प्राणले, र आफनो सम्पूर्ण शक्तिले प्रम गर र आफनो छिमेकीलाई आफैलाई जस्तै प्रम गर" (मती २२:२७-२९) ।**

पतन

तपाईले म पापी रहेछु भन्ने कसरी थाहा गर्नुभयो?

**"यदि तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर " (यूहन्ना १४:१५)।**

पापको परिणाम के के हुन?

**"तर तिमीहरुका अर्धमले तिमीहरुलाई तिमीहरुको परमेश्वरबाट अलग गरेका छन्" (यशैया ५९:२)**

छुटकारा

तपाईले येशूले मलाई मुक्ति वा उद्धार दिनुहुन्छ भनि तपाईले कसरी विश्वास गर्नुभयो?

**"किनभने बिश्वारद्धारा अनुग्रहबाट तिमीहरुले उद्धार पाएका छौ, र यो ता तिमीहरु आफैबाट होइन, यो परमेश्वरको बरदान हो । कामबाट होइन, नत्रता कसैले घमण्ड गर्नेछ" (एफिसी २:८-९)**

तपाई कसरी परमेश्वरमा मिलाप हुनुभयो? परिणाम के थियो?

**"...तर हाम्रा प्रभु येशू खीष्टद्धारा, अब हामीले मिलाप पाएका हुनाले परमेश्वरका आनन्द पनि गर्दछौ"(रोमी ५:११)**

तपाईको निम्ति मण्डली  वा कुनै व्यक्तिको कस्तो भुमिका थियो?

**"अब तिमीहरु खीष्टका शरीर र त्यसैका विभिन्न अङ्गहरु हौ " (१कोरंथि १२ : २७)**

तपाईको कथालाई सँगसँगै मिलाउनु होस :

क) तपाईको जीवनको कुन चाही त्यस्तो घटना जुन अरुको निम्ति पनि चाख लाग्दो हुन सक्छ?
ख) माथिका प्रश्नहरुमा बाइबलको कुन चाही पदहरुए मिल्छ होला?
ग) के कस्ता जीवनका अनुभवहरु समेटिदा र उदारण दिदा कनथा शुरुचिपूर्ण बन्छ ?
घ) आफनो कथालाई कथा भने जस्तै लेख्नुहोस ?
ङ) कथालाई तीन देखी पाँच मिनेटमा भन्ने गरि छोट्याउनु होस?

तपाईको बाइबल अध्ययनको कथाको समय

तपाईको समूहमा कुनै बाबुछोराछोरीले आफनो जीवन गवाही र कथा बताउन तयार होलान, तर अरु तयार नभएता पनि ठीकै छ ।

यो पाठ शुरु गर्नुअघि, एक हप्ता अगाडि कथा कसले र के भन्ने भनि बताइदिनु होला । यसको लागि यात कसैलाई स्वस्फूतरुपमा आफै गर्न दिनुहोला वा कसैलाई गर्नको लागि भन्नुहोला ।

एउटा अध्ययन समयमा यो वा अरु पनि गर्न सकिन्छ, तर प्रत्येक हप्ता एक वा दुई सधै गर्नभने सकिन्दैन । तर म तपाईलाई उत्साह दिन चाहन्छु कि सकेसम्म सबैले यो आफनो जीवन गवाही भन्ने पालो पाउनुपर्छ ।

यस्को लागि अध्यास पुस्तिकाचाहिँ यसै प्राकटिस मिनीष्टिजको अगवाको निर्देशिकाको बाइबलबाट खोजी गर्ने अवशरको बिषेश खण्डमा पाइन्छ ।

# बाइबलबाट खोजी गर्ने अवसरको

# उत्तरमाला